# विषय सुची


**त्रिवेणी नगरपालिकाको पार्श्वचित्र** ........ ६

अध्याय एक परिचय ........ ९

**१.१ पृष्ठभूमि** ........ ९

**१.१.१ आवधिक विकास योजना तर्जुमाको परिचय** ........ ११

**१.२ आवधिक योजना तर्जुमाको उद्देश्य** ........ १२

**१.३ आवधिक विकास योजना तर्जुमाको कार्यक्षेत्र** ........ १२

**१.४ आवधिक विकास योजना तर्जुमाका कानूनी तथा नीतिगत आधारहरु** ........ १३

**१.४.१ राष्ट्रिय तथा प्रादेशिक सरकारका मार्ग निर्देशनहरू** ........ १५

**१.४.२ अन्तर्राष्ट्रिय सन्धी सम्झौता तथा घोषणापत्रहरू** ........ १५

**१.४.३ स्थानीय तहमा सहभागी राजनैतिक दलहरूको घोषणापत्रहरू** ........ १५

**१.५ आवधिक विकास योजना तयारीका मूल्य र मान्यता** ........ १७

**१.६ आवधिक विकास योजना पूर्वतयारी कृयाकलाप तथा चरण** ........ १९

**१.६.१ सन्दर्भ सामग्रीको अध्ययन** ........ १९

**१.६.२ वहुसरोकारवालाहरुसँगको  प्रारम्भिक छलफल तथा अभिमुखीकरण** ........ १९

**१.६.३ वडागत छलफल** ........ २०

**१.६.४ तथ्याङ्क संकलन तथा GIS Mapping** ........ २०

**१.६.५ तथ्याङ्कको प्रशोधन, विश्लेषण तथा मस्यौदा प्रतिवेदन तयारी** ........ २१

**१.६.५.२ आवधिक विकास योजनाको खाका सहित भू-उपयोग तथा विविद्य शहरीकरण** ........ २१

**१.६.६ विषयगत समिति बैठक कार्यशाला** ........ २२

**१.६.७ प्रमाणीकरण कार्यशाला** ........ २२

**सम्पन्न भेला तथा गोष्ठी** ........ २४

**१.६.८ अन्तिम प्रतिवेदन पेश** ........ २४

**१.७ सिमा, जोखिम तथा पूर्वानूमान** ........ २५

अध्याय २ नगरपालिकाको वस्तुस्थिती ........ २६

**२.१  नगरपालिकाको वस्तुस्थिति विवरण** ........ २६

**२.२ भू उपयोग सम्बन्धि विवरण** ........ २६

**२.२.१. स्रोत साधनको उपलब्धता** ........ २९

**२.३. घरधुरी सम्बन्धि विवरण** ........ ३०

२.३.१ जात जाति र धर्मका आधारमा जनसंख्याको विवरण ........ ३१
२.३.२ सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धि विवरण ........ ३२
२.४ आर्थिक अवस्था ........ ३२
२.५ सामाजिक अवस्था ........ ३४
२.५.१ शिक्षा ........ ३४
२.५.२ स्वास्थ्य ........ ३७
२.५.३ खानेपानी तथा सरसफाई ........ ३८
२.५.४ घरायसी र सार्वजनिक शौचालयको अवस्था ........ ४०
२.५.५ पूर्वाधार विकास ........ ४१
२.५.६ सुचना प्रविधि ........ ४३
२.६ बन वातावरण तथा विपद व्यवस्थापन ........ ४४
२.६.१ विपदको ऐतिहासिक समयरेखा : ........ ४५
अध्याय तिन दीर्धकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीति ........ ४७
३.१ दीर्धकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीति ........ ४७
३.१.१ दीर्घकालीन सोच (दूरदृष्टि) ........ ४८
३.१.२ समष्टिगत लक्ष्य ........ ४८
३.१.३ समष्टितग उद्देश्य ........ ४८
३.२. समष्टिगत परिमाणात्मक तालिका ........ ५१
३.३ समष्टिगत रणनीति ........ ५४
अध्याय चार आर्थिक विकास ........ ५६
४.१ कृषि ........ ५७
४.१.१ समस्या ........ ५७
४.१.३ दीर्घकालिन लक्ष्य र उद्देश्य ........ ५८
४.२ पशुपालन ........ ६०
४.२.१ समस्या ........ ६०
४.२.२ चुनौती र अवसर ........ ६१
४.२.३ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा मुख्य कार्यक्रम ........ ६१
४.३ पर्यटन ........ ६३
४.३.१ समस्या ........ ६३

४.३.२ चुनौती र अवसर ........ ६३

अवसर ........ ६३

४.३.३ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा मुख्य कार्यक्रम ........ ६४

४.४ उद्योग, व्यापार तथा व्यवसाय ........ ६५

४.४.१ समस्या ........ ६५

४.४.२ चुनौती र अवसर ........ ६६

४.४.३ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा मुख्य कार्यक्रम ........ ६६

४.५ वैंक वित्तिय संस्था तथा सहकारी ........ ६८

४.५.१ समस्या ........ ६८

४.४.३ दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य रणनीति, कार्यनीति तथा मुख्य कार्यक्रम ........ ६९

५.१ शिक्षा ........ ७८

५.१.१ समस्या ........ ७८

५.१.२ चुनौती तथा अवसर ........ ७८

५.१.३ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा मुख्य कार्यक्रम ........ ७९

५.२ स्वास्थ्य ........ ८१

५.२.१ समस्या ........ ८२

५.२.२ चुनौती तथा अवसर ........ ८२

५.२.३ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा मुख्य कार्यक्रम ........ ८२

५.३ खानेपानी सरसफाई ........ ८५

५.३.१ समस्या ........ ८६

५.३.२ चुनौती तथा अवसर ........ ८६

५.३.३ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा मुख्य कार्यक्रम ........ ८६

५.४ लैङ्गिग समानता तथा सामाजिक समावेशीकरण ........ ८८

५.४.१ समस्या ........ ८९

५.४.२ चुनौती तथा अवसर ........ ८९

५.४.३ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा मुख्य कार्यक्रम ........ ८९

५.५ युवा तथा खेलकुद ........ ९१

५.५.१ समस्या ........ ९२

५.५.२ चुनौती तथा अवसर ........ ९२

५.५.३ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा मुख्य कार्यक्रम ........ ९२

**५.६ कला भाषा, साहित्य तथा सँस्कृति ........ ९४**

**५.६.१ समस्या ........ ९५**

**५.६.२ चुनौती तथा अवसर ........ ९५**

**५.६.३ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा मुख्य कार्यक्रम ........ ९५**

**६.१ सडक तथा पुल ........ १०७**

**६.१.१ समस्या ........ १०८**

**६.१.२ चुनौती तथा अवसर ........ १०९**

**६.१.३ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा मुख्य कार्यक्रम ........ १०९**

**६.२. आवास तथा वस्ती विकास ........ ११२**

**६.२.१ समस्या ........ ११३**

**६.२.२ चुनौती तथा अवसर ........ ११३**

**६.२.३ दीर्घकालिन सोच लक्ष्य उद्देश्य ........ ११३**

**६.३ विद्युत तथा वैकल्पिक उर्जा ........ ११५**

**६.३.१ समस्या ........ ११५**

**६.३.२ चुनौती तथा अवसर ........ ११६**

**६.३.३ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा मुख्य कार्यक्रम ........ ११६**

**६.४ सुचना तथा सञ्चार प्रविधि ........ ११८**

**६.४.१ समस्या ........ ११८**

**६.४.२ चुनौती तथा अवसर ........ ११८**

**६.४.३ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा मुख्य कार्यक्रम ........ ११८**

**६.५ सिंचाई ........ १२०**

**६.३.१ समस्या ........ १२०**

**६.३.२ चुनौती तथा अवसर ........ १२०**

**६.३.३ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा मुख्य कार्यक्रम ........ १२०**

अध्याय सात वन,वातावरण तथा विपद व्यवस्थापन ........ १२०

अध्याय आठ सुशासन तथा संस्थागत विकास ........ १४२

**८.१ संस्थागत विकासका संभावना तथा अवसर ........ १४२**

**८.२ संस्थागत विकासका समस्या र चुनौति ........ १४२**

**८.३ दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य ........ १४३**

**८.४ कार्यनीति ........ १४४**

अध्याय नौं कार्ययोजना तथा श्रोत व्यवस्थापन........१५५

**९.१ पृष्ठभूमि........१५५**

**९.२ स्थानीयवासीको अपेक्षा........१५५**

**९.२.१ आर्थिक विकास........१५५**

**९.२.२ सामाजिक विकास........१५६**

**९.२.३ पूर्वाधार विकास........१५७**

**९.२.४ वन वातावरण तथा विपद् व्यवस्थापन........१५८**

**९.३ रणनीति तथा मुख्य कार्यक्रम........१५९**

अध्याय दश अनुगमन तथा मूल्याङ्कन........१७८

**१०.१ अवसर र चुनौती........१८१**

**१०.२ उद्देश्य / असर........१८२**

**१०.३ अनुगमन मुल्याङ्कन खाका........१८२**

**१०.४ मध्यावधि मूल्याङ्कन........१८३**

## त्रिवेणी नगरपालिकाको पार्श्वचित्र

| | |
|---|---|
| १. प्रदेश | : सुदुरपश्चिम |
| २. जिल्ला | : बाजुरा |
| ३. नगरपालिका | : त्रिवेणी |
| ४. वडा संख्या | : ९ |
| ५. सदरमुकाम | : मार्तडी |
| ६. नगर केन्द्र | : तोलि |
| ७. सीमाना | |
| पूर्व | : कालिकोट जिल्ला |
| पश्चिम | : बुढीगंगा नगरपालिका |
| उत्तर | : बडिमालिका नगरपालिका |
| दक्षिण | : अछाम जिल्ला |
| ८. जनसंख्या | |
| महिला | :१२,४७२ |
| पुरुष | :११,३६० |
| घरधुरी | : ३५८५ |
| क्षेत्रफल | : १७०.३२ वर्ग कि.मि (१८१५८ हेक्टर) |
| जनघनत्व | : २५९७.९९ वर्ग कि.मि |
| ९. भौगोलिक अवस्थिति | |
| आक्षांश | : २९ डिग्री ३५ मिनेट ५५ सेकेण्ड |
| देशान्तर | : ८१ डिग्री ३९ मिनेट ५२ सेकेण्ड |
| १०. हावापानी | |
| तल्लो भेगमा | : समशितोष्ण |
| मध्य पहाडी र माथिल्लो भेगमा | : शितोष्ण |

११. शिक्षा

| | |
|---|---|
| साक्षरता दर | : ४६.९६% |
| निजी विद्यालय | : ५ |
| आधारभूत विद्यालय (सामुदायिक विधालय) | : ३४ |
| प्राविधिक विद्यालय | : पार्वती मा.वि ( सव–ओभरसियर) |
| विद्यालयमा गठन गरिएको कुल बाल क्लब | : २७ |

१२. स्वास्थ्य

| | |
|---|---|
| स्वास्थ्य चौकि | : ३ |
| आधारभूत स्वास्थ्य सेवा केन्द्र | : ७ |
| शहरी स्वास्थ्य सेवा केन्द्र | : १ |
| सुरक्षित सुत्केरी केन्द्र | : ११ |

१३. सार्वजनिक शौचालय : ५

१४. बैंक तथा सहकारी संस्था

| | |
|---|---|
| बैंक | : १ (नेपाल बैंक लिमिटेड) |
| सहकारी संस्था | : ६ |

१५.भू-उपयोग

| | |
|---|---|
| त्रिवेणी नगरपालिकाको जम्मा क्षेत्रफल | : १७०.३२ वर्ग कि.मि |
| खेती योग्य जमिन | : २११७ हे. |
| बन पाखा | : १४१५.९२ हे. |
| सिंचित सिंचाई क्षेत्र | : ८६५ हे. |
| सिंचित हुन बाँकी क्षेत्र | : १७८७ हे. |

१६. पूर्वाधार विकास

| | |
|---|---|
| झोलुङ्गे पुल | : १८ |
| धुले सडक | : ६६ कि.मि |
| मुल सडक | : १६ कि.मि |

| | |
|---|---|
| खुड्किला भएको फुट ट्रेल | : ५०० मि. |
| सिंचाइ आयोजना | : २९ वटा |

१७. रोजगारी

| | |
|---|---|
| कृषिमा आवद्ध परिवार | : ३५३८ |
| पशुपालनमा आवद्ध परिवार | : ३५८५ |
| कुखुरा पालनमा आवद्ध परिवार | : ७ |
| व्यापारमा आवद्ध परिवार | : ४५ |

१८. वन

| | |
|---|---|
| सामुदायिक वन | : ३५ (१४१५.९२ हेक्टर) |
| कबुलिएति वन | : १३ (२.६७ हेक्टर) |

१९. पर्यटन

| | |
|---|---|
| धर्मिक पर्यटकीय स्थल | : १० |

# अध्याय एक परिचय

## १.१ पृष्ठभूमि

आर्थिक समानता, सामाजिक न्याय तथा सहभागितामुलक विकासको जगमा टेकेर समुन्नत समाजको निर्माण गर्ने अभिप्रायबाट निर्देशित वर्तमान संविधानले सार्वजनिक, नीजि र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलव्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक बृद्धि हासिल गर्दै दीगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिहरुको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषण रहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतशील बनाउदै समाजवाद उन्मुख समून्नत र समृद्ध अर्थतन्त्रको विकास गर्ने उद्देश्य लिएको छ[१] ।

उक्त उद्देश्यलाई सार्थक पार्न संविधानले सम्पूर्ण शासन व्यवस्थालाई सहकार्य, समन्वय र सहअस्तित्वको सिद्धान्तलाई अंगिकार गर्दै संघ प्रदेश र स्थानीय तह गरी तीन तहमा विभाजन गरेको छ । यी तीन तहले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, राष्ट्रिय हित, सर्वाङ्गिण विकास, बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक गणतन्त्रात्मक संघीय शासन प्रणाली, मानव अधिकार तथा मौलिक हक, कानूनी राज्य, शक्ति पृथकीकरण र नियन्त्रण तथा सन्तुलन, बहुलता र समानतामा आधारित समतामूलक समाज, समावेशी प्रतिनिधित्व र पहिचानको संरक्षण गर्ने कुराको प्रत्याभूति गरेको छ[२] ।

वर्तमान संविधानले अनुसूची-५ मा संघीय सरकारका ३५ वटा अधिकार सूची, अनुसूची-६ मा प्रदेशका २१ वटा अधिकार सूची, अनुसूची-७ मा सङ्घ र प्रदेशका २५ वटा साझा अधिकार सूची, अनुसूची-८ मा स्थानीय तहका २२ वटा अधिकार र अनुसूची-९ मा सङ्घ, प्रदेश र स्थानीय तहका १५ वटा साझा अधिकार सूची निर्धारण गरी तीनै तहमा अधिकार सम्पन्न सरकारको स्थापनाका लागि मार्ग प्रसस्त गरिदिएको छ ।

संबिधानको अनुसूचि ८ र स्थानीय सरकार सञ्चालन ऐनको दफा २४ बमोजिम स्थानीय सरकारहरुले आवश्यक पर्ने वार्षिक, दीर्घकालीन, तथा रणनीतिक योजनाहरु निर्माण गरि लागु गर्न सक्ने कुरा उल्लेख छ । त्यसै गरी अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ ले सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्ने, मध्यकालिन खर्च संरचना तयार गर्ने, आवश्यकताको प्रक्षेपण गर्ने, राजश्वको प्रक्षेपण तयार गर्ने तथा वित्तिय अनुशासन कायम गर्नुपर्ने व्यवस्था उल्लेख गरेको छ । स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन २०७४ दफा ५.५.३ ले वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा गर्दा (क) स्थानीय तहको आवधिक विकास योजनाको सोच, लक्ष्य, उद्देश्य, राणनीति र ख) स्थानीय तहको खर्च संरचनालाई आधार वनाउनु पर्ने कुरा उल्लेख छ ।

---

[1] नेपालको संविधान, २०७२, भाग ४ राज्यका निर्देशक सिद्धान्त

[२] नेपालको संविधान, २०७२

संघीय सरकारले जारी गरेका ऐन तथा दिग्दर्शनहरुले स्थानीय सरकारको वजेट आवधिक विकास योजनासँग र बार्षिक कार्यसम्पादनसँग जोडिनु पर्ने कुरामा जोड दिएको छ भने स्थानीय सरकारले बनाउने वार्षिक योजनाहरु मध्यकालिन खर्च संरचना र दीर्घकालिन रुपमा निर्माण गरिएका योजनाहरुको भाग (अंश)को रुपमा रहनुपर्ने नीतिगत व्यवस्था छ । तसर्थ स्थानीय सरकारले मध्यकालिन खर्च संरचना लगायतका व्यवस्थाहरुको अन्तरवस्तुलाई सम्बोधन गर्नका लागि आवधिक विकास योजना वनाउन आवश्यक देखिन्छ ।

स्थानीय सरकारले अव आ-आफ्नो अधिकार क्षेत्र भित्र रही कानुन बनाउने, नीति तथा योजना तयार गर्ने, वार्षिक बजेट बनाउने, आन्तरिक तथा बाह्य स्रोतको अनुमान मात्र होइन आफ्नै परिवेश सुहाउदो शिक्षा नीति, रोजगार नीति, पूर्वाधार नीति लगायतका महत्वपुर्ण नीतिहरु तथा दीर्घकालीन योजनाहरु बनाएर कार्यान्वयनमा लैजान सक्छन, जसले उनीहरुको कामलाई उदाहरणीय बनाउन सक्छ ।

वैज्ञानिक र दुरदर्शी योजनाले मात्र सर्वाङ्गिण र दिगो विकासलाई अघि वढाउन सहयोग पुर्‍याउँछ । विना योजना सिमित स्रोत साधनबाट निर्दिष्ट लक्ष्य तथा उद्देश्यहरू हासिल गर्न सकिँदैन । संविधानले स्थानीय सरकारलाई सेवा प्रवाह गर्ने शक्तिशाली सरकारको रुपमा परिकल्पना गरेको छ । तसर्थ, सेवाको प्रभावकारितालाई गुणस्तरीय र चिरस्थायी वनाउन तथा सन्तुलित विकासलाई मुर्तरुप दिन एवम्  विद्यमान विभिन्न प्रकृतिका समस्याहरूको दिगो र समयानुकूल समाधानको प्रयासलाई अगाडि वढाउन आवधिक विकास योजनाको आवश्यकता अपरिहार्य हुने  गर्दछ ।

अर्कोतर्फ संयुक्त राष्ट्र संघका दीगो विकासका लक्ष्य, राष्ट्रिय लक्ष्य तथा प्रादेशिक लक्ष्यहरुलाई व्यवहारिक रुपमा सम्बोधन गर्ने प्रमुख जिम्मेवारी स्थानीय सरकारको हुने भएकाले स्थानीय सरकारले एकीकृत विकास योजना निर्माण गर्नुपर्ने अपरिहार्यता रहेको छ । यसै सन्दर्भमा त्रिवेणी नगरपालिकाले प्रचलित कानून र राष्ट्रिय अन्तराष्ट्रिय अभ्यासहरुको आधारमा नगरपालिकाको वस्तुस्थिती तथा साधन श्रोतको विश्लेषण गरी स्थानीय सरकारको मूल्य मान्यता तथा स्थानीय आवश्यकताका आधारमा विकासको खाका कोर्ने उद्देश्यले पाँच बर्षे आवधिक विकास योजना तर्जुमा गरेको छ ।

जिल्लाको वस्तुगत अवस्थामा आधारित यो योजनाले राष्ट्रिय स्तरको योजनाको उद्देश्य हासिल गर्न सहयोग पुर्‍याउनुका साथै जिल्लाको आफ्नो विशेषता, सबलताको पहिचान गरी प्राथमिकताका साथ स्थानीय अभाव र आवश्यकता पूर्ति गर्न ठूलो टेवा पुग्ने विश्वास लिइएको छ । जिल्लाको दीर्घकालीन सोंच र आवश्यकता अनुसार प्राथमिकताको निर्धारण गरी ५ वर्षमा कार्यान्वयन गरिने योजना र कार्यक्रमहरू यस दस्तावेजमा समावेश गरिएको हुँदा सबै विषयगत मन्त्रालय तथा राष्ट्रिय योजना आयोगलाई समेत जिल्लाको आवश्यकता र प्राथमिकताको आधारमा केन्द्रीय स्तरको आयोजना तर्जुमा गर्न सहयोग पुग्ने आशा गरिएको छ ।

### १.१.१ आवधिक विकास योजना तर्जुमाको परिचय

नगरपालिकाको आर्थिक, सामाजिक, सांस्कृतिक तथा भौतिक विकासका लागि दीर्घकालीन सोचले निर्धारण गरेका लक्ष्य र उद्देश्यहरू प्राप्त गर्न ५ वर्ष अवधिका लागि तयार गरिएको दस्तावेज नगरपालिकाको आवधिक विकास योजना हो । यो दस्तावेजमा निर्धारित लक्ष्य र उद्देश्यहरू हासिल गर्न, सिद्धान्त, रणनीति र कार्य नीति तथा प्रमुख क्रियाकलापहरू समेत पहिचान गरी उल्लेख गरिनेछ ।

विकास योजना पूर्वनिर्धारित आर्थिक/सामाजिक उद्देश्य र लक्ष्यहरु प्राप्त गर्न निर्धारित अधिकार प्राप्त निकायले आधिकारिक तथ्यहरुको व्यापक सर्बेक्षणका आधारमा व्यवस्थित रुपमा तयार गर्ने बैधानिक दस्तावेज (Document) हो । यसलाई कार्यक्रम वा क्रियाकलापहरुको प्रक्षेपित लक्ष्यहरु प्राप्त गर्ने प्रभावकारी कार्यन्वयनको मार्गदर्शन पनि भन्न सकिन्छ । आवधिक योजनालाई दीर्घकालीन योजनाको कार्यान्वयनको अल्पकालीन र मध्यमकालीन समयवद्ध खाका, विद्यमान श्रोतको उपयुक्त बाँडफाँड र क्रियाकलापहरुको कार्यान्वयनको चरणवद्ध कार्यक्रम भन्न सकिन्छ । स्थानीय निकायको आवधिक योजना भनेको जनताका विकासका चाहना र आकांक्षाहरुको सर्वेक्षणका आधारमा जनताकै प्रत्यक्ष सहभागिता र संग्लनतामा बनाइने तलबाट उठेको (Bottom up) ढाँचा, श्रोत साधनहरुको समयवद्ध र क्षेत्रगत बाँडफाँडका आधारमा पूर्व निर्धारित उद्देश्य र लक्ष्यहरुको प्राप्तिका लागि बनाइएका सुस्पष्ट, विशिष्ट कार्यक्रम र कार्य योजनाहरुको खाका र रणनीतिको रुपमा बुझ्न सकिन्छ । यस्तो योजना प्रकृयामा सम्वद्ध आवधिक योजना जनता र समुदायको अर्थपूर्ण सहभागिता र साझेदारी, स्थानीय श्रोतहरु र संभावनाहरुको उपयोगबाट स्थानीय आवश्यकताहरुको परिपूर्ति तथा स्थानीय जनताको विकास निर्माणमा प्रत्यक्ष गिाउँनी, अनुगमन र मूल्यांकनको स्थानीय ढाँचा र जिम्मेवारीको वाँडफाँड महत्वपूर्ण हुन्छ ।

केन्द्रिकृत योजना निर्माणको माथिबाट लादिएको (Top-down) प्रकृयाभन्दा तलबाटै उठेका (Bottom-up) योजना निर्माण, कार्यान्वयन, अनुगमन र मूल्यांकनको वैकल्पिक प्रकृया अन्तराष्ट्रिय तथा राष्ट्रिय/प्रादेशिक योजना र विकासका अनुभवहरुले सिद्ध गरेको जनमुखी प्रकृया हो । यसमा दिगो विकासका आधारभूत मान्यताहरु समेटिनुका साथै आर्थिक, सामाजिक, भौतिक, वातावरणीय र संस्थागत योजनाहरुको उपयुक्त सन्तुलन स्थापित गर्ने प्रयत्न हुन्छ । यस्तो योजनामा योजनाको प्रारम्भदेखि आवश्यकता पहिचान, दीर्घकालीन सोच, ध्येय र उद्देश्य तय गर्ने, योजना, कार्यक्रम र परियोजनाहरुको छनौट र प्राथमिकता निर्धारण, कार्यक्रम र आयोजनाको कार्यान्वयनका साथै स्थानीय मूल्य मान्यता र संस्कृतिको संरक्षण, श्रोत र साधनहरुको व्यवस्थापन, कार्यान्वयन प्रकृयाको अनुगमन र मूल्याकंनमा स्थानीय जनताको सक्रिय सहभागिताको महत्वपूर्ण भूमिका हुने भएकाले यस्ता योजनाहरुमा आम जनसमुदायको अपनत्व र स्वामित्व स्थापित भै योजनावद्ध कार्यक्रमहरुको अधिकतम प्रतिफल प्राप्ति हुने र त्यसबाट समयमै आयोजना तथा कार्यक्रमहरु सम्पन्न हुने कुराको सुनिश्चितता हुन्छ । यस्ता योजनाले आयोजना र कार्यक्रमहरुबाट प्राप्त हुने अपेक्षित प्रतिफलको वितरण समन्यायिक र दीगो समेत हुने विश्वास गरिनेछ ।

## १.२ आवधिक योजना तर्जुमाको उद्देश्य

- नगरपालिकाको वस्तुस्थिती तथा साधन श्रोतको पहिचान र विश्लेषण गरी स्थानीय सरकारको मूल्य मान्यता तथा स्थानीय आवश्यकताका आधारमा नगरपालिकाको विकासको खाका कोर्ने,
- पन्ध्रौ पञ्चबर्षीय योजनाको आधार पत्र तथा संयुक्त राष्ट्र संघका दीगो विकासका लक्ष्यहरु तथा सुदुरपश्चिम प्रदेश का लक्ष्यहरु प्राप्तिकालागि योगदान पुऱ्याउने,
- नगरपालिकाको दीर्घकालीन सोच, निर्देशक सिद्धान्त, लक्ष्य, रणनीति र प्राथमिकता निर्धारण गर्ने,
- आवधिक विकास योजनाको कार्यान्वयनकालागि मध्यकालीन तथा वार्षिक कार्यान्वयन कार्य योजना, अनुगमन र समीक्षा सूचकहरुको खाका तयार पार्ने,
- भविष्यमा विषय क्षेत्रगत रणनीतिक योजना (Sectoral Plan) तथा विकास प्राथमिकता प्राप्त कार्यक्रमहरु तर्जुमा गर्न मार्गनिर्देशित गर्ने,
- समष्टि र विषय क्षेत्रगत रुपमा प्राथमिकता प्राप्त योजना र क्रियाकलापमा लगानी सुरक्षित गर्न मध्यकालीन खर्च संरचना (Medium Term Expenditure Framework- MTEF) तयार गर्न र विकास साझेदार तथा निजी क्षेत्रको लगानी प्रर्वद्धनका लागि मार्ग प्रशस्त गर्ने ।
- नगरपालिकाले अंगिकार गरेको नीति तथा कार्यक्रम, दीर्घकालीन सोच, लक्ष्य तथा क्षेत्रगत उद्देश्यलाई मुर्तरुप दिनसक्ने कार्यनीति तथा प्रमुख कार्यक्रमहरू तय गर्ने ।
- विद्यमान पूर्वाधारहरुको अधिकतम उपयोग गर्दै शहरी विस्तारलाई उपयुक्त दिशामा योजना बद्ध तवरले विकास गर्न निर्देश गर्ने ।

## १.३ आवधिक विकास योजना तर्जुमाको कार्यक्षेत्र

त्रिवेणी नगर क्षेत्रको आवधिक विकास योजना प्रतिबेदन दीर्घकालिन सोंच लिई यस क्षेत्रको समग्र भौतिक, आर्थिक एवम् सामाजिक विकासको निम्ति कम्तिमा ५ बर्षे योजना सहितको एक प्लानिङ्ग दस्ताबेजको रुपमा लिन सकिन्छ । यस नगरको आवधिक विकास योजनाको अध्ययन क्षेत्र निर्धारण गर्दा नगर भित्रको क्षेत्रलाई मात्र लिइएको छ ।

१. नगरपालिकाको वस्तुगत अवस्था (जनसंख्या वितरण, धरातलीय अवस्था, आर्थिक, सामाजिक, पुर्वाधार, वन वातावरण तथा विपद् व्यवस्थापन र सुशासन तथा वित्तिय व्यवस्था) को विश्लेषण गर्ने

२. नगरपालिकाको आर्थिक, सामाजिक, पूर्वाधार, वन वातावरण तथा संस्थागत विकासका सम्भावना तथा अवसरको पहिचान गर्ने ,

३. नगरपालिकाको क्षेत्रगत लक्ष्य, उद्देश्य, परिणाम तथा कार्यक्रमको विश्लेषण गर्ने

४. नगरपालिकाको क्षेत्रगत दीर्घकालीन योजनाको खाका तयार गर्ने,

५. संघ प्रदेश, अन्तरपालिका सम्बन्धका साथै सार्वजनिक, निजी, र सहकारी साझेदारी सम्बन्धको विश्लेषण गर्ने,

६. नगरपालिकाका अन्तरसम्वन्धित विषयहरुको विश्लेषण गर्ने

७. आवधिक विकास योजना तर्जुमा, कार्यान्वयन, र अनुगमन तथा मुल्यांकनको खाका तयार गर्ने,

८. नगरको भौगोलिक, आर्थिक, सामाजिक विकास संग सम्बन्धित विषयगत मध्यमकालिन योजना तर्जुमा गर्ने ,

९. वातावरण विकासको लागि पहिरोग्रस्त क्षेत्र लगायत वातावरणीय सम्बेदनशील क्षेत्रहरु पहिचान गर्ने र सोही अनुरुप विकास रणनीति तयार गर्ने ।

१०.कार्ययोजना र रणनीतिक योजनाहरु (पर्यटन, प्राकृतिक प्रकोप व्यवस्थापन, बालमैत्री योजना, अपांगता) लाई आवद्ध गर्दै लैजाने,

११. विगतमा सफलतापूर्वक सम्पन्न गरिएका उत्कृष्ट प्रयोगहरु (Best Practices) लाई समावेश गर्ने,

१२. नगरको वस्तुस्थिति विवरण अद्यावधिक एवं तयारी गरी आवधिक विकास योजना (Periodic Develpoment Plan ) २०७८/०७९-२०८३/०८४ तर्जुमाको लागि आधार तय गर्ने ।

## १.४ आवधिक विकास योजना तर्जुमाका कानूनी तथा नीतिगत आधारहरु

नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको अधिकारको कार्य विस्तृतीकरण प्रतिवेदनमा आवधिक योजना, बार्षिक योजना तथा बजेट स्वीकृती सम्बन्धी कार्यलाई स्थानीय तहको कार्यसूचीमा सूचीकृत गरेको छ । स्थानीय शासन सञ्चालन सम्बन्धी संघीय कानून, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ को दफा २४ को उपदफा १ अनुसार नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि बार्षिक, विषय क्षेत्रगत, मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरेको छ । यस प्रकार योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा प्रक्रियासँग अनुकुल हुने गरी सुशासन, वातावरण, बालमैत्री, वातावरण तथा जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयहरूलाई पनि ध्यान दिनु पर्ने व्यवस्था गरेको छ ।

यसका अतिरिक्त स्थानीय सरकार सञ्चालन ऐनले नगरपालिकाले योजना बनाउँदा देहायअनुसार गर्नु पर्ने समेत व्यवस्था गरेको छ ।

- योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूचीसमेत तयार गर्नु पर्ने,
- योजना तर्जुमा तथा कार्यान्वयन गर्दा स्थानीय बुद्धिजिवी, विषयविज्ञ, अनुभवी, पेशाविद्, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायतका सरोकारवालाको अधिकतम सहभागिता गराउनु पर्ने,
- योजना तर्जुमा गर्दा आयोजनाहरुको सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानुमान, आयोजनाको प्राथमिकता निर्धारण, योजना कार्यान्वयन तालिका र अनुगमन तथा मूल्याङ्कन योजना समेत तयार गर्नु पर्ने,

- नेपाल सरकार र प्रदेश सरकारले विशेष कार्यक्रमका लागि अनुदान प्रदान गरी कार्यान्वयन प्रक्रिया निर्धारण गरेकोमा नगरपालिकाले सोही प्रक्रिया बमोजिम सो कार्यक्रम कार्यान्वयन गर्नु पर्ने,
- नेपाल सरकार वा प्रदेश सरकारको संयुक्त लगानी वा सार्वजनिक निजी साझेदारीमा संभाव्य आयोजना सञ्चालन तथा व्यवस्थापन गर्ने
- संघीय र प्रदेशस्तरको आयोजना कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग गर्नु पर्ने
- स्थानीयस्तरका विकास आयोजनाहरुको आवश्यक अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कनको कार्य गर्ने
- गैर सरकारी संस्था, उपभोक्ता समिति, सहकारी संस्था र सामुदायिक संस्थाले स्थानीय सरकारसँग समन्वयमा रही कार्य गर्नु पर्ने र आफ्नो बार्षिक योजना, कार्यक्रम तथा बजेट स्थानीय सरकारको बार्षिक बजेट तथा कार्यक्रममा समावेश गराउनु पर्ने एवं स्थानीय तहले तोकेको संयुक्त अनुगमन तथा प्रगति प्रतिवेदन प्रणाली अपनाउनु पर्ने
- नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र कुनै पनि अन्तराष्ट्रिय गैर सरकारी संस्थाले स्थानीय तहसँग समन्वयमा कार्य गर्नु पर्ने

संवैधानिक दायित्व तथा स्थानीय सरकार सञ्चालनसम्बन्धी संघीय कानूनका अतिरिक्त स्थानीय तहको आवधिक विकास योजना तर्जुमा प्रक्रियामा देहायअनुसार कानूनी तथा नीतिगत दस्तावेजहरुलाई आधार लिइएको छ :

- नेपालको संविधान २०७२
- राष्ट्रिय भूउपयोग नीति, २०७५
- नेपाल पक्ष भएका सन्धी सम्झौताहरु
- राष्ट्रिय योजना अयोगबाट जारी राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन निर्देशिका
- राष्ट्रिय, प्रादेशिक तथा जिल्लास्तरीय विषयगत गुरुयोजनाहरू
- खानेपानी तथा सरसफाई क्षेत्रगत विकास योजना (२०७३-२०८७)
- १५ औ पन्चबर्षिय योजना
- पूर्ण सरसफाई मार्गदर्शन २०७३
- स्वास्थ्य संस्थामा खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी मापदण्ड २०७५
- राष्ट्रिय यातायात नीति २०५८
- जलस्रोत नियमावली २०५०
- सडक क्षेत्रमा वातावरणीय व्यवस्थापनमा लागि निर्देशिका २०५६

- राष्ट्रिय सडक मापदण्ड २०७०
- वन पैदावर संकलन तथा विक्री वितरण निर्देशिका २०७३

### १.४.१ राष्ट्रिय तथा प्रादेशिक सरकारका मार्ग निर्देशनहरू

यस त्रिवेणी नगरपालिकाको योजना निर्माणका दौरान नेपाल सरकार तथा प्रदेश सरकारले योजना तर्जुमा बजेट तर्जुमा तथा अनुगमन तथा मूल्याङ्कन व्यवस्था साथै आयोजनाको कार्यान्वयनका सन्दर्भमा पटक-पटक गर्ने मार्ग निर्देशनलाई समेत आधार मानी यो योजना निर्माण गरिएको छ ।

### १.४.२ अन्तर्राष्ट्रिय सन्धी सम्झौता तथा घोषणापत्रहरू

नेपाल सरकार पक्ष राष्ट्र भई अन्तर्राष्ट्रिय स्तरमा हस्ताक्षर तथा अनुमोदन गरिएका अन्य सान्दर्भिक घोषणा पत्र तथा सन्धी सम्झौताहरूको मर्महरूलाई समेत ध्यानमा राखिएको उदाहरणका लागि मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणा पत्र सन् १९४८, बाल अधिकारसम्बन्धी घोषणापत्र, विश्व संरक्षण नीति (World Conservation Strategies) आदि ।

### १.४.३ स्थानीय तहमा सहभागी राजनैतिक दलहरूको घोषणापत्रहरू

यस आवधिक योजना निर्माणको दौरान यस पालिकामा रहेका राजनैतिक दलहरूले विभिन्न तहका चुनाव तथा अन्य समयमा नगरवासीका माझ गरेका विकासका राजनैतिक प्रतिबद्धताहरूलाई समेत मध्यनजर गरी ती घोषणापत्रहरूका मर्मलाई एक वा अर्को तरिकाले सम्बोधन गर्ने प्रयत्न गरिएको छ ।

## दिगो विकास लक्ष्यका संकेत


| लक्ष्य नं. | लक्ष्य |
|---|---|
| १ | हरेक क्षेत्रमा रहेको सबै स्वरुपका विसम गरिबीको अन्त्य गर्ने । |
| २ | भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण प्राप्ति र दिगो कृषिको प्रवर्द्धन गर्ने । |
| ३ | सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवनको सुनिश्चितता गर्दै समृद्ध जीवन स्तर प्रवर्द्धन गर्ने । |
| ४ | सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्दै जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने । |
| ५ | लैङ्गिक समानता हाँसिल गर्ने सबै महिला, किशोरी र बालबालिकाहरूको सशक्तीकरण गर्ने । |
| ६ | सबैका लागि खानेपानी र सरसफाइको उपलब्धता तथा यसको दिगो व्यवस्थापन सुनिश्चित गर्ने । |
| ७ | खर्चले धान्न सकिने, भरपर्दो, दिगो र आधुनिक उर्जामा सबैको पहुँच सुनिश्चित गर्ने । |
| ८ | स्थर, समावेशी र दिगो आर्थिक वृद्धि र सबैका लागि पूर्ण तथा उत्पादनशील रोजगारी र मर्यादित श्रम प्रवर्द्धन गर्ने । |
| ९ | उत्थानशील पूर्वाधारको निर्माण, समावेशी र दिगो औद्योगीकरणको प्रवर्द्धन र नव प्रवर्तनलाई प्रोत्साहन गर्ने । |
| १० | मुलुकभित्र र अन्य मुलुकहरूबीचको असमानता न्यून गर्ने । |

| | |
|---|---|
| ११ | शहर तथा मानव वस्तीहरूलाई समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउने । |
| १२ | २ दिगो उपभोग र उत्पादनका ढाँचा सुनिश्चित गर्ने । |
| १३ | जलवायु परिवर्तन र त्यसका प्रभावहरूसँग जुध्न तत्काल कार्य अगाडि बढाउने । |
| १४ | प्रदेशको लागि सान्दर्भिक नभएको । |
| १५ | पृथ्वीको भूपरिधि स्तरीय पारिस्थितिकीय प्रणालीहरूको दिगो उपयोग, रक्षा र पुनर्स्थापन गर्ने, वनको दिगो रुपमा व्यवस्थापन गर्ने, मरुभूमिकरणविरुद्ध लड्न र भूक्षय रोक्नुका साथै यसलाई उल्टाउने र जैविक विविधताको ह्रासलाई रोक्ने । |
| १६ | दिगो विकासका लागि शान्तिपूर्ण र समावेशी समाजहरूको प्रवर्द्धन गर्ने, सबैका लागि न्यायमा पहुँच सुनिश्चित गर्ने र प्रभावकारी, जवाफदेही तथा समावेशी संस्थाहरूको निर्माण गर्ने । |
| १७ | दिगो विकासका लागि कार्यान्वयनको माध्यम सुदृढ गर्ने र विश्वव्यापी साझेदारीलाई पुनःजीवन्त तुल्याउने । |




**चित्र १ दिगो विकासका लक्ष्य**

## १.५ आवधिक विकास योजना तयारीका मूल्य र मान्यता




**क) प्रकृति, संस्कृति र पहिचान**

प्रकृति प्रदत्त स्रोत तथा साधनको पहिचान र उच्चतम तथा सन्तुलित प्रयोगले दीगो विकासलाई सुनिश्चित गर्छ । त्यसै गरी सामाजिक पूजीकोरुपमा स्थापित संस्कृति र पहिचानको उच्चतम प्रयोगले विकास प्रति सम्बन्धित समुदायमा अपनत्व भाव पैदा गराउछ जसले अन्तत्वगत्वा दीगो विकासमा योगदान पुऱ्याउछ । तसर्थ प्रस्तुत आवधिक विकास योजनाले त्रिवेणी नगरपालिकाको पाँचवटा विकासका मूल्य मान्यता मध्ये प्रकृति, संस्कृति र पहिचानलाई एउटा खम्बाको रुपमा अंगिकार गरेको छ ।

**ख) सहकार्य, सहअस्तित्व र समन्वय**

नेपालको संविधानले तीन तहका सरकारहरुवीच सहकार्य, सहअस्तित्व र समन्वयको सम्बन्ध स्थापित गराएको छ । संविधानको धारा २०६ (१) (ट) मा संघ, प्रदेश, र स्थानीय तहलाई संघीय इकाई भनी परिभाषित गरेको छ भने राष्ट्रिय पाकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४ ले राजश्व र अनुदान सिफारिस र प्राकृतिक स्रोतको परिचालन गर्दा लिईने अधिकार र हिस्साको निर्धारण गर्ने व्यवस्था गरेको छ। त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रदेश समन्वय परिषदको व्यवस्था गरी प्रदेश र स्थानीय तहले गर्ने काममा नीतिगत सामञ्जस्यता, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकारको प्रयोग तथा प्राकृतिक स्रोतको उपयोग तथा बाँडफाँड सम्बन्धि व्यवस्था गरेको छ। यसर्थ त्रिवेणी नगरपालिकाको आवधिक विकास योजनाले विकासको खाका कोर्दा उल्लिखित संवैधानिक व्यवस्थाको मर्मलाई अंगिकार गरेर अघि बढ्नु पर्ने भएकाले संघीय तथा प्रदेश सरकार सहित नीजि क्षेत्र, गैर सरकारी संस्था, सामुदायिक संस्था, कृषक समूह, महिला तथा विपन्न बर्ग आदिसँगको सहकार्य, सहअस्तित्व र समन्वयलाई नगरपालिकाको विकासको खम्बाको रुपमा लिईने छ।

**ग) स्थानीय आवश्यकता**

स्थानीय सरकारको मुख्य जिम्मेवारी समन्यायिक, समतामुलक तथा कल्याणकारी समाजको विकासमा योगदान पुऱ्याउनु हो जसले समाजका सवै तह र तप्काका नागरिकको आवश्यकतालाई सम्बोधन गर्न

सक्छ । सहभागितामुलक, समावेशीमुलक तथा उत्प्रेरणात्मक विकास प्रकृयाले मात्र महिला, पछाडि पारिएका वर्ग, आदिवासी जनजाती, दलित, मुस्लिम लगायतका समुदायको आवश्यकतालाई सम्बोधन गर्ने भएकाले त्रिवेणी नगरपालिकाले अंगिकार गर्ने विकास प्रकृयाले ती स्थानीय सम्भावनाहरुको पहिचानमा ध्यान पुऱ्याउनेछ ।

### घ) लैंगिक समानता र सामाजिक समावेशीकरण

लोकतान्त्रिक शासन व्यवस्थाको सुन्दर पक्ष भनेकै समाजका सवै तह र तप्काका नागरिकको राज्यमा समान र सहज पहुँच सहितको सहभागितामुलक शासकीय व्यवस्थापन गर्नु हो । तसर्थ पस्तुत आवधिक विकास योजनाले नगरपालिकाको योजनावद्ध विकासका लागि लैंगिक समानता र सामाजिक समावेशीकरणका सवै आयामलाई समावेश गर्ने छ ।

### ङ) सुशासन तथा संस्थागत विकास

संघीय लोकतान्त्रिक राज्य प्रणालीमा वर्तमान राजनीतिक व्यवस्था रुपमान्तरित भैसकेको अवस्थामा स्थानीय तहको संरचनालाई मजभूत बनाउनु आवश्यक छ । तसर्थ प्रस्तुत आवधिक विकास योजनाले नगरपालिकाको संस्थागत संरचनालाई प्रभावकारी र चुस्त वनाउन अपनाउनु पर्ने कार्यनीति तर्फ ध्यान केन्द्रित गर्ने छ ।

### च) स्रोतको दीगो व्यवस्थापन

संविधानले स्थानीय तहलाई अधिकार सम्पन्न सरकारको रुपमा परिकल्पना गरेको परिप्रेक्षमा नगरपालिकाले आफ्ना नागरिकमा सरकारको प्रत्याभूति दिन सक्ने गरी काम गर्नु पर्ने आवश्यकता भएकाले प्रस्तुत आवधिक विकास योजनाले नगरपालिकालाई दीगो श्रोतको व्यवस्थापनको योजनाबद्ध खाका प्रस्तुत गर्ने छ ।

### छ) गुणस्तरीय पूर्वाधार

विकासको आधार नै गुणस्तरीय पूर्वाधार भएकाले प्रस्तुत आवधिक विकास योजनाले गुणस्तरीय पूर्वाधार निर्माणको योजनावद्ध व्यवस्थापनलाई ध्यान दिने छ ।

### ज) वजारमुखी अर्थतन्त्र

उदारीरकण, नीजिकरण र बजार प्रतिस्पर्धामा आधारित आजको विश्व, अनि त्यसैबाट निर्देशित नेपाल सरकारको नीतिबाट त्रिवेणी नगरपालिका अछुतो रहने कुरै भएन । तसर्थ नगरपालिकाको विकास क्षेत्रिय, राष्ट्रिय तथा अन्तराष्ट्रिय बजार अर्थतन्त्रको विकास, उत्पादन, उद्यमशीलता, तथा रोजगारीसँग जोडिन सक्नु पर्छ । त्यसका लागि नगरपालिकाको उत्पादित वस्तु तथा सेवामा गुणस्तरीयता कायम हुन आवश्यक हुन्छ भने स्थानीय उद्यमीमा वित्तिय पहुँचको सहजता पनि उत्तिकै आवश्यक हुन्छ । तसर्थ प्रस्तुत आवधिक विकास योजनाले नगरपालिकालाई त्यस दिशा तर्फ उन्मुख गराउने छ ।

### झ) लाभको न्यायोचित वितरण

स्थानीय सरकारको मुख्य कर्तव्य नागरिकको सन्तुष्टीको स्तरलाई उच्च बनाउनु भएकाले प्रस्तुत आवधिक विकास योजनाले नगरपालिकाका त्यस्ता पक्षहरुको विकास र प्रवर्द्धनमा जोड दिने छ जसले लाभको न्यायोचित वितरणलाई टेवा पुऱ्याउने छ ।

माथि उल्लेखित पाँच खम्बे सैद्धान्तिक अवधारणाका आधारमा यस नगरपालिकाको आवधिक विकास योजना निर्माण गरिएको छ ।

# १.६ आवधिक विकास योजना पूर्वतयारी कृयाकलाप तथा चरण

## १.६.१ सन्दर्भ सामग्रीको अध्ययन

आवधिक विकास योजना तर्जुमाका लागि त्रिवेणी नगरपालिकासँग सम्बन्धित अभिलेख तथा उपलब्ध लेख रचना तथा सम्बन्धित साहित्यहरुको डेस्क अध्ययन गरी नगरपालिकाको आर्थिक, सामाजिक, ऐतिहासिक, सांस्कृतिक, भौगोलिक, प्राकृतिक लगायतका सम्भावनाका विविध पक्षको समीक्षा गरियो । यसका अतिरिक्त त्रिवेणी नगरपालिकाको समग्र सम्भावना तथा चुनौतीका क्षेत्रको विश्लेषणका साथै नेपालको संबिधान, स्थानीय सरकार सञ्चालन ऐन, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्तिय आयोग अन्तर्गतका ऐन, कानून तथा निर्देशिका, प्रदेश सरकारका नीति तथा कार्यक्रम,आवधिक जिल्ला विकास योजना बाजुरा २०७२, त्रिवेणी नगरपालिकासँग सिमाना जोडिएका स्थानीय सरकारका नीति तथा कार्यक्रम, राष्ट्रिय योजना आयोग अन्तर्गतका आवधिक विकास योजना तर्जुमा निर्देशिका तथा अन्य सम्बन्धित स्रोत सामग्री (Far Western Region Urban Development Project (Second Integrated Urban Development Plan-IUDP2): ADB/DUDBC,(2015) को अध्ययन गरियो । उल्लिखित अध्ययनहरुको आधारमा त्रिवेणी नगरपालिकाले अंगिकार गर्नुपर्ने नीति तथा कार्यक्रमहरुको विश्लेषण गरियो ।

## १.६.२ वहुसरोकारवालाहरुसँगको  प्रारम्भिक छलफल तथा अभिमुखीकरण

प्रारम्भिक चरणमा नगरपालिका कार्यालयको सहयोगमा नगरपालिका स्थित बहुसरोकारवालाहरुसँग योजना निर्माणको सैद्धन्तिक पक्षलाई समेटेर नगरपालिकाका सरोकारवाला (राजनीतिक दलका प्रतिनिधि, स्थानीय जानकार, संस्थाका प्रतिनिधि, शिक्षक, कृषक समुह, महिला तथा आमा समुह, लक्षित वर्गका प्रतिनिधि आदि) को सहभागितामा भएको उक्त छलफलमा संघिय संरचना अन्तरगत स्थापित स्थानीय सरकारहरुले अवलम्बन गर्नुपर्ने योजनाबद्ध विकासको आवश्यकताको बारेमा अन्तरकृया भयो । वहुसरोकारवालाहरुसँगको  प्रारम्भिक छलफल तथा अभिमुखीकरण मिति **२०७८ बैशाख २०** मा करीव ३५ जनाको सहभागितामा भएको थियो ।





### १.६.३ वडागत छलफल

आवधिक विकास योजना तर्जुमा पूर्व नगरपालिकाको जनसांखिक, आर्थिक, समाजिक, पूर्वाधार, वन वातावरण तथा संस्थागत विकास सम्बन्धि आधारभूत तथ्याङ्क संकलनका लागि संस्थागत सर्वेक्षण गरियो । तथ्यमा आधारित योजनाले मात्र नगरपालिकाको सोच र लक्ष्यलाई दिशाबोध गर्न सक्ने भएकाले तथ्याङ्कका आधारमा नगरपालिकाको वस्तुस्थिती विश्लेषणको कार्यलाई पनि अघि बढाईयो । वस्तुस्थिती विश्लेषणका लागि **मिति २०७८ बैशाख २१ देखि २९ गते** सम्म अन्तरकृया कार्यक्रम गरियो । अन्तरकृया नगर क्षेत्रका करीव **१५० भन्दा वढी** नगर बासीहरुसँग गरिएको थियो । वस्तुस्थिती विश्लेषणको मुख्य उद्देश्य नगरपालिकाको विविध क्षेत्रको धरातलीय यथार्थको जानकारी लिनु थियो ।





### १.६.४ तथ्याङ्क संकलन तथा GIS Mapping

विश्व व्यापी कोभिड १९ माहामारी बाट सिर्जित असामान्य अवस्थाका कारण त्रिवेणी नगरपालिकाको आर्थिक, सामाजिक, सास्कृतिक, पुरातात्विक, ऐतिहासिक, प्राविधिक, भौगोलिक, मानविय र प्राकृतिक श्रोतको वर्तमान अवस्थाको आँकलन गर्नका लागि आवश्यक पर्ने तथ्याङ्क सुचना प्रबिधिको माध्यमबाट संकलन गरियो । त्रिवेणी नगरपालिकाको वस्तुगत विवरण, नगरपालिकाको क्षेत्रगत अवस्थासँग सम्वन्धित विवरण नगरपालिकाले कार्यान्वयन गर्न चाहेका योजना तथा नगरक्षेत्रलाई दीर्धकालिन रुपमा समृद्ध वनाउन सहयोग गर्ने गौरवका योजनाहरुको संकलन सुचना प्रविधिको माध्यमबाट गरियो । सुचना संकलनमा नगर कार्यपालिका, क्षेत्रगत शाखा प्रमुख तथा बुद्धिजिविहरुको संलग्नता रहेको थियो ।

भू-उपयोग, खुलेका सडकहरु र सो को गुणस्तर तथा वातावरणीय समस्याहरु जस्ता प्राथमिक तथ्याङ्कहरु, डिजिटल तथ्यांक **GIS data**, स्थलस्वरुप नक्शा, हवाई नक्शा, नापी नक्शा, स्थलगत निरीक्षण तथा अन्तरर्वाता गरी संकलन गरिने छ । वडा तहका समस्याहरु र खाँचोहरु वडा बासीहरु बीच सहभागिता मूलक छिटो मूल्यांकन पद्दति Participatory Rapid Appraisal अपनाई जानकारी लिइने छ । यसका साथै नगरपालिका स्थिति विभिन्न सरकारी एवं गैरसरकारी निकायहरुका पदाधिकारीहरु, वृद्धिजिवीहरु उपलब्ध प्रतिष्ठित व्यक्तित्वहरुसँग छलफल एवं अर्न्तवार्ता गरी गाउँका प्रमुख समस्या एवं विकासका सम्भावनाहरु माथि जानकारी लिईने छ । गाउँका समग्र तथ्यांकहरु जस्तै भौतिक, वातावरणीय, सामाजिक, आर्थिक, वित्तीय एवं संस्थागत तथ्यांकहरु नगरपालिका कार्यालय लगायत नगरपालिका स्थित सरकारी एवं गैरसरकारी कार्यालयहरुको रेकर्डबाट र केही तथ्यांकहरु विभाग तथा

अन्य निकायहरुबाट प्रकाशित प्रतिवेदन एवं पुस्तकहरु अध्ययन गरी संकलन गरिने छ । विश्लेषणको हकमा मूख्य रुपमा विकासको SWOT विश्लेषण, समस्याहरुको विश्लेषणहरु रहेको छ र यस प्रयोजनका लागि कम्प्यूटरमा आधारित **GIS** पद्दतिहरु प्रयोग गरी नगरपालिकाको वर्तमान अवस्थाको तथ्याङ्कीय चित्रण गरीयो ।

### १.६.५ तथ्याङ्कको प्रशोधन, विश्लेषण तथा मस्यौदा प्रतिवेदन तयारी

पालिकाले निर्धारण गरेको दूरदृष्टी, लक्ष्यलाई दृष्टिगत गरि बिषयगत क्षेत्रहरुका  अवसर र चुनौतीको विश्लेषणका आधारमा नगरपालिकाबाट आएका  विषयगत उदेश्य, रणनीति र प्रमुख कार्यक्रमहरु, उपलव्ध मापनका सुचकहरु लाई प्लेनरी छलफल गरि अन्तिमरुप दिईयो । यसको अलावा अन्तर पालिका, प्रदेश तथा संघीय सरकारसँग सरोकार राख्ने योजनाहरु, पालिकाले सेवाग्राहीलाई सेवा  प्रदान गर्न आवश्यक पर्नजाने पालिकाको प्रशासनिक, भौतिक पूर्वाधार, संस्थागत विकास र मानव श्रोत संसाधनको विकास र ब्यबस्थापनलाई पनि छलफल गरिएको थियो ।  नगरपालिकको पार्श्व चित्र तथा कार्यशालाबाट निर्माण गरिएका दस्ताबेजको सहयोगमा नगरपालिकाको पाँच बर्षे (२०७७/०७८-२०८२/०८३) मसौदा योजना तयार गरियो ।

### १.६.५.१ सम्भावित स्रोत मुल्याङ्कन

प्रतिबेदनमा सामाजिक तथा आर्थिक क्रियाकलापसँग सम्बन्धित खानेपानी, जल क्षेत्र, कृषि क्षेत्रका साथै बिभिन्न खानीका स्रोतहरुको मुल्याङ्कन गरिएको छ । त्यसैगरी नगर क्षेत्रको सामाजिक स्थिति जस्तै जनसंख्या (उमेर, लिङ्ग, जातिगत, दलित तथा पिछडिएका वर्ग), शिक्षण अवस्था, प्रमुख आय आर्जनका स्रोत तथा रोजगार, बजारकेन्द्र तथा ग्रामिण बसोबासको अवस्थाको चित्रण गरिएको छ । साथै महिला, अपेक्षित, उत्पीडित, दलित तथा पिछडिएका वर्गहरुको स्वास्थ्य खर्च, रोजगारका अवसरहरु तथा आय आर्जनका अवसरहरुका एवम् वर्तमान सीप, आर्थिक अवस्था तथा ईच्छा चाहनाहरुका साथै सो क्षेत्रमा अवस्थित स्थानिय संस्था, महिला समूहहरुको यकिन गरी स्रोत परिचालन गर्न सकिने व्यवस्था छुट्याउन प्रतिबेदनमा उल्लेख गरिएको छ ।

### १.६.५.२ आवधिक विकास योजनाको खाका सहित भू-उपयोग तथा विविद्य शहरीकरण


नगर क्षेत्रको मूख्य पूर्वाधारहरुको अध्ययन गर्दा रणनैतिक विकासका तरिका तथा भू-उपयोगलाई निर्देशित गरी मूख्य भू-उपयोग क्रियाकलापलाई मध्यनजर गरिएको छ । यस्ता योजनाले रणनैतिक विकास आयाम तथा त्रिवेणी नगर क्षेत्रको मुख्य भू-उपयोग क्रियाकलापको बिभाजनलाई समेत समेटिएको छ । साथै उक्त रणनैतिक विकास आयामले थेग्न सक्ने जनसंख्याको प्रस्ताब समेत गरिएको छ । सो क्षेत्रमा निर्माण गरिनुपर्ने पूर्वाधार सुविधाको किसिम तथा अवधारणा समेत प्रष्ट रुपले खुलाइएको छ ।

### १.६.६ विषयगत समिति बैठक कार्यशाला

माथि उल्लिखित अध्ययनका सम्पूर्ण क्रियाकलापहरु पुरा गरी आवधिक विकास योजना सम्बन्धि प्रारम्भिक खाका तयार पारियो । तयार पारिएको प्रारम्भिक खाकाको **विषयगत समिति संग २०७८ बैशाख ३१** गते त्रिवेणी नगरपालिकाको सभा हलमा सम्वन्धित **विषयका** सरोकारहरुको सहभागितामा गोष्ठीको आयोजना गरियो । उक्त गोष्ठीमा नगरपालिकाको आवधिक विकास योजनामा समाबेश हुने सम्पुर्ण विषयवस्तु तथा अध्ययनको सम्पूर्ण प्रारुप प्रस्तुत गरि सरोकारवाला बाट प्राप्त सुभावलाई सँग्रहित गरियो ।

### १.६.७ प्रमाणीकरण कार्यशाला

माथि उल्लिखित अध्ययनका सम्पूर्ण क्रियाकलापहरु पुरा गरी आवधिक योजनाको प्रारम्भिक खाका तयार पारिनेछ । तयार पारिएको प्रारम्भिक खाकाको प्रमाणीकरणका लागि त्रिवेणी नगरपालिकाको सम्वन्धित सरोकारहरुको सहभागितामा प्रतिवेदन प्रमाणीकरण गोष्ठीको आयोजना गरिनेछ । प्रमाणीकरण गोष्ठीमा नगरपालिकाको आवधिक योजनामा समाबेश हुने सम्पुर्ण विषयवस्तु तथा अध्ययनको सम्पूर्ण प्रारुप प्रस्तुत गरि सरोकारवालाबाट प्राप्त सुझाव संकलन कार्य मिति **२०७८ असार १८** गते नगरपालिकाको सभा हलमा सम्पन्न गरियो ।




चित्र नं. १.१ आवधिक योजना तर्जुमा प्रक्रिया

**सम्पन्न भेला तथा गोष्ठी**

आवधिक योजना तयार गर्ने शिलशिलामा निम्न भेला तथा गोष्ठी सम्पन्न गरिएको थियो :

| क्र.स | विषय | स्थान | मिति | उपस्थिति संख्या |
|---|---|---|---|---|
| १ | परिचयात्मक कार्यशाला गोष्ठी | नगरपालिकाको कार्यालय | २०७८ बैशाख २० गते | ३५ |
| २ | वडा भेला | सम्बन्धित वडा कार्यालयहरुमा | २०७८ बैशाख २१ देखी २९ सम्म | १५० (सरदर प्रत्यक वडामा १६ जना |
| ३ | विषयगत समिति बैठक | नगरपालिकाको कार्यालय | २०७८ बैशाख ३१ गते | २० जना |
| ४ | मस्यौदा प्रतिवेदनमाथि छलफल | त्रिवेणी नगरपालिकाको कार्यालय | २०७८ असार १८ गते | २५ जना |
| ५ | अन्तिम प्रतिवेदन माथि छलफल | त्रिवेणी नगरपालिकाको कार्यालय | २०७८ श्रावण २४ | २३ जना |

**१.६.८ अन्तिम प्रतिवेदन पेश**

प्रतिवेदनको प्रारम्भिक खाकामा भएको छलफल तथा सुझावहरुको सम्बोधन गरी अन्तिम प्रतिवेदन तयार पारी नगरपालिकाको कार्यालयमा मिति **२०७८ श्रावण २४** पेश गरियो ।





## १.७ सिमा, जोखिम तथा पूर्वानूमान

संघीय शासन प्रणाली नेपालका निम्ती नौलो अभ्यास हो । मुलुक अहिले संघीयता कार्यान्वयनको सङ्क्रमणकालमै छ । सङ्क्रमण कालसँग जोडिएका केही चुनौतीहरु छन् । यसमध्ये एउटा चुनौती अन्तरसरकारी समन्वय र कार्यान्वयनसँग सम्बन्धित छ । संघीय सरकारमै समस्तरका एकाइहरुबीच समन्वयको समस्या छ ।

- आवधिक विकास योजना तर्जुमाका क्रममा प्रयोग गरिएका परिमाणात्मक लक्ष्य प्रस्तावित हुन जसले यथार्थ अवस्थाको प्रतिनिधित्व नगर्न पनि सक्छन् ।
- नगर पार्श्वचित्रमा प्रस्तुत कतिपय तथ्याङ्क द्वितिय स्रोत (शाखा, नगरपालिका योजना पुस्तिका) बाट लिइएको हुनाले यसले वर्तमान अवस्थाको चित्रण नगर्न पनि सक्छ ।
- आवधिक विकास योजनामा प्रस्तुत दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीतिको सहज प्रतिफल संघीय व्यवस्थाको प्रभावकारी कार्यान्वयन, स्थीर सरकार तथा अन्य कुनै प्राकृतिक तथा अकल्पनिय घटना नघटेको अवस्थामा मात्र प्राप्त हुने छ ।
- प्रदेश र केन्द्र अन्तर्गत रहेका स्थानिय निर्वाचित जनप्रतिनिधिहरुको उपस्थिति नभएको कारणबाट यस आवधिक विकासका कतिपय महत्वपूर्ण पक्षहरुमा वृहत छलफलको कमी महसुस गरिएको छ ।
- **आवधिक विकास योजनाको सफल कार्यान्वयनका निमित्त देहायका अवस्थाहरुको सहयोग अपरिहार्य हुनेछ :**
    - संघीयताका मर्म बमोजिम संघ, प्रदेश र स्थानीय तहको संरचनात्मक विकास भएको हुनेछ ।
    - संघ, प्रदेश र स्थानीय तहका आवश्यक कानुनहरुको निर्माण भएको हुनेछ ।
    - स्थानीय सरकारले संवैधानिक रुपमा प्रदत्त अधिकारको प्रयोग गर्न पाउनेछन् ।
    - स्थानीय आवश्यकताका आधारमा  कानून निर्माण भएको हुनेछ ।
    - सरकारी, सहकारी, गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ ।
    - नगरपालिकाले रणनीतिक कार्यक्रमको कार्यान्वयन लाभ लागत विश्लेषणका आधारमा गर्ने छ ।
    - जलवायु परिवर्तन वा अन्य कुनै प्रकारले हुने प्राकृतिक विपदको अवस्था सामना गर्नु पर्ने छैन ।

# अध्याय २ नगरपालिकाको वस्तुस्थिती

## २.१ नगरपालिकाको वस्तुस्थिति विवरण

त्रिवेणी नगरपालिका सुदुरपश्चिम प्रदेश, बाजुरा जिल्ला, प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. १ र प्रदेश सभा निर्वाचन क्षेत्र नं. १(ख) अर्न्तगत पर्दछ । कुल ९ वटा वडा र ६४ टोल विकास संस्था रहेको यस नगरपालिकाको कुल क्षेत्रफल १७०.३२ वर्ग कि.मि.अर्थात १८१५८ हेक्टर रहेको छ । पूर्वमा कालिकोट जिल्ला, पश्चिममा बुढीगंगा नगरपालिका, उत्तरमा बडिमालिका नगरपालिका र दक्षिणमा अछाम जिल्लाले घेरिएको छ । बाजुरा जिल्लाको सदरमुकाम मार्तडी देखी दक्षिण भेगमा रहेको यो नगरपालिकाको नामाकरण यसै क्षेत्रको पर्यटकिय तथा धार्मिक स्थलको नाम बाट त्रिवेणी रहन गएको हो । यो नगरपालिका २९ डिग्री ३५ मिनेट ५५ सेकेण्ड देखि ८१ डिग्री ३९ मिनेट ५२ सेकेण्ड अक्षांशमा रहेको छ ।

यहाँ औषत न्यूनतम ० देखी ५ डिग्री से दखि अधिकतम १८ डिग्री से सम्म तापक्रम हुने गर्दछ भने बार्षिक औषत वर्षा २२६७ मि.मि. रहेको छ र यसका साथै यस क्षेत्रमा जाडो र गर्मी औसतमा बराबर जस्तै रहने समशितोष्ण हावापानी पाइन्छ । यस नगरपालिकाको अधिकांस भूभाग उच्च पाहडी र पाहडी क्षेत्र भित्र पर्दछ ।

## २.२ भू उपयोग सम्बन्धि विवरण

भू उपयोग प्राकितिक तथा मानव सृजित गतिविधि दुवै किसिम बाट भएको हुन्छ । विकासको क्रमसँगै भू उपयोग पनि परिर्वतन भइरहेको छ । नगर क्षेत्रमा सञ्चालन हुने विभिन्न किसिमका भौतिक , सामाजिक तथा आर्थिक क्रियाकलापहरुले यस क्षेत्रको भू उपयोगलाई असर गर्दछ । भू उपयोगको वर्तमान स्थितिले त्यस क्षेत्रको विकासको स्तरलाई पनि प्रतिविम्वित गर्दछ । वर्तमान भू उपयोगको स्थितिको विश्लेषणको आधारमा नै भावी भौतिक विकास योजनाको खाका कोर्न सकिन्छ । त्यसैले पनि भौतिक विकास योजना तथा कार्यक्रम तर्जुमामा वर्तमान भू उपयोगको अध्ययन तथा विश्लेषण महत्वपूर्ण मानिन्छ ।

त्रिवेणी नगरपालिको प्रमुख व्यापारिक केन्द्र तोली वडा नं. ४ मा वढ्दो जनसंख्या तथा विभिन्न आर्थिक क्रियाकलापहरुले गर्दा यस क्षेत्रको मुख्य मुख्य ठाँउहरुमा मानवीय गतिविधिमा समेत वृद्धि तथा परिर्वतन भएको देखिन्छ । यस क्षेत्रमा अहिले विभिन्न किसिमका खासगरी वनजंगल क्षेत्र, कृषि क्षेत्र, आवास क्षेत्र, बजार क्षेत्र, नदी नाला पोखरी, सडक, धार्मिक क्षेत्र आदि मुख्य भू उपयोगहरु विद्यमान छन् । योजना क्षेत्र भित्रको वर्तमान भू उपयोगको अवस्थालाई तालिकामा प्रस्तुत गरिएको छ ।


भू उपयोग योजना तथा नीति सहित वस्ती बिकास मापदण्ड




## तलिका १ नगरपालिका भित्रको वर्तमान भू उपयोग सम्बन्धि विवरण

| क.स | विबरण | क्षेत्रफल (हे.) | प्रतिशत (%) |
|---|---|---|---|
| | **क्षेत्र** | | |
| १ | कृषि क्षेत्र | २११७ | ११.६५ |
| २ | बन तथा चरन क्षेत्र | १४१५.९२ | ७.७९ |
| ३ | आवास क्षेत्र | २३१ | १.२७ |
| ४ | नदीनालाले ओगटेको क्षेत्र | १.०७ | ०.००५८९ |
| ५ | तल तलैया क्षेत्र | ०.०६ | ०.०००३ |
| ६ | सडकले ओगटेको क्षेत्र | १७.४०६ | ०.०९५ |
| ७ | सार्वजनिक जग्गा क्षेत्र | ७७.१९ | ०.४२५ |
| ८ | पाटन तथा राष्ट्रिय बन | १४२९८.३४५ | ७८.७४ |
| | **जम्मा** | **१८१५८** | **१००** |

*श्रोत : नगर प्रोफाइल २०७५*



| विवरण | | प्रतिशत |
|---|---|---|
| कृषि क्षेत्र | | ११.६५ |
| बन तथा चरन क्षेत्र | | ७.७९ |
| आवास क्षेत्र | | १.२७ |
| नदीनालाले ओगटेको क्षेत्र | | ०.००५८९ |
| तल तलैया क्षेत्र | | ०.०००३ |
| सडकले ओगटेको क्षेत्र | | ०.०९५ |
| सार्वजनिक जग्गा क्षेत्र | | ०.४२५ |
| पाटन तथा राष्ट्रिय बन | | ७८.७४ |
| **जम्मा** | | **१००** |

यस नगरपालिका भित्र कृषि क्षेत्रले ११.६५ प्रतिशत, बन तथा चरन क्षेत्रले ७.७९, आवास क्षेत्रले १.२७, नदी नालाले ओगटेको क्षेत्र ०.००५८९, ताल तलैया क्षेत्र ०.०००३, सडकले ओगटेको क्षेत्र ०.००९५, सार्वजनिक जग्गा क्षेत्र ०.४२५ र पाटन तथा राष्ट्रिय बनले ७८.७४ प्रतिशत क्षेत्रफल ओगटेको छ ।



**चित्र न. २ भू–उपयोग अन्तगर्त कृषि क्षेत्रको ९ न. वडाको पैंमा**

### २.२.१. स्रोत साधनको उपलब्धता

- **खनिज**

वनजंगल र नदीनाला जस्ता प्राकृतिक श्रोत साधनमा यस क्षेत्र धनी मानिन्छ । देशको आर्थिक विकासमा खनिज साधनको अत्यन्त ठुलो महत्व रहेको हुन्छ । खनिज साधनबारे यस क्षेत्रमा मात्र नभई देशभित्र नै खासै अध्ययन, अन्वेषण तथा अनुसधान वा खोजमुलक कार्य हुन नसकेकाले यसबारे धेरै थाहा हुन सकेको छैन । तर खनिज साधनको रुपमा निमार्ण कार्यमा प्रयोग हुने गरेको बालुवा, ढुंगा, गिट्टी, माटो आदिको यस क्षेत्रमा पाईन्छ । बालुवा, ढुंगा, गिट्टी, माटो आदिको उत्खनन् कार्य आन्तरिक उपभोग तथा अन्य पालिका तथा छिमेकी जिल्लामा निकासी गरेमा यस क्षेत्रको आर्थिक विकासमा यस क्षेत्रले राम्रो टेवा पुऱ्याउनुका साथै ढुवानी सेवा तथा श्रमिकहरुका लागि रोजगारीको राम्रो अवसर सृजना गरेको गर्नेछ । ढुङ्गा, वालुवा र गिट्टी जस्ता बस्तुहरु प्रशस्त पाईने हुँदा नगर क्षेत्रका बासिन्दाको आम्दानीको श्रोत रहेको छ । साथै यस नगरमा सिलेट ढुंगा जुन घर छाउन प्रयोग गरिन्छ त्यो पनि हरेक वडामा प्रशस्त मात्रा पाईने हुँदा उत्खनन् कार्य गरी लाभ लिन सकिन्छ ।

- **जलस्रोत**

यस कोरिडोर क्षेत्रमा पाइने खोलाहरु प्राय जसो हिउँद याममा निकै कम बहाब भएका खहरे खोलाहरु रहेका छन् । प्रमुख नदीहरुमा बुढिगंगा नदी, कैलापरी, रिदिसैन, मनगाड, ठुला खोला, बुडेखोला घट्टेखोला, मालागडा, पाङ्ग्रे, धनछिडी, रुइना, तप्सी, चाउडे खोला पर्दछन् । बुढिगंगा नदी यस नगरपालिकाको सिमाना भएर बग्ने नदी हो र यस नदीले सिमानालाई छुट्याउने काम गर्दछ । त्यसै गरी यस क्षेत्रमा रहेका तालहरुमा बाग्चंडी माण्डौ, धवलपुरी ताल आदि जलस्रोतको रुपमा रहेको छ ।

### २.२.२ भु-बनावट


त्रिवेणी नगरपालिकाको भू–वनौट विविधता युक्त रहेको छ । यस नगरपालिकाको भू–भाग मध्य केही भु-भाग बेसी, केही उच्च पहाडी क्षेत्र रहेका छन् । भु-आकृतिमा भएको विविधता अनुसार यस नगरपालिकालाई दुई क्षेत्रमा विभाजन गर्न सकिन्छ ।

**(क) बेसी :**

वुढीगङगा नदि र अन्य खोला किनारमा भएका फाँटहरु यस क्षेत्रमा पर्दछन् । पहाडको फेदमा रहेको खुल्ला समथर खेति योग्य जमिन यस क्षेत्र अन्तर्गत पर्दछ । भौगर्भिक इतिहासको पछिल्लो चरणमा निर्मित भू–भाग भएको हुँदा यो क्षेत्र कमजोर र भुस्खलनशील रहेको छ ।

**(ख) उच्च पहाडी भू-भाग :**

अग्लो ठाउँमा रहेको यो भु-भाग पहाडी तथा चट्टानी धरातलीय स्वरुप भएका कारण पहाडी श्रृंखलाहरु, खेतियोग्य जमिन र जंगल तथा झाडी बुट्यान र पाटनले यस क्षेत्रलाई ढाकेको छ ।




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५०००/१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

**चित्र ३ त्रिवेणी नगरपालिकाको नक्सा**

## २.३. घरधुरी सम्बन्धि विवरण

कुल ३५८५ घरधुरी र २३८३२ जनसंख्या भएको त्रिवेणी नगरपालिकाको कुल क्षेत्रफल १७०.३२ बर्ग कि मि रहेको छ भने २५९७.९९ वर्ग कि.मि. जनधनत्व रहेको छ । क्षेत्रफलका हिसावले सवैभन्दा सानो वडा नं. ८ (४.३७ बर्ग कि मि) र सवैभन्दा ठूलो वडा नं. ५ (६२.२१ बर्ग कि.मि) हो । त्यसैगरी सवै भन्दा वढी जनघनत्व (५६७.९६ वर्ग कि.मि) वडा नं. ८ मा रहेको छ भने सवै भन्दा कम जनघनत्व ( २०.३८ वर्ग किमि) वडा नं. ५ मा रहेको छ । तालिका २ मा नगरपालिकाको घरधुरी र जनसंख्याको विवरण प्रस्तुत गरिएको छ ।

**तालिका २ः वडा अनुसार घरधुरी तथा जनसंख्याको विवरण**

| वडा नं. | घरधुरी | जनसंख्या | क्षेत्रफल कि.मि | जनघनत्व |
|---|---|---|---|---|
| १ | ३७६ | २५२९ | ६.४९ | ३८९.६७ |
| २ | ३११ | १९५४ | ७.६७ | २५४.७५ |
| ३ | ३१९ | १९८३ | ४.७७ | ४१५.७२ |

| | | | | |
|---|---|---|---|---|
| ४ | ४३३ | २७३० | ८.०१ | ३४०.८२ |
| ५ | २१७ | १२६८ | ६२.२१ | २०.३८ |
| ६ | ६१४ | ४९२८ | ५१.९५ | ९४.८० |
| ७ | ३७४ | २४४० | ८.०१ | ३०४.६१ |
| ८ | ३६२ | २४८२ | ४.३७ | ५६७.९६ |
| ९ | ५७९ | ३५१८ | १६.८१ | २०९.२८ |
| **जम्मा** | **३५८५** | **२३८३२** | **१७०.३२** | **२५९७.९९** |

*श्रोत : नगर प्रोफाइल घरधुरी तथा जनसंख्या विवरण २०७५*

### २.३.१ जात जाति र धर्मका आधारमा जनसंख्याको विवरण

त्रिवेणी नगरपालिकामा सामाजिक संरचनामा जातिगत विविधता रहेको छ । त्रिवेणी नगरपालिकामा कुल ९ किसिमका जातजातिको बसोबास रहेको पाईन्छ । यसरी त्रिवेणी नगरपालिकामा विभिन्न जातजाति, समुह अनुसार जनसंख्याको अवस्थालाई हेर्दा सबैभन्दा बढी क्षेत्री जाति १५५२८ जना (६५.१६%), दोस्रो ल्वार/विक २४०६ (१०.१०%), तेस्रोमा दमाई/नेपाली १४८५ (६.२३%) र त्यसपछि सार्की १०१२ ( ४.२४%) रहेका छन् । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

**तालिका ३ : जातजाति अनुसार जनसंख्या विवरण**

| क्र.स. | जतजाति | जम्मा जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | क्षेत्री | १५५२३ | ६५.१५ |
| २ | ब्राम्हण | ९४५ | ३.९६ |
| ३ | दमाई/नेपाली | १४८५ | ६.२३ |
| ४ | मीजार | ८१३ | ३.४१ |
| ५ | ल्वार/वि.क. | २४०६ | १०.०९ |
| ६ | सार्की | १०१२ | ४.२४ |
| ७ | चँदारा | ५३६ | २.२४ |
| ८ | सुनार | ४५४ | १.९० |
| ९ | गीरी, दश्नामी, (सन्यासी) | ६५५ | २.७४ |
| **जम्मा** | | **२३८३२** | **१००** |

*श्रोत: नगर प्रोफाइल २०७५*

### २.३.२ सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धि विवरण

यस नगरपालिकामा सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत २०७६/०७७ सम्म सेवा लिने जेष्ठ नागरिकको संख्या १२४०, एकल महिलाको संख्या २५२, पूर्ण अपाङ्गको संख्या ३२ र आशिंक अपाङ्गको संख्या ७१ रहेको छ र वडागत रुपमा विस्तृत विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ४ : सामाजिक सुरक्षा कार्यक्रम विवरण**

| | सामाजिक सुरक्षा कार्यक्रम विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| वडास्तर | जेष्ठ नागरिक | | एकल महिला | | पूर्ण अपाङ्ग | | आंशिक अपाङ्ग | |
| | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
| वडा न १ | ९४ | ६२ | ३६ | | १ | १ | | ४ |
| वडा न २ | ७० | ३६ | १७ | | | ३ | | ५ |
| वडा न ३ | ७२ | ३० | १८ | | २ | १ | | ७ |
| वडा न ४ | ७७ | ४६ | २५ | | २ | २ | १ | ७ |
| वडा न ५ | ३८ | १७ | १४ | | १ | १ | १ | १ |
| वडा न ६ | १४१ | ८५ | ६८ | | २ | ४ | ५ | १२ |
| वडा न ७ | १०३ | ६५ | १५ | | २ | ५ | ७ | ५ |
| वडा न ८ | ८० | ३५ | २१ | | २ | | ६ | ३ |
| वडा न ९ | ११९ | ७० | ३८ | | १ | २ | २ | ५ |
| **जम्मा** | ७९४ | ४४६ | २५२ | | १३ | १९ | २२ | ४९ |
| **कुल जम्मा** | **१२४०** | | **२५२** | | **३२** | | **७१** | |

*श्रोतः घरधुरी सर्वेक्षण २०७७*

## २.४ आर्थिक अवस्था

त्रिवेणी नगरपालिकाको आर्थिक मेरुदण्ड भनेकै कृषि, कृषि जन्य उद्योग र पशुपालनलाई विशेष रुपमा लिन सकिन्छ । कृषि व्यवसाय तर्फ यस नगरपालिकामा कृषिमा आवद्ध परिवार संख्या ३५३८, पशुपालनमा आवद्ध ३५८५ , कुखुरा पालनमा आवद्ध ७, व्यापारमा आवद्ध ४५ र वैदेशिक रोजगार मा ७२ परिवार संख्या रहेको छ । हाल यस नगरपालिकामा व्यवसायिक बाख्रा फार्म १४, व्यवसायिक कुखुरा फार्म ७, बंगुर फार्म ३ र भैसी फार्म ४ वटा सञ्चालनमा रहेका छन् । यस बाट प्रत्यक्ष रुपमा ५६ जनाले रोजगारी पाएका छन् । यी कृषि व्यवसायहरु मुख्य रुपमा वडा नं. २, ३, र ४ मा संचालित रहेका छन् । नगरपालिकाको आर्थिक क्रियाकलापको अर्को विकल्प वैदेशिक रोजगार पनि हो । हाल सम्म यँहाका २३२६ जना भारतमा, ७२ जना खाडी मुलुक र ११ जना अमेरीका र क्यानाडामा छन् । यस नगरपालिकाको आर्थिक तथा सामाजिक विकासमा यहाँका वित्तिय संस्था तथा सहकारी संस्थाको भूमिका महत्वपूर्ण रहेको छ । यस नगरपालिकाको विशेष गरी आर्थिक गतिविधिमा सकृय रहने ठाँउ, कैलाशमाण्डौ डाँडा, तोली, घाँसेडाँडा, खिन्नेसन्यदेवी, गैरी बजार पुर्भता र चाउडे रहेका छन् जँहा

स्थानिय कृषकका कृषि उत्पादन विक्रि गरी आर्थिक गतिविधिलाई चलाएमान बनाउन महत्वूर्ण भूमिका खेलेको छ ।

यस नगरपालिकामा मुख्य रुपमा सुन्दर किम्नीझरना, धवलपुरी दह, त्रिवेणी पाटन जस्ता रमणिय स्थानहरु पर्यटक स्थलका रुपमा आकर्षण बनेका छन् । समग्र रुपमा सुदुरपश्चिम र देशकै पर्यटन आकर्षण केन्द्रको रुपमा बनाउन सकिन्छ ।

यस नगरपालिकामा २५००० भन्दा माथि आम्दानी कसैको पनि छैन भने सबै भन्दा थारै आम्दानी भनेको ३००१ देखि ५००० हो जुन ३१% रहेको छ त्यस्तै सबै भन्दा धेरै आम्दानी भनेको १५००० देखी २५००० हो जुन मात्र ४.०४ % रहेको छ ।

### तालिका ५ :औषत मासिक पारिवारिक आम्दानी विवरण

| क.स. | औषत मासिक पारिवारिक आम्दानी विवरण (रुपैंया) | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १००० भन्दा कम | - | - |
| २ | १००० देखी २००० | - | - |
| ३ | २००१ देखी ३००० | - | - |
| ४ | ३००१ देखी ५००० | ११०४ | ३१ |
| ५ | ५००१ देखी १०००० | १३७० | ३८.२१ |
| ६ | १०००० देखी १५००० | ९६६ | २७ |
| ७ | १५००० देखी २५००० | १४५ | ४.०४ |
| ८ | २५००० भन्दा माथि | - | - |
| | **जम्मा** | **३५८५** | **१००** |

*श्रोत : नगर प्रोफाइल २०७५*

### तालिका ६ :वडा अनुसार बिपन्नताको स्तरीकरण

| वडा नं. | अति गरीब | गरीब | मध्ययम | सम्पन्न | जम्मा |
|---|---|---|---|---|---|
| १ | २८६ | ३४ | ५६ | ० | ३७६ |
| २ | १६७ | १०० | ४४ | ० | ३११ |
| ३ | १०६ | १४५ | ६८ | ० | ३१९ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | २१३ | १२३ | ९७ | ० | ४३३ |
| ५ | ८६ | १०२ | २९ | ० | २१७ |
| ६ | ३२० | २१० | ८४ | ० | ६१४ |
| ७ | १७८ | ११० | ८८ | ० | ३७४ |
| ८ | ७६ | २२४ | ६२ | ० | ३६२ |
| ९ | २३३ | २०४ | १४२ | ० | ५७९ |
| **जम्मा** | **१६६५** | **१२५२** | **६७०** | **०** | **३५८५** |

*श्रोत : नगर प्रोफाइल २०७५*

## २.५ सामाजिक अवस्था

सामाजिक विकासको दृष्टिले त्रिवेणी नगरपालिका सुदुरपश्चिम कै पिछडिएको नगरपालिकाको रुपमा रहेको छ । भौगोलिक विकटताका र प्रादेशिक राजधानी धनगढीबाट पनि टाढा रहेकाले यस क्षेत्रको सामाजिक विकास अर्न्तगतका उपक्षेत्रहरुको अवस्था खासै सन्तोषजनक रुपमा रहेको छैन ।

### २.५.१ शिक्षा

यस नगरपालिकामा प्रा.वि, मा.वि र निजी विद्यालय गरी कुल ३९ ओटा विद्यालय रहेका छन् जसमा ५ वटा निजी विद्यालय रहेका छन् भने ५ वटा उच्च मा.वि रहेका छन् जहाँ शिक्षा , व्यवस्थापन र मानविकी संकायको पढाई हुन्छ । यस नगरपालिकामा प्राविधिक शिक्षा पार्वती मा.वि मा मात्रै पढाइ हुने गरेको छ । यँहा रहेका ३४ वटा विद्यालयमा छात्र छात्राको लागि छुट्टा छुट्टै शौचालय रहेको र ८ वटा विद्यालयमा अपाङ्ग मैत्री शौचालय रहेका छन् भने गायत्री आ. वि मा हाल सम्म शौचालय रहेको छैन ।

यँहा रहेका कुल ३९ वटा विद्यालय मध्य ५ वटा विद्यालय अझै पनि सरकारको निती अनुरुप विद्यालय शान्ति क्षेत्रको रुपमा कार्यान्वयन भएको छैन भने हाल सम्म ३४ वटा विद्यालयमा बाल क्लव गठन गरिएको छ ।

नगरका कुल विद्यालय मध्ये ३० वटा विद्यालयमा हाल सम्म विज्ञान प्रयोगशाला नरहेको र ३३ वटा विद्यालयमा पुस्तकालय तथा अध्ययन केन्द्र पनि नरहेको अवस्था छ ।




**चित्र न. ४ रत्न माध्यामिक विद्यालय**

**तालिका ७ :शिक्षाको तथा कक्षा कोठाको प्रर्याप्तता**

| क्र.स | विद्यालयको नाम | विद्यार्थीको संख्या | शिक्षक संख्या | विद्यार्थी शिक्षक अनुपात | कक्षा कोठासं | विद्यार्थी कक्षा कोठा अनुपात |
|---|---|---|---|---|---|---|
| १ | पार्वती मा.वि सिम्ला | २६२ | ९ | ३२.८८ | १० | १९.७३ |
| २ | खापरदेवस्थली आधारभुत विद्यालय | २७९ | ९ | ३१ | १५ | २७.९ |
| ३ | त्रिपुरासुन्दरी आधारभुत विद्यालय | ४१ | ५ | १०.४ | ४ | १३ |
| ४ | त्रिभुवनेश्वरी मा.वि विद्यालय | ५७१ | १७ | २९.७० | २६ | १९.४२ |
| ५ | नवज्योति आधारभुत विद्यालय | १७५ | ८ | २१.८७ | ८ | २१.८७ |
| ६ | जनता आधारभुत विद्यालय | ८० | ५ | १९ | ७ | १३.५७ |
| ७ | जनज्योति आधारभुत विद्यालय | ६३ | ३ | ३१ | ६ | १५.५ |
| ८ | भगेश्वरी आधारभुत विद्यालय | १३९ | ७ | २२.८७ | ९ | १७.७७ |
| ९ | धैलपुरी माध्यामिक विद्यालय | २४० | १० | २६.४ | ११ | २४ |
| १० | रामेश्वरी माध्यामिक विद्यालय | २८५ | ११ | ३०.१८ | १४ | २३.७१ |
| ११ | तोलीदेवलडाँडा माध्यामिक विद्यालय | ७५० | १७ | ४४.७० | १४ | ५४.२८ |
| १२ | त्रिवेणी आधारभुत विद्यालय | १२५ | ४ | ३४.७५ | ८ | १७.३७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १३ | जनशक्ति आधारभुत विद्यालय | १२८ | ५ | ३६.४ | ६ | ३०.३३ |
| १४ | मष्टेश्वरी आधारभुत विद्यालय | १४४ | ५ | ४१ | ७ | २९.२८ |
| १५ | एमआर ई.बों आधारभुत विद्यालय | ९३ | ६ | १५ | ७ | १३.२८ |
| १६ | नाटेश्वरी आधारभुत विद्यालय | १६९ | ७ | २६.४२ | ७ | २६.४२ |
| १७ | पुष्पलाल स्मृति आधारभुत विद्यालय | ७२ | ५ | १५.८ | ६ | १३.१६ |
| १८ | नवदुर्गा भवानी आधारभुत विद्यालय | १७७ | ८ | २२.१२ | ७ | २५.२८ |
| १९ | बिश्वेश्वर आधारभुत विद्यालय | ४२ | ३ | ४२ | ६ | १३.५० |
| २० | महालक्ष्मी आधारभुत विद्यालय | ४८ | ४ | १२ | ५ | ९.६ |
| २१ | कैलाशश्वरी माध्यामिक विद्यालय | २९१ | ११ | २६.४५ | १४ | २०.७८ |
| २२ | नरसिंह आधाराभुत विद्यालय | १५७ | ९ | २७.४४ | ११ | २२.४५ |
| २३ | पार्वती माध्यामिक विद्यालय | २३८ | १० | ३२.३ | १५ | २१.५३ |
| २४ | खिन्नै सत्यदेवी आधारभुत विद्यालय | २८३ | ८ | ३५.३७ | १० | २८.३ |
| २५ | रत्न माध्यामिक विद्यालय | ५१८ | १९ | ३०.१५ | २१ | २७.२८ |
| २६ | मष्टेश्वरी माध्यामिक विद्यालय | ७४५ | १५ | ३०.५३ | १८ | ३२.११ |
| २७ | बडीमालिका माध्यामिक विद्यालय | ३३४ | ८ | ३८.८७ | १३ | २३.९२ |
| २८ | कालिकेश्वरी आधारभुत विद्यालय | ५९ | ३ | १९.३३ | ४ | १४.५ |
| २९ | नित्यश्वरी आधारभुत विद्यालय | ७९ | ३ | ३३.३३ | ६ | १६.६६ |
| ३० | ज्ञानज्योति आधारभुत विद्यालय | ६३ | ३ | १८ | ५ | १०.८ |
| ३१ | पुष्पकमल आधारभुत विद्यालय | ४९ | २ | २४.५ | ५ | ९.८ |
| ३२ | जनता आधारभुत विद्यायल | ३२ | ३ | २०.६६ | ५ | १२.४ |
| ३३ | गायत्री आधारभुत विद्यालय | ६५ | १ | ४७ | ५ | ९.४ |
| ३४ | बालकल्याण आधारभुत विद्यालय | ८४ | ३ | २८ | ४ | २१ |
| ३५ | नुवाकोट आधारभुत विद्यालय | ५३ | २ | २६.५ | ५ | १०.६ |
| ३६ | भवानी आधारभुत विद्यालय | ४९ | २ | २७ | ४ | १३.५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३७ | सरस्वती आधारभुत विद्यालय | २८ | १ | २८ | ४ | ७ |
| ३८ | बजुरामोडेल ई.बो. आधारभुत विद्यालय | १७२ | १० | १७.२ | १६ | १०.७५ |
| ३९ | मष्टामाण्डौ फारवेष्ट एकेडेमी | ९५ | ५ | १९ | १० | ९.५ |
| ४० | जोभिअल एकेडेमी आधारभुत विद्यालय | ६३ | ६ | १०.६ | ६ | १०.६ |
| | जम्मा | **७३४०** | **२७२** | **३४३** | **३६४** | **६५** |

*श्रोत : शिक्षा शाखा विवरण २०७७*

### २.५.२ स्वास्थ्य

त्रिवेणी नगरपालिकामा हाल ३ वटा स्वास्थ्य चौकि, ७ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र र १ शहरी स्वास्थ्य केन्द्र, १ कोभिड अस्पताल रहेका छन् जसमा १ जना मे.अ, सि. अहेव/हे.अ ६ जना ,सि. अनमी ४, स्टाफ नर्स २, अहेव ९, अनमी १६, ३ जना ल्याब असिष्टेन्ट र का.स १५ जना कार्यारत छन् । यँहा रहेका ११ स्वास्थ्य केन्द्रमा सुरक्षित प्रशुति सेवा उपलब्ध छ ।

**मानव संशाधन**

| पद | स्वीकृत दरबन्दी | पदपूर्ति | हाल कार्यरत | | कैफियत( करार सेवा अन्तर्गत) श्रोत सहित (गा.पा., न.पा., सामाजिक विकास मन्त्रालय,.........) |
|---|---|---|---|---|---|
| | | | स्थायी | करार | |
| मेडिकल अधिकृत | 0 | 0 | 0 | 1 | स्वा.म. |
| हे.ई. सातौं तह | 1 | 0 | 0 | 0 | |
| हे.ई. छैठो तह | 4 | 3 | 3 | 0 | |
| क.न./ज.न. छैठो तह | 1 | 0 | 0 | 0 | |
| हे.ई. पाँचौ तह | 3 | 3 | 3 | 0 | |
| क.न. पाँचौ तह | 3 | 4 | 4 | 2 | स्वा.म. |
| हे.ई. चौथो तह | 3 | 0 | 0 | 9 | न.पा. |
| क.न. चौथो तह | 3 | 2 | 2 | 16 | न.पा. |
| ल्या.टे./ल्या.अ. | 0 | 0 | 0 | 3 | न.पा. |
| का.स. | 1 | 1 | 1 | 15 | न.पा./स्वा.म. |
| **जम्मा** | **19** | **13** | **13** | **46** | |

**न.पा.स्वा.शाखा ,स्वा.चौ. ,आ.स्वा.से.के. ,श.स्वा.के., covid -19 अस्थायी अस्पताल सहित**

*श्रोत : स्वास्थ्य शाखा विवरण २०७७*




**चित्र ५ : पैमा प्राथमिक स्वस्थ्य केन्द्र**

## २.५.३ खानेपानी तथा सरसफाई

NWASH द्वारा गरिएको नमुना घरधुरी सर्वेक्षणमा नगरपालिकाका ९ वटा वडाका कुल ३०८ घरपरिवारको सर्वेक्षण गर्दा ३०७ घरधुरीले पाइप प्रणालीद्धारा खानेपानी उपयोग गर्दै आएका छन् भने मात्र एक घरधुरीले पोखरी/तालको पानी प्रयोग गरेका छन्।


**तालिका ८ : वडागत रुपमा खानेपानी सेवा प्राप्त गर्ने घरधुरी तथा जनसंख्याको विवरण**

| वडा नं. | जम्मा घरधुरी | जम्मा जनसंख्या | पाइप प्रणाली धारा | | सतहि पानी, पोखरी, ताल, खोला, नदी | |
|---|---|---|---|---|---|---|
| | | | घरधुरी | जनसंख्या | घरधुरी | जनसंख्या |
| १ | १८ | १४७ | १८ | १४७ | ० | ० |
| २ | ३५ | २६१ | ३५ | २६१ | ० | ० |
| ३ | २६ | १७४ | २५ | १६७ | १ | ७ |
| ४ | ४० | ३१९ | ४० | ३१९ | ० | ० |
| ५ | २३ | १६७ | २३ | १६७ | ० | ० |
| ६ | ५४ | ३६६ | ५४ | ३६६ | ० | ० |
| ७ | ३२ | २७१ | ३२ | २७१ | ० | ० |
| ८ | २६ | १८७ | २६ | १८७ | ० | ० |
| ९ | ५४ | ३६७ | ५४ | ३६७ | ० | ० |
| **जम्मा** | **३०८** | **२२५९** | **३०७** | **२२५२** | **१** | **७** |

*श्रोत : NWASH द्वारा नमूना घरधुरीसर्वेक्षण २०७६*

## मौजुदा खानेपानी प्रणालीहरुको कार्यक्षमता तथा संचारुपन

त्रिवेणी नगरपालिका भरि संचालनमा रहेका १२८ वटा खानेपानी योजनाहरुको सुचारुपनाको अवस्थाको प्राप्त तथ्यांक विश्लेषणका आधारमा ११ वटा खानेपानी आयोजना राम्रोसंग सञ्चालित छन् भने ४२ वटा खानेपानी आयोजना सामान्य मर्मत गर्नुपर्ने, ३५ वटा खानेपानी आयोजना वृहत् मर्मत गर्नुपर्ने देखिन्छन् । त्यसैगरी ५ वटा आयोजनाहरु पुर्ननिर्माण गर्नुपर्ने र ४५ वटा आयोजनाहरु पुर्नस्थापनाको अवस्थामा रहेका छन् ।




**तालिका ९ :वडागत खानेपानी प्रणालीहरुको कार्यक्षमता तथा सुचारुपन**


| वडा नं. | संख्या | राम्रोसंग सञ्चालित | सामान्य मर्मत सुधार को आवश्यकता | बृहत् मर्मत सुधारको आवश्यकता | पुर्ननिर्माणको आवश्यकता | पुर्नस्थापनाको आवश्यकता |
|---|---|---|---|---|---|---|
| १ | ४ | २ | १ | १ | ० | ० |
| २ | १९ | १ | ७ | ५ | ४ | २ |
| ३ | २८ | ० | ५ | ५ | ० | १८ |
| ४ | १३ | ० | ८ | १ | ० | ४ |
| ५ | १२ | ० | ५ | ६ | ० | १ |
| ६ | १४ | ३ | ४ | १ | ० | ६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | ४ | २ | ० | ० | ० | २ |
| ८ | १८ | २ | ६ | २ | १ | ७ |
| ९ | १६ | १ | ६ | ४ | ० | ५ |
| **जम्मा** | **१२८** | **११** | **४२** | **२५** | **५** | **४५** |

*श्रोतः नगर प्रोफाइल २०७५*

### २.५.४ घरायसी र सार्वजनिक शौचालयको अवस्था

त्रिवेणी नगरपालिकाका शौचालय भएका घरधुरी शतप्रतिशत घरधुरीमा शौचालय रहेका छन् । यस नगरमा ३४.४२ प्रतिशत शौचालयबाट निस्कने पदार्थलाई सेप्टिक ट्यांकमा खसाल्ने व्यबस्था गरिएकोछ । त्यसैगरी ६४.६१ प्रतिशत शौचालयलाई ढाकेको खाल्डोमा जोडिएको, ०.६५ प्रतिशत शौचालय खुल्ला खाडलमा जडान गरिएका र ०.३२ प्रतिशत शौचालयबाट निस्कने फोहोरलाई सिधै खोला वा खुल्ला ठाउँमा बिसर्जन गर्ने गरिएको छ.




**तालिका १० :सार्वजनिक शौचालय सम्बन्धि विवरण**

| **क.स.** | **सार्वजनिक शौचालय रहेको स्थान** | **वडा नं.** |
|---|---|---|
| १ | नाटेश्वरी मन्दिर क्षेत्र भित्र | वडा नं.४ |
| २ | बिनि (त्रिवेणी धाम) क्षेत्र | वडा नं.६ |
| ३ | मौरे क्षेत्र | वडा नं.८ |
| ४ | त्रिवेणी नगरपालिका | वडा नं.१ |
| ५ | त्रिवेणी नगरपालिका | वडा नं.७ |

*श्रोतः नगर प्रोफाइल २०७५*

## २.५.५ पूर्वाधार विकास

पूर्वाधार विकास अन्तर्गत यस नगरपालिकामा आर्थिक वर्ष २०७७/२०७८ सम्म १८ वटा झोलुङ्गे तथा काठे पुल सञ्चालनमा रहेका छन् भने हालसम्म यस नगरपालिकामा कच्चि तथा धुले सडक ८२ कि.मि, खुड्किला भएको फुट ट्रेल ५०० मि. रहेको छ भने यस नगरपालिकाको उच्च पहाडी भूभागमा सडक सञ्जाल विस्तार हुन सकेको छैन र हाल नगर क्षेत्रभरी ५ वटा सडक निर्माणको क्रममा रहेका छन् । हालसम्म यस नगरपालिकामा कालो पत्रे सडक र ग्राभेल सडक छैन । यस त्रिवेणी नगरपालिकालाई राष्ट्रिय राजमार्गको सडक सञ्जालले छोएको छैन तर साँफेबगर मार्तडि सडक अन्तर्गत साहेक राजमार्गले भने यस नगरपालिकाको सिमाना सम्म छोएको छ । यस नगरपालिकामा हाल २६ वटा सिंचाइको स्रोत सञ्चालनमा रहेको छ जसमा ९ वटा सिंचाइ आयोजना मौसमी रुपमा सञ्चालनमा रहेका छन् भने कुल २६ वटा आयोजना बाट १९२० घरधुरी लावान्बित भएका छन् र ८६५ हेक्टर जमिन सिंचित सिंचाइ क्षेत्र अन्तर्गत रहेका छन् ।

### तालिका ११ : पुल तथा पुलेसा

| वडा नं. | पुलको नाम | पुल भएको खोला वा खोल्सीको नाम | जोडीने वस्तिहरु | | झोलुङ्गे/काठे/ट्रष्ट/पक्की | लम्वाई (मी.) | अवस्था (राम्रो/ठीकै/जीर्ण) |
|---|---|---|---|---|---|---|---|
| | | | देखी | सम्म | | | |
| वडा न १ | काँसेगाड पुल | काँसेगडा | भुगातोला | माजगाउ | झोलुङ्गे | ६० | राम्रो |
| वडा न ३ | ओखडे पुल | वुढिगङ्गा | वाह्रविस | पुर्भुता | झोलुङ्गे पुल | ४० | राम्रो |
| वडा न ३ | विरा पुल | वुढिगङ्गा | वाह्रविस | पुर्भुता | झोलुङगे | ५० | ठिकै |
| वडा न ३ | काँसेगडा पुल | काँसेगडा | अछाम | वाजुरा | झोलुङ्गे | ३५ | ठिकै |
| वडा न ४ | भाटेभीड | मालागाड | कैलाशमाण्डौ | तोली | काठे | १० | ठिकै |
| वडा न ४ | मौरै पुल | मालागाड | कैलाशमाण्डौ | तोली | झोलुङ्गे | ५० | राम्रो |
| वडा न ४ | तित्रेसैन पुल | बुढीगङ्गा | नौविस | तोली | झोलुङ्गे | ४५ | राम्रो |
| वडा न ५ | किम्नि खोला ट्रस पुल | किम्नि खोला | किम्नि | पन्धारा | ट्रष्ट | २० | राम्रो |
| वडा न ५ | मालागाड झुलङ्गे पुल | मालागाड | किम्नि | कैलाशमाण्डौ | झोलुङगे | ११५ | राम्रो |
| वडा न ६ | मालागाड पुल | मालागाड | दुर्गाभवानि | किम्नि | झोलुङ्गे | ८० | ठिकै |
| वडा न ६ | जैसिगाउ पुल | मालागाड | फल्नेतोला | पन्धारा | झोलुङ्गे | ९० | ठिकै |
| वडा न ६ | तिमिले वगड | तिमिले वगड | बुढा टोल | किम्नि | झोलुङ्गे | १०० | ठिकै |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| वडा न ७ | मालागाड पुल | मालागाड | खिरपाटा | किम्नि | झोलुङ्गे | ४० | राम्रो |
| वडा न ७ | घट्टेखोला | घट्टेखोला | खिरपाटा | पन्धारा | काठे | १० | ठिकै |
| वडा न ८ | फालासैन पुल | बुढिगङ्गा | गिरिवाडा | फालासैन | झोलुङ्गे | २५० | ठिकै |
| वडा न ८ | मौरे पुल | बुढिगङ्गा | त्रिवेणि न पा | बुढीगीङ्गा न पा | झोलुङ्गे | २४० | ठिकै |
| वडा न ८ | ढडालिपुल | बुढिगङ्गा | ढडालि | शेरावगर | काठे | २० | ठिकै |
| वडा न ९ | पैमा पुल | बुढीगङ्गा | पैमा | बल्दे | झोलुङ्गे | १८५ | ठिकै |

*श्रोत : घरधुरी सर्वेक्षण २०७७*

## तालिका १२ : सिचाई सुविधाको उपलब्धता

| क.स | सिंचाइको स्रोतको नाम | सिंचित हेक्टर | लाभान्वित घरधुरी |
|---|---|---|---|
| १ | घट्टेकुला सिचाई योजना | ३० हे | ४२ |
| २ | दोगडीमुल सिचाई कुलो | २० हे | २५० |
| ३ | छतारी कुलो | २ हे | २३० |
| ४ | रीड्दी सैन सिचाई कुलो | ६ हे | २०० |
| ५ | गेरुगडा सिचाई कुलो | १० हे | ५० |
| ६ | अधेरीखोला सिचाई कुलो | १५ हे | १०० |
| ७ | खाती पधेरा सिचाई योजना | २ | ४५ |
| ८ | विन्तिखोला सिचाई आयोजना | ३ | ११५ |
| ९ | तित्रैसैन सिचाई आयोजना | १ | ४५ |
| १० | तोलेन सिचाई आयोजना | १ | १५ |
| ११ | भैस्याटा सिचाई आयोजना | १ | २१ |
| १२ | सुप्याकुना सिचाइ कुलो | ३ | ४० |
| १३ | सैनेडि सिचाइ कुलो | १ | २७ |
| १४ | मिगिमुल सिचाई कुलो | ०.००९ | १५० |
| १५ | सोतामुहान सिचाई कुलो | १ | ८० |
| १६ | वाडगाँउ सिचाई कुलो | १.५ | ६० |

| | | | |
|---|---|---|---|
| १७ | किन्ति खोला सिचाइ कुलो | ५०० | १५० |
| १८ | सोता सिचाइ कुलो | २०० | १०० |
| १९ | दगडा सिचाइ कुलो | १०० | ६० |
| २० | धन्छडि कालढुङ्गा सिचाई योजना | ५ | ४५ |
| २१ | घट्टेकुलो सिचाइ योजना | २० | ६० |
| २२ | कालापानि सिचाई कुलो आयोजना | २५ | ३५ |
| २३ | कुलिवाद सिचाई आयोजना | | |
| २४ | निलाखालि सिचाई आयोजना | | |
| २५ | तप्शिखोला सिचाई आयोजना | | |
| २६ | सारखोला साचाई आयोजना | | |

*श्रोत : घरधुरी सर्वेक्षण २०७७*



**चित्र ६ बाङ्गपाटा सडक र खेतीयोग्य जमिन**

## २.५.६ सुचना प्रविधि

हाल यस नगरपालिकामा ल्याण्डलाइन टेलिफोन सेवा उपलब्ध नभएको तर ईस्काइ जि.एस.एम मोबाइलको एक एक वटा टावर रहेको छ  तर यसले पुरै नगर क्षेत्र भित्र राम्रो सँग सेवा दिन नसकिरहेको अवस्था छ । त्यसैले यस नगरपालिका सञ्चार र प्रविधि क्षेत्रबाट पछाडि रहेको छ । यस

नगरपालिकामा इन्टरनेट सेवा पनि ज्यादै कम मात्रामा पहुँच रहेको छ भने हालसम्म यस नगर क्षेत्रबाट दैनिक पत्रिका, साप्ताहिक पत्रिका जस्ता पत्रिका प्रकाशन भएको छैन । हाल यस नगरपालिकामा कुनै एफ.एम रेडियोहरू नरहेको तर जिल्ला सदरमुकाम तथा काठमाडौँबाट प्रशारण हुने अन्य एफ.एम. रेडियोहरू पनि नगरका विभिन्न भागमा सुन्न सकिन्छ । त्यस्तै डिसहोम को माध्यम बाट राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रशारणका टेलिभिजन च्यानल हेर्न सकिन्छ ।

### २.५.७ बैदेशिक रोजगार

बैदेशिक रोजगारीको सन्दर्भमा यस प्रतिवेदनमा बैदेशिक रोजगारीको लागि गएको देश, रोजगारीको लागि बिदेश बसेको अवधि तथा बिदेश जानुको उद्देश्य लाई आधार मानी विश्लेषण गरिएको छ । जस अनुसार सबैभन्दा बढी भारतमा गएका र सबैभन्दा कम अन्य देशमा गएको पाइन्छ र खुला सिमानाको उपयोग गर्दै निर्वाधरुपले भारत आवतजावत गर्न सकिने र निश्चित रुपमा गणना गर्न नसकिएका भारतमा जाने युवाहरूको संख्या यस नगरपालिकामा निकै ठूलो रहने गरेको छ । भारतको अलावा याँहाका युवाहरु खाडी मुलुकहरुमा समेत जाने गरेका छन् । बिदेश जानुको उद्देश्य अनुसार रोजगारीका लागि बिदेश जानेको संख्या बढी भएको पाइन्छ भने नगन्य मात्रामा शिक्षाको लागि बिदेश गएको पाइन्छ ।

### २.५.८ सुरक्षा

बस्ती बिस्तार प्रकृयामा सुरक्षाले पनि निकै महत्वपुर्ण भुमिका खेल्ने गर्दछ । बसोबास गर्नको निम्ति सो क्षेत्र सुरक्षाको दृष्टिकोणले कतिको उपयुक्त रहेको छ छैन बारे जानकारी हासिल गरे पश्चात मात्रै बसोबास गर्ने गरिन्छ । नगरको शान्ति सुरक्षालाई कायम राख्नका लागि त्रिवेणी नगरपालिकाको तोलीमा इलाका प्रहरी कार्यालय वडा न. ४ र पैमा प्रहरी चौकी वडा न. ९ मा स्थापना गरिएका छन् । चोरी, डकैती लगायतका कुनै अप्रिय घटनाहरु घट्न नदिन र मानसिक रुपले सुरक्षित महशुस गर्न सुरक्षा निकायको लागि थप पूर्वाधार निर्माण गर्न आवश्यक देखिन्छ ।

## २.६ बन वातावरण तथा विपद व्यवस्थापन

हालसम्म यस नगरपालिकामा विपद व्यवस्थापन समिति र विपद व्यवस्थापन पुर्व तयारी योजना बनेको छ र यसको साथै विपद व्यवस्थापन कोष पनि बनेको हुँदा यस नगरपालिकामा भइपरि आउने वातावरणीय विपद्लाई केही हद सम्म न्यूनिकरण गर्न मद्दत मिलेको छ । यस नगरपालिकामा ३५ वटा सामुदायिक बन रहेका छन् जसले १४१५.९२ हेक्टर जमिन ओगटेको छ । यँहा सरकारी संरक्षित बन कुनै पनि छैन ।

**तालिका १३ : बन क्षेत्र सम्बन्धि विबरण**

| विबरण | संख्या | क्षेत्रफल हेमा | प्रतिशत |
|---|---|---|---|
| सामुदायिक बन | ३५ | १४१५.९२ | ७.७९ |
| कबुलियती बन | १३ | २.६७ | |

| | | | |
|---|---|---|---|
| धार्मिक बन | ० | ० | ० |
| सरकारी संरक्षित बन | ० | ० | ० |
| **जम्मा** | **४८** | | |

### २.६.१ विपदको ऐतिहासिक समयरेखा :

त्रिवेणी नगरपालिकाको वडास्तरमा सहभागितात्मक अवधारणा अनुरुप जोखिम क्षमता विश्लेषण गरिएको छ । सो विश्लेषणको आधारमा प्रमुख जोखिमको रुपमा भुकम्प, बाढीपहिरो, हावाहुरी, आगलागी, असिना, चट्याङ, खडेरी, महामारी, जङ्गली जनावर आतंक आएका थिए । खानेपानी, सरसफाई र स्वच्छताका क्षेत्र लगायत अन्य क्षेत्रमा बि.सं.२०४३ साल देखि हालसम्ममा त्यस्ता विपदहरुले गम्भीर असर पार्दै आएका छन् । यस सम्बन्धि विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १४ : विभिन्न समयमा विपद्बाट भएको क्षति**

| **प्रकोप** | **साल र महिना र स्थान** | **क्षतिको विवरण** |
|---|---|---|
| **पहिरो** | २०५० साउन, खपर | खतबारी, जङगल |
| | २०५६ भदौ, घट्टेखोला, जुहार ताल | १० विघा जमिन र जङगल |
| | २०६० श्रावण र भदौ, फर्चापानी, मष्टेश्वरी देखि मैनेखोला सम्म | बटो भत्किएको , जमिन पुरिएको |
| | २०६४ भदौ ,हरियाली | घर, छाना, खेत पुरेको |
| | २०७१ भदौ, कुल्देवमाण्डौ | जमिन पुरिएको |
| | २०४३ श्रावण, पारिघर, छिमेकी, दोधारा | ५० घर भत्केको, ५० जना घाइते, १५ विघा खेत |
| | २०४७ साल जेष्ठ, वडा नं.४ | १० घर र खेतबारी |
| | २०५० असोज, वानेढुङ्गा | जमिन बगाएको |
| | २०६३ साल असार, जोगी लाटेखोला | ६ कित्ता जग्गा |
| | २०४७ साल जेष्ठ वडा नं.६ | १० घर र खेतबारी |
| | २०५७ असार २७, नर पछ्यारो | २ जनाको मृत्यु |
| | २०६० साल श्रावण २४ जैशीवाडा | ६ घर ४० मुरी फल्ने जमिन |
| | २०७० साल भाद्र ५, सल्लिमुडबाट मालागाड | १२ घर, १०० मुरी अन्न उत्पादन हुने जमिन |
| | २०७०, पैमा पारिवन | गोठ र २५ हे. जमिन |

| | | |
|---|---|---|
| | २०७२, पैमा, खाटेपाटा, रटुनीपानी | ३० हे. जमिन |

| | | |
|---|---|---|
| बाढी | २०६२ भाद्र, गाजेवन र घट्टेखोला | खेतारी, जङगल बगायो |
| | २०४३ श्रावण, मानागाड | १० छाना, २० घट्ट, १ पुल र १०० विघा जमिन |
| | २०६२ असोज, किम्नि खोला | ४ जना मानिसको मृत्यु, १ पुल बगाएको |
| | २०४५ असार २३, त्रिवेणी हँदै मालागाड मौरे क्षेत्र सम्म | ३ पुल र घरहरु क्षति भएको, २० मुरी उब्जनी हुने खेत |
| | २०४६ भाद्र २४ भकुण्डेखोला हुदै मालागाड सम्म | १० छाना, घरहरुमा नोक्सान, खेतियोग्य जमिन |
| | २०४६ बैशाख २०, खिरपाटा, मालाकोट | सेराममा रहेको १५ हे. खेत, घट्ट र भैसी |
| | २०४६ श्रावण १३, मौरेमालागाड | १२ पसल र ४०० मुरी उत्पादन हुने खेत |
| | २०५६ श्रावण १० , राताढुङ्गा | १०० मुरी उत्पादन हुने खेत |
| | | |

*श्रोत: त्रिवेणी नगरपालिकाको विपद तथा जलवायु उत्थानशिलयोजना*

उपरोक्त तालिकालाई विश्लेषण गर्दा जनसंख्या बृद्धि, बस्ति विस्तारका कारण बाढी, पहिरो र आगलागीका घटनाहरु बर्षेनी घटेर ठूलो मात्रामा धनजनको क्षति पुर्‍याएको देखिन्छ । तसर्थ नगरपालिकाले विपद् सम्बन्धि पूर्व तयारी र विपद् व्यवस्थापनको क्षेत्रमा ध्यान केन्द्रित गर्नका लागि विपद् जोखिम पार्श्व चित्र तयार गरी कार्यान्वयनमा ल्याइएको छ ।

# अध्याय तिन दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीति

## पृष्ठभूमि

संविधानको धारा २३२ ले संघ, प्रदेश र स्थानीय तह वीचको अन्तर सम्बन्ध सहकारीता, सह अस्तित्व र समन्वय सिद्धान्तमा आधारित हुने व्यवस्था गरेर तीनै तहबीच समान सोच, लक्ष्य, उद्देश्य र रणनीति सहितको सहकारिताबाट मात्र राज्यले सोचेको समृद्धिको सपना पुरा हुने कुराको परिकल्पना गरेको छ । तसर्थ स्थानीय सरकारले निर्माण गर्ने  योजना संघीय र प्रादेशिक योजनाको आधारस्तम्भमा तय गर्नु पर्ने हुन्छ । त्रिवेणी नगरपालिकाको हकमा पनि दीगो विकास लक्ष्य, संघीय सरकारको पन्ध्रौ पञ्च वर्षीय योजना, सुदुरपश्चिम प्रदेशको ०७४/०७५ देखि ०७७ /०७८ सम्मको वार्षिक निती तथा कार्यक्रमको योजना र नगरपालिकाको वस्तुस्थिती र स्थानीय  आवश्यकताका आधारमा योजना तर्जुमा गर्नु पर्ने देखिन्छ ।

नेपाललाई सन् २१०० सम्ममा उच्च आय भएको मुलुकको रुपमा रुपान्तरित गर्ने दीर्घकालिन सोच तथा संयुक्त राष्ट्र संघको दीगो विकास लक्ष्यलाई सम्वोधन गर्ने गरी नगरपालिकाले आफ्ने सोच निर्धारण गर्नु पर्ने हुन्छ । त्रिवेणी नगरपालिकाले  २३ वर्षे सोचको निर्माण गर्नका लागि बहुसरोकरवालाहरुको सहभागितामा सम्पन्न आवधिक नगरविकास योजना तर्जुमा कार्यशालाले त्रिवेणी नगरपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीति निम्न अनुसार निर्धारण गरेको छ ।

संविधानबाट स्थानीय तहलाई प्राप्त अधिकार र कार्य सूचीलाई मध्यनजर गर्दै स्थानीय तहसँग नागरिकका आवश्यकता र अपेक्षालाई सम्बोधन गरी यस त्रिवेणी नगरपालिकालाई समृद्ध नगरका रुपमा स्थापित गर्न आवधिक योजना महत्वपूर्ण हुने र यसले सबल, सक्षम, सुशासन, पारदर्शिता, जवाफदेहीता तथा उत्तरदायी स्थानीय सरकारको निर्माणका लागि नगरमा हुने विभिन्न खालको विकसीत निर्णयहरु मार्गदर्शनका रुपमा हुनेछ ।

## ३.१ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीति

नागरिकहरुको विकास प्रतिको उच्च चाहना, दिर्घकालिन लक्ष्य, नेपाल सरकारको **“समृद्ध नेपाल सुखी नेपाली”** तथा प्रादेशिक सरकारको लक्ष्य तथा त्रिवेणी नगरपालिकाको श्रोत र साधनलाई दृष्टिगत गर्दै संघ र प्रदेश सरकारको आर्थिक सहयोग लाई आधार मानेर बहुसरोकरवालाहरुको सहभागितामा सम्पन्न आवधिक विकास योजना तर्जुमा कार्यशालाले त्रिवेणी नगरपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीति निम्न अनुसार निर्धारण गरेको छ ।

साथै अन्तर नगर समन्वय परिषद र प्रदेशका विच नितीगत कानुन निर्माण, योजना तर्जुमा र विकास निर्माणका कार्यहरु सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तको आधारमा अघि बढाउने दीर्घकालीन सोच र लक्ष्य पनि यस नगरपालिकाको रहेको छ ।

### ३.१.१ दीर्घकालीन सोच (दूरदृष्टि)

**जल र जडिबुटी !**

**शिक्षा, स्वास्थ्य र सम्बृद्धी, सम्पूर्ण त्रिवेणी बासीको अभिव्यक्ति !!!**

**दीर्घकालीन सोचका प्रमुख क्षेत्रहरु**

**तलिका १५ : दीर्घकालीन सोचका प्रमुख क्षेत्रहरु**

| १. सुसंस्कार | २. सुख | ३. समृद्धि |
|---|---|---|
| १.१ सम्पदाहरुको संरक्षण र विकास | २.१ स्वास्थ्य र सन्तुलित पर्यावरण | ३.१ सर्वसुलभ आधुनिक एवम् सघन अन्तर आबद्धता |
| १.२ भाषा, कला, संस्कृति र साहित्यको संरक्षण र विकास | २.२ सुशासन | ३.२ मानव पूँजी तथा सम्भावना को पूर्ण उपयोग |
| १.३ परिष्कृत तथा मर्यादित जीवन | २.३ सबल लोकतन्त्र | ३.३ उच्च र दिगो उत्पादन तथा उत्पादकत्व |
| १.४ सुरक्षित, सभ्य र न्यायपूर्ण समाज | २.४ राष्ट्रिय एकता, सुरक्षा र सम्मान | ३.४ उच्च र समतामूलक राष्ट्रिय आय |

### ३.१.२ समष्टिगत लक्ष्य

नगरको अहिलेको वस्तुस्थितिले दर्शाउने सकारात्मक पक्षहरुलाई सुदृढ गर्दै समाजवाद उन्मुख समृद्धिको दिशातर्फ बढ्न समष्टिगत र क्षेत्रगत विकासका आधारहरुको निर्माण गर्नु नै यसको प्रमख उद्देश्य हो । संविधानले निर्दिष्ट गरे अनुसार सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहकार्यद्धारा फराकिलो, समावेशी र उच्च आर्थिक वृद्धि हासिल गर्दै नागरिकका आर्थिक सामाजिक विकासका आकांक्षा पूरा गर्न तर्फनै यो आवधिक योजना केन्द्रित छ ।

महिला तथा पछाडि पारिएका वर्ग सहित सवै तह र तप्काका नागरिकहरुको आर्थिक वृद्धि गर्दै दीगो पूर्वाधार, शिक्षा स्वास्थ्य वातावरण जस्ता आधारभूत सेवामा पहूँच बृद्धि गरी सुशासनको अभ्यासवाट समतामूलक समाजको आधारशिला तयार भएको हुने छ ।

### ३.१.३ समष्टितग उद्देश्य

- अन्तर सरकार र बाह्य सम्बन्ध सुधार गरी पुर्वाधार विकास र व्यवस्थित बसोवासको माध्यमबाट सुरक्षाको प्रतिभूति, स्वरोजगारको अवसर सिर्जना गरि समुदायको आर्थिक समृद्धिका लागि सहयोग गर्ने, .

- समुदायको वजार र वित्तीय संस्थामा पहूच बृद्धी गरी यान्त्रिक उपकरणसहितको ब्यबसायिक कृषि, पर्यटन र उद्यमशिलताको विकास मार्फत समुदायको दिगो आर्थिक विकासका साथै र आत्मनिर्भर उन्मूख बनाउने,
- व्यवसायिक शिक्षा, गुणस्तरीय स्वास्थ्य सेवा, सहभागिता मुलक कार्य पद्दति तथा विकासमा लैंगिक र समावेशी अबधारणाको अबलम्बनबाट नागरिकहरु खासगरी महिला, विपन्न र सिमान्तकृत वर्गमा आधारभूत शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्ष्याको प्रत्याभूतिका साथै स्थानीय स्तरमा दक्ष्य जनशक्ति विकास गर्ने,
- मानव विकास सुचकाङ्ग र भौतिक पूर्वाधार विकासमा प्रदेशकै पछाडि रहेको बाजुरा जिल्ला र यसमा त्रिवेणी नगरपालिकाको भौगोलिक विकटताको क्षेत्रहरुमा स्वास्थ्य, शिक्षा, रोजगारीलाई विशेष जोड दिइनेछ ,
- निमार्ण योजनाको प्रभावकारी संचालन तथा व्यवस्थापनका आधारमा उपभोक्ता समितिहरुलाई प्रोत्साहन तथा दण्ड र जरिवाना गर्ने प्रणाली अवलम्बन गर्ने,
- योजनाहरुको प्रभावकारी कार्यान्वयन गर्न अनुगमन निर्देशिका तयार गरि सो अनुसार नियमित अनुगमन गर्ने,
- पर्यावरणीय तथा जैविक विविधताको संरक्षण, सम्बर्द्धन, सार्बजनिक जग्गा र निजि तथा कृषि वन विकास गरि समुदायको काष्ठ जन्य बस्तुको मागलाई सम्बोधन गर्दै हरियालीयुक्त नगरपालिका निर्माण गर्ने,
- समुदायलाई दैवी प्रकोप सम्बन्धि सचेतना अभबृद्धी, पुर्व तयारीका साथै जलबायु परिवर्तनका असरलाई न्यूनीकरण गर्न अनुकुलनका उपायहरुको अबलम्बन गर्ने,
- प्रकृतिक विपद् र दुर्घटनाको जोखिम न्यूनिकरण गर्न त्रिवेणी नगरका सम्पूर्ण घरधुरीलाई विमाको दायरामा समेट्ने,
- नगरपालिकाको भौतिक संरचनाका साथै दक्ष मानव श्रोतको विकास, सूचना, लेखा तथा भौतिक सामग्रीको कम्प्युटरकृत अभिलेख प्रणाली, र पालिकाका सुशासनका सिदान्तहरुलाई अबलम्बन गरि सेवाग्राहीलाई सहज, निस्पक्ष्य र गुणस्तरीय सेवा प्रदान गर्ने ,
- यस नगरमा लगानी अभिवृद्धि तथा विस्तार गर्न लगानी मैत्री वातावरण सिर्जना गरिनेछ ।

### ३.१.४ विकासका मुख्य चालकहरु

नगरको विकासका मुख्य चालकहरु देहाय बमोजिम मानिएको छ :

- गुणस्तरीय ग्रामीण तथा शहरी पूर्वाधार ( सडक, खानेपानी, बिजुली, विद्युतीय सञ्चार प्रविधि)
- कृषिको व्यवसायीकरण, जैविक कृषिको प्रवर्द्धन र कृषिलाई उद्यमका रुपमा विकास र विस्तार (विशिष्टीकृत कृषि),
- विशिष्टीकृत सेवा र मानव पूँजीको विकास,

- उद्योग ( मझौला, साना, घरेलु, र लघु उद्यम),
- सम्पदामैत्री गुणस्तरीय पर्यटन,
- सामाजिक-सांस्कृतिक विकास ।

यी चालकहरुका सम्बन्धमा संक्षिप्त विवरण तल प्रस्तुत गरिएको छ भने विस्तृत विवरण सम्बन्धित परिच्छेदहरुमा उल्लेख गरिएको छ ।

### क) गुणस्तरीय ग्रामीण तथा शहरी पूर्वाधार

यस उत्प्रेरकले उत्पादन, बजारीकरण, प्रशोधन र सहज पहुँच, पूर्वाधारयुक्त व्यवस्थित बस्ती विकास र शहरीकरणमा अन्तरसम्बन्ध माध्यमबाट अर्थतन्त्रलाई गतिशिल तुल्याउने छ । कृषिबाट गैरकृषि क्षेत्रमा श्रमको माग बढाउने र उत्पादन र वितरण लागतमा कमि ल्याउने छ । गुणस्तरीय ग्रामीण पुर्वाधारको विकासले ग्रामीण अर्थतन्त्रको विकास, सेवा सुविधामा पहुँच, ग्रामीण पर्यटनको विकास, गाउँ र सहरको अन्तरसम्बन्धको माध्यमबाट आर्थिक विकासलाई बलियो बनाउँदछ । यसले गाउँबाट शहरतिर हुने बसाईसराईलाई समेत कमी ल्याउन मद्दत गर्न सक्नेछ ।

### ख) विशिष्टीकृत कृषि

यस उत्प्रेरकले कृषिको विशिष्टीकरण गर्दै उत्पादन र रोजगारीका उपायहरु ग्रामीण क्षेत्रमा विस्तार गर्नुका साथै साना किसान उन्मुख सहकारीका माध्ययमबाट गरिबी न्यूनीकरण, ग्रामीण श्रमको आयमूलक उपयोग, खाद्यान्न सुरक्षा र आयात प्रतिस्थापनमा मद्दत गर्दछ । तुलनात्मक लाभ भएका कृषि तथा पशुपंक्षीजन्य उत्पालनतर्फ युवा वर्गलाई आकर्षित गर्ने र विचौलियाको अन्त्य गरी कृषकलाई बढी लाभ पुऱ्याउन मद्दत गर्दछ ।

### ग) विशिष्टीकृत सेवा र मावन पूँजीको विकास

यसले विद्यमान विशिष्टीकृत सेवा र उच्चस्तरको मावन संसाधनको तुलनात्मक लाभलाई विस्तारित गर्छ र उत्पादकत्व बढाउँछ । त्रिवेणी नगरपालिकामा मात्र नभई यस सँग जोडिएका छिमेकी पालिकाहरु त्था समग्र बाजुरा जिल्लालाई नै जनशक्ति आपूर्ति गर्छ । तसर्थ, विशिष्टीकृत सेवा र मानव पूँजी विकास गरी उपलब्ध सम्भावनाहरुको अधिकतम उपयोगलाई विकासको चालकको रुपमा लिईएको छ ।

### घ) उद्योग

उद्योग आर्थिक विकासको इन्जिन हो । तुलनात्मक लाभ भएका कृषि र गैरकृषिजन्य उद्योग र त्यसका माध्यमबाट रोजगारी सिर्जना गर्न सक्दछ । यसका लागि स्थानीय बजारमा वस्तुको माग, स्थानीय स्रोतको उपलब्धता र तुलनात्मक लाभ भएका क्षेत्रहरुमा लघु उद्यम, जडिबुटी प्रशोधन, लोक्ता कागज उद्योग, स्थानिय फलफुलको जुस उत्पादन गर्ने उद्योगहरुको स्थापना गर्न सकिन्छ । सँगसँगै यस नगरमा सिलेट प्रशस्त मात्रामा रहेकोले सिलेट उद्योग पनि सञ्चालन गर्न सकिन्छ । यसका लागि नीतिगत सुधार र गुणस्तरीय पूर्वाधारहरुको विकासमा जोड दिनु पर्ने हुन्छ । नगरमा उपलब्ध कच्चा पदार्थमा आधारित उद्योगहरुको प्रवर्द्धनको लागि उत्पादन लागत कम गर्ने पूर्ण क्षमतामा सञ्चालन गर्ने

उपाय सहितको एकीकृत प्रोत्साहनका कार्यहरुमा जोड दिँदा आर्थिक विकासमा योगदान पुग्ने भएकोले आर्थिक विकासको महत्वपूर्ण चालकको रुपमा यसलाई लिइएको छ ।

**ङ) सम्पदामैत्री गुणस्तरीय पर्यटन**

यस उत्प्रेरकले नगरकै तुलनात्मक लाभ भएका प्राकृतिक र गैर प्राकृतिक सम्पदाहरु र ऐतिहासिक धरोहरहरुको संरक्षण र विकासद्धारा पर्यटकलाई आकर्षित गरी आय र रोजगारी विस्तार गर्ने सम्भावना राख्दछ । भविष्यमा हुन सक्ने बैदेशिक पर्यटन र आन्तरिक पर्यटनको बढ्दो प्रवृत्ति समेतलाई ध्यानमा राखी उपलब्ध प्राकृतिक सम्पदाहरुको संरक्षण र अधिकतम उपयोग गर्ने तथा धार्मिक, सांस्कृतिक, ऐतिहासिक र पुरातात्विक महत्वका सम्पदाहरुको संरक्षण र विकासद्धारा पर्यटन गन्तब्य, वस्तु र सेवको विस्तार गरी गुणस्तरीय पर्यटन प्रवर्द्धनमा ध्यान दिनु पर्ने देखिन्छ र यसका लागि धार्मिक पर्यटकिय हवको रुपमा विकास गर्न पर्यटकिय क्षेत्रको गुरुयोजना निर्माण तथा पूर्वाधार विकासको निर्माण गर्नुपर्ने देखिन्छ । यसले आर्थिक विकास अगाडि बढाउन सहयोग पुऱ्याउँदछ ।

**च) सामाजिक-सांस्कृतिक विकास**

नगरको धरोहरको रुपमा रहेको ऐतिहासिक, धार्मिक, सांस्कृतिक र पुरातात्विक सम्पदाहरुको संरक्षण, सामाजिक न्यायमा आधारित विकास, समावेशिता, भाषा, कला, संस्कृति र साहित्यको संरक्षण र विकास मार्फत् सामाजिक-सांस्कृतिक सहिष्णुता र बन्धुत्वको वातावरण निर्माण गरी नगरलाई सुसंस्कृत नगरको रुपमा स्थापित गर्न मद्दत गर्दछ ।

यी उत्प्रेरकहरु एकअर्कासँग आबद्ध छन् र विकासका क्रममा एक अर्कालाई परिपूरण गरी सबल पनि बनाउँछन् । शासन प्रणाली परिणाममुखी र सशक्त नभै योजनाका लक्ष्यहरु प्राप्त हुन सक्दैन । यसका लागि शासकीय सुधार, क्षमता विकास र बृति विकासका उपायहरुको प्राभावकारी कार्यान्वयन हुन जरुरी छ । त्यसैगरी, विकासका सबै प्रयासहरु वातावरणमैत्री बनाउन सकिएन भने तत्काल र भविष्यमा आउन सक्ने चुनौतिहरुको सामना गर्न सकिदैन । विकासले विनास निम्त्याउनु हुँदैन भन्ने कुरामा सजक हुन आवश्यक छ । यो नगरमा केही भूभागमा बेसी र केही भूभाग उच्च पाहडि रहेकोले विविधताका साथै संवेदनशील पनि भएकोले विकास वातावरणमैत्री हुन अनिवार्य छ । संक्षेपमा, यी ६ उत्प्रेरकहरु सुशासन र वातावरणमैत्री विकासको आधारमा मात्र प्रभावकारी हुन सक्छन् भन्ने कुरालाई विर्सन सकिदैन ।

## ३.२. समष्टिगत परिमाणात्मक तालिका

आवधिक योजना तर्जुमा कार्यशाला गोष्ठीले तयार पारेको तथा नगरसभाबाट अनुमोदित दीर्घकालीन सोच, समष्टिगत लक्ष्य र उद्देश्यलाई निश्चित समयावधिमा हासिल गर्नु नगरपालिकाको मुख्य जिम्मेवारी हो । तसर्थ नगरपालिकाले आवधिक विकास योजनाले निर्दिस्ट गरेका देहायका समष्टिगत परिमाणात्मक सुचकका आधारमा लक्ष्य तथा उद्देश्यहरुको आवधिक रुपमा मापन गर्ने छ ।

प्रस्तुत समष्टिगत परिमाणात्मक लक्ष्यको सम्बन्ध राष्ट्रिय लक्ष्यसँग पनि रहेको छ । तसर्थ नगरपालिकाको तहमा प्राप्त हुन नसकेका तर राष्ट्रिय लक्ष्यसँग तालमेल गरेर अघि बढ्नु पर्ने परिमाणात्मक लक्ष्य सूचकहरुलाई पनि प्रस्तुत तालिकामा तुलनात्मक रुपमा प्रस्तुत गरिएको छ ।

## तालिका १६ : राष्ट्रिय र प्रदेशको परिमाणात्मक लक्ष्यका आधारमा त्रिवेणी नगरपालिकाको परिमाणात्मक लक्ष्य निर्धारण

| क्र स | सूचक | इकाई | राष्ट्रिय लक्ष्य | | प्रादेशिक लक्ष्य | | नगरपालिकाको लक्ष्य | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | आधार वर्ष आ.व. ०७५/७६ | आर्थिक बर्ष २०८०/८१ | आधार वर्ष आ.व. ०७५/७६ | आर्थिक बर्ष २०८०/८१ | आधाररेखा (आ.व. ०७६/७७ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | |
| | | | | | | | | ०८०/८१ | ०८१/८२ | ०८३/८४ |
| १ | आर्थिक बृद्धिदर | प्रतिशत | ६.८ | ९.६ | ६.३ | ११.२ | ३.३ | ५ | ७ | १० |
| २ | कृषि क्षेत्रको योगदान | प्रतिशत | २७ | १९.४ | ०.७ | ५.५ | ७.५ | ९ | ११.५ | १४.५ |
| ३ | उद्योग क्षेत्रको योगदान | प्रतिशत | १५.२ | १६.७ | ७.४ | ११.७ | २.५ | ५.० | ६.३ | १० |
| ४ | सेवा क्षेत्रको योगदान | प्रतिशत | ५७.८ | ६४.२ | | | ८.२ | ९.३ | ११ | १८ |
| ५ | प्रति व्यक्ति बार्षिक आय | अमेरिकी डलर | १०४७ | १५९५ | १०९५ | ४०५० | ५०० | ८०० | ११०० | १५०० |
| ६ | सम्पत्तिमा आधारित गिनी गुणक | गुणक | ०.३१ | ०.२९ | | | | | | |
| ७ | वहुआयामिक गरीवी | प्रतिशत | २८.६ | १३ | | | | १० | ७ | २ |
| ८ | निरपेक्ष गरिबी | प्रतिशत | १८.७ | ११ | १५.३ | ७ | ४२ | ३२ | २१ | ११ |
| ९ | साक्षरता (१५ बर्ष माथि) | प्रतिशत | ५८ | ९० | ७४.८५ | ९५ | ८६ | ९५ | १०० | १०० |
| १० | माध्यमिक तहमा खुद भर्ना दर | ज्ना | | | ४८.२ | ५२ | ७९ | ८५ | ९५ | १०० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | बाल कुपोषण दर | प्रतिशत | २७ | १५ | | | २ | १ | ० | |
| १२ | सिँचाई योग्य भूमिमा सिँचाई | प्रतिशत | | | ५८ | ६३ | ३० | ८५ | १०० | |
| १३ | मापदण्ड अनुसार वनेका आवास | संख्या | | | | | २० | ३० | ५० | |
| १४ | खानेपानी सुविधा पुगेको जनसंख्या (टयुव वेल) | प्रतिशत | ९४ | ९९ | ६७ | १०० | ९० | ९५ | १०० | |
| १५ | वाह्रै महिना सञ्चालन हुने सडक | प्रतिशत | | | | | ४५ | ७५ | १०० | |
| १६ | रुख विरुवाले ढाकेको हरियाली क्षेत्र | प्रतिशत | | | | | ६० | ६५ | ७० | |
| १७ | नगरपालिकाको वेरोजगार | प्रतिशत | | | | | ४२ | १८ | ८ | |
| २४ | उत्पादनमूलक कार्यमा रेमिट्यान्सको उपयोग | प्रतिशत | | | | | ५ | १० | २० | |
| २५ | बैंक, वित्तिय संस्था र बजार केन्द्रमा पुग्न लाग्ने औषत समय | मिनेट | | | | | ४५ | २५ | १० | ५ |
| २६ | औषत आयु | बर्ष | ६९.७ | ७२ | ६९.७ | ७५ | ७२ | ७५ | ८० | ८५ |
| २७ | मानव विकास सुचकाङ्क | सुचकाङ्क | ०.५७ | ०.६२ | .५५८ | ०.६५० | ०.५६७ | ०.५८९ | ०.६११ | ०.६७८ |

*स्रोत : राष्ट्रिय योजना आयोग, पन्ध्रौं आवधिक योजनाको आधार पत्र, २०७६,*

## ३.३ समष्टिगत रणनीति

नगरपालिकाको समष्टिगत लक्ष्य, उद्देश्य तथा परिमाणात्मक लक्ष्यलाई तोकिएको समयावधिमा पूर्णता दिन आवधिक विकास योजनाले देहायका समष्टिगत रणनीतिहरु अवलम्मबन गर्नेछ ।

- नगरपालिकालाई कृषि /पर्या पर्यटनको केन्द्रको रुपमा विकास गर्ने,
- अन्नबालीको विउ उत्पादन, तरकारी खेति, तथा पशुपंछि पालनलाई व्यवसायिक तथा यान्त्रिकरणको माध्यमबाट तुलानात्मक तथा प्रतिष्पर्धात्मक लाभका आधारमा विकास गरिने छ ।
- कृषिमा किटनाशक औषधिको प्रयोगमा कमी ल्याउने तथा कृषि बालीनालीमा प्राङगारिक मलको प्रयोगमा कृषकहरुलाई प्रेरित गर्ने,
- प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षण, सम्वर्धन र दीगो तथा उच्चतम व्यवस्थापनको नीतिगत व्यवस्थाबाट समुदायको आर्थिक विकास गर्ने,
- पशु शाखा र जिल्ला पशु विकास कार्यालय मार्फत नश्ल सुधार, तालिम तथा प्रचार सेवा,व्यवसायिक फर्म सुधार जस्ता कार्यक्रमहरु विस्तार गर्दै लैजाने
- पूर्वाधार विकासको गुणस्तरीयता तथा दीगोपना कायम गर्न नीतिगत व्यवस्था र त्यसको कार्यान्वयन गर्ने,
- नगर क्षेत्रमा बजारको विकास गरी वरिपरिका बस्तीहरुमा सेवा सुबिधा प्रदान गर्ने र जसले गर्दा एकातिर रोजगारीको अवसर सिर्जना हुन्छ भने अर्को तिर बजारको विकास भई अन्य भौतिक पूर्वाधारको समेत विकास हुन पुग्दछ
- गुणस्तरीय तथा व्यवसायिक शिक्षामा महिला, दलित एवमं पिछडिएका वर्गहरुको पहुँच बढाउने तथा आधारभूत स्वास्थ्य सुविधामा नगरपालिकाका सवै नागरिकको पहुँच विस्तार गर्दै लगिने,
- सार्बजनिक, नदी उकासमा वन लगाउनुका साथै निजि तथा कृषि वन विकास गरि समुदायको वन पैदावार सम्बन्धि माग लाई सम्बोधन गर्दै नगरपालिकामा हरियाली पर्बद्धन गर्ने
- समुदायलाई वाताबरण संरक्षण, फोहरमैलाको व्यवस्थापन सम्बन्धि सचेतना अभिबृद्धि गरि सरसफाईको उचित व्यबस्थापन गर्ने,
- जलवायु परवर्तनको असर न्युनिकरंण र दैविप्रकोप व्यबस्थापनका लागि वडा स्तरमानै सामुदायिक दैवीप्रकोप व्यवस्थापन समितिहरु गठन गरि परिचालन गर्ने,
- नागरिकहरुलाई प्रत्यक्ष करको भार नपर्ने गरि आन्तरिक राजस्वका क्षेत्रको खोजि गरि तिनको दिगो परिचालन गर्ने,
- नगरक्षेत्रमा बन्ने आधुनिक भवनहरुलाई भवन निर्माण संहिता लागु गरिने,
- खानेपानी तथा सरसफाइका कार्यक्रमहरु उपभोक्ता समितिको सहभागिता र संलग्नतामा स्थानिय स्रोत साधनको अधिकतम प्रयोग गरी संचालन गरिने,
- पूर्ण सरसफाई प्रवर्द्धनमा प्रोत्साहन, पुरस्कार र कदरको सिद्धान्तलाई निरन्तरता दिइने,

- दलित एवमं सिमान्तकृत वर्गलाई सबै सामाजिक, आर्थिक कृयाकलापमा संलग्नता र प्रतिनिधित्व बढाउँदै लैजाने,
- महिला एवंम बाल स्वास्थ्य सम्बन्धि स्वास्थ्य सुविधामा सर्वसुलभ बनाउनुको साथै महिला कर्मचारीहरुलाई उचित प्रोत्साहन एवमं हौसला बढाउने कार्य सिर्जना गरी सक्षम र सशक्त बनाउने,
- नगरपालिकाको संस्थागत संरचना (राजनीतिक प्रतिनिधि, कर्मचारी प्रशासन, विषय विज्ञ तथा भौतिक पूर्वाधार) को वर्तमान अवस्थालाई अत्याधुनिक, स्मार्ट, उच्च मनोवल युक्त, सकारात्मक र परिणाममुखी वनाउन नीतिगत व्यवस्था गरिने ।
- जनमुखी असल शासन स्थापित गर्न सङ्घीय र लोकतान्त्रिक सफल राज्यहरुमा अवलम्बन गरिएका असल अभ्यासहरूलाई हाम्रो विशिष्टिकृत परिस्थिति अनुरुप अनुशरण गर्ने ।

# अध्याय चार आर्थिक विकास

विकासका प्रमुख आयामहरू मध्ये आर्थिक विकास कुनै पनि स्थानको विकासका लागि एक केन्द्रिय स्तम्भ हो जसको सहयोगमा विकासका अन्य स्तम्भहरू सबल हुन सक्छन् । हुन त कुनै पनि स्थानको समग्र विकासका लागि आर्थिक क्षेत्र पूर्णत बलियो भएर मात्र पुग्दैन किनकि आर्थिक सम्पन्नताले मानसिक सुख, सामाजिक सौहार्दता वा सांस्कृतिक सम्पन्नता सुनिश्चित हुन्छ भन्न सकिँदैन । तथापि आर्थिक सम्पन्नताको जगमा उभिएर मात्र विकासका अन्य आयामहरू जस्तै सामाजिक, सांस्कृतिक, वातावरणीय, जातीय, लैङ्गीक, संस्थागत विकास गर्न सम्भव हुन्छ । आर्थिक विपन्नतामा अन्य विकास गर्न प्रायः असम्भव नै हुन्छ ।

आर्थिक सम्पन्नताको सूचकको रूपमा रहेका आम रूपमा प्रयोग गरिने सूचकहरू मध्ये वार्षिक प्रतिव्यक्ति आय (Per Capita Income), कुल ग्राहस्थ उत्पादन (GDP) र समग्रता सूचकमा मानव विकास सूचकाङ्क (HDI), सम्पन्नता सूचकाङ्क (Prosperity Index) आदि हुन् । यी सबै सूचकाङ्कका केन्द्रिय भागमा आर्थिक उर्पाजन तथा उत्पादन र जनसाधारणको त्यसमा रहेको पहुँच नै रहेका छन् । आर्थिक उपार्जन र उत्पादन वृद्धिका लागि कृषिको विकास, उद्योग तथा कल-कारखानाको स्थापना, रोजगारी श्रृजना, निर्यात प्रर्बद्धन, पर्यटन विकास र व्यापार तथा वाणिज्यको विकासका साथै मानवीय सेवा क्षेत्रहरूको व्यापक विकास गर्नु अत्यन्त जरुरी छ । आर्थिक विकासका यी सैद्धान्तिक आधारमा रहेर बर्दगोरिया गाउँपालिकाको समग्र आर्थिक विकास गर्न निम्न क्षेत्रलाई समेटी तत् तत् क्षेत्रको विकास गरी आर्थिक समृद्धि हासिल गर्ने उद्देश्य लिइएको छ ।

- कृषि, जडिबुटी, पशुपंक्षी विकास तथा मत्स्यपालन
- पर्यटन
- खानी, खनिज, उद्योग, वाणिज्य तथा आपूर्ति
- बैङ्क वित्तीय संस्था तथा सहकारी

एक आपसमा फर्केर रहेका अग्ला अग्ला पहाड, भिरालो जमिन र खोला किनारमा भएको केही सम्म जमिन भएको यस नगरपालिका भौतिक विकासको दृष्टिले पिछडिएको क्षेत्रको रुपमा पर्दछ । किम्नीझरना, धवलपुरी दह, त्रिवेणी पाटन जस्ता रमणिय स्थलहरु पर्यटन स्थलका रुपमा विकास गरी पर्यटन व्यवसायिक हिसाबले आकर्षक थलो बनाउन यस नगरपालिका सुरुवात देखि नै अगाडि बढिरहेको छ । आवास र व्यवसायिक क्षेत्रहरु सडकको छेउछाउ केन्द्रित हुँदा व्यवस्थित शहरीकरणमा थप चुनौति थपिएको छ ।

कुनै पनि स्थानिय तहको आफ्नो सिमानासँग जोडिएको अरु स्थानिय तह साथै अरु जिल्लासँग राम्रो सम्बन्ध हुन आवश्यक हुन्छ । कतिपय को जनसंख्या सिमानाका गाउँपालिका/नगरपालिका साथै अरु जिल्लामा पनि निर्भर हुन सक्छन् । सामान र सेवाहरूको आदानप्रदान नजिकैका जिल्लाहरू वा

भित्रका बीचमा सामान्य हुन्छन् । तसर्थ, अन्तर-सम्बन्धको अध्ययन र विश्लेषण अत्यन्तै महत्वपूर्ण विषय हो र यसको प्रवाह पालिकाको विकास पक्षसँग जोडिएको हुन्छ ।

## ४.१ कृषि

त्रिवेणी नगरपालिकाको आर्थिक मेरुदण्ड भनेकै कृषि, कृषि जन्य उद्योग र पशुपालनलाई विशेष रुपमा लिन सकिन्छ । कृषि व्यवसाय तर्फ यस नगरपालिकामा कृषिमा आवद्ध परिवार संख्या ३५३८, पशुपालनमा आवद्ध ३५८५ , कुखुरा पालनमा आवद्ध ७, व्यापारमा आवद्ध ४५ र वैदेशिक रोजगार मा ७२ परिवार संख्या रहेको छ । हाल यस नगरपालिकामा व्यवसायिक बाखा फार्म १४, व्यवसायिक कुखुरा फार्म ७, बंगुर फार्म ३ र भैसी फार्म ४ वटा सञ्चालनमा रहेका छन् । यस बाट प्रत्यक्ष रुपमा ५६ जनाले रोजगारी पाएका छन् । यी कृषि व्यवसायहरु मुख्य रुपमा वडा नं. २, ३, र ४ मा संचालित रहेका छन् । यस नगरपालिकाको विशेष गरी आर्थिक गतिविधिमा सकृय रहने ठाँउ, डाँडा, तोली, घाँसेडाँडा, खिन्नेसन्यदेवी र चाउडे रहेका छन् जँहा स्थानिय कृषकका कृषि उत्पादन विक्रि गरी आर्थिक गतिविधिलाई चलाएमान बनाउन महत्वूर्ण भूमिका खेलेको छ । नगरपालिकामा सबैभन्दा ठूलो क्षेत्रमा खाद्यान्न, दलहन बाली लगाइने गरेको छ भने तुलनात्मक रुपले सानो क्षेत्रमा फलफुल जस्तै ओखर, सुन्तला आदी लगाइने गरेको छ । खाद्य सुरक्षा तर्फ त्रिवेणी नगरपालिकामा कुल क्षेत्रफल मध्ये कृषियोग्य भुमि ११.६५ प्रतिशत मात्र रहेको छ । यँहा धान, मकै, गहुँ, कोदो, जौ, आलु उत्पादन हुने गर्दछ सबै जसो कृषक परम्परागत खाद्य वाली तथा तरकारी उत्पादनमा संलग्न छन । उत्पादित वस्तु स्थानीय वजारमा खपत हुने गरेको छ भने पालिका बाट वाह्य वजारमा हुने निर्यातको मात्रा नगन्य छ ।

त्यस्तै कुल खेती योग्य जमिन २११७ हे. मध्ये जम्मा ८६५हे. मात्र सिचाइ हुनु र सिचाइकै अभावले जमिन बाँझो रहने गरेको छ ।

### ४.१.१ समस्या

हिउँदमा सिचाईंको अभाव हुनु, कृषि उत्पादनको बजारीकरणको अभाव, वातावरण अनुकल उन्नत बिउ बिजन सहजरुपमा उपलव्ध नहुनु, कृषिको हकमा सरकारले दिने सेवा, सुविधा र अनुदानमा कृषकको पहुँच र सहजिकरणमा कमी, किटनाशक औषधी तथा मलमा सहज पहुँच र प्रयोग विधिमा कृषकहरुमा आवश्यक ज्ञानको कमी, चिस्यान केन्द तथा संकलन केन्द्रको अभाव कृषि क्षेत्रका मुख्य समस्या हुन ।

सिंचाइमा हालसम्म जम्मा २६ वटा सिंचाइ कुलो रहनु र सिंचाइको अभावले गर्दा ज्यादै कम मात्रामा उब्जनी हुने यसक्षेत्रमा कतिपय खेतबारीहरु बाँजै रहनु र माटोको परिक्षण नगरिकन खेति गर्दा अन्नबालिमा ह्रास आउनु यस नगरक्षेत्रको समस्या रहेको छन् भने असिना, बाढी, पहिरो जस्ता प्रकोपबाट खेति पर्याप्त मात्रामा नहुनु पनि यस नगरको विशेष समस्या रहेका छन्।

### ४.१.२ चुनौती

कृषि क्षेत्रको यान्त्रिकरण र व्यवसायिकरणकालागि पर्याप्त पुँजी जुटाउनु, कृषकले कृषि उत्पादनको सही मुल्य प्राप्त गर्नु, कृषि उत्पादनमा वन्यजन्तुले गर्ने हानी रोक्नु, वालीमा देखिने रोगको पहिचान, परिक्षण तथा उपचारका लागि प्राविधिक र उपकरणको व्यवस्थापन गर्नु कृषि क्षेत्रका मुख्य चुनौती हुन ।

**अवसर**

कृषि पकेट क्षेत्र अन्तर्गत वडा नं. १, २, ४, ५ र ७ रहेका छन् । चिस्यान केन्द्र, संकलन केन्द्रहरु स्थापना गर्न सकिने, कृषकहरुलाई प्राविधिक सहयोग, कृषि अनुदान तथा प्रविधि हस्तान्तरणका माध्यम वाट कृषकको दक्षता अभिबृद्धि गर्ने, अत्तरबाजे उत्तिमाडी सा.व.,जडेपानि कल्लि सा.व. र सँगुरमेला सा.व.को खालि जग्गामा चिराईतो, सेतकचिनि, सतुवा, लोक्ता, टिमुर आदि जातको जडिवुटि खेति गर्ने। सार्वजनिक जग्गा तथा सामदायिक वनलाई घाँस खेती तथा नगदे बालीको उत्पादनका लागि प्रयोग गर्ने, तथा सहुलियत कृषि लगानीमा सहजीकरण र बिमाको व्यवस्था गर्ने कृषि क्षेत्रका अवसरहरु हुन । सरकारी र सामूहिक खेती प्रणालीमा सरकारको प्राथमिकता रहनु, बजारीकरणमा कृषि सहकारीका सम्भावना वृद्धि हुनु, वैदेशिक रोजगारबाट फर्केका युवाहरु कृषि तर्फ आकर्षित गरिनु, संचार सञ्जालको कमिक रुपमा विकासका कारण कृषि सूचना प्रविधिको सहज पहुँच हुन सक्ने अवस्था हुनु, तुलनात्मक लाभ भएका बाली र पशुपन्छी उत्पालन हुनसक्ने वातावरण हुनु, सिंचाइ विकास गरी खेतीयोग्य जमिन विस्तार गर्न सकिने तथा प्रति एकाइ जमिन र प्रतिश्रमिक उत्पादकत्व बढाउन सकिने सम्भावना हुनु यस नगरका निम्ति कृषि विकासका अवसरहरु हुन् ।

## ४.१.३ दीर्घकालिन लक्ष्य र उद्देश्य

**लक्ष्य /असर**

व्यवसायिक कृषि, पर्यापर्यटन, उद्यमशिलता, बिमा, वित्तीय क्षेत्र, तथा सहकारीको पहूँचको विस्तारबाट स्थानीय अर्थतन्त्रमा गतिशीलता ल्याई रोजगारी एवं आय आर्जनबाट आम नागरिकको आर्थिक स्थितिमा सुधार गर्ने ।

**उद्देश्य / प्रतिफल**

- करार तथा सहकारीतामा आधारित कृषि प्रणालीको माध्यमबाट कृषि क्षेत्रलाई आधुनिकीकरण, यान्त्रिकीकरण, व्यवसायीकरण तथा मुल्य श्रङ्खलामा आवद्ध गर्दै खाद्यान्न, तरकारी, फलफुलको उत्पादकत्व बृद्धि र उत्पादनहरुको व्यवस्थित बजारीकरणबाट आर्थिक समृद्धि हासिल हुनेछ,
- परम्परागतवाट आधुनिक कृषि प्रणालीमा रुपान्तरण गरी उत्पादन र उत्पादकत्व वढाउनु ।

**रणनीति र कार्यनीति**

नगरपालिकाको आर्थिक विकासलाई मुर्तरुप दिन पालिका स्तरीय आर्थिक विकास समितिको मातहतमा **“कृषिमा रोजगारी, पर्यटनमा आम्दानी आधारित नगर समृद्ध कार्यक्रम ”** सञ्चालन गरिने छ । त्यसका लागि आवश्यक नीति, कार्यक्रम तर्जुमा तथा आवश्यक जनशक्तिको व्यवस्थापन गरिनेछ ।

**प्रतिफल १.१ कृषि तथा खाद्य सुरक्षा रणनीति**

- वैज्ञानिक भूमि व्यवस्थापनद्वारा उत्पादकत्व बृद्धि गरी आत्म निर्भर कृषि प्रणालीको विकास गर्ने,
- कृषि व्यवसायलाई व्यवस्थित वनाउन दीर्घकालीन कृषि नीति तथा योजना निर्माण गर्ने,
- तुलनात्मक तथा प्रतिष्पर्धात्मक लाभ हुन सक्ने कृषि वालीमा जोड दिने,
- नगर क्षेत्रको विकासले नयाँ बजार केन्द्रहरु विकास हुन्छ भने भएका बजार केन्द्रहरुको आकार तथा क्रियाकलापमा बृद्धि हुनेछ । यसबाट मानिसले रोजागरीको अवसर सिर्जना हुन्छ भने कृषिमा आश्रित जनसमुदायलाई पनि आधुनिक कृषिमा लाग्न मद्दत गर्दछ ।

- भूमिको उत्पादकत्व र उत्पादनशिलता अभिबृद्धिका लागि खण्डिकरण न्यूनीकरण गर्नुका साथै एकिकृत खेति प्रणाली गर्ने नीति अबलम्बन गर्ने
- नगरपालिकाको धरातलीय स्वरुप अनुसार कृषि क्षेत्रको विशिष्टिकरण गर्ने,
- कृषक समूहहरुको संस्थागत विकास गरी कृषि रोजगारी, आम्दानी बढाउन तर्फ जोड दिने,
- स्थानीय कृषि उद्योगबाट उत्पादित सामग्रीको ब्रान्डिङ गर्ने ।

**निर्दिष्ट कार्यनीति**

**प्रतिफल १.१ कृषि तथा खाद्य सुरक्षा कार्यनीति**

| कार्यनीति | मुख्य कार्यक्रम |
|---|---|
| पालिका स्तरीय कृषि ऐन निर्माण गरी दीर्धकालिन कृषि नीति तथा योजना निर्माण गरिने छ, | मुल्य श्रृङ्खलामा आधारित कृषि व्यवसायीकरण कार्यक्रम |
| आन्तिरिक कृषि उत्पादनलाई स्थानीय वजारमा र भान्सामा प्रोन्साहन गर्ने नीति लिइने छ, | |
| बजारमुखी कृषि उत्पादन र सोकालागि कृषि मुल्य श्रृङखला प्रणालीको अबलम्बन गरिने छ, | |
| चक्लाबन्दीको माध्यमबाट कृषि उत्पादकत्व वढाउन कृषि सहकारीका माध्यमबाट सामूहिक खेती प्रणालीको विकास गरिने छ | |
| आर्थिक रुपमा विपन्न कृषकको पहिचान मापदण्ड तयार गरी पालिका भित्रका घरधुरीको पहिचानको आधारमा पालिकाबाट संचालन हुने कार्यक्रममा अनुदानको व्यवस्था गरिनेछ, | |
| ऋतु अनुसारको उत्पादन तथा रैथाने बालीलाई प्रोत्साहन दिइने, | |
| निरन्तर कृषि पेशामा लागिरहने कृषकहरुलाई सम्मानित र पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ । | |
| कृषि उत्पादनका बढाउनका लागि यस नगरमा हाते ट्याक्टर किन्न कृषक लाई सहुलियत प्रदान गर्ने । | |
| बाँझो जमिन राख्ने प्रवृतिलाई नियन्त्रण गर्न स्तानीय तहले दिन सेवा सुविधामा कडाइ गर्न नीतिगत व्यवस्था गरिनेछ । | |

| | |
|---|---|
| वडाको उत्पादकत्वका आधारमा विशेष कृषि पकेट क्षेत्र घोषणा गरी तद्अनुरुपको कार्यक्रम कार्यान्वयनमा जोड दिईने, | |
| प्राङ्गरिक, जैबिक बिषादीलाई ग्राहयता र रायानिक बिषादी प्रयोगलाइ निरुसहित गरि प्राङ्गरिक नगर निर्माण गरिनेछ, | |
| कृषि उपज बेच बिखन केन्द्र स्थापना र हाट बजार ब्यबस्थित गरिने छ । | |
| वडास्तरमा यूवा कृषक समूह तयार गर्ने । | |
| सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागितामा ब्यबसायिक उत्पादनलाई प्रवर्द्धन गरिने छ । | |
| कृषिको उत्पादन उत्पादकत्व वढाउन वृहत सिँचाई योजना कार्यान्वयन गरिनेछ । | |
| हिमाली क्षेत्र तथा न्यून रासायनिक मल प्रयोग भएको क्षेत्रमा जैविक खेती प्रोत्साहित गर्ने र त्यसको प्रविधि, गुणस्तर निर्धारण, जनशक्ति विकास र बजारीकरणमा सहयोग गरिनेछ । | |
| कृषि उत्पादनको लागत न्युनीकरणका लागि कृषि अनुदान तथा विमा कार्यक्रमलाई कार्यान्वयन गरिने छ । | |

**अपेक्षित उपलब्धीहरु**

- सम्पूर्ण खेतीयोग्य जमिनको पूर्ण सदुपयोग भएको हुनेछ
- कृषि क्षेत्र व्यवसायिक र वैज्ञानिक भएको हुनेछ
- कृषिमा युवा कृषकहरूको आर्कषण बढेको हुनेछ

## ४.२ पशुपालन

### ४.२.१ समस्या

पशुपंछिजन्य उत्पादनको सहज वजार पहुँच नहुनु, पशुका लागि चरन क्षेत्रको अभाव, पशुपालनमा देखिने रोगको पहिचान, परिक्षण र उपचारको लागि प्राविधिक, उपकरण तथा विधिको अभाव, स्थानीय सरकारले दिने सेवा, सुविधा र अनुदानमा कृषकको पहुँच र सहजिकरणमा कमी, पशुपालनमा प्रयोग हने दाना, चापडको उचित बजार मुल्य नभएकोले खरिद बिक्रिमा समस्या हुनु पशुपालन क्षेत्रका मुख्य समस्या हुन ।

पशु विमा सर्भशुलभ नहुनु, परम्परागत प्रणाली यथावत रहनु, पशु विशेषज्ञता तथा प्राविधिक सेवाको अभाव, पशुजन्य उत्पादनका लागि वजार व्यवस्थापन भरपर्दो नहुनु, गोठ सुधार कार्यक्रम दीगो नहुनु, पूर्वाधारको अभाव, पशुजन्य उत्पादनको मूल्य वैज्ञानिक नहुनु, कृषि तथा पशु अनुदानको (प्रविधि तथा पशु स्वास्थ्यमा) व्यवस्था नहुनु, उन्नत नश्लका पशुपंछिको अभाव, पशु आहारमा गुणस्तरीयताको अभाव, सहुलियत दरमा ऋण व्यवस्थापन नहुनु, नमुना पशुपालन फार्महरुको विकास हुन नसक्नु ।

### ४.२.२ चुनौती र अवसर

**चुनौती**

आधुनिक तथा व्यवसायिक तरिकाले पशुपालन गर्न आवस्यक पुजी र प्रविधि सहज रुपमा उपलब्ध गराउनु, पशुपंछिजन्य उत्पादनको मुल्य कायम गर्नु, दक्ष प्राविधिक उपलब्ध गराउनु, उन्नत नश्लका पशुपंछिको व्यवस्था गर्नु, स्थानीय सरकारबाट पर्याप्त मात्रामा अनुदान प्राप्त गर्नु पशुपालन क्षेत्रका चुनौती हुन ।

**अवसर**

नगरपालिकाका २, ३, ५, ६ र ७ नं. वडालाई पशुपालनको पकेट क्षेत्रका रुपमा विकास गर्न सकिने जहाँ बाख्रा र भैंसी पालनको पकेट क्षेत्र रहेको छ । त्यस्तै पशुपालनबाट वायोग्याँसको व्यवसायिक उत्पादन गर्न सकिने, पशुपालन व्यवसायमा प्रतिस्पर्धाको आधारमा पुजीँगत अनुदानको व्यवस्था गर्न सकिने ।

### ४.२.३ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा मुख्य कार्यक्रम

**दीर्घकालिन सोच**

व्यवसायिक पशुपंछिपालन त्रिवेणी वासीको समृद्धिको आधार ।

**लक्ष्य**

पशुपंछि जन्य उत्पादनमा आत्मनिर्भर भइ आयात प्रतिष्थापन गर्ने

**उद्देश्य**

नगरपालिकाको भौगोलिक वातावरण अनुसारका पशुपंछिपालनको उत्पादन र उपभोगमा आत्मनिर्भर वन्दै निर्यात वढाउनु

**रणनीति र कार्यनीति**

- पशुपालन व्यवसायलाई आधुनिकीकरण, विविधिकरण तथा व्यवसायीकरण गर्दै कृषकहरुको दीगो आयश्रोतको रुपमा स्थापित भई गरिवी न्यूनीकरण भएको हुनेछ त्यस्तै पशुजन्य पदार्थ र पशु स्वास्थ्यमा उल्लेखनीय सुधार आएको हुनेछ,
- पकेट क्षेत्रको विस्तार संगै पशुपालन व्यवसायमा कृषकहरुको आकर्षण बढेको हुनेछ

**प्रतिफल १.२ पशुपंछिपालन रणनीति**

- पशुपंछि पालनलाई अत्याधुनिक तथा प्रतिष्पर्धात्मक वनाउने
- सहकारीता, समन्वय तथा सहअस्तित्वका आधारमा संघ, प्रदेश र अन्तरपालिकाका कृषि तथा पशुपंछि पालनको रणनीतिको कार्यान्वयनमा जोड दिने,
- कृषि तथा पशु उत्पादनको बजार पहुच बृद्धि गर्न सार्वजनिक, नीजि, सहकारी अवधारणामा आधारित उत्पादन र बजारीकरण नीति अवलम्बन गर्ने

**प्रतिफल १.२ सँग सम्बन्धित (पशुपालन)**

| कार्यनीति | मुख्य कार्यक्रम |
|---|---|
| पशुपंछि विकासका लागि नीतिगत व्यवस्था गरिने छ, | निजी तथा सहकारी क्षेत्रको सहभागितामा मुल्य श्रृङ्खलामा आधारित पशुपंछिपालन व्यवसायिकरण कार्यक्रम |
| व्यवसायिक पशुपालनका लागि पकेट क्षेत्रको विकास गरिने छ, | |
| पशु बिमा कार्यक्रम तथा पशु अस्पतालको व्यवस्था गरिने छ, | |
| पशु स्वास्थ्यमा उल्लेखनीय सुधार आएको हुनेछ, | |
| सहकारीको माध्यमबाट पशुपंछि पालन व्यवसायलाई एकद्वार प्रणालीमार्फत व्यवस्थित तथा वैज्ञानिक वनाईने छ, | |
| उन्नत नश्ल युक्त पशुपालन व्यवसायलाई प्राथमिकता दिईने छ | |
| डालेघाँस प्रवर्द्धन कार्यक्रमको विकास गरिने छ । | |
| मोवाइल भेटेरिनरी एम्बुलेन्सको व्यवस्था गरी पशु स्वास्थ्य सेवालाई चुस्त, दुरुस्त र भरपर्दो बनाइनेछ । | |
| पशुपंछि पालन व्यवसायलाई आधुनिक प्रविधि मैत्री बनाईनेछ । | |

## ४.३ पर्यटन

भौगोलिक अवस्थिति तथा बजारको सहज पहुँचका कारण नगरपालिकालाई **धार्मिक पर्यटन केन्द्रको** रुपमा विकास गर्न सक्ने सम्भावना देखिन्छ । त्रिवेणी नगरपालिकामा हालसम्म पर्यटनका आधारभूत पूर्वाधारको समेत विकास हुन नसकेपनि यस नगरपालिकामा पर्यटनको सम्भावना बोकेको क्षेत्र हो । विशेष गरी यस नगरपालिकालाई कृषि पर्यटन र धार्मिक तथा सांस्कृतिक पर्यटनका हिसाबले विकास गर्न सकिन्छ । कृषि क्षेत्रका रुपमा कृषि ग्रामको विकास गर्न सके पर्यटक तथा कृषकहरु नमूना कृषिका लागि अवलोकन भ्रमण गर्न आउने स्थल हुन सक्छ ।

### ४.३.१ समस्या

पर्यटन पूर्वाधार र संरचनाहरुको अभाव, प्रचार प्रसारको अभाव, पर्यटन सम्बन्धी जनचेतनाको कमी, पर्यटन सूचना केन्द्र लगायतका सञ्चारका साधनहरूको पर्याप्त विकास नभएको, पर्यटकको सुरक्षाको उचित प्रबन्ध नभएको पर्यटन विकासका मुख्य समस्या हुन् ।

### ४.३.२ चुनौती र अवसर

**चुनौती**

नगर क्षेत्र भित्रका जातजातिको मौलिक साँस्कृतिलाई पर्यटकीय आकर्षणको केन्द्रको रुपमा विकास गर्नु, सामुदायिक वनलाई पर्यटन प्रवर्द्धनमा विकास गर्नु, आन्तरिक र वाह्य पर्यटकलाई आकर्षण गर्न सक्ने पर्यटकीय उत्पादन तयार पार्नु पर्यटन क्षेत्रका चुनौती हुन । त्यस्तै सिमित पर्यटकिय उत्पादन, पर्यटन सम्वन्धि नविनतम ज्ञान शिप र योजनाको अभाव, सडक पूर्वाधार कमजोर हुनु, पर्यटकको वसाई वढाउन चुनौतीपूर्ण हुनु, पर्यटकको प्रतिदिन खर्च वढाउन चुनौती, कृषि लगायतका अन्य पर्यटकिय उत्पादनको पूर्वाधारमा कमी, गाईडको अभाव, प्राविधिक तथा सुचना केन्द्रको अभाव यस क्षेत्रका थप चुनौती हुन् ।

**अवसर**

बडिमालिका मन्दिर, त्रिवेणी पाटन, मौरे क्षेत्र धाम, नाटेश्वरी, कैलाशमाण्डौ, नन्दादेवी छतारा, खिन्नैसत्यदेवीलाई धार्मिक पर्यटकीय केन्द्रको रुपमा विकास गर्न सकिने सम्भावना पनि छ भने छतारा मन्दिर देखी बडिमालिका मन्दिर सम्म केवलकारको निर्माण भएमा धार्मिक पर्यटकीय केन्द्रलाई थप आकर्षणको रुपमा विकास गर्न सकिने देखिन्छ भने पदमार्ग क्षेत्रलाई पर्यटकीय रुपमा विकास गरी आम्दानी गर्न सक्ने देखिन्छ । तसर्थ पर्यटनका पूर्वाधारहरुको विकास तथा सम्बर्द्धन गर्दै पर्यटकहरुलाई आकर्षित गर्न सकिएमा पर्यटन विकासको मार्फत आर्थिक रुपले समृद्ध क्षत्रेको रुपमा विकास हुन सक्दछ । यसको निम्ति नगर स्तरीय पर्यटन गुरुयोजना निर्माण गर्नुपर्ने देखिन्छ । त्यस्तै नगर क्षेत्रको वडा नं.१, ७, ८ र ९ लाई होमस्टेको रुपमा प्रबर्धन गर्न सके यस क्षेत्रका नगरबासीको आर्थिक उन्नतिमा परिवर्तन हुने सम्भावना पनि रहेको देखिन्छ ।

## ४.३.३ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा मुख्य कार्यक्रम

### दीर्घकालिन सोच

आर्थिक, सामाजिक र सांस्कृतिक समृद्धिको आधार पर्यटन विकासको प्रचारप्रसार सहित दिगो विकास ।

### लक्ष्य

दिगो पर्यटन विकासबाट रोजगारीमा वृद्धि गरी आर्थिक स्थिति सुदृढ गर्ने र आगामी ५ वर्षमा पर्यटन क्षेत्रलाई एक आधारशिलाको रुपमा विकास गर्ने ।

### उद्देश्य

१. पर्यटन पूर्वाधारको विकास गर्नु ।
२. पर्यटनमार्फत् जनताको आय र रोजगारीमा उल्लेखनीय वृद्धि गर्नु ।

**प्रतिफल १.३ सँग सम्बन्धित (पर्यटन रणनीति )**

- नगरपालिकालाई **"पर्यावरणीय, सांस्कृतिक तथा कृषि पर्यटन केन्द्र"** को रुपमा विकास गर्ने,
- पर्यटन विकासका लागि आवश्यक पूर्वाधारहरुको विकास गरी नगरमा आन्तरिक तथा वाह्य पर्यटन विकासको माध्यमबाट विदेशी मुद्राको आर्जन, रोजगारी वृद्धि, नगरको समग्र आर्थिक विकासमा टेवा पुऱ्याउने,
- परिकारका मेनुहरूको निर्माण गरी प्रचार प्रसार गर्ने
- पर्यटन गतिविधि तथा पर्यटक स्थलहरूको विभिन्न संचारको माध्यामहरूद्वारा व्यापक प्रचार प्रसार गर्ने र विशेषगरी नगरपालिकामा आउने पर्यटकहरूको प्रस्थान विन्दुहरूमा प्रचार प्रसार सामग्री ब्रोसर, लिफलेट, श्रव्यदृष्य सामग्रीको व्यवस्था गर्ने
- नगरपालिकाको आधिकारिक वेबसाइटमा Tourism Section राखी प्रचार प्रसारको व्यवस्था मिलाउन

### निर्दिष्ट कार्यनीति

**प्रतिफल १.३ सँग सम्बन्धित (पर्यटन)**

| कार्यनीति | मुख्य कार्यक्रम |
|---|---|
| त्रिवेणी नगरपालिकालाई **"धार्मिक पर्यटकीय हव"** को रुपमा विकास गर्न पर्यटकीय क्षेत्रको गुरुयोजना निर्माण तथा अन्य आवश्यक पूर्वाधार विकासका लागि अन्तर पालिका प्रदेश र संघसँग पहल गरिने छ, | त्रिवेणी एकीकृत पर्यटन विकास योजना |
| स्थानीय स्तरमा पर्यटन बस्तु (Tourist products) को पहिचान गरि त्यसको प्रचार प्रसार गरिने छ, | |
| पर्यटकको औषत वसाई तथा खर्च बद्धि गर्न जोड दिईने छ र त्यसको लागी पर्यटकीय स्थलहरुमा खाना | |

| | |
|---|---|
| बस्नको राम्रो सुविधा प्राप्त होटलहरु स्थापना गरिने छ, . | |
| पर्यटन विमाको अवधारणा विकास तथा कार्यान्वयन गरिने छ । | |
| पर्यटन विकासका लागि नगर पर्यटन सूचना केन्द्रको स्थापना गरिने छ । | |
| प्राकृतिक, धार्मिक तथा साँस्कृतिक, जैविक सम्पदाहरुको संरक्षण र विकास भई पर्यटकहरुको आवगमन शुरु भएको हुनेछ । | |

**अपेक्षित उपलब्धीहरु**

- आधारभूत पर्यटकीय पूर्वाधारको विकास भएको हुनेछ ।
- कृषि तथा धार्मिक पर्यटकीय गन्तव्यको रूपमा विकास हुनेछ ।
- त्रिवेणी नगरपालिका आकर्षक पर्यटन गन्तव्यको रूपमा विकास भएको हुनेछ ।

## ४.४ उद्योग, व्यापार तथा व्यवसाय

व्यापार तथा उद्योग आर्थिक विकासको प्रमुख आधार हो । यस नगरपालिकामा ठूला उद्योगहरू नभए तापनि साना खालका व्यापार व्यवसाय तथा कृषिमा आधारित घरेलु उद्योगहरू सञ्चालनमा रहेको देखिन्छ । यस त्रिवेणी नगरपालिकामा फर्निचर कारखाना, कुटानी पिसानी मिल्सहरू, स्लेट उद्योग,मसला उद्योग लगायतका उद्योगहरु संचालनमा रहेका छन् र भएका उद्योगहरु सबल र विस्तार भएको भने देखिदैन । हालको अवस्थामा यस नगरका अधिकांश बासिन्दाहरू कृषि पेशामा आवद्ध भएका कारण उल्लेखनीय रूपमा औद्योगिक विकासतर्फ लागिसकेका छैनन् । कृषिमा आधारित उद्योगहरुको राम्रो सम्भावना भने भएकोले उद्योग वाणिज्य क्षेत्रको विकासका लागि ठोस कदम चाल्नुपर्ने देखिन्छ । उद्योग तथा कलकारखाना विकासका लागी सर्वप्रथम औद्योगिक पूर्वाधारहरू जस्तैः सडक यातायात, श्रमशक्ति (सीपयुक्त तालिम सहितको दक्ष जनशक्ति), औद्योगिक कच्चा पदार्थहरू, पूँजी, लगानीमैत्री वातावरण, प्रविधि, उर्जा, औद्योगिक सुरक्षा र उपभोक्ता बजार आदिको विकास गर्नु जरुरी छ ।

### ४.४.१ समस्या

नगरपालिकाको धेरै भाग पहाडी र उच्च पहाडी क्षेत्रमा परेकोले उद्योग सञ्चालनमा समस्या उत्पन्न हुनु, कुनै पनि वस्तुको बजार मूल्य सामानता नहुनु, बजार प्रतिस्पर्धा कम हुनु, नगरपालिकाको दर्ता प्रकृयामा नआएका व्यवसायको संख्या धेरै हुनु, विद्युत सेवाको प्रवाहको कमीका कारण उद्योग व्यवसाय सञ्चालनमा कठीनाई हुनु, उद्योग सञ्चालनमा दक्ष कामदारको अभाव उद्योग र व्यवसायिक क्षेत्रका

समस्या हुन् भने उद्योग तथा व्यवसाय अन्तर्गत सहज रुपमा ऋण प्राप्त गर्न नसक्नु, औद्योगिक कच्चा पर्दाथको अभाव, पूर्वाधारको कमी, औद्योगिक विकासमा स्थानिय निकायको उदाशिनता यस क्षेत्रका थप समस्याहरु हुन् ।

## ४.४.२ चुनौती र अवसर

### चुनौती

- युवा जनशक्ति विदेश पलायन भइरहेका
- औद्योगिक उत्पादनको सीप सिकाउने शिक्षा प्रणाली नभएको
- स्थानीय पूँजी बजारको विकास आशातित रूपमा नभएको

### अवसर

**कृषि जन्य उद्योगहरुको** विकास पनि पालिकाको सम्भावनायुक्त क्षेत्र हो । सगँ सगैं कैलाशमाण्डौ, तोलि र छतारालाई पायक पर्ने गरी जडिबुटी प्रशोधन केन्द्र स्थापना गर्न र बजार व्यवस्थान गर्नाले पनि ग्रामिण क्षेत्रको रोजगारी प्रवर्धन गर्न सकिने आधारहरु पनि नगरपालिका सँग रहेका छन् । यसका लागि स्थानीय बजारमा वस्तुको माग, स्थानीय स्रोतको उपलब्धता र तुलनात्मक लाभ भएका क्षेत्रहरुमा लघु उद्यम, जडिबुटी प्रशोधन, लोक्ता कागज उद्योग, स्थानिय फलफुलको जुस उत्पादन गर्ने उद्योगहरुको स्थापना गर्न सकिन्छ । सँगसँगै यस नगरका सबै वडामा सिलेट प्रशस्त मात्रामा रहेकोले सिलेट उद्योग पनि सञ्चालन गर्न सकिन्छ ।

## ४.४.३ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा मुख्य कार्यक्रम

### सोच

वातावरणमैत्री, व्यवस्थित उद्योग र व्यवसायको प्रवर्धन, त्रिवेणीबासीको आर्थिक समृद्धिको शान ।

### लक्ष्य

कृषिमा आधारित औद्योगिक उत्पादनको विकास र व्यवसायको पूर्वाधारको विकास गरी त्रिवेणीलाई उत्पादनमुखी बनाउने ।

### उद्देश्य

१. स्थानीय कच्चा पर्दाथ, स्रोत, साधन र सीपको प्रयोग गर्दै उद्योग तथा व्यपारको प्रर्वद्धन गरी आय वृद्धि गर्नु ।

२. उद्योगका लागि आवस्यक आधारभूत पूर्वाधारको क्रमिक विकास गर्नु

३. खानी तथा खनिज क्षेत्रको अन्वेषण गर्नु

**प्रतिफल १.४ सँग सम्बन्धित (उद्योग तथा व्यापार विकास तथा प्रवर्द्धनको रणनीति )**

- सुदुरपश्चिम प्रदेश तथा अन्तरनगरपालिकाको समन्वयमा औद्योगिक नीति निर्माण गर्ने
- स्थानीय कच्चा पदार्थमा आधारित उद्योगको विकास र प्रवर्द्धन गर्ने,
- समग्र उद्योग क्षेत्र लाई वातावरण मैत्री बनाउने,
- स्थानीय व्यापारिक फर्म तथा व्यवसायको दर्ता अनुमति नवीकरण, खारेजी, बजार तथा गुणस्तर अनुगमन र नियमन गर्ने संयन्त्र र नियमित कार्यतालिका बनाउने
- उद्योग दर्ता र बहिर्गमन प्रक्रियालाई सरलिकृत गर्न कानुनी र नीतिगत सुधार गर्ने

**निर्दिष्ट कार्यनीति**

**प्रतिफल १.४ सँग सम्बन्धित (उद्योग तथा व्यापार विकास तथा प्रवर्द्धन )**

| | |
|---|---|
| उद्योग सञ्चालनका क्रममा हुन सक्ने वातावरणीय क्षतिको न्युनीकरणका लागि नीतिगत व्यवस्था गरिने छ । | औद्योगिक विकासका लागि नीतिगत सुधार कार्यक्रम |
| परम्परागत सीपमा आधारित साना तथा घरेलु उद्योगहरूको स्थापनामा प्रोत्साहन गरिने छ जसमा हस्तकला फर्निचर, विभिन्न जडिबुटी संकलन तथा प्रशोधन, सिस्नोको पाउडर बनाउने, माहुरी पालन तथा मह प्रशोधन, पोल्ट्री फर्म संचालन, माछा पालन व्यवसाय संचालन, राडीपाखी उद्योग लाई विषेश सहुलियत प्रदान गरीनेछ । | |
| पेय पदार्थ लगायतका आयातित उत्पादनलाई निरुत्साहित गरी स्थानीय उत्पादनले प्रतिस्थापन गरिने छ । | |
| व्यवस्थित बजारको विकासका निमित्त निजी क्षेत्रसँग समन्वय गरी पूर्वाधार विकास लगायतका कार्यक्रम सञ्चालन गरिने छ । | व्यवसायीक पूर्वाधार विकास कार्यक्रम |
| प्रविधिमैत्री एकीकृत व्यापारिक केन्द्रको विकासमा जोड दिईने छ | |
| हाट बजारको स्तरमा बृद्धि तथा व्यवस्थापन गरिने छ । | |
| युवा उद्यमशिलता नीति तयार गरी त्यसै अनुरुप संघीय तथा प्रदेश सरकारसँगको सहकार्यमा **एक वडा एक औद्योगिक ग्राम स्थापनाका** लागि आवश्यक व्यवस्थापन गरिने छ । | उद्यमशिलता प्रवर्द्धन कार्यक्रम |
| स्वदेशी उत्पादन प्रति व्यापक राष्ट्रिय भावनाको जागरण | |

| | |
|---|---|
| जागृत गराइनेछ . | |
| व्यवसाय सिर्जना, उद्यमशिलता विकास, प्रविधि हस्तान्तरण तथा बजारीकरणका लागि युवा लक्षित आवश्यक क्षमता अभिबृद्धिका कार्यक्रमहरू सञ्चालन गरिनेछ। | |
| स्थानीय श्रम, सीप र प्रविधिमा आधारित उद्योग व्यवसायको स्थापना एवं सञ्चालनलाई प्राथमिकता र प्रश्रय दिइनेछ। | |
| स्थानीयस्तरमा उद्योग व्यवसायको प्रवर्द्धनका लागि व्यवसाय बजार सूचना, पूर्वाधार र संजाल विकास गरिनेछ। | |
| उद्योग स्थापनाका निम्ति आवश्यक पर्ने जमिन प्राप्त गर्न तथा पूर्वाधार विकासमा लगानीकर्तालाई सहयोग गरिनेछ। | |

**अपेक्षित उपलब्धीहरु**

- उद्योगका लागि न्यूनतम आधारभूत पूर्वाधार जस्तै सडक, उर्जा, जमिन, श्रमशक्ति, सुरक्षा तथा लगानी आदिको प्रबन्ध भएको हुने छ।
- स्थानीय कच्चा पदार्थ विशेषगरी कृषिमा आधारित उद्योगहरूको संख्या वृद्धि भएको हुने छ।
- उद्योग क्षेत्रको कुल ग्राहस्थ उत्पादनमा १० प्रतिशत भन्दा माथि योगदान हुने छ।
- स्थानीय बजार तथा आपूर्ति प्रणाली सुदृढ भएको हुने छ।

## ४.५ वैंक वित्तिय संस्था तथा सहकारी

त्रिवेणी नगरपालिका भित्र हाल एउटा मात्र वैंक संचालनमा रहेको छ र सो बैंक नगरपालिकाको केन्द्र तोलीमा अवस्थित छ। त्यसैगरी नगर भित्र ६ वटा सहकारी संस्थाहरु सञ्चालनमा रहेका छन। वैंक, वित्तिय संस्था तथा सहकारीले कृषि तथा गैर कृषि क्षेत्रमा लगानी गरेका छन्।

### ४.५.१ समस्या

ग्रामिण वैंक तथा वित्तिय संस्थाको पहुँच कम हुनु, ऋण प्राप्तिमा प्रशासनिक झण्झट वढी हुनु, सहकारी संस्थाहरुको लगानी परिचालन व्यवस्थित नहुनु, ग्रामिण क्षेत्रका सेवाग्राहीमा मौद्रिक पहुँच कम हुनु, सहकारी सँस्थाको ऋण परिचालन भरपर्दो नहुनु, बचत गर्ने बानी नहुनु, वैंक तथा वित्तिय सेवा प्रभावकारी नहुनु, वैंक प्रतिको विश्वसनीयतामा कमी हुनु, र जनचेतनाको अभाव आदि वैंक, वित्तिय संस्था तथा सहकारीका समस्या हुन्।

## ४.५.२ चुनौती र अवसर

### चुनौती
ग्रामिण क्षेत्रका कृषकले सहज रुपमा ऋण प्राप्त गर्नु, सहकारीको व्यवस्थापनलाई चुस्त र प्रभावकारी वनाउनु, कृषि क्षेत्रमा लगानी परिचालन वढाउनु, अनौपचारिक क्षेत्रमा हुने मौद्रिक कारोवारलाई व्यवस्थित वनाउनु, ग्रामीण परिवेशका कारण बैङ्क तथा वित्तीय संस्थाहरूको स्थापना र पूँजी वृद्धि हुन नसक्नु, बैंङ्क तथा वित्तीय संस्थाको स्थापना हुन नसक्दा स्थानीय लगानीकर्ता तथा पूँजीपतिको पूँजी पलायन भई ग्रामीण अर्थतन्त्र थप कमजोर बन्न सक्ने यस क्षेत्रका चुनौती हुन ।

### अवसर
कृषि तथा पशुपंछी पालन तर्फ उन्मुख नगरपालिका भएकाले नगरपालिकामा वैंकिङ, वित्तिय तथा सहकारीको पहुँच बिस्तारै बढाउन सकिने सम्भावना रहेको छ र यसले आगामी दिनमा कृषि सहकारीलाई नगरपालिकाले आफ्नो विकासको अवधारणाको रुपमा विकास गर्न सक्ने सम्भावना छ । त्यस्तै नगरपालिकसँगको वित्तिय सहकार्यमा कृषि तथा उद्योग क्षेत्रमा सहुलियत ऋण लगानी गर्न सकिने, आमा समुह जस्ता अनौपचारिक क्षेत्रमा मैद्रिक कृयाकलाप गर्ने समुहलाई पालिकाको दायरामा ल्याउन सके रोजगारीका अवसरहरु अभिबृद्धि गर्न सकिने, सहकारीहरुलाई मर्जिङका माध्यम वाट थप शसक्त वनाउन सकिने, सहकारीलाई नगरपालिकाले विकासको साझेदारका रुपमामा विकास गर्न सक्ने ।

## ४.४.३ दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य रणनीति, कार्यनीति तथा मुख्य कार्यक्रम

### दीर्घकालिन सोच
सहज वित्तिय पहुँच, स्थानीय विकासको आधार ।

### लक्ष्य
वैंक तथा सहकारी क्षेत्रको लगानीलाई उच्च पुजी निर्माण हुने क्षेत्रमा परिचालन गर्ने

### उद्देश्य
१. कृषि तथा उद्योग क्षेत्रको विकासलाई टेवा पुग्ने गरी वित्तिय लगानी केन्द्रित गर्नु
२."एक टोल एक सहकारी, घर-घरमा रोजगारी" अभियानलाई साकार बनाउने
३. बैङ्किङ सेवालाई प्रत्येक वडामा विस्तार गर्ने

### प्रतिफल १.५ सँग सम्बन्धित (बैंक, सहकारी, वित्तीय संस्थाको रणनीति )

- सहकारी सँस्थालाई नगरपालिकाको प्रमुख विकास साझेदारको रुपमा विकास गर्ने
- नगरपालिका भित्रहुने गरेका अनौपचारिक आर्थिक गतिविधिलाई बैंक, सहकारी, वित्तीय संस्था र बचत ऋण समुह औपचारिक क्षेत्रमा संग कारोबार गर्न प्रोत्साहन गर्ने,
- हरेक घरधुरीलाई बैङ्कसम्म पहुँच सुनिश्चित गर्न "एक घर कम्तिमा एक बैङ्क खाता" को नीति अवलम्बन गरी त्यसलाई साकार बनाउन नगरपालिकाले अभियान सञ्चालन गर्ने

## निर्दिष्ट कार्यनीति

### प्रतिफल १.५ सँग सम्बन्धित (वैक तथा वित्तीय संस्था)

| | |
|---|---|
| कृषि तथा पशुपालन सहकारीलाई नगरपालिकाको विकास साझेदारको रुपमा विकास गर्न नीतिगत व्यवस्था गरिने छ । | सहकारीतामा आधारित रोजगार प्रर्वद्धन तथा खाद्य सुरक्षा कार्यक्रम |
| कमजोर क्षमतामा सञ्चालित सहकारीहरूको एकीकरण कार्यमा सहजीकरण गरिने छ । | वित्तिय क्षमता अभिबृद्धि कार्यक्रम |
| स्थानीय नागरिकको क्रयशक्ति अभिबृद्धि गर्न आवश्यक नीतिगत व्यवस्था गरिने छ । | |
| सहकारीका माध्यमबाट निरपेक्ष गरीवी घटाउन सहकारीको नीतिगत परिमार्जन सहितको बिशेष कार्यक्रम सञ्चालन गरिने छ । | |
| सहकारी सदस्यहरुलाई सहकारी शिक्षा कार्यक्रम सञ्चालन गरिने छ । | |

## अपेक्षित उपलब्धीहरु

- "एक टोल एक सहकारी घरघरमा रोजगारी" अभियान साकार हुनेछ ।
- सहकारीलाई आर्थिक क्षेत्रको महत्वपूर्ण खम्बाको रूपमा स्थापित गरिएको हुनेछ ।
- आर्थिक कारोबार वृद्धि भई थप बैङ्कहरूको शाखाहरू विस्तार भएका हुनेछन् ।

## पूर्वानुमान

- उपरोक्त कार्यनीति कार्यान्वयन गर्न नगरपालिकाले आर्थिक विकास सम्वन्धी ऐन, नीति, मापदण्ड, कार्यविधि, तथा निर्देशिकाहरु निर्माण गरीसकेको हुनुपर्ने छ ।
- संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि भएको हुनेछ ।
- स्थानीय सरोकारवालाको प्रतिवद्धता, सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ ।

## तालिका १७ आर्थिक विकास तर्कवद्ध खाका

| आर्थिक विकासको उद्धेश्य /असर | सूचक | इकाई | आधाररेखा (आ.व. ०७७/७८ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्टयाईका आधार |
|---|---|---|---|---|---|---|---|
| | | | | ०७९/८० | ०८२/८३ | ०८३/८४ | |
| | असर : व्यवसायिक कृषि, पर्यापर्यटन, उद्यमशिलता, बिमा, वित्तीय क्षेत्र, तथा सहकारीको पहूँचको विस्तारबाट स्थानीय अर्थतन्त्रमा गतिशीलता ल्याई रोजगारी एवं आय आर्जनबाट आम नागरिकको आर्थिक स्थितिमा सुधार गर्ने । | | | | | | |
| **कृषि उपक्षेत्रको उद्धेश्य** | **सूचक** | **इकाई** | **आधाररेखा (आ.व. ०७७/७८ सम्मको अवस्था)** | **लक्ष्य (सम्मको अवस्था)** | | | |
| | | | | **०७९/८०** | **०८२/८३** | **०८३/८४** | **पुष्टयाईका आधार** |
| **प्रतिफल** १.१ करार तथा सहकारीतामा आधारित कृषि प्रणालीको माध्यमबाट कृषि क्षेत्रलाई आधुनिकीकरण, यान्त्रिकीकरण, व्यवसायीकरण तथा मुल्य श्रङ्खलामा आवद्ध गर्दै खाद्यान्न, तरकारी, फलफुलको उत्पादकत्व बृद्धि र उत्पादनहरुको व्यवस्थित बजारीकरणबाट आर्थिक समृद्धि हासिल हुनेछ, | व्यवसायिक उत्पादनमा संलग्न कृषक | संख्या | ३५३८ | ३८०० | ४१०० | ४३०० | ➢ नगरपालिका वस्तुगत विवरण( प्रोफाइल)<br>➢ अध्ययन प्रतिवेदन<br>➢ मूल्याङ्कन प्रतिवेदन<br>➢ प्रगति/अनुगमन प्रतिवेदन |
| | तरकारी व्यवसायिक उत्पादन क्षेत्र | हेक्टर | ४७८७ | ४५० | ८०० | १००० | |
| | अगुवा वा व्यवसायिक कृषक | संख्या | ३५३८ | ३९०० | ४२०० | ५००० | |
| | सक्रिय कृषक समुह | संख्या | ३५३८ | ३८०० | ४००० | ४२०० | |
| | स्थानीय व्यवसायिक कृषि फार्म | संख्या | २८ | ३२ | ३८ | ४५ | |
| | खाद्यान्न (धान, मकै, गहुँ र जौ) उत्पादन | क्वीन्टल | ३८५५२ | ४०००० | ५०००० | ५५००० | |
| | तरकारी उत्पादन | क्वीन्टल | ८०९ | २००० | ३००० | ३५०० | |
| | फलफुल उत्पादन | क्वीन्टल | १२६ | १००० | १२०० | १५०० | |
| | दुध उत्पादन | लिटर | ३०३०० | ३२००० | ३४००० | ३४५०० | |
| | मह उत्पादन | के.जी | २७० | ३०० | ३२० | ३४० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | दाल (मास, सिमी ) | क्वीन्टल | १७४ | २१५ | २५० | २८० | |
| | तेल | क्वीन्टल | ६१ | ८० | ९० | १०० | |
| | कम्पोष्ट र जैविक मल उत्पादन | मे.ट. | ० | ३००० | ५००० | ६००० | |
| | व्यवसायिक कृषि नर्सरी | संख्या | ० | ३ | ६ | ९ | |
| | सक्रिय व्यवसायिक कृषक समुह | संख्या | ३५३८ | ६० | १०० | १३० | |
| | कृषि सहकारी संस्था | संख्या | २ | ४ | ६ | १० | |
| | सहकारीमा आवद्ध कृषक | संख्या | ९० | ५०० | १५०० | ३५०० | |
| | कोल्ड स्टोर/रष्टिक स्टोर क्षमता | टन | ० | १ | ३ | ५ | |
| | उन्नत विउ, जैविक मल र विषादी प्रयोग गर्ने, आधुनिक कृषि प्रविधी प्रयोग गर्ने | परिवार | N/A | ७५०० | १०००० | १२००० | |
| | बाँझो जमिन | हेक्टर | १७८७ | १००० | ५०० | २०० | |
| | अनुत्पादनशील क्षेत्रमा प्रयोग भएको उव्जाउ भूमि | हेक्टर | | | | | |
| | व्यवसायिक माछा पालन | संख्या | १ | ५ | १० | १५ | |
| | खाद्यान्न आयात | प्रतिशत | ६० | ५० | ३० | १० | |
| **पशु विकास उपक्षेत्रको** | **सूचक** | **इकाई** | **आधाररेखा** | **लक्ष्य (सम्मको अवस्था)** | | | |

| उद्धेश्य | | | (आ.व. ०७७/७८ सम्मको अवस्था) | ०७९/८० | ०८२/८३ | ०८३/८४ | पुष्टयाईका आधार |
|---|---|---|---|---|---|---|---|
| **प्रतिफल** १.२ पशुपालन व्यवसायलाई आधुनिकीकरण, विविधिकरण तथा व्यवसायीकरण गर्दै कृषकहरुको दीगो आयश्रोतको रुपमा स्थापित भई गरिवी न्यूनीकरण भएको हुनेछ, | व्यवसायिक पशुपालनमा संलग्न परिवार | संख्या | ३५८५ | ९३१० | १०२१० | १२००० | ➢ नगरपालिका वस्तुगत विवरण( प्रोफाइल)<br>➢ अध्ययन प्रतिवेदन<br>➢ मूल्याङ्कन प्रतिवेदन<br>➢ प्रगति/अनुगमन प्रतिवेदन |
| | बार्षिक खरिद बिक्री भेडा, खसी, बोका | संख्या | N/A | ३३००० | ३६००० | ४०००० | |
| | व्यवसायिक पशुपालन फर्म | संख्या | २८ | ४७ | ५५ | ६५ | |
| | दुध तथा दुधजन्य उत्पादन | लिटर | ३०३०० | ३५,००० | ३८,००० | ४२००० | |
| | भैसी फार्म | संख्या | ४ | १३ | १५ | १८ | |
| | गाई फार्म | संख्या | ० | ८ | १२ | १४ | |
| | सक्रिय पशुपालन समूह | संख्या | ४ | १८ | २१ | ३० | |
| | डालेघाँस बोट विरुवा रोपन | संख्या | १ हे. | ८ हे. | १४ हे. | २० हे. | |
| | व्यवस्थित चरन क्षेत्र | हेक्टर | १५ हे | १७ हे | १८ हे | २० हे. | |
| | नश्ल सुधार तथा उपचार केन्द्र | संख्या | ० | १५०० | १८०० | २००० | |
| | क्रियाशिल ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता | संख्या | ८ | २२ | २७ | ३२ | |
| | पशु सेवा केन्द | संख्या | १ | ३ | ५ | ७ | |
| | कृषि सेवा केन्द्र | संख्या | १ | २ | ४ | ५ | |
| | सुचारु कृत्रिम गर्भाधान केन्द्र | संख्या | ० | ३ | ४ | ५ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | दुग्ध चिस्यान केन्द्र/संकलन केन्द्र | संख्या | ० | १९ | २३ | २५ | |
| | पशुपंक्षी वधशाला | संख्या | ० | १ | २ | ३ | |
| | व्यवसायीक कुखुरा फर्म | संख्या | ७ | १६०० | १९०० | २१०० | |
| | व्यवसायीक वंगुर फर्म | संख्या | ३ | १२ | १५ | २० | |
| | सकृय ग्रामिण कृषि कार्यकर्ता (JTA) | संख्या | ५४ | ७० | ९० | १२० | |
| | सकृय ग्रामीण पशुस्वास्थ्य कार्यकर्ता | संख्या | २४ | ३० | ४० | ५० | |
| **पर्यटन उपक्षेत्रको उद्धेश्य** | **सूचक** | **इकाई** | **आधाररेखा (आ.व. ०७७/७८ सम्मको अवस्था)** | **लक्ष्य (सम्मको अवस्था)** | | | **पुस्टयाईका आधार** |
| | | | | **०७९/८०** | **०८२/८३** | **०८३/८४** | |
| **प्रतिफल १.३** धार्मिक, सांकृतिक, पर्या तथा कृषिपर्यटन स्थानीय अर्थतन्त्रको मेरुदण्डको रुपमा विकास भएको हुनेछ, | व्यवस्थित धार्मिक पर्यटकीय स्थान | संख्या | १० | १२ | १३ | १४ | ➢ नगरपालिका वस्तुगत विवरण( प्रोफाइल)<br>➢ अध्ययन प्रतिवेदन<br>➢ मूल्याङ्कन प्रतिवेदन<br>➢ प्रगति/अनुगमन प्रतिवेदन |
| | व्यवस्थित होमस्टे र ग्रामीण पर्यटकीय गाउँ/नगर | संख्या | ० | ३ | ५ | ७ | |
| | औषत दैनिक पर्यटक आगमन ( सार्क ) | संख्या | १ | ३० | १०० | ३०० | |
| | औषत दैनिक आन्तरिक पर्यटक आगमन | संख्या | २० | १५० | ३०० | ५०० | |
| | पर्यटकीयस्तरको होटेल तथा | संख्या | ० | ५ | ७ | १० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | रेष्टुरेण्ट | | | | | | |
| | पर्यटकको औषत बसाई | दिन | १ | ३ | ४ | ६ | |
| | कृषि पर्यटन संचालन स्थान | संख्या | ० | १ | ४ | ६ | |
| | व्यवस्थित वनभोज तथा पार्क | संख्या | ६ | ७ | १४ | १८ | |
| | तालिम प्राप्त कुक तथा वेटर | संख्या | ३ | ७० | १०० | १२५ | |
| | संचालित तथा व्यवस्थित पदमार्गको लम्बाई | कि.मि. | ५०० मि. | ५ | १० | १५ | |
| **उद्योग, व्यापार, व्यवसाय उपक्षेत्रको उद्धेश्य** | **सूचक** | **इकाई** | **आधाररेखा (आ.व. ०७७/७८ सम्मको अवस्था)** | **लक्ष्य (सम्मको अवस्था)** | | | **पुस्टयाईका आधार** |
| | | | | **०७९/८०** | **०८२/८३** | **०८३/८४** | |
| **प्रतिफल १.४** स्थानीय श्रोत, साधन एवं श्रम सीपमा आधारित लघु, घरेलु तथा साना उद्योग व्यवसायको प्रवर्द्धन गरी स्वरोजगारका अवसर सृजना भएको हुनेछ, ‚ | चालु घरेलु उद्योग | संख्या | ९ | २३ | ३२ | ३८ | ➢ नगरपालिका वस्तुगत विवरण(प्रोफाइल)<br>➢ अध्ययन प्रतिवेदन<br>➢ मूल्याङ्कन प्रतिवेदन<br>➢ प्रगति/अनुगमन प्रतिवेदन |
| | सुचारु व्यापार व्यवसाय | संख्या | ५०० | १५०० | २५०० | ३५०० | |
| | निकासीजन्य कच्चा पदार्थको परिमाण | वड्डा | ३५ वड्डा कागज | १३०० | २००० | ३००० | |
| | उत्पादन र बजारीकरण सहकारी संस्था | संख्या | ० | २ | ४ | ६ | |
| | उद्यम सृजना र विकास सम्बन्धी तालिम प्राप्त उद्यमी | संख्या | ५९५७ | ६३०० | ७००० | ८००० | |
| | व्यवसाय उद्योग दर्ता तथा नविकरण | प्रतिशत | ० | १० | ३० | ६० | |

| | सूचक | इकाई | आधाररेखा | | | | |
|---|---|---|---|---|---|---|---|
| | औद्योगिक क्षेत्रको कुल बार्षिक उत्पादन | टन | २० | ३० | ४० | ७५ | |
| | औद्योगिक क्षेत्रमा रोजगारी (घरेलु तथा साना) | संख्या | २३ | ५० | ८० | १२५ | |
| **बैंक, वित्तीय तथा सहकारी उपक्षेत्रको उद्धेश्य** | **सूचक** | **इकाई** | **आधाररेखा (आ.व. ०७७/७८ सम्मको अवस्था)** | **लक्ष्य (सम्मको अवस्था)** | | | **पुस्टयाईका आधार** |
| | | | | **०७९/८०** | **०८२/८३** | | |
| **प्रतिफल १.५** व्यवसायी, उद्यमी, समाजका विभिन्न तह र तप्काका नागरिक, महिला तथा पछाडि पारिएका वर्गको वित्तिय विमा सुरक्षणमा पहुँच बृद्धि भएको हुनेछ, | सुचारु वैक | संख्या | १ | ५ | ८ | १० | ➢ नगरपालिका वस्तुगत विवरण(प्रोफाइल)<br>➢ अध्ययन प्रतिवेदन<br>➢ मूल्याङ्कन प्रतिवेदन<br>➢ प्रगति/अनुगमन प्रतिवेदन |
| | वित्तीय संस्था | संख्या | ० | ३ | ५ | ७ | |
| | सहकारी | संख्या | ६ | १६ | २५ | ३० | |
| | सहकारीमा पहुँच (घरबाट ३० मिनेट भित्रको पैदल यात्रामा सहकारीमा पहुँच भएका परिवार | प्रतिशत | १० | ५ | ३ | ० | |
| | विमाले समेटेका जनसंख्या | प्रतिशत | ० | २० | ३० | ५० | |
| | कृषि तथा पशु विमाले समेटेको जनसंख्या | प्रतिशत | ० | २० | ३० | ५० | |
| | लघु वित्तमा समेटिएका खेतीगर्ने परिवार | प्रतिशत | ० | ७ | १० | १५ | |
| | मैद्रिक कारोवार गर्ने अनौपचारिक समुह | संख्या | ९५ | ३० | ५ | | |
| | बैंकिङ तथा कुनै पनि औपचारिक वित्तय कारोवारको पहुँचमा आउन नसकेको परिवार | प्रतिसत | १२ | ७ | ५ | २ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | मोवाईल वैंकिङ प्रयोग गर्ने संख्या | प्रतिशत | २ | ३० | ५० | ७० | |
| | इ सेवा प्रयोगकर्ता | प्रतिशत | ०.५ | १० | २० | ३० | |

# अध्याय पाँच सामाजिक विकास

सामाजिक विकास तथा सेवाप्रवाह (माध्यामिक तथा आधारभुत शिक्षा, स्वास्थ्य, पोषण, सरसफाई सामाजिक सुरक्षा) को सर्वसुलभता तथा गुणस्तरीयता सुनिश्चितता गर्दै र आम नागरिकहरु विशेषगरी युवा, महिला, बालबालिका, ज्येष्ठ नागरिक, तथा अन्य आर्थिक तथा सामाजिक रुपमा पिछडिएका लक्षित वर्गको पहुँच र उपयोगमा वृद्धिगर्दै समतामुलक समाजको विकास गर्नुनै सामाजिक विकासको मुख्य उदेश्य हो ।

## ५.१ शिक्षा

विकासको प्रमुख संवाहक मानव संसाधन हो । दक्ष र विवेकशिल मानव संसाधनको पूर्ण विकास भएको स्थान मरुभूमि भए पनि विकास भएको र मानव संसाधन अदक्ष र कमजोर भएको स्थानमा अपार प्राकृतिक श्रोत र सम्पदाहरू भएपनि चरम गरिबी र विषम राजनैतिक अस्थिरताका बीचमा गुज्रनु परेको यर्थाथ हामी विश्वमा पाउँछौ । प्राकृतिक सम्पदाको हिसाबले सम्पन्न भएपनि कमजोर मानव संसाधनका कारण पछि पर्नु परेको अवस्था नेपालको पनि हो । मानव संसाधन विकासको पहिलो आधारभूत शर्त नै वैज्ञानिक र समय सापेक्ष उचित शिक्षा हो । समय, अवस्था र देशको मागअनुसारको जनशक्ति तयार गर्न सोहीअनुरूपको शिक्षा दिनु आवश्यक छ। द्रुत विकासको आजको युगमा नगरपालिकाले निरक्षरता उन्मूलन लगायत दक्ष, जनशक्ति उत्पादन गर्न समयमै अत्यन्त प्रभावकारी कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ ।

### ५.१.१ समस्या

सामाजिक विकास अन्तर्गत शिक्षा क्षेत्रको विकासमा भौतिक पूर्वाधारको आधुनिकिकरण हुन नसक्नु, विषयगत शिक्षकहरुको व्यवस्थापन दरबन्दी अनुसार (पार्वती र त्रिभुवनेश्वरी मा.वि) मा नहुनु, मष्टेश्वरी आधारभूत विद्यालय र भामेश्वरी नि.मा.वि मा कुनै पनि दरबन्दी नहुनु र निजी स्रोतबाट संचालन गरीनु, विद्यालयमा शैक्षिक क्यालेण्डर लागु हुन नसक्नु, परिवर्तित अवस्थामा शिक्षा प्रणाली व्यवसायिक र उत्पादनमुखी हुन नसक्नु, मध्यम तथा निम्न आय भएका र आदिवासि, जनजाति परिवारका बालबालिकाहरुका लागि विद्यालयमा शैक्षिक सामग्री अभावको हुनु, सुचना प्रविधि सम्बन्धि सामग्रीको अभाव हुनु, सामुदायिक विद्यालयमा अनुगमन तथा निरिक्षण प्रभावकारी नहुनु, विद्यालयमा आवश्यक भौतिक पूर्वाधारको व्यवस्था नहुनु, शिक्षकको क्षमता अभिबृद्धिका लागि आवश्यक तालिमको अभाव शिक्षा क्षेत्रका समस्या तथा चुनौती हुन । त्यसैगरी दृष्टिविहिन, बौद्धिक अपाङ्गता, श्रवण शक्ति कम भएकाको लागि विद्यालय संचालनमा नआउनु र प्रोड शिक्षा जस्ता कार्यकमलाई व्यवस्थित रुपमा कार्य गर्न नसक्नु, सबै जसो विद्यालयमा प्रयोगशालाको उचित व्यवस्थापन नहुनु, विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु, अभिभावकहरु आफ्नो बाल बच्चाको पढाईमा चनाखो नहुनु, यस नगरक्षेत्रको शिक्षाको थप समस्या हुन् ।

### ५.१.२ चुनौती तथा अवसर

**चुनौती**

- किशोरी र अपाङ्ग मैत्री पूर्वाधारको निर्माण,

- सामुदायिक विद्यालयको मानोवल उच्च वनाउनु
- रोजगार उन्मुख शिक्षा प्रणालीको विकास गर्नु ।
- विद्यालयमा विषयगत शिक्षकको कमी हुनुकासाथै तल्लो तहमा दरवन्दी भएका शिक्षकले माथिल्ला कक्षामा पढाउनु पर्ने बाध्यता
- विद्यालयहरूमा स्थानीय आवश्यकता समेट्ने पाठ्यक्रम निर्माण गरी लागू नगरिएको
- छोरीहरूले छोराहरूसरह शैक्षिक अवसरहरू प्राप्त गर्न पूर्णरूपमा अझै नसकेको

**अवसर**

प्राविधिक तथा व्यवसायिक शिक्षाको प्रवर्द्धन गर्न सकिने, सुचना प्रविधि मैत्री कक्षा सञ्चालन गर्न सकिने, विद्यालय सुधार कार्यक्रम गर्न सकिने, शिक्षकको मनोवल उच्च राख्न विशेष नीतिगत व्यवस्था गर्न सकिने, आवश्यकताका आधारमा आधारभुत बाट मा विमा स्तरोन्नती गर्न सकिनुको साथै बालमैत्री स्थानिय शासनको स्थापना गरी बालमैत्री शिक्षा प्रदान गरिनु शिक्षा क्षेत्रका अवसर हुन् । .

## ५.१.३ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा मुख्य कार्यक्रम

**दीर्घकालिन सोच**

गुणस्तरीय र प्रविधिमैत्री शिक्षाको विकास, समृद्ध त्रिवेणीको आधार ।

**लक्ष्य**

रोजगार उन्मुख शिक्षा प्रणालीको बिकास गरी शिक्षण सँस्थाहरुको क्षमता विकास गरिने छ र निरक्षरता शुन्यमा झारी आधारभूत देखि उच्च तह सम्मको गुणस्तरीय शिक्षा नगरपालिकाभित्र उपलब्ध हुनेछ ।

**उद्देश्य**

१. शिक्षण सँस्थाहरुलाई उत्पादनमुखी, व्यवसायिक र प्रतिष्पर्धात्मक जनशक्ति उत्पादन गर्न क्षमता वृद्धिको लागि भौतिक एवम् अन्य पूर्वाधारको विकास गरिने छ ।

२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने गुणस्तरीय शिक्षा प्रदान गर्नु,

**प्रतिफल २.१ सँग सम्बन्धित (शिक्षा रणनीति )**

- गुणस्तरिय तथा व्यवसायिक शिक्षा प्रणाली अवलम्बन गर्ने,
- विद्यालयलाई प्रविधिक शिक्षा केन्द्रको रुपमा विकास गर्ने,
- उच्च शिक्षामा नगरबासीहरुको पहुँचमा बृद्धि गर्ने,
- स्थानीय आवश्यकता अनुरुप पाठ्यक्रम निर्माण गरी लागू गर्ने,
- विद्यार्थीहरूको ज्ञानको क्षितिज वृद्धिहुने कृयाकलाप नियमित गर्ने,
- नियमित अनुगमन तथा निरिक्षण गरी शैक्षिक कृयाकलापहरूलाई समय सापेक्ष सुधार गर्ने,

- सबैका लागि आधारभूत शिक्षा सुनिश्चित गर्न स्थानीय नीति तथा कानून निर्माण गरी कार्यान्वयन गर्ने,

**निर्दिष्ट कार्यनीति**

**प्रतिफल २.१ सँग सम्बन्धित (शिक्षा)**

| कार्यनीति | प्रमुख कार्यक्रम |
|---|---|
| स्थानीय आवश्यकता सुहाउदो शिक्षा ऐन, नियमावली र कार्यविधि वनाई त्यसको प्रभावकारी कार्यन्वयनमा जोड दिइनेछ । | शैक्षिक गुणस्तर अभिबृद्धि कार्यक्रम |
| त्रिवेणी नगरपालिकामा कार्यरत सबै जनप्रतिनिधि, कर्मचारी शिक्षक, विद्यालय कर्मचारी वालविकास स.का र विद्यालय व्यवस्थापन समितिका सदस्यका छोराछोरीहरुलाई सामुदायिक विद्यालयमा भर्ना गराउन नीतिगत व्यवस्था गरिनेछ । | |
| नगरपालिका अन्तर्गतका विद्यालयहरुको शैक्षिक गुणस्तर अभिबृद्धि गर्न व्यवहारिक तथा रोजगारमुलक शिक्षा प्रणालीलाई अवलम्बन गरिने छ । | |
| संस्थागत विद्यालयमा रहेको प्राज्ञिक ज्ञान, सिप, कला र क्षमतालाई नगरपालिकाको विकासमा उपयोग गर्न सहकार्य गरीनेछ । | |
| विद्यालयलाई व्यवसायिक तथा प्राबिधिक शिक्षा केन्द्रको रुपमा विकास गर्ने नीति लिईने छ । | |
| विद्यालयका शिक्षकको मनोवल उच्च राख्न, साथै क्षमता अभिबृद्धि गर्न विशेष कार्यक्रम लागु गरिने छ । | |
| अनौपचारिक शिक्षाको कार्यक्रमहरु विस्तार गरी साक्षरता अभिवृद्धि गर्ने र अनौपचारिक शिक्षालाई जीवनोपयोगी बनाउने तर्फ जोड दिइनेछ । | |
| विद्यालय शिक्षाको व्यवस्थापनमा स्थानीय अविभावकहरु लाई नै जिम्मेवार बनाइनेछ । | |
| नगरपालिका भित्र रहेका सवै विद्यालयहरुलाई सुचना र प्रविधि युक्त वनाईने छ । | त्रिवेणी शैक्षिक विकास कार्यक्रम |
| प्रत्येक वडामा नमुना व्यवसायिक विद्यालय सञ्चालन गर्ने नीति लिईने छ । | |
| प्रत्येक विद्यालयमा कम्तीमा २५ जना बालबालिका बराबर २ वटा | |

| | |
|---|---|
| बालबिकास शिक्षकको व्यवस्थापन गरी बालबिकास कक्षाका विद्यार्थीको ग्रेडिङ गरी कक्षा संचालन गर्ने । | |
| नगरपालिकालाई “शैक्षिक हव” रुपमा विकास गरिने छ । | |
| विद्यार्थीहरुलाई शैक्षिक विमामा आवद्ध गराउने नीति लिइने छ । | |
| **“एक विद्यालय एक पुष्प उद्यान”** कार्यक्रम लागु गरिने छ । | |
| विद्यालय सुधार योजना अद्यावधिक गरी योजनालाई विद्यालयको सेवा प्रवाह प्रभावकारी वनाईनेछ । | |
| सुस्त मन्दस्थिती, दृष्टिविहिन, अपागं तथा असहाय बाल बालिकाहरुकालागि छुट्टै विद्यालयको स्थापना गरी पठनपाठन सञ्चालन गरिनेछ । | |
| स्थानीय पाठ्यक्रममा आधारित शिक्षण शिकाई प्रणाली अवलम्बन गरिने छ । | |
| अपागं तथा असहाय बालबालिकाहरुका लागि छुट्टै किसिमको छात्रवृत्तिको व्यवस्था गर्ने छ । | |
| प्रत्येक विद्यालयमा सडक संजाल निर्माण गरी विद्यालय बससेवा संचालन गर्ने । | |

**अपेक्षित उपलब्धीहरु**

- आधारभूत शैक्षिक पूर्वाधारको प्रबन्ध हुने छ ।
- आधारभूत शिक्षा सबैका लागि अनिवार्य हुने छ ।
- माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित हुने छ ।
- राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिस्पर्धा गर्न सक्ने गुणस्तरीय शिक्षा उपलब्ध हुने छ ।
- नैतिकता, राष्ट्रप्रेम र मानव मूल्यमा आधारित शिक्षाको विकास हुने छ ।

## ५.२ स्वास्थ्य

नेपालको संविधानको धारा ३५ मा स्वास्थ्यसम्बन्धी हकलाई मौलिक हकको रुपमा स्थापित गरिएको छ । उपधारा १ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुने छ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन भनि उल्लेख गरिएको छ । यसै हकको कार्यान्वयन गराउने स्थानीय सरकारहरू भएकोले स्थानीय तहमा आधारभूत स्वास्थ्य पूर्वाधार र सेवाहरूको प्रबन्ध हुन अपरिहार्य छ । हाल त्रिवेणी नगरपालिकामा हाल ३ वटा स्वास्थ्य चौकि, ७ वटा

आधारभूत स्वास्थ्य सेवा केन्द्र, १ वटा शहरी स्वास्थ्य सेवा केन्द्र र ११ वटा सुरक्षित सुत्केरी केन्द्र रहेका छन् । यी संस्थाहरूबाट सीमित मात्रामा मात्र स्वास्थ्यका आधारभूत सेवा सञ्चालन भएतापनि धेरै जसो आधारभूत स्वास्थ्य सेवाको अपर्याप्तता रहेको छ । नेपाल सरकारको **"एक स्थानीय तह एक अस्पताल निर्माण"** अभियानअन्तर्गत यस नगरपालिकामा एक १५ शैयाको हस्पिटल निर्माण गरी सो हस्पिटललाई सुविधा सम्पन्न बनाउन सके स्वास्थ्य सेवामा सहजता महसुस गर्ने निश्चित छ ।

### ५.२.१ समस्या

उपयुक्त हेरचाह र स्वास्थ्य सम्बन्धी चेतनाको कमीको कारण मातृमृत्यु, शिशुमृत्यु र बाल मृत्यु हुने अवस्था रहनु र विपन्न वर्गमा स्वास्थ्य सेवाको सहज पहुँच हुन नसक्नु, स्वास्थ्य सम्वन्धि पूर्वाधारको अभाव, प्राविधिक जनशक्ति पर्याप्त नहुनु,  आवश्यकता अनुरुप सवै वडामा स्वास्थ्य उपकरणको अभाव, दक्ष स्वास्थ्य कर्मीको अभाव, शारीरिक व्यायाम तथा योग केन्द्रको अभाव, स्वस्थ जिवन यापनका उपायहरुको कार्यान्वयनका लागि नगरपालिकाले काम गर्न नसक्नु, आपतकालीन उपचार सेवा र शल्यक्रिया सेवा आदिको अभाव, मुल सडक देखी स्वास्थ्य केन्द्र सम्म जाने सडक निर्माण नहुनु, एक वडा एक एम्बुलेन्स जस्ता अपरिहार्य साधनलाई व्यवस्था गर्न नसक्नु र सामान्य विरामी र सुत्केरी पर्दा एम्बुलेन्सको अभावले अकालमै ज्यान जानु यँहाको स्वास्थ्य सम्बन्धि प्रमुख समस्या रहेको छ भने पानीजन्य रोग लाग्ने, कुपोषण हुने, एच्.आई.भि.पोजेटिभ हुने जस्ता समस्याहरु यस नगरपालिकामा विद्यमान रुपमा रहेका छन् ।

### ५.२.२ चुनौती तथा अवसर

### चुनौती

आधारभूत तहबाट नै पूर्वाधारहरूको विकास गर्न ठूलो बजेटको व्यवस्थापन गर्ने चुनौती रहेको, सार्वजनिक स्वास्थ्य संस्थाहरुमा न्युनतम भौतिक पुर्वाधारको व्यवस्था गर्नु, दक्ष जनशक्तिको व्यवस्थापन गर्नू, स्वास्थ्य संस्था निर्माण गर्न सार्वजनिक जग्गाको अभाव, कतिपय निजी औषधी पसलले बिना प्रेस्क्रिप्सन औषधी बेच्ने प्रचलनमाथि निगरानी गर्नुपर्ने स्वास्थ्य क्षेत्रका प्रमुख समस्या हुन ।

### अवसर

एक वडा एक स्वास्थ्य चौकीको व्यवस्था गर्न सकिने, चौबिस घन्टे प्रसुति सेवा सञ्चालन गर्ने सुविधाजनक स्वास्थ्य चौकीको स्थापना गर्न सकिने, खोप कार्यक्रम, परिवार नियोजन कार्यक्रम, शिविरहरु अझ प्रभावकारी र नियमित बनाउन सकिने, स्वास्थ्य बिमालाई शुलभ र प्रभावकारी बनाउन सकिने, दिर्घ रोगीलाई निःशुल्क उपचारको व्यवस्था गर्न सकिने, कैलाशमाण्डौ स्वास्थ्य चैाकिलाई स्तरउन्नति गरी ५ शैयाको सेवा विस्तार गर्न सकिने ।

### ५.२.३ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा मुख्य कार्यक्रम

### दीर्घकालिन सोच

गुणस्तरीय स्वास्थ्य सेवा, स्वस्थ्य र निरोगी नगरपालिका वासी ।

**लक्ष्य**

गुणस्तरीय सुविधायुक्त स्वास्थ्य सँस्थाहरुको निर्माण गरी स्वाथ्य क्षेत्रमा सबैको पहुँच निश्चित गर्ने ।

**उद्देश्य**

१. स्वास्थ्य सुविधालाई गुणस्तरीय, प्रभावकारी तथा कम खर्चिलो बनाई गुणस्तरीय सुविधायुक्त स्वास्थ्य सँस्थाहरुको निर्माण गर्ने ।

२. Covid-19 जस्ता संक्रामक रोगहरुको पहिचान र निदान तथा उपचार व्यबस्थापन भई प्रकोप न्यूनीकरण कार्य गर्ने ।

३. आधारभूत स्वास्थ्य सेवाको गुणस्तर बृद्धि गर्दै समानताका आधारमा सबै बर्ग, लिंग, जातजाति, भूगोलमा रहेका नागरिकहरुको पहुँच बृद्धी गरि निष्पक्ष रुपमा स्वास्थ्य सेवामा प्राप्त भएको हुनेछ ।

**प्रतिफल २.२ सँग सम्बन्धित (स्वास्थ्य रणनीति)**

- स्वस्थ नागरिक उत्पादनमा जोड दिईने,
- स्वास्थ्य सेवाको पहुँच विस्तारका लागि प्रविधि मैत्री स्वास्थ्य सुविधाको विकास गर्ने,
- **"पूर्ण सुरक्षित मातृत्व प्राप्त नगरपालिका"** निर्माणका लागि आवश्यक स्रोत साधनको व्यवस्थापन गरिने,
- स्थानीय वैद्य तथा झाँक्रीहरूलाई स्वास्थ्य सम्बन्धी आधारभूत तालिम दिने
- धुम्रपान र मद्यपान नियन्त्रणका लागि प्रभावकारी जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने
- प्रबर्द्धनात्मक, निरोधात्मक, उपचारात्मक र पुनर्स्थापनात्मक स्वास्थ्य सेवालाई समानान्तर हिसाबले अगाडि बढाउने
- खोप भण्डारणको लागि Ice- Lined Refrigerator को व्यवस्था गर्ने ।

**निर्दिष्ट कार्यनीति**

**प्रतिफल २.२ सँग सम्बन्धित (स्वास्थ्य)**

| कार्य नीति | मुख्य कार्यक्रम |
|---|---|
| नगरवासीको स्वास्थ्यमा हुने खर्च न्यूनीकरणका लागि नीतिगत व्यवस्था गरिने छ । | मेरो स्वास्थ्य मेरो जिम्मेवारी कार्यक्रम |
| टेलिमेडिसिनको अवधारणालाई विकास गरिने छ । समय समयमा विभिन्न संघ संस्था वा विषेशज्ञको परार्शमा आवश्यकता अनुसार नगरपालिका क्षेत्रमा नि:शुल्क स्वास्थ्य शिविर संचालन गर्ने व्यवस्था मिलाइने छ । | |
| खोप कार्यक्रमलाई व्यवस्थित वनाउन, मातृ तथा नवजात शिशु मृत्यू दर घटाउन, तथा ५ बर्ष मुनिका बालबालिकाहरु तथा १५ | |

| | |
|---|---|
| देखि ४९ बर्षका महिलाको पोषण स्वास्थ्य स्थिति सुधार गर्न प्रत्येक वडामा बर्थिङ्ग सेन्टर सहितको स्वास्थ्य चौकीको व्यवस्था गरिने छ । | |
| बालबालिका तथा गर्भवती महिलाको पोषण आहारमा पुरुष वर्गको जिमेवारी र व्यवहार परिवर्तनका लागि आवश्यक कार्यक्रम अघि सारिने छ र सुनौला हजार दिनका कार्यकमलाई निरन्तरता दिने । | |
| स्वास्थ्य सेवालाई ज्येष्ठ नागरिक, लैङ्गिक तथा अपाङ्ग मैत्री वनाईने छ । | |
| स्वास्थ्य सम्वन्धी जनचेतना फैल्याई मातृ मृत्यदर, बाल मृत्यदर घटाउन तथा स्वास्थ्य संस्थामा आई सेवा लिनेको संख्यामा बृद्धि गर्नको लागि समुदायमा रहेका आमा समूहलाई सक्रिय बनाइने । | |
| नगरपालिका भित्र सञ्चालित अस्पताललाई विशिष्टिकृत अस्पतालको रुपमा विकास गरिने छ । त्यसकालागि हाल विद्यमान क्षमतालाई वढाई राष्ट्रिय स्तरको अस्पताल बनाईने छ । | स्वास्थ्य सेवाको विशिष्टिकरण, आधुनिकीकरण तथा समुदाय साझेदारी कार्यक्रम |
| महिला स्वास्थ्य स्वयं सेविकाहरुका लागि आधारभुत तथा रिफ्रेसर तालिमको ब्यवस्था गरिनुका साथै स्थानीय स्वास्थ्य सेवा प्रर्वद्धनात्मक र प्रतिकारात्मक कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्नकालागि क्षमता अभिबृद्धि गरि प्रोत्साहन गरिनेछ । | |
| ज्येष्ठ नागरिक, अपाङ्ग, असहाय र गर्भवती महिलाहरुलाई घर-दैलोमा सेवा दिर्ने कार्यक्रमहरु संचालन गरिने छ । | |
| प्रदेश सरकारसँगको समन्वयमा स्वास्थ्य विमा कार्यक्रमलाई प्रभाकारी वनाईने छ । | |
| विद्यालय केन्द्रित स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ । | |
| प्रसुती सेवालाई प्रभावकारी तथा जनमैत्री बनाउन नीतिगत तथा संस्थागत सुधारका कार्यक्रम लागु गरिने छ । | |
| परिवार नियोजन सेवा कार्यक्रमलाई नीतिगत रुपमा व्यवस्थित बनाईने छ । | |
| स्वास्थ्य सेवाबाट वञ्चित रहेका नगरका कतिपय टोलहरुमा स्वास्थ्य सेवा पुऱ्याउन विशेष प्याकेज कार्यक्रम बनाईनेछ | |

| | |
|---|---|
| विपद व्यवस्थापन गर्न प्राथमिक तथा प्रारम्भिक उपचारका लागि प्रत्येक स्वास्थ्य संस्थामा किट बक्सको व्यवस्थापन गरिने छ । | |
| किशोर किशोरी कार्यक्रम मार्फत स्वास्थ्य संस्था तथा विधायालयहरुमा प्रजनन स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गरिने छ । | |
| गर्भवती, सुत्केरी तथा नवजात शिशुको स्वास्थ्यमा विशेष ध्यान दिइने छ । यसका लागि **“पूर्ण सुरक्षित मातृत्व प्राप्त नगरपालिका”** निर्माणका लागि आवश्यक स्रोत साधनको व्यवस्थापन गरिनेछ । | |
| निजी क्षेत्र र नागरिक समाजलाई स्वास्थ्य क्षेत्रमा लगानी गर्न उपयुक्त वातावरण श्रृजना गर्दै लगिनेछ । | |
| कम्तीमा १५ बेडको विपद तथा सरुवा रोग नियन्त्रण आईसोलेसन कक्ष निर्माण गरिने छ । | |
| ५ वर्ष भित्रमा सुविधा सम्पन्न १५ बेडको अस्पताल निर्माण गर्नु पर्ने, | |

**अपेक्षित उपलब्धीहरु**

- आधारभूत स्वास्थ्य पूर्वाधारको विकास भई नगर क्षेत्र भरी स्वास्थ्य सेवा उपलब्ध हुने छ ।
- आवश्यक मात्रामा दक्ष स्वास्थ्य जनशक्तिको प्रबन्ध हुने छ ।
- आधारभूत स्वास्थ्य सेवामा अति विपन्न नागरिकको पहुँच स्थापित हुने छ ।
- स्वास्थ्य चेतनामा व्यापक सुधार आउने छ ।

## ५.३ खानेपानी सरसफाई

नेपालको संविधानले खानेपानी तथा सरसफाई सुविधालाई नागरिकको मौलिक हकको रुपमा व्याख्या गरेको हुनाले स्वस्थ नागरिक उत्पादनमा योगदान पुऱ्याउन गुणस्तरीय खानेपानी र सरसफाईको क्षेत्रलाई उच्च प्राथमिकतामा राखी थप खानेपानी आयोजनाहरू निर्माण गर्नुपर्ने साथै वैज्ञानिक विधिहरूको प्रयोग गरी फोहोरमैला व्यवस्थापन गर्नुपर्ने आवश्यकता रहेको छ ।

हाल त्रिवेणी नगरपालिकामा ३.२७ प्रतिशत घरपरिवारले सुरक्षित तरिकाले ब्यबस्थापन गरिएको खानेपानी प्राप्त गरेको,९६.४१ प्रतिशत घरपरिवारले आधारभुत खानेपानी सेवा प्राप्त गरेको र १.३८ प्रतिशत घरपरिवारले सीमित खानेपानी सेवा प्राप्त गरेको देखिन्छ सेवा नभएको घरपरिवार ०.३२ प्रतिशत रहेको छ । त्यस्तै वडागत रुपमा वडा न. ३ वाहेकका सवै घरधुरीले पाइप प्रणालीबाट खानेपानी सेवा प्राप्त गरेका छन् । स्वच्छ पानी तथा सरसफाई मानवीय स्वास्थ्यलाई प्रभाव पार्ने प्रमुख

तत्वहरू भएको हुनाले स्वस्थ नागरिक उत्पादनमा योगदान पुऱ्याउन गुणस्तरीय खानेपानी र सरसफाईको क्षेत्रलाई उच्च प्राथमिकतामा राखी खानेपानी आयोजनाहरू निर्माण गर्नुपर्ने साथै वैज्ञानिक विधिहरूको प्रयोग गरी फोहोरमैला व्यवस्थापन गर्नुपर्ने आवश्यकता रहेको छ ।

**५.३.१ समस्या**

पानीको प्रशिक्षण नभएको, फिल्टर पानीको पहुँचमा कमी, पानीको पाईपहरुको उचित व्यवस्थापन हुन नसक्नु, डम्पिङ साईटको अभाव, प्रशस्त जलश्रोतको उपयोग गरी पाइप प्रणालीबाट खानेपानी सेवा उपलब्धता भए तापनि पिउने पानी शुद्धीकरण गरी पिउने उचित प्रबन्ध नभएको, फोहोर व्यवस्थापन कमजोर, ढल निकासको समस्या, चौबिसै घन्टा पानीको उपयोगका लागि ट्याँकीको व्यवस्था नहुनु, फोहोर जलाइने हुदाँ वातावरण प्रदुषण हुन खानेपानी तथा सरसफाईका समस्या हुन ।

## ५.३.२ चुनौती तथा अवसर

## चुनौती

फोहोर व्यवस्थापन सम्बन्धी जनचेतना अभिबृद्धि गर्नु, पानीको स्रोतहरुको संरक्षण गर्नु, खानेपानी पाईपलाईनको व्यवस्थापन गर्नु, खानेपानी ट्याङ्की लाई सुरक्षित गर्नु, ढल प्रशोधनको अभावमा पानी दुशित बन्दै जानु, यस क्षेत्रका चुनौती हुन ।

**अवसर**

फोहोर वर्गिकरण तथा व्यवस्थापनको योजना निर्माण गर्न सकिने, प्रांगारिक मल सम्बन्धी तालिम तथा जनचेतनाका कार्यक्रम गर्न सकिने, खानेपानी वितरणलाई आधुनिक प्रविधिमैत्री वनाउन सकिने, सबै वडा लाई पुग्ने गरी फिल्टर ट्याँकीको व्यवस्था गर्न सकिने, सुरक्षित खानेपानीको व्यवस्था मिलाउन सकिने, कृतिम ताल निर्माण गर्न सकिने ।

## ५.३.३ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा मुख्य कार्यक्रम

**दीर्घकालिन सोच**

सफा, सुरक्षित खानेपानी र स्वच्छ , सफा वातावरण, त्रिवेणीको पहिचान ।

**लक्ष्य**

पालिका भित्र बसोबास गर्ने सबै नागरिकहरु लाई सफा, स्वच्छ र सुरक्षित खानेपानी उपलब्धता र फोहोर व्यवस्थापनको दिगो व्यवस्था गर्ने ।

**उद्देश्य**

१. शुद्ध, सफा र सुरक्षित खानेपानीको पहुँच शत प्रतिशत बनाई , स्वस्थता सुनिश्चित गर्ने ।

२. फोहोरमैला व्यवस्थापनको दिगो उपायको खोजी गरी समुदायमा जनचेतना फैलाउने ।

**प्रतिफल २.३ सँग सम्वन्धित (खानेपानी तथा सरसफाई रणनीति )**

- फोहोरमैलाको बैज्ञानिक तथा व्यवसायिक व्यवस्थापनमा जोड दिने,
- पानीका स्रोतहरुको संरक्षण, पुर्नजिवन तथा प्रविधि मैत्री व्यवस्थापनमा जोड दिने,

- स्थानीय जनसहभागितामा गाउँपालिकामा उपलब्ध सम्पूर्ण पानीका मुहानहरू संरक्षण गर्न सामुदायिक स्तरमा संयन्त्रण निर्माण गर्ने
- खानेपानीका श्रोतहरूको संरक्षण गर्न हरित क्षेत्र संरक्षण तथा विस्तार गर्न समुदाय स्तरमा कार्यक्रमहरू सञ्चालन गर्ने

**निर्दिष्ट कार्यनीति**

**प्रतिफल २.३ सँग सम्वन्धित (खानेपानी तथा सरसफाई)**

| कार्यनीति | मुख्य कार्यक्रम |
|---|---|
| फोहोर मैला व्यवस्थापनका लागि आवश्यक कानूनी व्यवस्था गरिने छ। | सरकारी, नीजि र समुदायको त्रिपक्षीय सहकार्यमा आधारित खानेपानी तथा सरसफाई कार्यक्रम |
| नीजिक्षेत्रको सहकार्यमा फोहोर व्यवस्थापनाका लागि कम्पोष्ट मल उत्पादनमा जोड दिईने छ। | |
| पूर्ण सरसफाईका सूचकहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गरीने छ । | |
| पुर्ण सरसफाई सम्वन्धी योजना निर्माण गरी कार्यक्रमिक रुपमा सञ्चालन गर्न विशेष पहल गरिनेछ। | |
| नगरपालिकाको नगर क्षेत्रको जैविक फोहोर र दिशाजन्य फोहोरको प्रशोधन गरी जैविक मल बनाउन आवश्यक कार्यक्रम सञ्चालन गरिने छ। | |
| फोहर उत्सर्जन कर्ताले नै फोहरको उचित व्यस्थापन गर्नु पर्दछ भन्ने भावनाको विकास गरि फोहर उत्सर्जनलाई न्यूनीकरण गर्ने तर्फ ध्यान दिइनेछ। | |
| प्लास्टिक झोला र थैलाहरुको उपयोगलाई निरुत्साहित गर्ने र उपयोग भैसकेका झोला थैलाको उचित बिर्सजन गर्ने ब्यबस्था गरिने छ। | |
| योगदानमा आधारित फोहोर व्यवस्थापन प्रणाली अवलम्वन गरिने छ। | |
| स्वच्छ खानेपानी तथा सरसफाई सम्वन्धी सचेतना तथा व्यवहार परिवर्तन वारे कार्यक्रम सञ्चालन गरिने छ। | |
| स्वच्छ खानेपानीमा सवैको पहुचका लागि बिशेष कार्यक्रम | |

| | |
|---|---|
| कार्यान्वयन गरिने छ । <br><br> पुनःनिर्माण गर्नुपर्ने ग्रामिण खानेपानी आयोजनाहरु तथा अधुरा रहेका आयोजनाहरुलाई प्राथमिकता दिई संचालन गरिनेछ । | |
| सरसफाईका लागि ढल व्यवस्थापन तथा डस्टविन विस्तार कार्यक्रम सञ्चालन गरिने छ । | |
| ढलको पानी प्रशोधन पछि मात्र नदीमा मिसाउने व्यवस्था गरिने छ । | |
| खानेपानी आयोजनाहरुको नयाँ निर्माण तथा मर्मत सुधार र विस्तार गर्दा अनिवार्य रुपमा **"एक घर एक धारा"** नीति अवलम्बन गरि सबै खानेपानी योजनाहरुमा अनिवार्य रुपले "खानेपानी सुरक्षा योजना तथा सुरक्षित खानेपानी युक्त समुदाय" को अबधारणा लागु गरिनेछ । | |
| राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०६३ मा तोकिए बमोजिम खानेपानीको गुणस्तर तथा सेवा स्तर सुधार गरिनेछ .साथै नगरपालिका स्तरमा खानेपानीको गुणस्तर परिक्षणका लागि खानेपानी गुणस्तर केन्द्रको स्थापना गरी खानेपानी उपभोक्ताहरुको क्षमता विकास तथा समुदाय स्तरमा सचेतना अभिबृद्धि गरिनेछ । | |

### अपेक्षित उपलब्धीहरु

- नगरपालिकाको सम्पूर्ण घरधुरीमा आधारभूत खानेपानी सुविधा भएको हुनेछ ।
- सार्वजनिक स्थल तथा बजार केन्द्रहरूमा सार्वजनिक शौचालयको व्यवस्था भएको हुनेछ ।
- त्रिवेणी नगरपालिकामा सरसफाईको अवस्थामा उल्लेख्य सुधार भएको हुनेछ ।

## ५.४ लैङ्गिग समानता तथा सामाजिक समावेशीकरण

सामाजिक जागरणको पर्याप्तमा नभएको, राजनैतिक चेतनाको परिपक्वता भैनसकेको र पुरानो सामाजिक, जातिय, लैङ्गिक तथा वर्गिय स्वरुपको समाजमा व्यापक रुपान्तरण समेत भैनसकेकोले नेपालमा लैङ्गिक समानता, जेष्ठ नागरिकको सम्मान र सामाजिक सुरक्षा, अपाङ्गता भएका व्यक्तिको अधिकार र कठिनाइहरूको सम्बोधन तथा समग्र सामाजिक समावेशीकरणका मुद्दाहरू सामाजिक विकासका दृष्टिले केन्द्रिय भाग मै रहेका छन् । यसर्थ यस नगरपालिकामा समेत यी सवालहरूको व्यापक सार्न्दभिकता रहेको र विकास योजनाले यी विषयहरूलाई महत्व दिएर समेट्नु पर्ने देखिन्छ ।

यस नगरपालिकामा सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत २०७७/०७८ सम्म सेवा लिने जेष्ठ नागरिकको संख्या १२४०, एकल महिलाको संख्या २५२, पूर्ण अपाङ्गको संख्या ३२ र आशिंक अपाङ्गको संख्या ७१ रहेको छ । नगरपालिकामा अपाङ्ग, महिला तथा बालबालिका मैत्री संरचना निर्माण नगन्य मात्रामा छन । जात र लिङ्गका आधारमा हुने हिंसाको अवस्था सामान्य छ । दलित जनजाति पिछडिएका वर्ग आय आर्जनको अवस्था सन्तोषजनक देखिदैन । तसर्थ समाजमा सीमान्तकृत जनसंख्यालाई मूलधारमा ल्याई उनीहरूको सम्मानपूर्वक जीवनयापन गर्नपाउने नैसर्गिक अधिकार सुनिञ्चित नगर्दा सम्म सभ्य र सौहार्दपूर्ण समाजको परिकल्पना गर्न सकिदैन ।

### ५.४.१ समस्या

पिछडिएका तथा सिमान्तकृत समुदायको कमजोर आर्थिक अवस्था, शिक्षा, स्वास्थ्यसगँ सम्बन्धित जनचेतनाको कमी, जातिय भेदभावको समस्या,  अपाङ्गमैत्री महिलामैत्री संरचनाको अपर्याप्तता, नीति निर्माण तहमा अर्थपूर्ण सहभागिताको कमी  रहेको छ । दलितहरु माथि हुने सामाजिक व्यवहार असमान छन् । बजारमुखी उत्पादन नहुनु, सीपमा आधुनिकीकरण नहुनुले बिस्तारै उनीहरुको परम्परागत पेशा समेत संकटमा पर्दै गएको छ । अशिक्षा, चेतनाको कमी, गरिवी जस्ता सामाजिक समस्या दलित समुदायमा अझै बढी छ ।  जनजातिहरुको ;समाजिक आर्थिक तथा राजनीतिक अवस्था दलितहरुको भन्दा माथि भए पनि नेतृत्व तहमा आउन सकेको छैन ।

### ५.४.२ चुनौती तथा अवसर

**चुनौती**

सिमान्तकृत समुदायको आर्थिक तथा समाजिक सवलीकरण, नेतृत्वतहमा अर्थपुर्ण सहभागिता, तथा चेतना स्तरको अभिबृद्धि यस क्षेत्रका प्रमुख चुनौती हुन । राजनीति तथा सामाजिक सेवाका क्षेत्रहरुमा महिला सहभागिता न्यून हुनु र समान कामको असमान ज्याला दिने चलन कायमै रहनु पनि एक अर्को चुनौतीका रुपमा रहेको छ ।

**अवसर**

पिछडिएका वर्ग आत्मनिर्भर बनाउनको लागि सिपमुलक तालिमहरु संचालन गर्न सकिने, अपाङ्गमैत्री, महिलामैत्री, बालमैत्री संरचनाको निर्माण गर्न सकिने,

### ५.४.३ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा मुख्य कार्यक्रम

**दीर्घकालिन सोच**

भेदभाव रहित समाजको विकास, सामाजिक समावेशीकरणको आवाज ।

**लक्ष्य**

समाजका हरेक तह र तप्काका नागरिकको सम्मानजनक जिवन यापनको प्रत्याभूति गर्ने ।

**उद्देश्य**

- लैंगिक तथा जातिय समानता कायम गर्दै अपाङ्ग तथा विपन्नमैत्री बनाउने
- जातीय भेदभाव मुक्त समाजको निर्माण गर्ने ।
- अल्पसंख्यक तथा सीमान्तकृत समुदायलाई मूल प्रवाहिकरण गर्ने ।
- सामाजिक न्यायपूर्ण समाजको निर्माण गर्ने ।

**प्रतिफल २.४ सँग सम्वन्धित (महिला, बालबालिका र लक्षित वर्ग रणनीति )**

- जातिय पहिचानमा आधारित विकास मैत्री संस्कार र संस्कृतिलाई नगरपालिकाको विकास नीतिको रुपमा अवलम्बन गर्ने,
- नगरपालिकालाई जेष्ठ नागरिक, अपांग तथा वालमैत्री नगरपालिकाको रुपमा विकास गर्ने,

**निर्दिष्ट कार्यनीति**

**प्रतिफल २.४ सँग सम्वन्धित (महिला, बालबालिका र लक्षित वर्ग)**

| कार्यनीति | मुख्य कार्यक्रम |
|---|---|
| फरक क्षमता भएका तथा अपांग समुदाय,दलित,उत्पीडित, पिछडावर्ग,विपन्न वर्ग, यौनिक तथा तेश्रो लिंगी सहित वेपत्ता परिवारको संरक्षण तथा आत्मनिर्भरताका ठोस कार्यक्रम संचालन गर्न समुदायको सवलिकरण, सशक्तिकरणमार्फत अल्पकालिन तथा दीर्घकालिन कार्ययोजना निर्माण गरि क्रमश: कार्यान्वयन गर्दै लगिनेछ । | सामाजिक समावेशीकरणको नीतिगत व्यवस्था सम्वन्धि कार्यक्रम । |
| महिला, बालबालिका तथा अपांग मैत्री संरचनाहरुको निर्माण गर्न नीतिगत व्यवस्था गरिने छ । | |
| छुवाछुत प्रथा अन्त्यका लागि नागरिकता सम्वन्धि विशेष योजना अंगिकार गरिने छ । | |
| महिला तथा बालवालिका सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्दा एकद्वार प्रणालीलाई प्राथमिकता दिईने छ । | |
| वास्तविक भुमिहिन सुकुम्वासीहरुको पहिचान गरि व्यवस्थापन गरिने । | |
| बाल विवाह,बालश्रम, बाल दुरव्यवहार, तथा छुवाछुत प्रथाको अन्त्यका लागि विशेष नीतिगत व्यवस्था गरिने छ । | |
| विद्यालय बाहिर रहेका किशोर किशोरीहरुकालागि जिवन उपयोगी सिप र स्वरोजगारकालागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिने छ । | |

| | |
|---|---|
| अति विपन्न वर्गका बालबालिकलाई उचित संरक्षण सहित आवासिय शिक्षा उपलब्ध गराइने छ । | |
| महिलाहरुको राजनीतिक, आर्थिक तथा सामाजिक अधिकारहरुको संरक्षण र सम्वर्द्धन गरिनेछ । | |
| विपद्मा परेका कुनै पनि महिला तथा बालबालिकाले पुनर्स्थापना गर्ने सेवा केन्द्र, मनो समाजिक परामर्श केन्दहरुबाट सेवा प्राप्त गरेको हुनेछ । साथै जोखिममा रहेका बालबालिकाको उद्धार तथा पुर्नस्थापनका लागि बालबालिका उद्धार कोष मार्फत व्यवस्था मिलाइनेछ । | |
| विपन्न, पिछडिएका तथा एकल महिलाको लागि आयआर्जन, क्षमता विकास र सशक्तिकरण गर्ने कार्यक्रमहरुको पहिचान गरी कार्यान्वयन गरिनेछ । | |
| एकल महिला, बिधवा र जेष्ठ नागरिक महिला को पहिचान गरि सरकारबाट उपलब्ध गरिने सुबिधा प्रदान गरिनेछ । | |
| अपाङ्गताको प्रकृती हेरी उपयुक्त सीपमूलक तालिम प्रदान गरी रोजगारी अवसरहरुमा पहुँच विस्तार र स्वरोजगारीको अवसरहरुलाई सिर्जना गरिने छ । | |

**अपेक्षित उपलब्धीहरु**

- महिला सचेतनामा वृद्धि हुने छ ।
- सरकारी सेवा तथा उद्यम व्यवसायमा महिला विपन्न र सीमान्तकृतको उपस्थिति बढ्ने छ ।
- अपाङ्गता भएका व्यक्तिहरूका कठिनाइहरू न्यूनिकरण हुने छ ।
- सामाजिक, भेदभाव तथा थिचोमिचोमा कमी आउने छ ।
- जेष्ठ नागरिकको उचित सुरक्षा र सम्मानको प्रबन्ध हुने छ ।

## ५.५ युवा तथा खेलकुद

राष्ट्रिय युवा नीति २०७२ अनुसार १६ देखि ४० वर्ष उमेर समुहको जनसंख्यालाई युवा समूहमा राखिएको छ । देशको प्रमुख श्रम शक्ति, मानव संसाधन र उर्जाको आधार स्तम्भ नै यी युवाहरू हुन् । युवाको सामर्थ्यलाई पूर्णत सदुपयोग गरेका राष्ट्रहरूले नै ठूलो फड्को मारेका छन् । वि.सं. २०६८ को जनगणना अनुसार नेपालको कुल युवा जनसंख्या ४०.३ प्रतिशत रहेको छ । काम गर्न सक्ने उच्च सक्रिय उमेरको यो जनसंख्या नै जनसांख्यिक लाभांस हो ।

त्रिवेणी नगरपालिकाको अधिकांश युवाहरुको मुख्य आकर्षण वैदेशिक रोजगार रहेको छ भने कृषि तथा उद्योग तथा व्यापारीक क्षेत्रमा पनि आवद्ध छन । त्यसैगरी सरकारी रोजगारीमा पनि युवाको आकर्षण देखिन्छ । औषतमा करीव २७ प्रतिशत युवा स्थानीय स्तरमा रोजगार छन भने करीव ४७ प्रतिशत युवा रोजगारीका क्रममा विभिन्न मुलुक पुगेका छन । खेलकुद तर्फ हाल यस नगरपालिकामा ३ वटा खेलकुद मैदान सहितका न्युनतम पूर्वाधारहरु रहेका छन् र एउटा कवर्डहल रहेको छ । विशेष गरी युवाहरुमा फुटवल, भलिवल, क्रिकेट प्रति आकर्षण रहेको देखिन्छ । यस नगरपालिकामा राष्ट्रिय स्तर तथा अन्तराष्ट्रिय स्तर खेलाडी रहेका  छैनन् ।

### ५.५.१ समस्या

युवा विकासका लागि संस्थागत, नितीगत व्यवस्था, नेतृत्व तथा समन्वयातमक सिपको विकास, व्यवसायिक क्षमता अभिवृद्धि जस्ता युवा संग सम्बन्धित कुनै पनि किसिमका कार्यक्रमहरु हाल सम्म नगरिनु र यसको साथै अनुशासित युवा र खेलकुद विकासका लागि आवश्यक भौतिक पूर्वाधार जस्तै कवर्ड हल, खेलकुद मैदान आदिको उचित व्यवस्थापन नहुनु, मानविय पूर्वाधार र खेलकुद विकास कोषको समेत व्यवस्था नहुनुले गर्दा नगरक्षेत्र भित्र रहेका विभिन्न खेलका खेलाडीहरुलाई उचित स्वरोजगार गर्न नसकिएको यँहाको युवा तथा खेलकुद संग सम्बन्धित मुल समस्या हुन् भने यसलाई संगठित रुपमा विकास गरी युवा रोजगारीको लागि परिचालन गर्न चुनौती रहेको छ ।

### ५.५.२ चुनौती तथा अवसर

**चुनौती**

स्थानीय तहमा रोजगारीका अवसरहरु सिर्जना गर्नु, उपलब्ध रोजगारीका अवसरहरुमा युवा आकर्षण वढाउनु, युवा वर्गलाई कुलतबाट जोगाउनु, खेलकुदका लागि न्युनतम पुर्वाधारको व्यवस्था गर्नु, खेलाडीको मनोवल उच्च वनाउनु, पूर्वाधारको समूचित विकास गर्न नसकिएका कारण तोकिएका खेलकुद मैदानहरू, क्लव तथा मनोरञ्जनात्मक स्थलहरू स्तरोन्नती गर्ने कार्य चुनौतीपूण रहनु यस युवा तथा खेलकुद क्षेत्रका चुनौती हुन ।

**अवसर**

युवावर्गको मनोवल उच्च राख्ने खालका रोजगारीका अवसरहरु सिर्जना गर्न सकिने, युवा रोजगार नीति तर्जुमा गर्न सकिने, खेलकुदका पुर्वाधारहरु निर्माण गर्न तथा अन्तर पालिका खेलकुद कार्यक्रमको आयोजना गर्न सकिने, युवा दुर्व्यशनीलाई कम गर्न आवश्यक कार्यक्रमहरु ल्याउन सकिने, नगरपालिकामा विभिन्न युवा तथा खेलकुका प्रतियोगितात्मक कार्यक्रमहरू आयोजना गरी युवालाई प्रतिश्पर्धात्मक तथा जागरुक बनाउन सकिन, उच्च तथा प्राविधिक शिक्षाका अवसरहरू नगरपालिकामै सिर्जना गरी रोजगारीका अवसरहरू सिर्जना गर्न सकिने ।

### ५.५.३ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा मुख्य कार्यक्रम

**दीर्घकालिन सोच**

सिंजनशील युवा जनशक्तिको विकास तथा खेलकुद पूर्वाधार, दक्ष युवा मानव संसाधन निर्माणको आधार ।

**लक्ष्य**

प्रतिभाशाली, सिर्जनशील एवम् प्रतिस्पर्धी युवाको उत्पादन गर्ने ।

**उद्देश्य**

- शिप, दक्षता र क्षमताका आधारमा युवा वर्गको परिचालन
- खेलकुद क्षेत्रको विकासका लागि युवा वर्गलाई आकर्षित गर्नु

**प्रतिफल २.५ सँग सम्वन्धित (युवा तथा खेलकुद रणनीति )**

- खेलकुद पर्यटन क्षेत्रको रुपमा विकास गर्ने,
- दक्ष युवाहरूलाई शैक्षिक प्रमाणपत्र वा सीपका आधारमा बिना धितो कम ब्याजदरमा ऋण दिई स्वरोजगार बनाउने
- विशेष शारिरिक अवस्थाका युवाहरूको शिक्षाको लागि विशेष छात्रवृत्तिको अनिवार्य व्यवस्था गर्ने
- नैतिकवान, इमान्दार र कर्तव्यनिष्ठ यूवा समुदायको निर्माण गर्न नगरपालिका स्तरीय नियमित Motivational workshop आयोजना गर्ने

**निर्दिष्ट कार्यनीति**

**प्रतिफल २.५ सँग सम्वन्धित (युवा तथा खेलकुद)**

| कार्यनीति | मुख्य कार्यक्रम |
|---|---|
| व्यवसायिक खेलाडी विकासको नीति र कार्यक्रम सञ्चालन गरिने छ । | युवा जागरण कार्यक्रम |
| राष्ट्रिय तथा जिल्लास्तरको खेल अयोजना गरिने छ । | |
| खेल मैदानको तथा खेलको स्तरोन्नती गरिने छ । | |
| बालबालिका तथा युवाहरुको शारीरिक तथा मानसिक विकासका लागि विद्यालय तथा वडास्तरमा खेलमैदानको संचालन गरि विद्यालय तथा युवाहरुलाई खेलकुदप्रति उत्प्रेरित गराउने व्यवस्था मिलाइने छ । | |
| महिला खेलाडी प्रवर्द्धन तथा विकासको नीति अवलम्वन गरिने छ । | |

| | |
|---|---|
| विभिन्न खेलको खेलाडी पहिचान गरी खेलको उचित प्रवर्द्धन गरी **"त्रिवेणी नगरपालिकाको शान खेलको पहिचान"** भन्ने नारा लाई सार्थक बनाइने छ । | |
| स्थानीय विकासमा युवा सहभागिता अभिवृद्धी गर्दै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरुको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने, युवाको सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गरिने । | |
| युवाहरुलाई जीवन उपयोगी सीप प्रदान गरी स्वरोजगार बनाइने छ । | |
| प्रतिभावान युवाहरूलाई प्राविधिक शिक्षा जस्तै : मेडिसिन, इन्जिनियरिङ, कम्प्युटर प्रविधि, लगायतका क्षेत्रहरूमा अध्ययन गर्नका लागि निश्चित मापदण्डका आधारमा छात्रवृत्ति, निःशुल्क वृत्ति तथा सुलभ कर्जाको व्यवस्था गर्ने | |
| वातावरण संरक्षण र सरसफाइ तथा सामाजिक दायित्वमा युवाहरूलाई जागरण बढाउन वडास्तरीय युवा समितिहरू गठन गरी वृक्षारोपण कार्यक्रम, साप्ताहिक सरसफाइ, फोहर प्रशोधन, पुनर्प्रयोग र व्यवस्थापन सम्बन्धी तालिम प्रदान गर्ने | |
| युवाहरुलाई लागु पदार्थ तथा दुर्व्यसनबाट सचेत गराइने छ । | |

### अपेक्षित उपलब्धीहरु

- सिपयुक्त अर्धदक्ष र दक्ष मानव संसाधनको विकास हुनेछ ।
- बेरोजगार युवाको जनसंख्यामा उल्लेख्य कमी आएको हुनेछ ।

## ५.६ कला भाषा, साहित्य तथा सँस्कृति

कुनै पनि समुदायको आफ्नै विशिष्ट पहिचान, जीवनशैली, भेषभूषा र रहनसहन हुन्छ । सदियौं देखि अभ्यास गर्दै आइरहेका रीतिरिवाजले मानिसको दैनिक जीवनलाई नियमित र व्यवस्थित गर्न सहयोग पुऱ्याइरहेको हुन्छ । अर्कोतर्फ समुदायपिच्छे आफ्ना-आफ्ना धर्म, संस्कृति, रीतिरिवाज र परम्पराहरू हुन्छन् । ती फरक रीतिरिवाज, रहनसहन र परम्पराहरू समुदाय र समाजका विशिष्ट पहिचान साथै बौद्धिक सम्पदा (Intellectual Property) भएकोले तिनीहरूको संरक्षणगर्नु जरुरी छ । यस नगरपालिकामा विभिन्न जाति, धर्म सम्प्रदाय र समुदायका मानिसहरू बसोबास गर्दछन् ।

### ५.६.१ समस्या

पुरातात्विक, ऐतिहासिक महत्वका मठ, मन्दिरहरुको अवस्था जिर्ण हुनु, बिदेशी सस्ँकृतिको छाप पर्नु, कला पहिचानको कमी, कला, तथा साहित्यसँग सम्बन्धित एउटा पनि संघ सस्ँथा नभएको, साहित्य, कलाका पारखीकालागि प्रोत्साहनको कमी, युवा तथा बालबालिकामा कला, सस्ँकृति, साहित्य प्रति चासो कम हुनु यस क्षेत्रका समस्या हुन ।

### ५.६.२ चुनौती तथा अवसर

**चुनौती**

लोपन्मुख अवस्थाका सांस्कृतिक परम्परागत मानी आएका कलाहरु भुवा पर्व, देउडा आदि पर्वहरुको उचित व्यवस्थापन नभएको र यसको मौलिकता आधारमा संरक्षण र प्रवर्द्धन गर्न चुनौती रहेको, सस्ँकृति तथा भाषाको संरक्षण गर्नु, कला, सँस्कृति, तथा साहित्य संरक्षणमा राज्यको ध्यान आकृष्ट गर्नु, धर्म परिवर्तन व्यापक हुनु, विदेशी प्रभावलाई न्यनीकरण गर्नु यस क्षेत्रका चुनौती हुन् ।

**अवसर**

विविध समुदायहरूको मानवशास्त्रीय अध्ययनका लागि शैक्षिक पर्यटनको गन्तव्यस्थल बनाउन सकिने, डफ, मादल, मुजुरा, झ्याली, बाँसुरी, खैजडी पञ्चेवाजा जस्ता सांस्कृतिक बाजाहरू प्रचलनमा रहेको र यसको उचित पवद्धन गर्न सकिने, साहित्यकार तथा कलाकारको प्रोत्साहनका लागि विशेष योजना वनाउन सकिने, भजन, किर्तनको नियमित व्यवस्था गरी जेष्ठ नागरिकहरुका लागि दिवा सेवा केन्द्र संचालन गर्न सकिने, पर्यटकिय होम स्टे संचालन गर्न सकिने, कलाका पारखीका लागि प्रशिक्षण एवम् कार्यक्रमहरु गराउन सकिने, नगरपालिका क्षेत्रका सर्जक तथा कलाकारको उत्थान र वृत्ति विकास गर्न सकिने ।

### ५.६.३ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा मुख्य कार्यक्रम

**दीर्घकालिन सोच**

सबै खाले कला, भाषा, साहित्यको सम्मान गर्दै लोपन्मुख भाषा, सँस्कृतिको संरक्षण गरी त्रिवेणी नगरपालिकालाई एक नमूना मौलिक संस्कृतिको केन्द्रको रूपमा विकास गर्ने ।

**लक्ष्य**

नगरपालिका भित्रका भाषा, साहित्य, कला तथा संस्कृतिको संरक्षण तथा विकास गर्ने ।

**उद्देश्य**

- स्थानीय भाषा, साहित्य तथा कलाको प्रवर्द्धन गर्ने
- सांस्कृतिक विविधता बीच सामाजिक एकता कायम गर्ने ।
- सम्पूर्ण बौद्धिक सम्पदाको संरक्षण गरी मौलिक सम्पदाको राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा प्रचार प्रसार गर्ने

- नगरपालिकामा रहेका लेखक, कलाकार, गायक, गायिका, वाद्यवादन सामग्री लगायत सबै सांस्कृतिक सम्पत्तिहरूको संरक्षण, प्रबर्द्धन र विकास गर्ने

**प्रतिफल २.६ सँग सम्वन्धित (कला संस्कृति रणनीति )**

- त्रिवेणीको ऐतिहासिकता, धार्मिक तथा जातीय पहिचानसँग जोडिएका कला, भाषा, साहित्य र संस्कृतिको संरक्षण तथा सम्बर्द्धनमा जोड दिने । साथै त्यस्ता सामाजिक सम्पत्तिलाई पर्यटकीय आकर्षणको केन्द्रका रुपमा विकास गर्ने ।
- सांस्कृतिक समितिहरूसँग अन्तरक्रिया गरी ती क्षेत्रका सांस्कृतिक समस्या तथा चासोहरूको सम्बोधन गर्ने
- सबै धर्म र समुदायका लोक संस्कृतिहरू तथा अमूर्त सांस्कृतिक सम्पदा (Intangible Cultural Heritages) ICH को पूर्ण अभिलेख तयार पार्ने र लोक तथा शास्त्रीय नृत्यको उत्थान गर्न आवश्यक सामाग्रिको खरिद गर्ने ।

**निर्दिष्ट कार्यनीति**

**प्रतिफल २.६ सँग सम्वन्धित (कला संस्कृति)**

| कार्यनीति | मुख्य कार्यक्रम |
|---|---|
| सामाजिक,सांस्कृतिक तथा सेवामुलक कार्यमा स्थानिय समुदायको सिर्जनशिलताको प्रवर्द्धन र परिचालन गरी स्थानीय जनसहभागिता अभिवृद्धी, सामुदायिक विकास गर्ने कार्यलाई प्रोत्सहित गर्दै लगिनेछ । | स्थानीय कला संस्कृति संरक्षण तथा प्रवर्द्धन कार्यक्रम |
| विभिन्न भाषाभाषि रीतिरिवाज धर्म संस्कृतिहरुको अध्ययन र अनुसन्धान, संरक्षण विकास र त्यसको जर्गेना गर्ने कार्यलाई विशेष जोड दिइनेछ । | |
| परम्परागत धर्म, संस्कृति, कला, लोक संगित, पुरातात्विक सम्पदाहरुको संरक्षण गर्नका लागि विशेष नीति तथा कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ । | |
| कला संस्कृतिको प्रवर्द्धनका लागि आकास्मिक एवं नियमित किसिमका कार्यक्रमहरु लाई प्रोत्साहन गर्ने नीति अवलम्वन गरिनेछ । | |
| विभिन्न अवसरमा सांस्कृतिक कार्यक्रम तथा झाँकीहरू आयोजना गर्ने । | |

| | |
|---|---|
| नगरपालिका तथा देशको सांस्कृतिक विकासमा उल्लेखनीय योगदान पुऱ्याउने लेखक, साहित्यकार, सङ्गीतकर्मी, गायक, कलाकार तथा साँस्कृतिक पत्रकारितमामा विशेष योगदान पुऱ्याउने पत्रकारहरूलाई विभिन्न अवसरमा सम्मान तथा अभिनन्दन गर्ने | |

## अपेक्षित उपलब्धीहरु

- सभ्य र सुसंस्कृत समाजको निर्माण हुने छ ।
- स्थानीय पहिचान कायम हुने भाषा कला, संस्कृति, साहित्यको संरक्षण र प्रवर्द्धन हुने छ ।
- संस्कृति भाषा, कला तथा साहित्यको श्रृजनात्मक विकासमा टेवा पुग्ने छ ।

## विज्ञान प्रविधिको सम्भावना तथा अवसर

नगरस्तरमा विज्ञान प्रविधिको विकास तथा विस्तार, सो सम्बन्धी तथ्याङ्क सङ्कलन र प्रशोधन, जनशक्ति विकास र उपयोग, वैज्ञानिक अध्ययन अनुसन्धान एवम् विज्ञान र प्रविधिको आविष्कार, प्राविधिक शिक्षालयमा आकर्षण र सँगसँगै प्राविधिक विद्यालय (पार्वती मा.वि) जस्ता शिक्षण संस्थाहरुमा विज्ञान र प्रविधि सम्बन्धी शैक्षिक कार्यक्रमहरु क्रमिक रुपमा बढ्दै जानु र सुचना प्रविधिको प्रयोगमा आकर्षण हुँदै जानु पनि यस क्षेत्रका अवसरहरु हुन् ।

## विज्ञान प्रविधिको समस्या र चुनौती

विज्ञान प्रविधि सम्बन्धी विषय यस त्रिवेणी नगरपालिकाको कार्यादेशभित्र नपर्नु, विज्ञान तथा प्रविधि सम्बन्धी स्थानिय सरकारमा संस्थागत संरचना नहुनु, सेवा प्रवाहमा विज्ञान र प्रविधिलाई आवद्ध गर्न नसक्नु, विज्ञान प्रविधिको क्षेत्रमा अत्यन्त न्यून लगानी, प्राविधिक जनशक्तिको न्यूनता र भएको पनि उचित परिचालन र उपयोग हुन नसक्नु, वैज्ञानिक अनुसन्धान केन्द्रहरुमा अनुसन्धानकर्ताहरुको अभाव, मा.वि तथा उच्च मा.वि हरुमा अनुसन्धानका क्षेत्रमा लगानी न्यून रहनु जस्ता समस्या रहेका छन् ।

विज्ञान तथा प्रविधि क्षेत्रमा निरन्तर र दिगो लगानी, शिक्षामा विज्ञान तथा प्रविधि भित्राउनु, सेवा प्रवाहलाई प्रविधि अनुकुल बनाउनु, रेडियोधर्मी पदार्थको मानव स्वास्थ्यमा अहित नहुने गरी प्रयोगमा ल्याउनु, स्थानिय तहमा विज्ञान र प्रविधिको सन्तुलित विकास गर्न आवश्यक संरचना र कानुनी व्यवस्था मिलाउनु, विज्ञान शिक्षालाई गुणस्तरीय र सर्वसुलभ बनाउनु, युवा वैज्ञानीकहरको पलायन रोकेर नगरमै काम गर्ने स्थिति बनाउनु, आवश्यक दक्ष तथा प्राविधिक जनशक्तिको पहिचान गरी आपूर्ति गर्नु जस्ता चुनौतीहरु विद्यमान छन् ।

## विज्ञान प्रविधिको रणनीति

- विज्ञान र प्रविधिमा रुचि भएका विद्यार्थी बालबालिका तथा युवाहरूको पहिचान तथा प्रोत्साहन गर्ने

- नैतिक मूल्यमा आधारित जीवनोपयोगी शिक्षाका लागि हरेक तहमा पाठ्यक्रम अनिवार्य गरी लागू गर्ने

**पूर्वानुमान**

- उपरोक्त कार्यनीति कार्यान्वयन गर्न नगरपालिकाले सामाजिक विकास सम्वन्धी ऐन, नीति, मापदण्ड, कार्यविधि, तथा निर्देशिकाहरु निर्माण गरीसकेको हुनुपर्ने छ ।
- संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि भएको हुनेछ ।
- स्थानीय सरोकारवालाको प्रतिवद्धता, सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ ।

## तालिका १८ : सामाजिक विकास तर्कवद्ध

| सामाजिक क्षेत्रको उद्धेश्य / असर | सूचक | इकाई | आधाररेखा (आ.व. ०७७/७८ सम्मको अवस्था) | ०७९/८० | लक्ष्य (सम्मको अवस्था) ०८०/८१ | ०८३/८४ | पुष्टयाईका आधार |
|---|---|---|---|---|---|---|---|
| ➢ | ➢ **असर –** सामाजिक विकास तथा सेवाप्रवाह (माध्यामिक तथा आधारभुत शिक्षा, स्वास्थ्य, पोषण, सरसफाई सामाजिक सुरक्षा) को सर्वसुलभता तथा गुणस्तरीयता सुनिश्चितता गर्दै र आम नागरिकहरु विशेषगरी युवा, महिला, बालबालिका, ज्येष्ठ नागरिक, तथा अन्य आर्थिक तथा सामाजिक रुपमा पिछडिएका लक्षित वर्गको पहुँच र उपयोगमा वृद्धिगर्दै समतामुलक समाजको विकास गर्ने । | | | | | | |
| **शिक्षा उपक्षेत्रको उद्धेश्य** | **सूचक** | **इकाई** | **आधाररेखा (आ.व. ०७७/७८ सम्मको अवस्था)** | **०७९/८०** | **लक्ष्य (सम्मको अवस्था) ०८०/८१** | **०८३/८४** | **पुष्टयाईका आधार** |
| **प्रतिफल २.१ –** शिक्षामा लैंगिक तथा सामाजिक समबेशिताको आधारमा सबै **क्षेत्र र बर्गको**को समान पहुच, **भौतिक सुबिधा एवम्** स्रोतसाधन सम्पन्न विद्यालय तथा गुणस्तरीय शिक्षा सुनिश्चित भएको हुनेछ, | विद्यालय वाहिर रहेका (५-१५ वर्ष) बालबालिका | संख्या | १६४३ | १२०० | ५०० | १०० | ➢ नगरपालिका वस्तुगत विवरण( प्रोफाइल) ➢ अध्ययन प्रतिवेदन ➢ मूल्याङ्कन प्रतिवेदन ➢ प्रगति/अनुगमन प्रतिवेदन |
| | प्राथमिक तहमा (१ देखि ५ कक्षामा) खुद भर्ना दर | प्रतिशत | ८० | ९० | १०० | १०० | |
| | प्रारम्भिक बाल कक्षामा अध्ययनरत ४-५ बर्ष सम्मका बालबालिका | संख्या | १५ | ३० | ५० | ६० | |
| | आधारभुत तह (१ देखि ८ कक्षामा) खुद भर्ना दर | प्रतिशत | ६१ | ७१ | ८१ | ९५ | |
| | माध्यमिक तह (९ देखि १२ कक्षामा) खुद भर्ना दर | प्रतिशत | ४२ | ६० | ७० | ८५ | |
| | कक्षा ८ सिकाई उपलब्धी दर | प्रतिशत | ६४ | ७० | ९० | १०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कक्षा ८ को निरन्तरता दर | प्रतिशत | ३५ | ७० | ९० | १०० | |
| | कक्षा १० को निरन्तरता दर | प्रतिशत | १२ | ४० | ८० | १०० | |
| | १५ देखि ४९ वर्ष उमेर समूहका महिलाको साक्षरता दर | प्रतिशत | ५२ | ७० | ९० | १०० | |
| | १५ देखि २४ वर्ष उमेर समूहका पुरुषको साक्षरता दर | प्रतिशत | ४८ | ९० | १०० | १०० | |
| | बालमैत्री शिक्षण विधिको प्रयोग भएको विद्यालय | संख्या | ३६ | ३८ | ४० | ४१ | |
| | वालमैत्री आधारभूत पूर्वाधार र सुविधा (भवन, खेलकुद मैदान, घेरावार, फर्निचर) उपलब्ध विद्यालय ( सामुदायिक र संस्थागत) | प्रतिशत | ४० | ६० | ८० | १०० | |
| | शौचालय भएका विद्यालय | प्रतिशत | ९७ | १०० | १०० | १०० | |
| | महिला मैत्री शौचालय भएका विद्यालय | संख्या | ३४ | ९५ | | १०० | |
| | अपाङ्ग मैत्री शौचालय भएका विद्यालय | संख्या | ८ | १० | १२ | १५ | |
| | बाल मैत्री भैतिक संरचना भएका विद्यालय | प्रतिशत | २० | ५० | ७० | ९० | |
| | अपाङ्ग मैत्री भैतिक संरचना भएका विद्यालय | प्रतिशत | ७ | १० | १२ | १५ | |
| | शुद्धिकरण सहितको खानेपानी भएका विद्यालय | प्रतिशत | ८२ | ९० | ९८ | १०० | |
| | छात्रवृत्ती पाउने विद्यार्थी संख्या | संख्या | ४००० | ४००० | | ४४९९ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | वालक्लव गठन भएका विद्यालय | प्रतिशत | ९५ | १०० | १०० | १०० | |
| | शिक्षक विद्यार्थी अनुपात (आधारभूत) | अनुपात | १३ | १६ | २२ | ३० | |
| | शिक्षक विद्यार्थी अनुपात माद्यमिक | अनुपात | ४ | १५ | २५ | ३० | |
| | व्यवस्थित विज्ञान र कम्प्युटर प्रयोगशाला भएका | विद्यालय | ५ | २० | २५ | ३५ | |
| | प्राविधिक विद्यालय | संख्या | १ | २ | ४ | ५ | |
| | उच्च शिक्षा क्याम्पस | संख्या | ० | १ | २ | ५ | |
| **स्वास्थ्य उपक्षेत्रको उद्धेश्य** | **सूचक** | **इकाई** | **आधाररेखा (आ.व. ०७७/७८ सम्मको अवस्था)** | **०७९/८०** | **लक्ष्य (सम्मको अवस्था)** **०८०/८१** | **०८३/८४** | **पुष्टयाईका आधार** |
| प्रतिफल २.२ – आधारभूत स्वास्थ्य सेवाको गुणस्तर बृद्धि गर्दै समानताका आधारमा सबै बर्ग, लिंग, जातजाति, भूगोलमा रहेका नागरिकहरुको पहुच बृद्धी गरि निष्पक्ष रुपमा स्वास्थ्य सेवामा प्राप्त भएको हुनेछ, | विरामीपर्दा सर्वप्रथम स्वास्थ्य सस्था प्रति दिन | संख्या | ८२ | १०० | १५० | २५० | ➢ नगरपालिका वस्तुगत विवरण( प्रोफाइल)<br>➢ अध्ययन प्रतिवेदन<br>➢ मूल्याङ्कन प्रतिवेदन<br>➢ प्रगति/अनुगमन प्रतिवेदन |
| | ३० मिनेट भित्र स्वास्थ्य सस्था को पहुँचमा भएको जनसंख्या | प्रतिशत | ९० | १०० | १०० | १०० | |
| | २५०० ग्रामभन्दा कम जन्म तौल भएका शिशु | संख्या | ५५ | ५० | ४५ | ४० | |
| | स्वास्थ्य संस्थामा प्रसुती गराउने गर्भवती महिला | प्रतिशत | १०० | ३५० | ४५० | ५०० | |
| | झाडा पखालाको संक्रमण दर (प्रतिहजारमा) | /१००० | ९१८ | ८०० | ७०० | ५०० | |
| | स्वाश प्रश्वासको संक्रमण (ARI) | /१००० | १४९८ | ११५० | १००० | ८०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | दर (प्रतिहजारमा) | | | | | | |
| | स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी | संख्या | ४३ | १०० | | १५० | |
| | भिटामिन ए प्राप्तगर्ने बालबालिका | प्रतिशत | ९७ | १८०० | १९०० | २३०० | |
| | सबै खोप लिएका बालबालिका | प्रतिशत | ८९ | ९५ | १०० | १०० | |
| | परिवार नियोजनका साधनको प्रयोग दर | प्रतिशत | ३५ | ५० | ७० | ९५ | |
| | स्वास्थ्य विमा गर्ने घर संख्या | प्रतिशत | N/A | ५०० | ८०० | १५०० | |
| | स्वास्थ्य सूचना, शिक्षा र संचार सचेतना कार्यक्रममा सहभागि | जना | ३० | ३०० | | ५०० | |
| | स्वास्थ्य शिविर पटक | जना | १०० | २५ | | ४० | |
| | मासिक रुपमा फलोअपमा आएका विरामी | पटक | १:१ | ३५० | | ४०० | |
| | स्वास्थ्य संस्थामा उपलब्ध न्यूनतम सेवा सुविधा | प्रकार | | | | | |
| | क्रियाशिल महिला स्वास्थ्य स्वयंसेविका | संख्या | २७ | ८० | | ९० | |
| | निजी तथा समुदायमा आधारित स्वास्थ्यकर्मी | संख्या | N/A | | | | |
| | आयोडिनयुक्त नून प्रयोग गर्ने जनसंख्या | प्रतिशत | ८५ | १०० | १०० | १०० | |
| | धुवा रहित चुल्हो वा वैकल्पिक | संख्या | १५०० | १६०० | १८०० | २००० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | इन्धन प्रयोग गर्ने परिवार | | | | | | |
| | आधारभुत सुविधा (खानेपानी, शौचालय, बर्थिङ्ग वार्ड र परामर्श केन्द्र आदी) उपलब्ध स्वास्थ्य संस्था | संख्या | ११ | ११ | ११ | ११ | |
| | सुविधा सम्पन्न अस्पताल | संख्या | ० | १ | २ | ३ | |
| | स्वास्थ्य मा हुने औषत बार्षिक प्रति परिवार खर्च | रु | N/A | २०००० | १५००० | १२००० | |
| **खानेपानी तथा सरसफाई उपक्षेत्रको उद्धेश्य** | **सूचक** | **इकाई** | **आधाररेखा (आ.व. ०७७/७८ सम्मको अवस्था)** | | **लक्ष्य (सम्मको अवस्था)** | | **पुष्टयाईका आधार** |
| | | | | **०७९/८०** | **०८१/८२** | **०८३/८४** | |
| प्रतिफल २.३ – पालिका भित्र बसोबास गर्ने सबै नागरिकहरु लाई सफा, स्वच्छ र सुरक्षित खानेपानी उपलब्धता र सरसफाई ब्यबस्थित भएको हुनेछ, | निजी धारा उपलब्ध घर परिवार | संख्या | ४३१ | ८०० | १८०० | १२००० | ➢ नगरपालिका वस्तुगत विवरण( प्रोफाइल)<br>➢ अध्ययन प्रतिवेदन<br>➢ मूल्याङ्कन प्रतिवेदन<br>➢ प्रगति/अनुगमन प्रतिवेदन |
| | पाइपलाइनबाट वितरित पानी प्रयोग गर्ने घरधुरी | प्रतिशत | ७० | ८० | ९० | १०० | |
| | आधारभुत खानेपानीको सेवामा पहुँच पुगेको जनसंख्या | प्रतिशत | ९० | ९५ | ९८ | १०० | |
| | उपचार गरिएको वा सुरक्षित खानेपानी सुविधा प्राप्त घरधुरी | प्रतिशत | ३.२७ | ८ | १५ | २० | |
| | स्वच्छ (प्यान भएको) शौचालय भएका घरधुरी | प्रतिशत | ६४.६१ | | १०० | १०० | |
| | सार्वजनिक शौचालय | संख्या | ८ | ९ | १० | १२ | |
| | अरुसँग साझेदारी नगरी आफ्नै शौचालय प्रयोग गर्ने परिवार | प्रतिशत | ९८ | ९९ | १०० | १०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | जोखिमयुक्त अवस्थामा साबुनपानीले हात धुने | प्रतिशत | ३० | ५० | ७० | १०० | |
| | फोहोर वर्गीकरण गरी विसर्जन गर्ने परिवार | प्रतिशत | १४.६१ | १८ | २० | ५० | |
| **लक्षितवर्ग तथा सामाजिक समावेशीकरण उपक्षेत्रको उद्धेश्य** | **सूचक** | **इकाई** | **आधाररेखा (आ.व. ०७७/७८ सम्मको अवस्था)** | | **लक्ष्य (सम्मको अवस्था)** | | |
| | | | | **०७९/८०** | **०८१/८२** | **०८३/८४** | **पुष्टयाईका आधार** |
| प्रतिफल २.४ – महिला र पछाडी पारिएका वगको क्षमता अभिवृद्धि, आत्मा सम्मान, सार्वजनिक सेवा सुविधामा तथा लाभको न्यायोजित वितरण र उनीहरुको नेतृत्व विकास मार्फत निर्णय गर्न सक्ने क्षमता बृद्धि भएको हुने छ | परिवर्तित स्थानीय संरचना तथा कानून अनुसार समावेशी (महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र अन्य पिछडिएको वर्ग) समिति, संयन्त्रतथा संजाल | संख्या | | १ | २ | ४ | ➢ नगरपालिका वस्तुगत विवरण( प्रोफाइल) ➢ अध्ययन प्रतिवेदन ➢ मूल्याङ्कन प्रतिवेदन ➢ प्रगति/अनुगमन प्रतिवेदन |
| | जेष्ठ नागरिक परिचय पत्र | जना | १२५० | १४०० | १५०० | ५००० | |
| | अपाङ्गता परिचय पत्र | जना | १०३ | २०० | ३०० | ४५० | |
| | महिला को स्वामित्वमा जग्गा | प्रतिशत | N/A | १० | २० | २५ | |
| **युवातथा खेलकूद उपक्षेत्रको उद्धेश्य** | **सूचक** | **इकाई** | **आधाररेखा (आ.व. ०७७/७८ सम्मको अवस्था)** | | **लक्ष्य (सम्मको अवस्था)** | | |
| | | | | **०७९/८०** | **०८२/८३** | **०८३/८४** | **पुष्टयाईका आधार** |
| प्रतिफल २.५ – युवाहरुको सर्वाङ्गिण विकासकालागि प्राविधिक शिक्षा, उद्यमशीलता, रोजगारी, एवं सिर्जनशीलताको विकास हुनुका साथै खेलकुद क्षेत्रमा प्रतिभाशाली खेलाडीहरु | वैदेशिक रोजगारीमा गएका युवा | प्रतिशत | ४० | ३० | २० | ७ | ➢ नगरपालिका वस्तुगत विवरण( प्रोफाइल) ➢ अध्ययन |
| | युवाक्लब, संजाल तथा संस्था | संख्या | ५ | १५ | २० | ३० | |
| | युवा संलग्न स्थानीय संरचना वा | संख्या | N/A | ५ | ८ | १२ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| विकासत भएको हुनेछन | संयन्त्र | | | | | | प्रतिवेदन<br>➢ मूल्याङ्कन प्रतिवेदन<br>➢ प्रगति/अनुगमन प्रतिवेदन |
| | उद्यम, व्यवसाय र स्वरोजगारीमा संलग्न युवा | प्रतिशत | १० | २० | ३० | ४० | |
| | कवर्डहल | संख्या | १ | २ | ३ | ४ | |
| | खेलकुद मैदान | संख्या | ३ | ९ | १२ | १६ | |
| | नगरपालिकामा संचालित खेलकुद प्रतियोगिता | संख्या | २ | ४ | ८ | १० | |
| | प्रदेश खेलाडी | संख्या | ० | १० | २० | ४० | |
| | राष्ट्रियस्तर खेलाडी | संख्या | १ | ५ | १० | १५ | |
| | राष्ट्रिय अन्तराष्ट्रिय खेलाडी संख्या | संख्या | ० | २ | ४ | ६ | |
| **कला, भाषा तथा साहित्य उपक्षेत्रको उद्धेश्य** | **सूचक** | **इकाई** | **आधाररेखा (आ.व. ०७७/७८ सम्मको अवस्था)** | | **लक्ष्य (सम्मको अवस्था)** | | **पुष्टयाईका आधार** |
| | | | | **०७९/८०** | **०८२/८३** | **०८३/८४** | |
| **प्रतिफल २.६ –**स्थानीय भाषा, कला, संस्कृति र सम्पदाको पहिचान, संरक्षण तथा प्रवर्द्धन भएको हुने | कला, संस्कृति, भाषा र साहित्यमा जिल्ला, प्रदेश र राष्ट्रको प्रतिनिधित्व गर्ने स्रष्टा | संख्या | N/A | १ | ३ | ५ | ➢ नगरपालिका वस्तुगत विवरण( प्रोफाइल)<br>➢ अध्ययन प्रतिवेदन<br>➢ मूल्याङ्कन प्रतिवेदन<br>➢ प्रगति/अनुगमन प्रतिवेदन |
| | संरक्षित कला, सँस्कृति र सम्पदाक प्रकार | संख्या | ३ | ५ | ६ | ८ | |
| | कला, भाषा र साहित्यलाई पेशाको रुपमा अवलम्ब नगर्ने व्यक्ति | संख्या | ० | ५ | ८ | १२ | |
| | स्थानीय संस्कृति, कला, सम्पदा र साहित्य संबन्धी अध्ययन तथा | संख्या | ० | १ | ४ | ६ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | अनुसन्धान | | | | | | |
| | स्थानीयकला, संस्कृति, सम्पदा, भाषा साहित्यमा आधारित प्रकाशन | संख्या | १ | २ | ४ | ५ | |

# अध्याय छ पूर्वाधार विकास

जुनसुकै गाँउ तथा शहर/बजारहरु एक अर्कासँग सम्बन्धित भएर रहेका हुन्छन् । गाउँको उत्पादन शहरमा निर्यात गरी कुनै पनि गाउँले आर्थिक आम्दानी गर्न सक्छ र उसलाई चाहिने आवश्यक सामग्रीहरु शहरबाट आयात गर्न सक्छ । त्यसैगरी शहरले उसको जनसंख्यालाई चाहिने उपभोग्य सामग्रीहरु तथा आवश्यक श्रम शक्ति समेत गाउँबाट प्राप्त गर्दछ र शहर र गाउँ बीच एक अर्कामा अन्योन्यास्रित सम्बन्ध स्थापित हुन्छ । मानिस तथा सामानहरुको प्रवाह एक गतिशिल प्रक्रिया हो र यो विभिन्न तत्वहरु जस्तै : जनसंख्या र यसको वितरण, सडक, सुविधा, शहरको कार्यगत संरचना तथा श्रोत आदिमा भर पर्दछ । कार्यगत संरचनाले बजार क्षेत्रमा रहेको पसलहरुको किसिम तथा ती पसलहरुले पुऱ्याएको सुविधाको किसिम भन्ने जनाउँदछ । आवत् जावत्को मापन भने मागको आकार तथा दूरीमा भर पर्दछ । त्यसैगरी सामान र सुविधाहरु शहरको भौगोलिक वितरण तथा यातायात र सञ्चारको किसिममा भर पर्दछ ।

मालसामान तथा सेवा प्राप्तिको लागि मानिसहरुको आवत् जावतबाट बजार केन्द्रहरु कुनै पनि क्षेत्रमा विकसित हुन्छन् । बजार केन्द्रहरुले आफ्ना वरिपरिका जनसंख्यालाई सेवा सुविधा प्रदान गर्दछन् । मानिसहरु मालसामान, सेवा तथा रोजगारीको लागि बजार केन्द्र सम्म आउने गर्दछन् । तसर्थ ग्रामीण तथा शहरी सम्बन्धको प्रगाढता भनेको त्यँहा हुने सहज यातायातको पहुँच र सामानको किनबेचले त्यस्तो किसिमको प्रगाढ सम्बन्धको संकेत गर्दछ । यस्तो आवत्जावत्को किसिम र मात्राले ग्रामीण शहरी अन्तरसम्बन्ध तथा बजार केन्द्रहरुको यसको पृष्ठ प्रदेश सँग सँगै जिल्ला सदरमुकाम मार्तडी सँग तुलनात्मक सम्बन्धलाई देखाउंछ । अन्तरसम्बन्ध आर्थिक, सामाजिक, प्राविधिक, प्राकृतिक, सांस्कृतिक, शैक्षिक, राजनैतिक, मानव संसाधन आदिका आधारमा हुने गर्दछ । वस्तु तथा सेवाको प्रवाह प्रणालीलाई विभिन्न कारक तत्वहरु जस्तै : जनसंख्या परिमाण, वितरण र परिवर्तन, सडक प्रणाली, सञ्चार, बजारको कार्य स्वरुप, संसाधनको प्रयोग र उत्पादन आदि तत्वहरुले असर गरिरहेका हुन्छन् ।


## ६.१ सडक तथा पुल

यस नगरक्षेत्रमा सडकको पहुँच ज्यादै कम मात्रामा भएको र हालसम्म पिच सडक नरहेको र **कच्ची सडक ६६ कि.मि मात्र** रहेको हुँदा यातायातको सहज पहुँच र सुविधा नहुनुको साथै भएका कच्ची सडकमा पनि सडकको दाँया बाँया ढलको राम्रो व्यवस्था नहुनु यस नगरक्षेत्रको पूर्वाधार पट्टिको विशेष समस्या रहेका छन्

**तालिका १९ : त्रिवेणी नगरपालिकाको अन्तरसम्बन्ध**

| क्र.स | स्थान | पुग्न लाग्ने समय | जानुपर्ने काम |
|---|---|---|---|
| १ | मार्तडी | १.५ घण्टा | जिल्ला सदरमुकाम, प्रशासनिक कार्य |
| २ | साँफेबगर | १ घण्टा | एयरपोंट, मंगलसेनको संगम केन्द्र र व्यापार व्यवसाय |

| | | | |
|---|---|---|---|
| ३ | दिपायल/सिलगडी | ४.५ घण्टा | शिक्षा र व्यापार व्यवसाय |
| ४ | धनगढी | ११ घण्टा | प्रादेशिक राजधानी, शिक्षा, व्यापार व्यवसाय |
| ५ | काठमाण्डौ | २५ घण्टा | केन्द्र राजधानी, शिक्षा, व्यापार व्यवसाय, औषधी उपचार |




**ग्रामीण र शहर अन्तरसम्बन्ध र यसका तत्वहरु**

### ६.१.१ समस्या

पूर्वाधारको विकास भएपनि नगरपालिकाले बदलिदो परिस्थिती तथा बजारको माग अनुसार पुर्वाधार विकासमा ध्यान पुऱ्याएको देखिदैन । सडक निर्माणमा स्थानीय जनताको साथ नमिल्नु, सडकको चौडाई साँघुरो हुनु, पर्यावरणलाई जोगाउने तर्फ ध्यान नपुग्नु, सडक निर्माणसँगसँगै ढल निर्माण नहुँदा असहज परिस्थिती उत्पन्न हुनु, सडकको गुणस्तरीयतामा कमी हुनु, सडक विस्तारमा मुआव्जा सम्वन्धि समस्या हुनु, सडक चिन्हको अभावका कारण दुर्घटनाको वृद्धि हुनु, भएको सडकमा पनि पुलहरु नबन्नु जसले गर्दा यातायात नियमित हुन सकिरहेको छैन ।

उपभोक्ताहरुको संस्थागत क्षमता अभिवृद्धि नहुनु, वैज्ञानिक र व्यवहारिक योजनाहरु छनौट हुन नसक्नु, नगर भित्र पनि केही सुगम ठाउँहरुमा मात्र सेवा प्रवाह केन्द्रित हुनु, योजनाहरुको दीगोपनामा पर्याप्त ध्यान नपुग्नु जस्ता समस्याहरु पूर्वाधार विकास संग जोडिएका थप समस्या हुन् ।

### ६.१.२ चुनौती तथा अवसर

**चुनौती**

सडक तथा पुल निर्माणको कानूनी प्रकृयालाई प्रभावकारी बनाउनु, योजनाबद्ध तथा दिगो विकास लक्ष्यका मापदण्ड मुताविक सडक सञ्जाल विस्तार तथा स्तरोन्नति गर्न ठूलो आकारको बजेट आवश्यक पर्नु, सडक निर्माणको गुणस्तरीयताको मापदण्ड तयार पारी लागू गर्न यस क्षेत्रका चुनौती हुन् ।

**अवसर**

मार्तडी, साँफेबगर र छिमेकी जिल्ला कालिकोट सँग अन्तरसम्बन्ध रहेको यस त्रिवेणी नगरपालिकामा द्रुत यातायात प्रणालीको विकासको खाँचो र अपरिहार्य रुपमा रहेको छ । दक्षिणी सिमा (भारत) सँग यस त्रिवेणी नगरपालिका मात्र नभई सम्रग जिल्ला र प्रदेश सँगको सम्बन्धले पर्यटकीय विकास गर्न सम्भव रहेको छ । साथै बडिमालिका मन्दिर, नाटेश्वरी मन्दिर जस्ता धार्मिक गन्तव्यले वाणिज्य र व्यापारको आन्तरिक, प्रादेशिक कारोबारलाई बृद्धि गर्नुका साथै संलग्न संरचना र मानवीय संसाधनलाई पनि टेवा पुऱ्याएको छ । यस योजना अबधिमा नगरको प्रमुख व्यापारिक केन्द्र कैलाशमाण्डौ, तोली देबल डाँडा, घाँसे डाँडा, खिन्नैसत्य देवी, चाउडे र अन्य ग्रामीण क्षेत्र बिच यातायात सञ्जालको सुधार र आबद्धताले बहुसङ्ख्यक किसान र तिनका कृषि उपजहरुको विस्तार हुने अपेक्षा रहेको छ भने ट्राफिक युनिटहरू स्थापना गरी सडक यातायातलाई व्यवस्थित बनाउन सकिने छ ।

### ६.१.३ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा मुख्य कार्यक्रम

**दीर्घकालिन सोच**

गुणस्तरीय पक्की पुल तथा सडक पूर्वाधार, त्रिवेणीवासीको दिगो विकासको आधार ।

**लक्ष्य**

दिगो सडक संजालको विस्तार गरी आर्थिक तथा सामाजिक अवसरहरुमा त्रिवेणी नगरवासीको पहुचँ वृद्धि गर्ने ।

**उद्देश्य**

- सडक तथा पुल लगायतका पुर्वाधारलाई दिगो, भरपर्दो तथा गुणस्तरीय बनाउने
- स्थानीय सडक निर्माण गर्दा वातावरणीय सन्तुलनमा ध्यान दिने
- स्थानीय सडक निर्माण गर्दा निश्चित प्रतिशत सडकहरू निर्माणमा बायो इन्जिनियरिङ प्रविधि अवलम्बन गर्ने

- नगरपालिकामा माग भए बमोजिमको यातायात सेवा प्रदान गर्न सार्वजनिक यातायातलाई भरपर्दो र सुविधा सम्पन्न बनाउन आवश्यकता अनुसार नयाँ रुट निर्माण, निजी क्षेत्रसँग साझेदारी साथै आवश्यक परे नगरपालिकाले समेत लगानी गर्ने ।
- नगरका ग्रामिण वस्तीहरुलाई जोड्ने गोरेटो/घोरेटो बाटो र झो.पूलहरुको निर्माण भएको हुनेछ,

**प्रतिफल ३.१ (सडक, पुल तथा यातायात सँग सम्बन्धित रणनीति )**

- गुणस्तरीय तथा हरित सडक विकासका लागि नीतिगत व्यवस्था गर्ने,
- ऐतिहासिक, प्राकृतिक, जातिय तथा सांस्कृतिक पहिचान युक्त पूर्वाधार निर्माणको नीतिगत व्यवस्था गर्ने,
- नगर यातायातको सञ्जालको विकास, संरचना र व्यवस्थापनमा सुधार गर्ने,
- मुख्य सडकहरूमा सडक संकेत र माइलस्टोनहरूको व्यवस्था गर्ने
- रुटमा चल्ने सवारी साधनहरूको प्रकार (जस्तै बस, मिनीबस, जीप आदि) अनुसारका रुटहरू तय गर्न यातायात व्यवसायीहरू तथा निजी क्षेत्रसँग अन्तर्क्रिया गर्ने

**निर्दिष्ट कार्यनीति**

**प्रतिफल ३.१ (सडक, पुल तथा यातायात सँग सम्बन्धित)**

| कार्यनीति | मूख्य कार्यक्रम |
|---|---|
| नगर यातायातको सञ्जालको विकास, संरचना र व्यवस्थापनमा सुधार गर्ने | त्रिवेणी एकीकृत पूर्वाधार विकास कार्यक्रम |
| न्यूनतम पूर्वाधार जस्तै सडक, विजुली, खानेपानी, संचार, जस्ता पूर्वाधार निर्माण गर्दा निश्चित मापदण्डको आधारमा मात्र संरचनाहरु निर्माण गर्ने परिपाटी बसालिनेछ । | |
| नगरपालिकाको विशिष्ट पहिचान दिने अस्तित्वको पहिचान एंव सांकेतिक समृद्धि झल्किने खालका योजनाहरु निर्माणमा प्राथमिकता दिइनेछ । | |
| योजनावद्ध विकासमा निर्द्धिष्ट गरे अनुसार प्राथमिकताका आधारमा भौतिक पूर्वाधारमा लगानी  गरिनेछ । | |
| सडक पूर्वाधारलाई पर्यटन विकासको मेरुदण्डको रुपमा विकास गर्ने नीति लिईने छ । | |

| | |
|---|---|
| सडक गुरु योजना (MTMP) अनुसार सडकहरुको निर्माण र स्तरीकरण गरिनेछ। | |
| स्थानीय नदीहरुमा तटबन्धन निमार्ण गरी ट्रेकिङ रुट सहितको हरित सडक निर्माण कार्यलाई प्राथमिकता दिईने छ। | |
| उपभोक्ता समिति र ठेक्केदारलाई कामको गुणस्तरताका आधारमा प्रोत्साहन तथा दण्डित गर्न नीतिगत व्यवस्था गरिने छ। | |
| नगरपालिकाको क्षेत्र भित्रका साविकमा नेपाल सरकारका बिभिन्न निकायहरुबाट मापदण्ड नतोकिएका सडकहरुको सडक अधिकार क्षेत्र (**राईट अप वे** ) तोकिने छ। सबै वडाहरुमा **'एक वडा, एक रणनीतिक सडक'** छनौट गरि मर्मत संभार र स्तरोन्नती गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाईने छ। | |
| नगरका सबै वडा केन्द्रसम्म पक्की सडक निर्माण गर्न प्रदेश सरकार र संघीय सरकार सँग सहकार्य गरिनेछ। | |
| शवदाहस्थल तथा चिहान क्षेत्रसम्म जाने सडकको स्तरोन्नति गर्ने। | |
| एक भन्दा वढी वडा समेट्ने गरि निमार्ण भएका महत्वपूर्ण सडकहरुलाई क्रमश स्तरोन्नती गर्नका लागि संघिय तथा प्रदेश सरकारसँगको सहकार्यमा निर्माण गर्ने कार्य अगाडी बढाउन आवश्यक पर्ने डि.पि.आर (Detailed Project Report) तयार गर्ने कार्यलाई प्राथमिकता दिईने छ। | सडक र संरचनाहरुलाई व्यवसायिक सिद्धान्त अपनाई सञ्चालन र व्यवस्थापन गर्ने |
| सडक संरचना मर्मत सम्भारको निम्ति निश्चित बजेट नगरले नै छुट्याई वा प्रयोगकर्ताबाट नै निर्धारित शुल्क उठाई संरचनाहरुको (डिजाइन) कार्य क्षमता बनाइ राख्ने बिधिमा आधारित सक्रिय मर्मत सम्भार व्यवस्था ( पर्फमेन्स बेस्ड मेन्टेनेन्स) मिलाइनेछ र सो को लागि आवश्यक सहकार्य गरिनेछ। | |
| दिगो तथा वातावरण मैत्री सवारी साधनको प्रयोगका लागि नीतिगत व्यवस्था गरिनेछ। | |

| | |
|---|---|
| सडकको जोखिम क्षेत्रहरू तथा सडकको अवस्था बारे डिजिटल डिस्प्लेको व्यवस्था गर्ने । | |
| रुट सुरु हुने र अन्त्य हुने स्थानहरूमा बस टर्मिनलहरू तथा सूचना कक्षहको निर्माण गर्ने । | |
| कृषि सडकहरूको पहिचान गरी स्तरोन्नती र विस्तार गरी नगरपालिका सडक सञ्जालसँग आवद्ध कृषि सडक सञ्जाल निर्माण गर्ने । | |

**अपेक्षित उपलब्धीहरु**

- त्रिवेणी नगरपालिकाको समग्र बस्तीहरू जोड्ने पक्की/कालोपत्रे सडक सञ्जालको विकास भएको हुनेछ ।
- सार्वजनिक यातायातको सहज र नियमित आवागमन हुने अवस्था बन्नेछ ।
- सम्पूर्ण वस्तीलाई सहज हुने गरी सार्वजनिक यातायातको रुट तय भई यातायात सञ्चालन भएको हुनेछ ।
- सवारी साधनहरूको पर्याप्तता हुनेछ । आवश्यक सम्पूर्ण स्थानमा कल्भर्ट तथा पुलहरूको निर्माण हुनेछ ।
- यातायात सूरक्षित र न्युन जोखिमयुक्त हुनेछ ।
- त्रिवेणी नगरपालिकाको सम्पूर्ण सडक सञ्जालमा आवश्यक नाला निर्माण तथा व्यवस्थापन भएको हुनेछ ।

## ६.२. आवास तथा वस्ती विकास

आगामी १५ वर्षमा त्रिवेणी नगरपालिकाको जनसंख्यामा उल्लेख वृद्धि हुने देखिँदैन । आवास योजना निर्माण गर्दा हालको जनसङ्ख्यामा हुने नगण्य वृद्धिलाई ख्याल गरी सो जनसंख्यालाई पर्याप्त हुने आवासको जोहो गर्नुपर्ने देखिन्छ । नगरपालिकाको अधिकांश घरहरु अर्धपक्की, कच्ची तथा विपन्न अवस्थामा रहेका छन् । तसर्थ यी घरहरु भूकम्पीय तथा अन्य प्रकोप सुरक्षाको दृष्टिकोणले अत्यन्त असुरक्षित तथा जोखिमयुक्त अवस्थामा रहेको स्पष्ट हुन्छ । अव्यवस्थित, असुरक्षित तथा जोखिमयुक्त अवस्थामा रहेका घरपरिवारलाई व्यवस्थित, सुविधा सम्पन्न, वातावरण मैत्री तथा सुरक्षित आवास सुनिश्चित गर्नका लागि सुरक्षित आवासका दीर्घकालीन योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ ।

त्रिवेणी नगरपालिकाको आवास तथा वस्ती विकासको अवस्था व्यवस्थित छैन । यहाँ भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका सार्वजनिक भवन तथा संरचना जम्मा ४ वटा निर्माण भएका छन् ।

### ६.२.१ समस्या

व्यवस्थित बस्ति निर्माणमा वडा बासीहरुको सोचाईमा एकरुपता नहुनु, प्राविधिक तथा दक्ष जनशक्तिको अभाव हुनु । भवन आचारसंहिताको पालना हुन नसक्नु, जमिनको अनियन्त्रित खण्डीकरण हुनु, अव्यवस्थित वस्ती विकास हुनु आवास तथा वस्ती विकासका प्रमुख समस्या हुन् । त्यस्तै नगरपालिकाको वडा न. १ मा रहेको विशाल बजारका १७० घरधुरी, वडा न. २ को सिम्ला, सिन्नेकोटको २७२ घरधुरी, वडा न. ४ को पिपलसैन राउतेलाको १५७ घरधुरी र वडा न. ५ किम्नीको २१७ घरधुरी पहिरोको उच्च जोखिममा रहेका छन् र यसलाई व्यवस्थित बस्ति वनाउन समस्या रहेको छ ।

### ६.२.२ चुनौती तथा अवसर

**चुनौती**

शहरी विकासको मापदण्ड तयार गरी त्यसै अनुरुप आवासिय तथा व्यवसायिक क्षेत्रको मार्गचित्र कोर्नु, अव्यवस्थित वसोवास र अतिक्रमणलाई रोक्नु, वढ्दो शहरीकरणलाई व्यवस्थित वनाउनु विच तादाम्यता कायम गर्नु चुनौतीहरु हुन ।

**अवसर**

व्यवस्थित शहरीकरणका लागि नीतिगत व्यवस्था गर्न सकिने, भू उपयोग योजना तर्जुमा गरी लागु गर्न सक्ने, सुरक्षित तथा वस्ती विकास योजना तर्जुमा गर्न सक्ने, सार्वजनिक जग्गाको व्यवस्थापन गर्न नीतिगत व्यवस्था गर्न सक्ने । वडा नं. ५ किम्तीको कुखुरे सुपेकुना स्थानमा वस्ति विस्तार गरि नमुना वस्ति निर्माण कार्य गर्न सक्ने ।

### ६.२.३ दीर्घकालिन सोच लक्ष्य उद्देश्य

**दीर्घकालिन सोच**

वातावरण मैत्री शहर, त्रिवेणी बासीलाई पूर्ण सुरक्षित आवासको रहर

**लक्ष्य**

भु उपयोग योजना बमोजिम सुरक्षित, सभ्य, समावेशी तथा हरियाली वस्ती तथा आवासको निर्माण गर्ने

**उद्देश्य**

- नगरपालिका क्षेत्र भित्रका सार्वजनिक निर्माण, आवास तथा शहरी विकासलाई समावेशीतामैत्री, वातावरण अनुकुल तथा सुरक्षित वनाउनु ।
- योजना वद्ध आवास कार्यक्रमलाई मुर्तरुप दिनु

- संविधानको मौलिक हक अन्तर्गत रहेको सुरक्षित आवासको हक सम्पूर्ण जनतालाई सुनिश्चित गर्न नगरपालिकाले स्थानीय श्रोत र साधनमा आधारित आवास योजना निर्माण गरी कार्यान्वयन गर्ने ।

**प्रतिफल ३.२ सँग सम्बन्धित (आवास, वस्ती, बजार तथा भवन रणनीति )**

- एकिकृत वस्ती विकासको प्रारुप तयार पार्ने,
- सार्वजनिक जग्गाको उत्पादनशील प्रयोग गर्ने,
- उत्पादन मुलक र आयमुलक सूक्ष्म योजनाहरु सञ्चालनका शिलशिला नगर स्थित कार्यालयहरु, दातृनिकाय, राष्ट्रिय/अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरु संग समन्वय गरी अपेक्षित उपलब्धि हासिल गर्न जोड दिइने,
- शहरी क्षेत्रको आवासिय पूर्वाधारलाई व्यवस्थित र वैज्ञानिक वनाउने
- वडा कार्यालय भवन नभएका प्रत्येक वडाका लागि भवनको आवश्यक डि.पि.आर. तयार गरी भवन निर्माण सम्पन्न गर्ने

**निर्दिष्ट कार्यनीति**

**प्रतिफल ३.२ सँग सम्बन्धित (आवास, वस्ती, बजार तथा भवन)**

| कार्यनीति | मुख्य कार्यक्रम |
|---|---|
| वस्ती विकास योजना तर्जुमा गर्दा खेतीयोग्य जमिन नमासीने, वातावरण प्रदुषण नहुने गरी निर्माण गर्न सम्वन्धित निकायमा आवश्यक पहल गरिनेछ । यसका लागि तत्कालिन रुपमा नगरपालिका क्षेत्रभित्र रहेका सार्वजनिक तथा पर्ति जग्गाहरुको लगत संकलन गरी नगरपालिकाको सम्पतिको रुपमा अभिलेखिकरण गरिनेछ । साथै बस्ती विकास गुरु योजना निमार्ण गरी कार्यान्वयन गरिने छ । | त्रिवेणी स्मार्ट सिटी विकास कार्यक्रम |
| भूकम्प प्रतिरोधी भवन निर्माण प्रविधि बारे स्थानीय समुदायलाई जानकारी दिने तथा नक्शा पास अनिवार्य गरिनेछ । | |
| नगरपालिका भर नदी कटान, पहिरो, भूकम्प तथा अन्य प्राकृतिक प्रकोपका हिसाबले असुरक्षित र विपदको जोखिममा परेका बस्तीहरूको पहिचान गरी नक्सांकन गर्ने । यस्ता स्थानमा बसोबास गर्ने परिवारहरूलाई स्थायीरूपमा पूर्ण सुरक्षित आवासको प्रत्याभूत गर्न दीर्घकालीन हिसाबले एकीकृत वस्तीको डि.पी.आर. कार्य गर्नेे। | |
| हरित इन्जिनियरिङका माध्यमबाट जोखिममा रहेका बस्ती, पूर्वाधारहरूको संरक्षण र सुरक्षाको व्यवस्था गरिनेछ । | |
| ऐलानी जग्गामा बसोबास तथा सुकुम्बासी व्यवस्थापनबारे कानूनी | |

| | |
|---|---|
| तथा नीतिगत व्यवस्थाकोलागि संघीय सरकारसँग पैरवी गरिनेछ । साथै सुकुम्वासी व्यवस्थापनकालागि अन्तरपालिका समन्वयमा आवश्यक योजना निर्माण गरिने छ । | |
| निजी क्षेत्रलाई प्रोत्साहन गरी व्यवसायिक सभाहल तथा कवर्ड हल निर्माण गरिनेछ । | |
| सुरक्षित आवास क्षेत्रको लागि शहरी विकास तथा भवन निर्माण विभागसँग समन्वय गरिनेछ । | |
| नगरपालिकालाई स्मार्ट सिटीको अवधारणा अनुसार विकास गरिने छ । | |
| गुठी जग्गाको पहिचान तथा व्यवस्थापन गरिने छ । | |

**अपेक्षित उपलब्धीहरु**

- आधुनिक सुविधा सम्पन्न आवास, वस्ती विकास, व्यवस्थित र गुणस्तरीय सार्वजनिक पूर्वाधार निर्माणहरु र निजि घरहरु पालिकाले निर्धारण गरेको मापदण्ड  अनुसार निर्माण भएका हुनेछन्
- सम्पूर्ण नगरबासीहरूलाई सूरक्षित आवासको सुनिश्चितता हुनेछ ।
- भवन आचार संहिता निर्माण भई कार्यान्वयन भएको हुनेछ ।
- सुकुम्बासी, भूमिहीन तथा आवास विहीन जनता तथा विपन्न परिवारलाई आवासको प्रबन्ध भएको हुनेछ ।

## ६.३ विद्युत तथा वैकल्पिक उर्जा

व्यवसाय संचालन तथा औद्योगिकरणका लागि आवश्यक क्षमताको विद्युत् लाईन जडान हुनसकेको छैन । तसर्थ नगरपालिकामा विद्युत् प्रसारण लाईन बिस्तार तथा सुधार गर्नुपर्ने साथै low voltage हुने स्थानहरूमा ट्रान्सफर्मरको स्तरोन्नती तथा नयाँ ट्रान्सफर्मर जडान गर्नुपर्ने देखिन्छ । विद्युत ऊर्जा साथसाथै सौर्य उर्जा जस्ता अन्य वैकल्पिक ऊर्जाबाट विभिन्न उद्योग तथा व्यवसाय, सिँचाई आयोजना, खानेपानी आयोजना समेत सञ्चालन गर्न सकिन्छ । अतः यस गाउँपालिकामा अल्पकालिन रुपमा सौर्य उर्जा र वायो ग्याँसलाई तथा दीर्घकालीन रूपमा जलविद्युत ऊर्जालाई जोड दिनु आवश्यक छ ।

### ६.३.१ समस्या

पालिकामा विद्युत प्राधिकरण सस्थैा नभएको, वैकल्पिक ऊर्जाको श्रोत भएको ठाउँ भए पनि प्रयोगमा खासै नआएको, सडकबत्तिहरुको अभाव, अझै २० प्रतिशत घरहरुमा विद्युत पुग्न नसकेको, राष्ट्रिय प्रशारण लाइनमा नजोडिनु र समय समयमा विद्युत कटौती विद्युत र वैकल्पिक उर्जा क्षेत्रका समस्या हुन् ।

### ६.३.२ चुनौती तथा अवसर

**चुनौती**

वैकल्पिक ऊर्जा सम्बन्धी जानकारी वढाउनु पर्ने, विद्युतका पुर्वाधारको व्यवस्थापन गर्नु पर्ने, विद्युतका बारेमा विज्ञ प्राविधिकको व्यवस्था गर्नु । घरायसी इन्धनको रूपमा अझै पनि मानव स्वास्थ्यमा प्रतिकूल हुने तथा वनजंगल विनासको कारक तत्वको रूपमा रहेको काठदाउराको प्रयोग उच्च रहेको र यसको बिस्थापन गरी वैकल्पिक ऊर्जा बढाउन थप चुनौती रहेको छ ।

**अवसर**

विधुत तथा वैकल्पिक उर्जा बारे राष्ट्रिय लाईन प्रसारण गरि साना जलविधुतलाई एकिकरण गरि त्यताका कर्मचारी सहित ठुलो सवस्टेसन गरि त्रिवेणी न.पा भित्रै ठुलो सवस्टेसन निमार्ण गर्ने र सवस्टेसन बाट लाईन प्रसारण गर्ने, पशुपालनमा निकै अग्रसर क्षेत्र भएकोले वैकल्पिक ऊर्जा लाई प्रोत्साहन गर्न व्यवसायिक रुपमा अनुदान दिन सकिने, सामुदायिक गोबर ग्याँसको राम्रो सम्भावना भएको,  विद्युतीय यातायातको सम्भावना भएको ।

### ६.३.३ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा मुख्य कार्यक्रम

**दीर्घकालिन सोच**

गुणस्तरीय विद्युत सेवाको पहुँच, समृद्ध त्रिवेणीको विकासको आधार ।

**लक्ष्य**

वैकल्पिक ऊर्जाको विकास र प्रर्वद्धन गर्दै गुणस्तरीय विद्युत सेवा सुनिश्चित गर्ने ।

**उद्देश्य**

- वैकल्पिक उर्जाको विकास र सत प्रतिशत विद्युतीय पहुँच सगैँ कृषि तथा औद्योगिक अभ्यासहरुलाई प्रविधिमैत्री तथा मितव्ययि बनाउने ।
- ऊर्जा व्यवस्थापनलाई दिगो र भरपर्दो बनाउनु

**प्रतिफल ३.३ सँग सम्बन्धित (विद्यूत र वैकल्पिक उर्जा रणनीति )**

- पूर्वाधार विकासमा नीजि तथा सहकारी क्षेत्रको सहकार्य अभिबृद्धि गर्ने,
- नगरपालिकालाई बैकल्पिक उर्जा (विशेष गरी सौर्य उर्जा)को केन्द्रको रुपमा विकास गर्ने,
- सम्भावित माइक्रो हाइड्रो आयोजनाहरुको स्तरोन्नतीमा जोड दिइने,
- वैकल्पिक उर्जा उत्पादनको सम्भाव्यता हेरी निजी क्षेत्रलाई आर्कषण गर्ने नीति अवलम्बन गर्ने,
- विद्युत् प्रसारण लाइन सुधार गर्न विद्युत प्राधिकरणसँग समन्वय गर्ने,
- मागअनुसार आवश्यक voltage परिपूर्ति गर्न ट्रान्सफर्मर जडान तथा क्षमता वृद्धि गर्ने,

**निर्दिष्ट कार्यनीति**

**प्रतिफल ३.३ सँग सम्बन्धित (विद्यूत र वैकल्पिक उर्जा)**

| कार्यनीति | मुख्य कार्यक्रम |
|---|---|
| सम्भाव्यता अध्ययन मार्फत त्रिवेणीलाई सौर्य उर्जाको केन्द्रको रुपमा विकास गरिने छ। | विद्युतिय तथा वैकल्पिक उर्जा विकास, प्रवर्द्धन तथा व्यवस्थापन कार्यक्रम |
| नविकरणीय उर्जाको प्रयोगमा बृद्धी गर्ने नीति अवलम्वन गरिने छ। | |
| केन्द्रीय विद्युत लाईन विस्तार लागि सम्बन्धित निकायमा आवश्यक पहल गरिने छ। | |
| नगरपालिकाको कार्यालय, वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था, आदि लगायत सार्वजनिक कार्यालयमा सौर्य उर्जा जडान गर्ने। | |
| विद्युत ऊर्जा तथा वैकल्पिक ऊर्जा प्रयोग गर्नका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने। | |
| नगरपालिकाले परम्परागत उर्जामा निर्भर परिवारलाई अनुदान सहितको बैकल्पिक उर्जाको प्रयोगमा प्रात्साहन गर्नेछ र प्रत्येक घरमा सौर्य चुलोको जडान गर्ने। | |
| कासाँगउको कोप्रमा लघु तथा साना जलविधुतको निमार्ण गर्नेछ र ठाकासैन लघु जलविद्युत योजना निर्माण हुनेछ भने मालागाड दोस्रो लघुजल विद्युतको पावर हाउसको थप क्षमता वृद्धि गर्ने। | |
| नगरक्षेत्रको विद्युतीय तथा अन्य केवल तारको वैज्ञानिक व्यवस्थापनका लागि अण्डरग्राउण्ड गरिने छ। | |

**अपेक्षित उपलब्धीहरु**

उर्जाका आधारभुत पूर्वाधारहरुको विकास भई हरेक घरधुरीमा न्युनतम उर्जाको सुनिश्चितता भएको हुनेछ। उर्जाको मुल प्रवाहमा नसमेटिएका घरधुरीहरुमा वैकल्पिक उर्जाको प्रबन्ध भएको हुनेछ।

## ६.४ सुचना तथा सञ्चार प्रविधि

सामान्य हुरी बतास र वर्षा हुँदाको समयमा network coverage कमजोर रहेको छ । यस नगरपालिका सञ्चार र प्रविधि क्षेत्रबाट पछाडि रहेको छ । यस नगरपालिकामा इन्टरनेट सेवा पनि ज्यादै कम मात्रामा पहुँच रहेको छ भने हालसम्म यस नगर क्षेत्रबाट दैनिक पत्रिका, साप्ताहिक पत्रिका जस्ता पत्रिका प्रकाशन भएको छैन । आर्थिक विकासका लागि सूचना तथा संचारको विकास अत्यावश्यक भएका कारण यस नगरपालिकामा सूचना तथा सञ्चारको विकासका लागि विभिन्न कार्यक्रमहरू गर्नुपर्ने आवश्यकता  रहेको छ ।

### ६.४.१ समस्या

विभिन्न विषयगत क्षेत्रहरुमा सूचना केन्द्रको व्यवस्था नभएको, विद्यालयहरुमा विद्यार्थीका लागि कम्प्युटर तथा इन्टरनेटको व्यवस्था पर्याप्त नभएको, कमजोर संचार प्रविधि, NTC, NCELL का टावरहरु अपर्याप्त, अव्यवस्थित संचारको पोलहरु तथा तारहरु हुनु यस क्षेत्रका समस्या हुन् ।

### ६.४.२ चुनौती तथा अवसर

**चुनौती**

सुचना संचार तथा प्रविधि विकास सम्बन्धी तालीम प्राप्त व्यक्तिको उपलब्धता, सुचना संचार तथा प्रविधि सम्बन्धी सँस्था को स्थापना, सुचना प्रविधिलाई सेवा प्रवाहको माध्यम वनाउने काम, सुचना प्रविधिले ल्याउन सक्ने बिकृति रोक्न आवश्यक नीतिगत व्यवस्था र त्यसको व्यवहारिक प्रयोग यसका चुनौती हुन् । ल्याण्डलाईन टेलिफोन तथा अप्टिकल फाइबरबाट इन्टरनेट सेवा विस्तार गर्नुपर्ने आवश्यकता र नगरपालिका वासीमा सञ्चारका सबै प्रविधि सँगको पहुँच स्थापना गरी साइबर सुरक्षा सम्वन्धी जनचेतना अभिवृद्धि गर्नुपर्ने चुनौती पनि रहेको छ ।

**अवसर**

नेपालको संविधानले सूचनाको हक, सञ्चारसम्बन्धि हकलाई मौलिक हकको रुपमा समावेश गर्नु, प्रकाशन र प्रसारण स्वतन्त्रताको हक हुनु, राज्यको खुला नीतिका कारण आम सञ्चार माध्यमहरु प्रतिस्पर्धा भई देशभरी प्रकाशन र प्रशारण विस्तार हुँदै जाँदा नागरिकले छिटो र सहज सूचना प्राप्त हुने र सरकारका कामकाजमा पारदर्शिता आउने अवस्था हुनु, सार्वजनिक निकायका काम कारवाहीका बारेमा नागरिकलाई जानकारी गराउने सामाजिक सञ्जालको विकास हुँदै जानु त्यस्तै यस नगरपालिकामा मोबाइल सेवा तथा सञ्चार सेवा मध्येमा टि.भी र रेडियोको पहुँच विस्तारै बढ्नु र आम नागरिक सुचना तथा सञ्चार क्षेत्रमा आकर्षित रहनु यस क्षेत्रको अवसरहरु हुन् । इन्टरनेटको पहुँच अझै विस्तार गर्न सकिने, WIFI free zone हरुको स्थापना गर्न सकिने, e-library को स्थापना गर्न सकिने, सुचना प्रविधिलाई सेवा प्रवाहको माध्यम वनाउन सकिने ।

### ६.४.३ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा मुख्य कार्यक्रम

**दीर्घकालिन सोच**

सूचना तथा सञ्चार, प्रविधीमैत्री त्रिवेणी निर्माणको आधार ।

**लक्ष्य**

गुणस्तरीय सुचना तथा सञ्चारको सत प्रतिशत पहुँच भई नगरवासीको जिवनयापन सहज र प्रविधिमैत्री बनाउने ।

**उद्देश्य**

- नगरका कार्यलय तथा सामाजिक सँस्थाहरुमा सुचना केन्द्रको स्थापना सगैं शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रलाई प्रविधिमैत्री बनाउने ।
- नगरपालिका वासीमा सुचना तथा सञ्चार प्रविधिको पहुँचलाई सहज र सरल बनाउने

**प्रतिफल ३.४ सँग सम्बन्धित (सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित रणनीति )**

- नगरपालिकालाई प्रविधि मैत्री नगरपालिकाको रुपमा विकास गर्ने,
- इन्टरनेट प्रदायक निजी कम्पनीहरूलाई आकर्षण गरी पूर्वाधार निर्माण गर्ने,
- नगर वासीमा साइबर सुरक्षा सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने

**निर्दिष्ट कार्यनीति**

**प्रतिफल ३.४ सँग सम्बन्धित (सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित)**

| कार्यनीति | मुख्य कार्यक्रम |
|---|---|
| सूचना प्रविधि प्रवर्द्धन तथा विस्तार गरी सेवा प्रवाहलाई विद्यूतीय प्रणालीमा आधारित तथा चुस्त बनाइनेछ । | त्रिवेणी डिजिटल सिटी विकास कार्यक्रम |
| त्रिवेणी नगरपालिका डिजिटल सिटीको रुपमा विकास गरिने छ । | |
| सवै वडा कार्यालयमा इन्टरनेटको व्यवस्था गरिने छ । | |
| नगरपालिका अर्न्तगतका कार्यालयलाई चूस्त र प्रभावकारी वनाउन सूचना प्रविधिको विकास गरिने छ । | |
| विपद व्यवस्थापन पूर्व सूचना प्रणालीको विकास गरिने छ । | |
| सामुदायिक एफ.एम, स्थानीय पत्रपत्रिका प्रकाशन तथा वितरणका लागि आवश्यक पहल तथा सहयोग गर्ने र निजी क्षेत्रलाई दर्ता तथा नविकरणमा विशेष आर्थिक सहुलियत दिनुका साथै डोठेगडामा FM रेडियोको स्थापना गर्ने । | |

**अपेक्षित उपलब्धीहरु**

नगरपालिका तथा वडाहरूमा सूचना प्रबिधिका पूर्वाधारहरू निर्माण भएको हुनेछ र नगर वासीमा आमसञ्चारको गुणस्तरीय सेवामा पहुँच पुगेको हुनेछ ।

## ६.५ सिंचाई

खाद्यान्न बाली, नगदेबाली तथा जडिवुटि उत्पादनमा राम्रो सम्भावना रहेको यस त्रिवेणी नगरपालिकामा हाल २६ वटा सिंचाइको स्रोत सञ्चालनमा रहेको छ जसमा ९ वटा सिंचाइ आयोजना मौसमी रुपमा सञ्चालनमा रहेका छन् भने कुल २६ वटा आयोजना बाट १९२० घरधुरी लावान्वित भएका छन् र ८६५ हेक्टर जमिन सिंचित सिंचाइ क्षेत्र अन्तर्गत रहेका छन् । सिंचाई कृषि उत्पादनका लागि अत्यावश्यक पूर्वाधार भएको हुँदा गाउँपालिकाले मुख्य प्राथमिकतामा राखी प्रस्तावित योजनाहरू सफल वनाउन सके कृषि क्षेत्रमा उपलव्धी हाँसिल गर्न सक्ने देखिन्छ ।

### ६.३.१ समस्या

हिउँदमा सिचाँइको अभावले गर्दा व्यवसायिक कृषिमा असर, नहरहरुको राम्रो व्यवस्थापन हुन नसकेको, सिंचाइका नयाँ प्रविधिहरुको प्रयोग हुन नसकेको, भएको कुलोमा नियमित मर्मत नहुँदा सिंचाई गर्न समस्या ।

### ६.३.२ चुनौती तथा अवसर

**चुनौती**

भौगोलिक विविधताका वावजुत सिंचाई आयोजना निर्माण गर्नुपर्ने, सिंचाई को प्राविधिक पक्ष केलाउन विज्ञको आवश्यकता पर्ने, ठुला र व्यवस्थिा सिंचाई आयोजना निर्माणका लागि लगानी जुटाउनु सिंचाईका मुख्य चुनौती हुन ।

**अवसर**

प्रशस्त खोला खोल्सी भएकोले डिप बोरिङ, ट्यूबवेलको राम्रो सम्भावना भएको, वर्षामा आउने पानीलाई संकलन गरेर ड्याम बाध्न सकिने, नहरलाई ढलान गरी पानी सञ्चालन गर्न सकिने, सिचाइँ ताल, पोखरीहरु निर्माण गर्न सकिने, थोपा सिँचाई, फोहोरा सिँचाई तथा प्लास्टिक पोखरी लगायत अन्य वैकल्पिक सिंचाई प्रणालीहरू अवलम्बन गर्न सकिने । सिंचाइ विकास गरी खेतीयोग्य जमिन विस्तार गर्न सकिने तथा प्रति एकाइ जमिन र प्रतिश्रमिक उत्पादकत्व बढाउन सकिने ।

### ६.३.३ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा मुख्य कार्यक्रम

**दीर्घकालिन सोच**

सिंचित त्रिवेणी नगरपालिका, स्वावलम्बी र निर्यातमुखी कृषिको आधार ।

**लक्ष्य**

सिँचित क्षेत्रको विस्तारसँगै खाद्य पर्याप्तता सुनिश्चित गरि निर्यातमुखी भई आयमा वृद्धि गर्ने ।

**उद्देश्य**

- कृषि क्षेत्रको उत्पादकत्व बृद्धि गर्न भरपर्दो आधुनिक सिँचाई सुविधा उपलब्ध गर्ने ।
- सिंचाई प्रणालीको दिगो तथा प्रभावकारी व्यवस्थापन गर्नु

**प्रतिफल ३.५ सँग सम्बन्धित (सिँचाइ रणनीति )**

- खेति योग्य जमिनमा सिन्चाई सुबिधा उपलब्ध गराई उत्पादकत्व र उत्पादनमा बृद्दी गर्ने ।
- उव्जाउ जमीनलाई संरक्षण गर्ने ।
- परम्परागत सिंचाई कुला र नहरहरूको मर्मतसम्भार तथा स्तरोन्नती गरी सुविधायुक्त बनाइने
- हाल सञ्चालित परम्परागत तथा सिँचाइ प्रणालीको नक्साङ्कन सहित वस्तुगत विवरण (Profile) तयार पार्ने

**निर्दिष्ट कार्यनीति**

**प्रतिफल ३.५ सँग सम्बन्धित (सिंचाई)**

| कार्यनीति | मुख्य कार्यक्रम |
|---|---|
| साना सिंचाई, कुलो निर्माण तथा मर्मत, पोखरी निर्माण तथा थोपा सिंचाईका लागि अनुदान उपलब्ध गराईने छ । | त्रिवेणी सिंचाई पूर्वाधार विकास कार्यक्रम |
| नगरपालिकाको भौगोलिक अवस्था सुहाउदो सिंचाई प्रविधिको विकास गरिने छ । | |
| पर्याप्त सिंचाई नपुगेका कृषि योग्य जमिनमा सिंचाई सुविधा पुऱ्याउन आवश्यक पर्ने पूर्वाधारको विकास गरिने छ । | |
| बढी जनसहभागिता जुट्न सक्ने योजनाहरुको निर्माणमा प्राथमिकता दिइनेछ । | |
| मुहान तथा जलाधार संरक्षणका लागि प्रत्येक घरपरिवारको सहभागिता सुनिश्चित गर्न **“हामी जोगाउँछौ हाम्रो मुहान”** कार्यक्रमलाई अभियानको रूपमा वडास्तरमा जागरण कार्यक्रम संचालन गर्ने । | |
| सिंचाई आयोजनाको उपभोक्तहरुको समूह बनाई स्थानीय व्यवस्थापनमा जिम्मेवार बनाइनेछ । | |
| विपन्न एवं पिछडिएको क्षेत्रका किसानहरुको आय वृद्धिको लागि स-साना सिंचाई आयोजनाहरु लक्षित कार्यक्रमको रुपमा संचालन गरिनेछ । | |

## अपेक्षित उपलब्धीहरु

- खेतीयोग्य जमिनमा १२ महिना पर्याप्त मात्रामा सिंचाई सेवा उपलव्ध भएको हुनेछ र कम्तीमा ५हे. जमीन थोपा सिंचाई प्रणाली र ५हे. जमीन स्प्रिङकल सिचाई प्रणालीबाट सिंचित भएको हुनेछ,
- सम्पूर्ण खेतीयोग्य तथा बाँझो जमिनमा सिंचाई सुविधा पुगेको हुनेछ,

## पूर्वानुमान

- उपरोक्त कार्यनीति कार्यान्वयन गर्न नगरपालिकाले पूर्वाधार विकास सम्वन्धी ऐन, नीति, मापदण्ड, कार्यविधि, तथा निर्देशिकाहरु निर्माण गरीसकेको हुनुपर्ने छ ।
- संघ, प्रदेश,गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि भएको हुनेछ ।
- वैकल्पिक उर्जाले नगरको उर्जा आवश्यकतालाई धेरै हद सम्म पूरा गरेको हुनेछ ।
- स्थानीय सरोकारवालाको प्रतिवद्धता, सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ ।
- पूर्वाधार विकास समितिको मातहतमा **“ त्रिवेणी एकीकृत पूर्वाधार विकास कार्यक्रम”** तर्जुमा तथा कार्यान्वयन गरिने छ ।
- पूर्वाधार विकास सम्बन्धित विज्ञको प्रत्यक्ष सहभागितामा नगरपालिकाको पूर्वाधार नीति तथा कार्यक्रम तयार गरिने छ ।

## तालिका २० पूर्वाधार विकास तर्कवद्ध खाका

➢ **असर – सडक यातायात, जलश्रोत, ऊर्जा, खानेपानी, भवन, आवास तथा वस्ती विकास, सूचना तथा संचार प्रविधि लगायतका भौतिक एवं सामाजिक पूर्वाधारहरुको गुणस्तरीय निर्माण तथा स्तरोन्नति गरी सार्वजनिक सेवा सुविधामा विपन्न तथा पछाडि पारिएका वर्ग र समूहको सहज पहुँच वृद्धि हुने**

| **सडक, पुल तथा यातायात उपक्षेत्रको उद्धेश्य** | **सूचक** | **इकाई** | **आधाररेखा (आ.व. ०७७/७८ सम्मको अवस्था)** | **लक्ष्य (सम्मको अवस्था)** | | | **पुष्टयाईका आधार** |
|---|---|---|---|---|---|---|---|
| | | | | **०७९/८०** | **०८२/८३** | **०८३/८४** | |
| **प्रतिफल ३.१ –** नगरपालिकाको सवै वडा केन्द्र, प्रमुख बजार क्षेत्र र पर्यटक स्थलहरु सम्म १२ है महिना सवारी साधन संचालन हुने सडक निर्माण भएको हुनेछ | कालोपत्रे सडक | किमी | NA | २० | ५० | ७० | ➢ नगरपालिका वस्तुगत विवरण( प्रोफाइल) ➢ अध्ययन प्रतिवेदन ➢ मूल्याङ्कन प्रतिवेदन ➢ प्रगति/अनुगमन प्रतिवेदन |
| | ग्राभेल सडक | किमी | NA | १८० | २०० | २५० | |
| | धुले सडक | किमी | ६६ | २५० | २७५ | ३०० | |
| | पक्की पुल | संख्या | ० | ८ | १० | १५ | |
| | काठे पुल/ट्रस पुल | | १८ | २० | २२ | २२ | |
| | सडक बत्ती | संख्यम | ० | १० | २० | ३० | |
| | कल्भर्ट | संख्या | ० | २० | ४५ | ५० | |
| | सहायक नदीमा झोलुङ्गे पुल | संख्या | १७ | ७ | १५ | २० | |
| | यातायात सुचारु सडक लम्बाई | किमी | ६६ | १५० | ३५० | ५०० | |
| | नगरपालिकामा संचालित ४ पाँग्रे यातायातका साधन | संख्या | १५ | ६० | १०० | १५० | |
| | नगर पालिकामा संचालिन ३ | संख्या | ० | १० | २० | ४० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | पाँग्रे यातायातका साधन | | | | | |
| | नगरपालिकामा संचालित विद्युतीय यातायातका साधन | संख्या | ० | ५ | १० | २० |
| | सडक नालीको लम्बाई | किमी | NA | ४० | १०० | १५० |
| | नियमित मर्मत संभार भएको सडकको लम्बाई | किमी | २ | १५ | २५ | ३५ |
| | वायोइञ्जिनिरिङ्ग प्रविधी र सडक साइड वृक्षारोपण | किमी | NA | ४५ | ९० | ११० |
| | व्यवस्थित ढल | मीटर | ० | १००० | २००० | ४००० |
| | | | | | | |
| **आवास, वस्ती तथा सार्वजनिक निर्माण उपक्षेत्रको उद्धेश्य** | **सूचक** | **इकाई** | **आधाररेखा (आ.व. ०७७/७८ सम्मको अवस्था)** | **लक्ष्य (सम्मको अवस्था)** | | |
| | | | | **०७९/८०** | **०८२/८३** | **०८३/८४** |
| **प्रतिफल ३.२** सवै प्रकारका आधारभूत सुविधा सम्पन्न आवास, वस्ती विकास, व्यवस्थित र गुणस्तरीय सार्वजनिक पूर्वाधार निर्माणहरु र निजि घरहरु पालिकाले निर्धारण गरेको मापदण्ड अनुसार निर्माण भएक हुनेछन | प्रवर्द्धित तथा सुरक्षित आवास क्षेत्र | संख्या | 0 | १०० | २२० | ३५० |
| | भूकम्प प्रतिरोधी भवन निर्माण संबन्धी दक्ष व्यक्ति | संख्या | 0 | ४०० | ५०० | ८०० |
| | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका सार्वजनिक भवन तथा संरचना | संख्या | ४ | २० | ४० | ८० |
| | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण | संख्या | NA | ५० | १०० | २०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | भएका आवास घर | | | | |
| **विद्युत तथा बैकल्पिक उर्जा उपक्षेत्रको उद्धेश्य** | **सूचक** | **इकाई** | **आधाररेखा (आ.व. ०७७/७८ सम्मको अवस्था)** | **लक्ष्य (सम्मको अवस्था)** | |
| | | | | **०७९/८०** | **०८२/८३** |
| **प्रतिफल ३.३ –** नगरपालिकाका सवै घरधुरी लगायत सार्वजनिक क्षेत्र, उद्योग व्यवसाय सञ्चालनमा समेत १२ है महिना गुणस्तरीय विद्युत सेवा उपलव्ध भएको हुनेछ, | | | | | |
| | विद्युत सेवा पुगेका घरपरिवार | परिवार | ३५८५ | | १०० |
| | सुधारिएको उर्जा (वायोग्यास, एलपि) प्रयोग गर्ने | परिवार | ५० | १०० | १००० |
| | जडान सौर्य होम प्रणाली र संस्थागत प्रणाली | संख्या | ० | ६० | ८० |
| | सुधारिएको वा धुवारहित चुल्हो जडान भएका परिवार | संख्या | ३५० | ५०० | ९०० |
| | खाना पकाउन विद्युतिय उर्जाको प्रयोग गर्ने परिवार | प्रतिशत | ० | १० | ३० |
| | भूमिगत विद्युतिय तार | मिटर | ० % | ६ | १० |
| | नगर क्षेत्रको विद्युतीय क्षमता | कि वा | ४५६ | १०००० | १५००० |
| | ग्रामिण क्षेत्रको विद्य्तीय क्षमता | कि.वा | ४५६ | २००० | ३००० |
| | ट्रास्फर्मर संख्या | संख्या | १७ | २० | २४ |

| सूचना तथा संचार प्रविधि उपक्षेत्रको उद्धेश्य | सूचक | इकाई | आधाररेखा (आ.व. ०७७/७८ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | पुष्टयाईका आधार |
|---|---|---|---|---|---|---|
| | | | | ०७९/८० | ०८२/८३ | |
| **प्रतिफल ३.४ –** भरपर्दो, विश्वसनीय एवं गुणस्तरीय सूचना तथा संचार सेवाको विकास र विस्तार भएको हुने | संचारका कुनै एक साधन उपलब्ध परिवार | प्रतिशत | ४५ | १०० | १०० | ➢ नगरपालिका वस्तुगत विवरण(प्रोफाइल)<br>➢ अध्ययन प्रतिवेदन<br>➢ मूल्याङ्कन प्रतिवेदन<br>➢ प्रगति/अनुगमन प्रतिवेदन |
| | इन्टरनेट सेवा प्रयोग गर्ने जनसंख्या | प्रतिशत | १ | १५ | ३० | |
| | मोवाईल वैंकिङको सुविधा लिने जनसंख्या | प्रतिशत | २ | १५ | ४० | |
| | इ सेवा प्रयोगकर्ता | प्रतिशत | ०.५ | १० | ३० | |
| | हुलाक सेवा केन्द्र | संख्या | ३ | २ | १ | |
| | पत्रपत्रिका, टेलीभिजन प्रयोग गर्ने | प्रतिशत | ५ | ५० | ९९ | |
| | पी.एस.टी.एन टेलिफोन सेवा | संख्या | ८९ | ४० | ७० | |

| सिंचाई उपक्षेत्रको उद्धेश्य | सूचक | इकाई | आधाररेखा (आ.व. ०७७/७८ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | पुष्टयाईका आधार |
|---|---|---|---|---|---|---|
| | | | | ०७९/८० | ०८२/८३ | |
| **प्रतिफल ३.५** कूल खेतीयोग्य जमिनमा १२ महिना पर्याप्त मात्रामा सिंचाई सेवा उपलब्ध | सिंचाइ बाट लावान्भित घरपरिवार | परिवार | १९२० | २००० | ४००० | ➢ नगरपालिका वस्तुगत विवरण(प्रोफाइल)<br>➢ अध्ययन प्रतिवेदन<br>➢ मूल्याङ्कन प्रतिवेदन |
| | प्रयोगमा आएका सिचाई प्रविधि | संख्या | NA | ५ | ८ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| भएको हुने | (सतह, पोखरी, ड्रिप, लिफ्ट, थोपा आदी) | | | | | ➢ प्रगति/अनुगमन प्रतिवेदन |
| | सुचारु सिंचाई आयोजना | संख्या | २६ | २८ | ३० | |
| | सिचाई सुविधा नपुगेको कृषि भूमि | हेक्टर | १७८७ | ५००० | २००० | |
| | घट्ट मिल तथा संकलन तथा प्रशोधन केन्द्र | संख्या | ११९ | | | |
| | परमपरागत पानी घट्ट | संख्या | ६६ | ५० | ४० | |
| | सुधारीएको पानी घट्ट | संख्या | ३४ | ४० | ५० | |
| | विद्युतिय मिल | संख्या | १५ | २० | २५ | |

# अध्याय सात वन,वातावरण तथा विपद व्यवस्थापन

सामान्यतया यस खण्डमा वातावरण भन्नाले भौतिक वातावरण भन्ने बुझ्नुपर्दछ । हाम्रो वरपर रहेका प्राकृतिक वस्तुहरू जस्तै वायुमण्डल, भूमि, जल, वनजंगल, जीवजन्तु, वनस्पति, जीवजन्तु र वनस्पतिको प्राकृतिक जीवन चक्र, जलवायु तथा मौसम आदिको अन्तरक्रिया र समग्रताले सृजना गरेको भौतिक अवस्थालाई वातावरण भनिन्छ । मानिसको जीवनचक्र तथा विकासका क्रियाकलापहरू भौतिक वातावरणसँग प्रत्यक्ष सम्बन्धित हुन्छन् । भौतिक वातावरण अनुकूल हुँदा विकासले उपयुक्त गति लिन सक्छ भने भौतिक वातावरण प्रतिकूल र असन्तुलित हुँदा विकास अवरुद्ध हुन्छ । अर्कोतर्फ मानिसका क्रियाकलापहरूले प्रत्यक्ष रूपमा भौतिक वातावरणमा असन्तुलन पैदा गर्दछन् । तर दिगो विकासको अवधारणाअनुरूप वातावरणीय सन्तुलनलाई यथेष्ट ध्यान दिइ गरिने विकास निर्माणले वातावरण सन्तुलनमा सहयोग पुऱ्याउनुका साथै त्यो दिगो हुनगई वर्षौंवर्षसम्म लाभ लिन सकिने हुन्छ ।

दिगो विकास लक्ष्य सन् २०३० को लक्ष्य नं. १२ मा दिगो उपभोग र उत्पादनको ढाँचा सुनिश्चित गर्ने, लक्ष्य नं. १३ मा जलवायु परिवर्तन तथा यसका प्रभावहरू विरुद्ध लड्न तत्काल कार्य थाल्ने र लक्ष्य नं. १५ मा वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमिकरण विरुद्ध लड्ने , भूक्षयीकरण रोकेर त्यस्तो प्रक्रियालाई उल्ट्याउने तथा जैविक विविधताको क्षतिलाई रोक्ने उल्लेख गरिएको छ । यी लक्ष्यहरू विश्वव्यापी रूपमा वातावरण सन्तुलनको आवश्यकतालाई टड्कारो रूपमा महशुस गरी तय गरिएका हुन् । स्थानीय स्तरका विकास योजना निर्माण गर्दा दिगो विकास लक्ष्यलाई मध्यनजर गर्नु अनिवार्य भएकोले यी लक्ष्यहरूको प्राप्तिका लागि ध्यान दिनु जरुरी छ । गाउँपालिकाको सम्पतीको रूपमा रहेका वनजंगल, जलाधार, वनस्पति र वन्यजन्तु, सुरभ्य प्राकृतिक छटा, कृषि योग्य जमिन र उपयुक्त जलवायु यहाँका वातावरणीय आयामहरू हुन् । यी प्राकृतिक सम्पदाहरू नै यस गाउँपालिकाका विकासका आधारहरू भएकोले यिनीहरूको दिगो उपयोग गरी पुस्तौंसम्म संरक्षण गर्नु नगरपालिकाको दायित्व भएकाले यस योजनाले वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी निम्न पक्षहरूलाई समेटछ ।

- वन तथा भू-संरक्षण
- जलाधार व्यवस्थापन
- विपद व्यवस्थापन तथा जलवायु परिवर्तन
- वातावरण संरक्षण

## वन, वातावरण तथा विपद व्यवस्थापन

### समस्या र चुनौती

ताल तलैया झरनाहरुको पहिचान र नक्शांकन गर्न नसक्नु, सार्वजनिक जग्गाको उचित व्यवस्थापनमा चुनौती हुनु, पानी मुहान संरक्षण ,पोखरीको संरक्षण तथा वैज्ञानिक व्यवस्थापन गर्न नसक्नु, आगलागी, चोरीनिकासी तथा चरीचरण नियन्त्रण हुन नसक्नु, नदि नियन्त्रण, पहिरो नियन्त्रण, गल्छि रोकथाम हुन नसक्नु, खोलाहरुको किनार संरक्षण, सडक किनारमा नालाको व्यवस्थापन,सार्वजनिक जग्गा वृक्षारोपण,नदि उकास गरि जमिनलाई उपयोगमा ल्याउन र जलाधार क्षेत्रको उचित संरक्षण गर्न नसक्नु, भूक्षय तथा खाली जमिनमा वृक्षारोपण नहुनु, नदी किनार तटवन्धन हुन नसक्नु **वन तथा जैविक विविधता** क्षेत्रका प्रमुख समस्या तथा चुनौती हुन । त्यसैगरी फोहर मैला विर्सजन स्थल उचित नभएको, फोहोरको वर्गीकरण नगरी व्यवस्थापन हुनु, फोहर मैला प्रशोधन नहुनु **वतावरण तथा स्वच्छताका** प्रमुख चुनौती हुन ।

### अवसर

- सामुदायिक वन कार्यक्रमलाई आय आर्जन तथा गरीबी निवारणमा जोड्न सकिने
- नगरपालिकामा रहेका सामुदायिक वनहरूलाई थप विकसित र सबल बनाउन सकिने
- खाली रहेका सार्वजनिक जग्गा, ऐलानी जग्गाहरूलाई वनको रूपमा विस्तार गर्न सकिने
- जडिबुटीको व्यावसायिक उत्पादन र प्रशोधन गर्न सकिने
- वैज्ञानिक भू-उपयोग योजना तथा भू-संरक्षण कार्यक्रम लागू गर्न सकिने

### दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा मुख्य कार्यक्रम

### दीर्घकालिन सोच

जल, जमिन, जंगल र जडीबुटीको दिगो संरक्षण तथा सदुपयोग मार्फत दिगो समृद्धि हासिल गर्ने

### लक्ष्य

नगरपालिकालाई वातावरण सन्तुलित हरित क्षेत्रको रूपमा विकास गर्ने ॥

### उद्देश्य

वन क्षेत्रको दिगो व्यवस्थापन गरी नगरपालिकाको आर्थिक श्रोतको प्रमुख आधार बनाउनु

वनको दिगो विकास सुनिश्चित गर्नु

### वन, वातावरण तथा विपद व्यवस्थापन अन्तर्गतका रणनीतिहरु

### प्रतिफल ४.१ सँग सम्बन्धित (वन/हरियाली तथा जैविक विविधता रणनीति )

- वन पैदावरमा आत्मनिर्भरता हासिल गर्दै त्यसमा आधारित उद्यमशिलता र रोजगारी बृद्धि गर्ने,
- उत्पादनमुखी व्यवस्थापनका माध्यमबाट नगरपालिकाको आर्थिक समृद्धिको दीगो स्रोतका रुपमा वन क्षेत्रको विकास गर्ने
- पानीका मूल सुकाउने प्रजातिका विरुवाहरूको पहिचान गरी तिनीहरूलाई उत्पादनशील फलफूल तथा पानीका मुहान संरक्षणमा सहायक बोट बिरुवाले प्रतिस्थापन गर्दै जाने

- राष्ट्रिय नीति र कानून बमोजिम संरक्षित वनस्पति र वन्यजन्तुको उत्पादन वा सिधै निकासी वा ओसारपसार नियन्त्रण गर्न स्थानीय समुदायसँग सहकार्य गरी स्थानीय संयन्त्र निर्माण गर्ने

**निर्दिष्ट कार्यनीति**

**प्रतिफल ४.१ सँग सम्बन्धित (वन/हरियाली तथा जैविक विविधता)**

<table>
<tr><th>कार्यनीति</th><th>मुख्य कार्यक्रम</th></tr>
<tr><td>नगर क्षेत्रको वन, जैविक विविधता तथा प्राकृतिक स्रोतहरुको व्यवस्थापन गर्न आवश्यक नीति, मापदण्ड तयार गरिने छ,</td><td rowspan="6">सहभागितामुलक वन तथा जैविक विविधता संरक्षण कार्यक्रम</td></tr>
<tr><td>नगरपालिका क्षेत्रभित्र पर्ने सामुदायिक वनलाई पर्यापर्यटन केन्द्रका रुपमा विकास गरिने छ ।</td></tr>
<tr><td>प्रदेश सरकारसँगको सहकार्यमा वन तथा जैविक विविधता अध्ययन, सर्वेक्षण तथा अनुसन्धान केन्द्र, सग्राहलय, तथा उद्यान स्थापनाका लागि आवश्यक तयारी गरिने छ,</td></tr>
<tr><td>समुदायमा आधारित वन व्यवस्थापन प्रणाली मार्फत वन तथा पारिस्थतिकीय प्रणालीको संरक्षण गरिनेछ ।</td></tr>
<tr><td>प्रत्येक वनजंगल क्षेत्रलाई लक्षित गरी कम्तीमा “एक वन एक नर्सरी” को स्थापना गर्न संम्भाव्यता अध्ययन गर्ने</td></tr>
<tr><td>स्थानीय “वन ऐन” जारी गरी वनको प्रभावकारी संरक्षण गर्ने</td></tr>
<tr><td>नगरक्षेत्रका विशेष संरक्षण क्षेत्र छुट्याई महत्वपूर्ण पारिस्थतिकीय प्रणालीको संरक्षण गरिनेछ ।</td><td rowspan="7">पर्यटन उन्मुख वन संपदा प्रवर्द्धन कार्यक्रम</td></tr>
<tr><td>गैर काष्ठ वन पैदावरको खेती विस्तार तथा वजारीकरण गरिने छ ।</td></tr>
<tr><td>नगरपालिकालाई पुष्पजन्य वनस्पतीको केन्द्र बनाईने छ ।</td></tr>
<tr><td>वन्यजन्तुबाट मानव वस्ती र खेतीपातीमा हुने आक्रमण र मानवबाट वन्यजन्तुको वासस्थानमा हुने अतिक्रमण कम गर्न</td></tr>
<tr><td>वन्य जन्तु पालन, प्रजनन तथा व्यवसायिकरण गर्न नीतिगत व्यवस्था गरिने छ ।</td></tr>
<tr><td>वन क्षेत्रमा हुने आगलागी तथा अतिक्रमणलाई रोक्न आवश्यक प्राविधिक क्षमताको व्यवस्था गरिने छ ।</td></tr>
<tr><td>वन क्षेत्र कम भएका वडाहरुमा कृषि वनको विकासमा जोड दिईने छ ।</td></tr>
</table>

| | |
|---|---|
| काठजन्य वस्तुको उत्पादन, प्रशोधन उपभोगमा विविधिकरण र प्रविधि विकास गरी नयाँ रोजगारी तथा उत्पादनका क्षेत्र सिर्जना गर्ने, | |

**अपेक्षित उपलब्धीहरु**

दिगो वन व्यवस्थापन सुनिश्चित हुनेछ । जैविक विविधताको संरक्षण भएको हुनेछ । भू संरक्षणका नमुना क्षेत्रहरुको संख्यामा उल्लेख्य वृद्धि हुनेछ । हरित क्षेत्र विस्तार हुनेछ ।

**जलाधार तथा भूमि संरक्षण**
**अवसर**

- सिमसार क्षेत्रहरूको पहिचान गरी तिनीहरूको संरक्षण र विकास गर्न सकिने
- पानीका मुहानहरूमा वृक्षारोपण गरी जलसम्पदाको संरक्षण गर्नुपर्ने
- खोला, नाला, पोखरी संरक्षण तथा वृक्षारोपण, तटबन्ध गरी विपत जोखीम न्यूनीकरण गर्न सकिने
- वन, जलाधार र भू-संरक्षणका लागि दिगो रूपमा दीर्घकालीन कार्यक्रमहरू निर्माण गरी कार्यान्वयन गर्न सकिने

**दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा मुख्य कार्यक्रम**
**दीर्घकालिन सोच**
त्रिवेणी नगरपालिकाको जल सम्पदालाई उच्चतम सदुपयोग गरी दिगो विकास हासिल गर्ने

**लक्ष्य**
नगरपालिकाको जलाधार क्षेत्रको दिगो संरक्षण गरी जलसम्पदामा आत्म निर्भर बन्ने ।
**उद्देश्य**
जलाधार क्षेत्रको प्रभावकारी व्यवस्थापन गरी आर्थिक समृद्धि हासिल गर्ने ।

**प्रतिफल ४.२ सँग सम्बन्धित (जलाधार तथा भूमि संरक्षण रणनीति)**

- एकीकृत जलाधार व्यवस्थापन मार्फत जल, जमिन, जंगलको संरक्षण गर्दै भूमिको उत्पादकत्व बृद्धि गरी त्यसमा आश्रित जनताको जिवनस्तर उकास्ने
- जलाधार व्यवस्थापन योजना निर्माण गरी भू क्षमता वर्गीकरण अनुसार भू उपयोग गर्ने
- सम्पूर्ण पानीका मुहानहरू, जलाधार क्षेत्र तथा सिमसार क्षेत्रको पहिचान तथा नक्साङ्कन गरी विस्तृत प्रोफाइल तयार गर्ने

## निर्दिष्ट कार्यनीति

**प्रतिफल ४.२ सँग सम्बन्धित (जलाधार तथा भूमि संरक्षण)**

| कार्यनीति | मुख्य कार्यक्रम |
|---|---|
| नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने सार्वजनिक पोखरीहरुको चार किल्ला निर्धारण गरि तिनको संरक्षण, सम्वर्द्धन र दीगो उपयोग गरिने छ । | त्रिवेणी जलाधार संरक्षण तथा व्यवस्थापन कार्यक्रम |
| नगरपालिका क्षेत्रभित्रका सम्पूर्ण जलाधार क्षेत्रका तथ्याङ्क अद्यावधिक गरिने छ । साथै जलाधार क्षेत्रमा हुने अतिक्रमण हटाउन आवश्यक नीतिगत व्यवस्था गरिने । | |
| पर्याप्त मात्रामा जलाधार नभएका वडाहरुलाई दृष्टिगत गर्दै आवश्यक नीतिगत व्यवस्था गरिने छ । | |
| निजी क्षेत्रको संलग्नतामा जलाधार क्षेत्र उपयोग गरी आर्थिक दिगो पर्यटन, कृषि र उद्योग क्षेत्रका कार्यक्रम संचालन गर्न अन्तरक्रिया गर्ने | |
| जलाधार तथा सार्वजनिक भूमिलाई पर्यटकीय आकर्षणको केन्द्र वनाईने छ । | |

## अपेक्षित उपलब्धीहरु

- जलाधार प्रतिकूल जंगल प्रतिस्थापन भई जलाधार संरक्षण हुने वनस्पतियुक्त वनमा परिणत हुनेछन् ।
- नगरपालिकामा रहेका सम्पूर्ण जलाधार क्षेत्रको नक्साङ्कन भएको हुनेछ ।
- जलाधार क्षेत्रहरूमा जलाधार संरक्षण विरुद्ध हुने मानवीय क्रियाकलापहरू जस्तैः वनजंगल फँडानी, निर्माण र अतिक्रमणलाई पूर्णत निषेध गरिएको हुनेछ ।
- प्रत्येक जलाधार क्षेत्रमा संरक्षण कार्यक्रमहरू लागू भई नियमित वृक्षारोपाण, तार जाली, बाँध निर्माण, पोखरी निर्माण, भू-संरक्षण तथा क्षयीकरण रोक्ने परम्परागत विधिको प्रयोग जस्ता क्रियाकलापहरू सूचारु भएका हुनेछन् ।

**प्रतिफल ४.३ सँग सम्बन्धित (वातावरणीय स्वच्छता र सुन्दरता रणनीति )**

- एक घर एक बिरुवा, तथा एक वडा एक आयुर्वेदिक वनस्पती उद्यान कार्यक्रम लागु गर्ने
- स्वास्थ्य सफा तथा हरित लाई मुर्त रुप दिने,

## निर्दिष्ट कार्यनीति

**प्रतिफल ४.३ सँग सम्बन्धित (वातावरणीय स्वच्छता र सुन्दरता)**

| कार्यनीति | मुख्य कार्यक्रम |
|---|---|
| नगरपालिकाक्षेत्र भित्र पूर्वाधार निर्माण गर्दा वातावरण संरक्षण र दिगो विकासलाई ध्यानमा राखी वातावरणमैत्री कार्यक्रमलाई प्राथममिकताका साथ अगाडी बढाउने व्यवस्था मिलाइने छ । | **त्रिवेणी वातावरणीय स्वच्छता र सुन्दरता कार्यक्रम** |
| नगरपालिका क्षेत्र भित्र प्राकृतिक तथा मानवीय कारणले हुन सक्ने क्षतीलाई न्युनिकरण गर्न आवश्यक पर्ने स्रोत, साधन र जनशक्तिको व्यवस्था गर्ने कार्यलाई प्राथमिकता दिईने छ । | |
| नगरपालिकामा उत्सर्जित ठोस फोहरलाई गैरसरकारी तथा निजी क्षेत्रसँग साझेदारीमा व्यवसायिकीकरण गर्दै व्यवस्थापन गरिने छ । | |
| नगरपालिका भित्र पुराना गाडीहरु सञ्चालनलाई निरुत्साहित गर्ने नीति लिइने छ भने विद्युतिय गाडी सञ्चालनमा प्राथमिकता दिईने छ । | |
| जमिनको उपयोगिताको आधारमा भु उपयोग नीति निर्माण गरिने छ । | |
| गैसस र अन्य संघ संस्थासँग समन्वय गरी पूर्ण सरसफाई अभियान सञ्चालन गरिने छ । | |
| प्लाष्टिकजन्य सामग्री लगायत वातावरण प्रदुषित गर्ने दैनिक प्रयोगका सामग्रीको प्रयोगलाई निरुत्साहित गरिनेछ । | |
| नगर क्षेत्रभित्र भएर वग्ने पानीका स्रोतको स्वच्छता कायम राख्न आवश्यक व्यवस्था गरिने छ । | |
| गोवर ग्याँस, सुधारिएको चुलो, विद्युतिय चुलो जस्ता कम खर्चिला तथा वातावरणीय रुपमा अनुकुल प्रविधिको प्रयोगमा जोड दिईने छ । | |
| पालिका स्तरको जलवायु नीति निर्माण गरी कायान्वयनमा ल्याईने छ । | |
| जलवायु अनुकुल रैथाने प्रविधिको पहिचान गरि विकास र विस्तार गरिने छ । | |

| | |
|---|---|
| जलवायु परिवर्तनबाट उत्पन्न समस्या निराकरण र जोखिम न्यूनिकरण तथा स्थानीय अनुकुलनको उपायहरु अवलम्बन गरी जनकेन्द्रीत सेवा विकासको अवसरमा बृद्धि गरिनेछ । | |

**विपद व्यवस्थापन**

भौगोलिक जटिलताका कारण नेपाल प्राकृतिक प्रकोपको उच्च जोखिम क्षेत्रमा रहेको छ। नेपालमा बर्सेनि प्राकृतिक प्रकोपका कारण ठूलो मात्रामा जनधनको क्षति हुने गरेको छ। नेपालमा २०७२ सालको महाभूकम्पको पीडा अझै ताजा नै छ। त्रिवेणी नगरपालिका पनि प्राकृतिक प्रकोपको दृष्टिकोणले संवेदनशील अवस्थामा रहेको छ। यस नगरपालिकामा विशेषगरी बाढी, नदी कटान, हावाहुरी, असिना, चट्याङ, अनावृष्टि, डढेँलो जस्ता प्राकृतिक प्रकोपहरू देखापर्दै आइरहेका छन् । हाल कोभिड-१९ ले जीवन थप जटिल बनाएको छ। यस्ता प्रकोपहरू सामान्यतया पूर्ण नियन्त्रण गर्न नसकेपनि प्रभाव न्यूनीकरणका उपायहरू अवलम्बन गरी जनधनको क्षतिलाई न्यूनीकरण गर्न सकिन्छ । यसका लागि नगरपालिकाले विपद् व्यवस्थापन पूर्व तयारी तथा प्रतिकार्य योजना तयार पारी लागू गर्नु आवश्यक हुन्छ ।

**प्रतिफल ४.४ सँग सम्बन्धित (विपद व्यवस्थापन रणनीति** )

- विपद व्यवस्थापनको योजना बनाई कार्यान्वयन गर्ने, ( नगर विपद् व्यवस्थापन ऐन २०७४, नगरस्तरीय विपद् तथा जलवायु उत्थानशील योजना २०७४, आपत्कालिन कोष सञ्चालन निर्देशिका २०७५ र विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७६ तयारी भइसकेको र ती ऐन, योजना तथा कार्यविधि तथा निर्देशिकाहरुलाई आवश्यकताको आधारमा निरन्तर अध्यावधिक गरी कार्यान्वयन गर्ने)
- खुल्ला क्षेत्र पहिचान तथा अभिलेखाङ्कन कार्य गर्ने,
- जोखिमयुक्त क्षेत्रमा अनिवार्य बिमाको व्यवस्था गर्ने

**निर्दिष्ट कार्यनीति**

**प्रतिफल ४.४ सँग सम्बन्धित (विपद व्यवस्थापन)**

| कार्यनीति | मुख्य कार्यक्रम |
|---|---|
| पालिका र वडा स्तर विपद व्यवस्थापन समिति गठन गरि विपद ब्यबस्थापन योजना तयार गरि कार्यान्वन गरिने छ । | त्रिवेणी विपद् व्यवस्थापन कार्यक्रम |
| विपद व्यवस्थापन र जोखिम न्यूनिकरण कोष प्रत्येक वडामा खडा गरिने छ । | |
| नगरपालिका क्षेत्रमा जोखिमपूर्ण क्षेत्रहरु पहिचान गरि आश्रय स्थल, पूर्व तयारी, विपद व्यवस्थापन सम्बन्धि तालिम, तथा | |

| | |
|---|---|
| आपतकालिन सामग्रीहरुको भण्डारण गर्ने व्यवस्था मिलाईने छ । | |
| तटबन्ध तथा स्पर निर्माण गरिएको क्षेत्रमा बृक्षारोपण कार्यक्रम गरिने छ । | |
| विपद् व्यवस्थापनका लागि विपद पूर्व तथा विपद पश्चात गर्नु पर्ने सचेतना तथा प्रतिकार्य योजना तयार गरिने छ । | |
| विपद तथा उच्च जोखिममा परेका घर परिवारलाई तत्काल राहत उद्धार र पूर्नस्थापना सम्बन्धी कार्यकम सञ्चालन गरिने छ । | |
| प्राकृतिक प्रकोपबाट हुने जोखिम, न्यूनिकरण गर्न पूर्व सूचना तयारी, उद्धार, राहत एवम् पूर्नस्थापना गरिने छ । | |
| समुदायमा आधारित विपद जोखिम न्यूनिकरण तथा विपद ब्यवस्थापनको योजना तर्जुमा गरिने छ । | |
| भौतिक संरचनाहरूको वृद्धि एबम् कमजोर संरचनाको पुनर्स्थापना गरी समुदायको विपद् प्रतिरोधि क्षमता वृद्धि गरिने छ । | |
| संक्रामक रोग तथा महामारीबाट बच्ने उपायहरूका बारेमा स्थानीय सञ्चार माध्यमहरूबाट जनचेतनामूलक सन्देश नियमित रूपमा प्रवाह गर्ने | |
| सुरक्षा निकाय अन्तर्गत शसस्त्र प्रहरी, नेपाली सेना र नेपाल प्रहरीसँग समन्वय गरी विपद्को समयमा तम्तयार रहने संयन्त्र निर्माण गर्ने | |

### अपेक्षित उपलब्धीहरु

विपद् जोखिम नक्साङ्कन भएको हुने । भौतिक संरचनाहरू मापदण्ड बमोजिम विपद् प्रतिरोधी भएको हुने, विपद् पूर्वानुमान तथा पूर्वसूचना प्रणाली प्रभावकारी भएको हुने, विपद्सम्बन्धी नीति तथा योजना बनेको हुने र विपदबाट हुने क्षतिमा न्युनिकरण भएको हुने छ ।

**विपद् पश्चात्**

- विभिन्न रोगव्याध तथा महामारी फैलन सक्ने जोखिमको पूर्वानुमान गरी जनचेतना फैलाउने
- महामारीको सामना गर्न आवश्यक चिकित्सक, स्वास्थ्यकर्मी तथा औषधीसहितको स्वास्थ्य उपचार टोलीको प्रबन्ध गर्ने
- सामुहिक भोजनको लागि भण्डारा (Common Mess) सञ्चालन गर्ने
- सुरक्षित पिउने पानी, खाद्यान्न, औषधी, कम्बल, त्रिपाल, भाँडाकुडा लगायत लत्ताकपडाको आपूर्तिको व्यवस्था मिलाउने
- मनो-सामाजिक परामर्श टोली परिचालन गर्ने
- आवास पुनर्स्थापना कार्यक्रम सञ्चालन गर्ने
- भत्केका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी लगायत सार्वजनिक संरचनाहरूको पुनर्निर्माण तथा पुर्नस्थापना गर्ने
- पोषणयुक्त आहारको प्रबन्ध गरी बालबालिका, सुत्केरी, गर्भवती, बृद्धबृद्धा, अनाथ, अपाङ्गहरूलाई प्राथमिकता दिने
- अस्थायी प्रकृतिका सेवा केन्द्रहरूको व्यवस्था गर्ने
- अस्थायी शौचालयहरूको निर्माण गर्ने

## तालिका २१ वन वातावरण तथा विपद व्यवस्थापन तर्कवद्ध खाका

➤ **असर –** वन, जैविक विविधता, भू तथा जलाधार क्षेत्र एवं वातावरणको संरक्षण, सम्वर्द्धन एवं प्रवर्द्धन गर्दै त्यसको दीगो उपयोग, र जलवायु परिवर्तन अनुकूलन सम्बन्धी न्यूनीकरणका उपायहरु अवलम्बन गरी जीविको पार्जनका अवसरहरु वृद्धि गर्दै विपद व्यवस्थापन गर्ने

| **वन तथा जैविक विविधता उपक्षेत्रको उद्धेश्य** | **सूचक** | **इकाई** | **आधाररेखा (आ.व. ०७७/७८ सम्मको अवस्था)** | **लक्ष्य (सम्मको अवस्था)** | | | **पुष्टयाईका आधार** |
|---|---|---|---|---|---|---|---|
| | | | | **०७९/८०** | **०८२/८३** | **०८३/८४** | |
| **प्रतिफल ४.१ –** नदी किनार तथा पर्ती जमिनमा सामुदायिक वन विकास तथा जैविक विविधता संरक्षण र बैज्ञानिक दिगो वन ब्यवस्थापनबाट समुदायको वन पैदावार सम्वन्धि माग सम्बोधन भएको हुनेछ | वनको संचिती दर (मि३/हेक्टर) | प्रतिशत | N/A | | | | ➤ नगरपालिका वस्तुगत विवरण(प्रोफाइल)<br>➤ अध्ययन प्रतिवेदन<br>➤ मूल्याङ्कन प्रतिवेदन<br>➤ प्रगति/अनुगमन प्रतिवेदन |
| | वन प्रजाती प्रति हेक्टर | संख्या | ३५ | ३ | ५ | | |
| | व्यवस्थित सामुदायिक तथा कबुलियती वन क्षेत्र | हेक्टर | १४१८.५९ | १५५० | १६५० | | |
| | निजी वन क्षेत्र | हेक्टर | ० | ५० | ७० | १०० | |
| | वृक्षारोपण क्षेत्र | हेक्टर | ३० | ३०० | ५०० | ७०० | |
| | आयमूलक कार्य संचालित वन क्षेत्र | हेक्टर | N/A | ३० | ५० | ७० | |
| | जैविक विविधता युक्त क्षेत्र | हेक्टर | N/A | ३०० | ५०० | ६०० | |
| **भूमी तथा जलाधार उपक्षेत्रको उद्धेश्य** | **सूचक** | **इकाई** | **आधाररेखा (आ.व. ०७७/७** | **लक्ष्य (सम्मको अवस्था)** | | | |
| | | | | **०७९/८०** | **०८२/८३** | **०८३/८४** | **पुष्टयाईका आधार** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | **८ सम्मको अवस्था)** | | | | |
| **प्रतिफल ४.२ –** जलाधार क्षेत्र, नदी उकास, सार्बजनिक र एलानी जग्गाको पहिचान गरि सामुदायिक, दलित भूमिहीन समुदायको समुह गठन गरी जलाधार नदी उकास क्षेत्रमा, सार्बजनिक जग्गामा बन तथा गैर कास्थ बन पैदावार खेती, वगर खेती तथा बाटो किनारमा बृक्षा रोपण गरि त्यसको संरक्षण भएको हुनेछ | | | | | | | ➢ नगरपालिका वस्तुगत विवरण(प्रोफाइल)<br>➢ अध्ययन प्रतिवेदन<br>➢ मूल्याङ्कन प्रतिवेदन<br>➢ प्रगति/अनुगमन प्रतिवेदन<br>➢ विपद जोखिम पार्श्वचित्र |
| | संरक्षित खेतबारीको क्षेत्रफल | हेक्टर | २११७ | ९००० | १२००० | १५००० | |
| | प्रयोग गरिएको जलस्रोतसँग कुल जलस्रोतको अनुपात | | १:३ | २:३ | ३:३ | ४:३ | |
| | पुनर्स्थापित क्षतिग्रस्त भूमिको क्षेत्रफल | हेक्टर | ५० | ४० | ३५ | ३० | |
| | नदी नियन्त्रण र उकासबाट संरक्षित जमीन | हेक्टर | १०० हेक्टर | २०० | ३०० | ३५० | |
| | नदी नियन्त्रण लम्बाई | किमी | १ | ७ | १० | १८ | |
| | स्पर तथा बाँध, चेकड्याम | किमी | २०० मि. | २ किमी | ४ किमी | ७ किमी | |
| | संरक्षित भू-क्षय र बाढी संवेदनशील क्षेत्र | हेक्टर | ९० | ६५ | ५५ | २५ | |
| | संरक्षित र व्यवस्थित तालतलैया र सिमसार क्षेत्र | संख्या | १ | १० | १५ | २० | |
| | वायोइञ्जिनियरिङ प्रविधि प्रयोग संरचनाको लम्बाई | किमी | N/A | ५ किमी | १० किमी | १२ किमी | |
| **वातावरण तथा स्वच्छता उपक्षेत्रको उद्धेश्य** | **सूचक** | **इकाई** | **आधाररेखा (आ.व.** | **लक्ष्य (सम्मको अवस्था)** | | | |
| | | | | **०७९/८०** | **०८१/८२** | **०८३/८४** | **पुष्टयाईका आधार** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७७/७८ सम्मको अवस्था) | | | | |
| **प्रतिफल ४.३ –** जलबायु अनुकुलतामा अभिवृद्धि गर्दै पर्यावरणीय स्वच्छताकालागि फोहोरमैलाको उचित व्यवस्थापन भएको हुने फोहोर मैलाबाट रोजगारी सिर्जना गर्ने | मनोरञ्जनस्थल, पार्क र हरित क्षेत्र | संख्या | ६ | १० | १२ | १३ | ➢ नगरपालिका वस्तुगत विवरण(प्रोफाइल)<br>➢ अध्ययन प्रतिवेदन<br>➢ मूल्याङ्कन प्रतिवेदन<br>➢ प्रगति/अनुगमन प्रतिवेदन |
| | प्रयोग भएका फोहोरमैला व्यवस्थापन प्रणाली | संख्या | १४.६१ | ३० | ३५ | ६० | |
| | कम्पोष्ट-विन र गार्वेज-पिट प्रयोग गर्ने परिवार | प्रतिशत | १४.६१ | २५ | ५० | ८० | |
| | नियमित सरसफाइको अभ्यास गर्ने घरधुरी | प्रतिशत | ९९ | ० | ० | ० | |
| | हात धुने स्थानमा साबुन पानीको व्यवस्था भएको घरधुरी | प्रतिशत | ७४.९२ | ८५ | ९५ | १०० | |
| | घरभित्रको धुवाँमुक्त घरधुरी | प्रतिशत | ७०% | ९९ | १०० | १०० | |
| **जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन उपक्षेत्रको उद्धेश्य** | **सूचक** | **इकाई** | **आधाररेखा (आ.व. ०७७/७८ सम्मको अवस्था)** | **लक्ष्य (सम्मको अवस्था)** | | | |
| | | | | **०७९/८०** | **०८२/८३** | **०८३/८४** | |
| **प्रतिफल ४.४ –** जलवायु परवर्तन | सुरक्षित, एकीकृत र व्यवस्थित वस्ती/आवास क्षेत्र | संख्या | ० | २ | ३ | ५ | ➢ नगरपालिका वस्तुगत विवरण(प्रोफाइल) |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| बाट हुने असर बारे समुदायलाई सचेतना अभिर्वृदी गराई अनुकुलानका उपायहरु कार्यन्वयन क साथै फोहर मैलालाको उचित व्यबस्थापन भएको हुनेछर प्राकृतिक विपदबाट हुने जोखिम तथा क्षति न्यूनीकरणको न्यूनीकरणका लागि विपद व्यवस्थापन योजना निर्माण गरि समुदायस्तरमा कार्यन्वयन गरिनेछ । | विपदबाट भएको बार्षिक क्षत्ती (जग्गा, संरचना, बाली नाली, पशु र अन्य सम्पत्ती) | रु. हजार | १ करोड | ५० लाख | २० लाख | १५ लाख | ➢ अध्ययन प्रतिवेदन<br>➢ मूल्याङ्कन प्रतिवेदन<br>➢ प्रगति/अनुगमन प्रतिवेदन |
| | खुल्ला क्षेत्र र स्थान | संख्या | ७ | १० | १४ | १७ | |
| | तालिम प्राप्त स्वयंसेवक | संख्या | ८८९ | १३०० | १५०० | १७०० | |
| | विपद् व्यवस्थापनमा क्रियाशील संघ/संस्थाहरु | संख्या | १ | ३ | ५ | ७ | |

# अध्याय आठ संस्थागत विकास तथा सुशासन

## सुशासन तथा संस्थागत विकास

वास्तविक रूपमा असल शासनको स्थापना गर्न सकेमात्र जनस्तरमा सेवा प्रवाहको प्रभावकारिता रहन्छ। राज्यले लिएको नीतिअनुरूप असल शासनका प्रमुख आयामहरूमा सार्वजनिक प्रशासनमा पारदर्शिता, निष्पक्षता, भ्रष्टाचारमुक्त, जनउत्तरदायी, शासन शुलभता र सहजता महत्वपूर्ण आयामहरू हुन्। यी आयामहरूको स्वस्थ विकास र सुनिश्चितता गर्न सकेको खण्डमा सङ्घीय संविधानको मर्मअनुरूप जनताको घरदैलोमा राज्यद्वारा प्रदान गरिने सेवा र सुविधा पुऱ्याउन सकिन्छ।

नगरपालिकाले कार्यालयहरूमा नागरिक वडापत्रको व्यवस्था, कर्मचारी तथा जनप्रतिनिधिहरूको क्षमता अभिवृद्धि तालिम, नागरिक भेला, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, अनुगमन तथा नियन्त्रण कार्यप्रणालीलाई चुस्त, व्यवस्थित तथा पारदर्शी बनाउनु आवश्यक छ।

## ८.१ संस्थागत विकासका संभावना तथा अवसर

संघीय संरचना अनुसार गठीत स्थानीय सरकार आफै संवैधानिक रुपमा अधिकार प्राप्त सार्वभौम सरकार भएकाले नगरपालिकाले पनि आफ्नो परिस्थिती अनुसारको संस्थागत संरचनाको निर्माण गरी शासकीय अवस्थालाई चुस्त वनाउन सक्ने देखिन्छ।

अर्को तर्फ स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार नगरपालिकाले आन्तरिक राजश्व सुधारकालागि राजश्व सुधार कार्य योजना वनाई कार्यान्वयन गर्न सक्ने, ऋण लिन सक्ने तथा नीजि क्षेत्रसँगको सहकार्यमा लगानी परिचालन गर्न सक्ने व्यवस्था गरेको छ। जसले गर्दा नगरपालिकाले आन्तरिक राजश्व बृद्धिका लागि आफै पहल गर्न सक्ने अवसर प्राप्त गरेको छ।

संविधान प्रदत्त अधिकारको प्रयोग गरेर नगरपालिकाले सहकार्य, सहअस्तित्व र समन्वयमा आधारमा अन्तरपालिका, प्रदेश र संघीय सरकारसँग मात्र होईन समावेशी सहभागिताका आधारमा स्थानीय समुदायहरुसँगको सहकार्यमा सामाजिक तथा आर्थिक विकासका कामहरुलाई तिव्रता दिन सक्छ। त्रिवेणी नगरपालिकाका लागि संविधानले धेरै राजनीतिक अवसर दिएको छ। त्यसलाई सहीरुपमा पहिचालन गर्न सकेको खण्डमा समाजिक तथा आर्थिक परिवर्तनका धेरै कामहरु गर्न सक्ने देखिन्छ।

## ८.२ संस्थागत विकासका समस्या र चुनौति

नगरपालिकाले गरेका काम कारवाहीको पारदर्शिता, जवाफदेहिता तथा उत्तरदायित्व अभिबृद्धि गर्न सार्वजनिक सुनुवाई तथा परीक्षण हुने गरेको भएपनि सेवा प्रबाहमा त्यस्को प्रभाव कम देखिनु, नगरपालिकामा निरीक्षण, अनुगमन र मूलाङ्कन गर्ने दक्ष संयन्त्र नहुनु, व्यवस्थित र प्रभावकारी सुचना प्रणाली नहुनु **जवाफदेहिता तथा पारदर्शिता**सँग जोडिएका समस्या तथा चुनौती हुन।

त्यसै गरी दक्ष कर्मचारी तथा विषय विज्ञको अभाव, जनप्रतिनिधिमा पर्याप्त विषयगत ज्ञानको अभाव, पालिकाले योजना निर्माण तथा कार्यान्वयनमा परिवर्तित राजनीतिक संरचनालाई पूर्ण रुपमा आत्मसाथ गर्न नसक्नु, कर्मचारी प्रशासन र जनप्रतिनिधि बीचको बुझाईमा एकरुपता हुन नसक्नु **मानव संसाधनसँग** सम्बन्धित समस्या तथा चुनौती हुन्।

अर्को तर्फ योजना छनौट तथा कार्यान्वयन प्रभावकारी नहुनु, नियमित अवलोकन, निरीक्षण, अनुगमन संयन्त्रको अभाव, विद्यमान कर प्रणाली व्यवहारिक नहुनु, पेश्की फर्छ्यौट नहुनु, बरुजु नियमित नहुनु र

लेखा समितिबाट आन्तरिक लेखा परीक्षण नहुनु, र एका तर्फ सात तहको योजना निर्माण प्रकृया र अर्को तर्फ ऐनद्वारा निर्देशित आवधिक योजना तथा मध्यकालिन खर्च संरचनाको सैद्धान्तिक आधार पालिकाको **वित्तिय श्रोत परिचालन र योजना व्यवस्थापन** सम्बन्धि समस्या तथा चुनौती हुन् ।

प्रशस्त सम्भावना तथा अवसर हुदाँ हुदैं पनि त्रिवेणी नगरपालिकामा केही दीर्घकालीन महत्व राख्ने समस्या तथा चुनौती छन् । संघीय पद्धतिमा रुपान्तरण भै सकेको सन्दर्भमा नगरपालिकाले सरकारको हैसियतमा काम गर्नुपर्ने हुन्छ जुन आफैमा चुनौतीपूर्ण छ । संविधान प्रदत्त २२ वटा एकल अधिकार र संघ प्रदेश र स्थानीय तहका १५ वटा साझा अधिकारलाई पूर्ण रुपमा कार्यान्वयन गर्न नगरपालिकासँग पर्याप्त ऐन तथा नीतिहरु वनिसक्नु पर्ने हुन्छ भने साझा अधिकारका सूचि अन्तर्गतका बिषवस्तुमा ऐन तथा नीतिहरु वनिसक्नु पर्ने हुन्छ । तर ऐन तथा नीति निर्माण तीनै तहका लागि चुनौतीपूर्ण बनेको छ । स्थानीय सरकार सञ्चालनकालागि आवश्यक पर्ने विज्ञ समूहको अभाव, राजनीतिक नेतृत्व र कर्मचारी प्रशासन विच संघीय परिपाटी सम्वन्धि वुझाईको कमी, ठूला र उच्च प्रविधियुक्त परियोजना सञ्चालनका लागि दक्ष जनशक्तिको अभाव आदि त्रिवेणी नगरपालिकाको लागि पनि चुनौतिपूर्ण नै देखिन्छ ।

## ८.३ दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य

### सोच

"चुस्त तथ्याङ्क तथा वित्तीय व्यवस्थापन,  त्रिवेणी नगरपालिकाको सरोकार जनमुखी सरकार"

### लक्ष्य

नगरपालिकाले समाबेशी सहभागीता मुलक प्रक्रिया मार्फत विकासका योजनाहरु  तर्जुमा एवम् सुशासन र सामाजिक उत्तर दायित्वको अबधारणालाई अबलम्बन गर्दै श्रोतको अधिकतम परिचालनबाट नागरिक तथा सेवाग्राहीहरुलाई सहज रुपमा  गुणस्तरीय एवं प्रभावकारी सेवा प्रदान गर्ने

### उद्देश्य

- संघिय, प्रादेशिक तथा स्थानीय ऐन, कानूनको परिपालनाबाट सेवाप्रवाहमा प्रभावकारीता एवं सुशासन अभिवृद्धि भएको हुनेछ,
- प्रभावकारी सँगठन संरचना निर्माणका साथै संस्थागत क्षमता विकास भई गुणस्तरीय सेवा प्रवाहमा अभिवृद्धि भएको हुनेछ,
- नगरपालिकाको दीगो र नियमित प्राप्त हुने सक्ने वित्तीय श्रोतको पहिचान भई अधिकतम उपलव्धी हुने क्षेत्रहरुमा श्रोत परिचालन भएको हुनेछ,
- स्थानीय योजना तर्जुमा एवं कार्यान्वयनमा व्यापक जनसहभागिता र अनुगमन नतिजामूलक र प्रभावकारी भएको हुनेछ ।

**प्रतिफल ५.१ सँग सम्बन्धित (सुशासन)**

- प्रशासनिक संयन्त्रको मनोवल उच्च राख्न आवश्यक पर्ने संयन्त्रको नीतिगत व्यवस्था, त्यसको कार्यान्वयन र अनुगमन गर्ने,
- स्थानीय परिप्रेक्ष र आवश्यकताका आधारमा कानून निर्माण तथा कार्यान्वयन गर्ने,
- **"भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता"** को नीति अवलम्बन गरिने,

**प्रतिफल ५.२ सग संबन्धित (संस्थागत संरचना तथा मानव संसाधन विकास )**

- "**स्मार्ट कर्मचारी प्रशासन**"को संरचनात्मक व्यवस्था र जनप्रतिनिधि र कर्मचारीको क्षमता बृद्धी गर्ने,

**प्रतिफल ५.३ सँग संबन्धित (वित्तीयश्रोत परिचालन)**

- आन्तरिक राजश्व प्रणालीलाई पारदर्शी र सुदृणीकरण गर्ने,
- सार्वजनिक, नीजि तथा स्थानीय समुदायको सहभागितामुलक प्रकृयाबाट स्रोत परिचालनको मोडालिटी बनाउने,

**प्रतिफल ५.४ सँग संबन्धित (योजना व्यवस्थापन)**

- समाबेशी सहभागीतामुलक योजना तर्जुमा प्रक्रिया, सामाजिक उत्तरदायित्व तथा जबाफदेहिताका बिधिहरुको कार्यान्वयनलाई संस्थागत गर्ने,

**८.४ कार्यनीति**

**क) वहुआयामिक कार्यनीति**

- ➢ नगरपालिकाको संस्थागत सुधारकालागि सुशासन तथा संस्थागत विकास मातहत "**संस्थागत विकास कार्यक्रम**" सञ्चालन गरिने छ ।
- ➢ नगरपालिकामा विषय क्षेत्रगत विज्ञको स्थाई संरचना निर्माण गरिने छ ।

**ख) निर्दिष्ट कार्यनीति (प्रतिफल ५.१ सँग सम्बन्धित (सुशासन, ऐन नियम, कानून, नीति तथा जवाफदेहिता उपक्षेत्रको उद्धेश्य )**

| **कार्यनीति** | **मुख्य कार्यक्रम** |
|---|---|
| नेपालको संविधान, अनुसूची-८ र स्थानीय सरकार संचालन ऐन, २०७४ मा उल्लेख भए अनुसार स्थानीय तहको काम, कर्तव्य र अधिकारसँग सम्बन्धित विषयहरुमा आवश्यक पर्ने ऐन, नियम, निर्देशिका र कार्यविधि तर्जुमा गर्ने कार्यलाई निरन्तरता दिने व्यवस्था मिलाइनेछ । | संस्थागत विकासका लागि नीतिकार्यक्रम तथा योजना तजुर्मा कार्यक्रम |
| विगत आर्थिक वर्षमा भएका ऐन, नियम, निर्देशिका, मापदण्ड र कार्यविधिहरुको आवश्यकता अनुसार संशोधन तथा परिमार्जन गर्ने र यसको प्रभावकारी | |

| | |
|---|---|
| रुपमा कार्यान्वयन गरिने छ। | |
| नगरपालिकाको न्याय प्रणालीलाई प्रभावकारी बनाउन न्यायीक समिति अर्न्तग सम्बन्धित क्षेत्रका विज्ञको संलग्नतालाई सुनिश्चित गरिने छ। | |
| सुशासन तथा ऐन कानुन जवाफदेहिताको लागी गुनासो सुनवाई योजनाको सुपरीवेक्षण गरिने छ। | |
| सार्वजनिक सेवा प्रवाहमा र सुशासन स्थापनामा समस्याको रुपमा रहेको **"भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता"** को नीति अवलम्बन गरिनेछ। जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, उपभोक्ता समिति लगायत सबै निकायलाई नागरिक प्रति उत्तरदायी बनाउने व्यवस्था मिलाइनेछ। | |
| प्रत्येक वडामा कानुन व्यवसाहीको परामर्शदाताको गरिने छ। | |
| कैलाशमाण्डौ डाँडामा प्रहरी चौकि स्थापना गरिने छ। | |
| नगरपालिका तथा वडा कार्यालयहरुलाई सूचना प्रविधि युक्त बनाईनेछ। सेवा प्रवाहको प्रभावकारीतालाई नियमित रुपमा अनुगमन गर्न सामाजिक सञ्जाललाई जनतासँग स्थानीय सरकार जोड्ने माध्यमको रुपमा प्रयोग गरिने छ। | |
| सामाजिक सुरक्षा भत्ता लगायत स्थानीय सरकारले दिने सम्पूर्ण सेवा सुविधालाई आधुनिक सूचना प्रविधि प्रणालीसँग आवद्ध गरी सेवालाई मितव्ययी वनाईने छ। | |
| नगरपालिकाको निर्णय प्रकृयामा स्थानीयको सहभागितालाई सुनिश्चित गर्न सुचना प्रणाली तथा सामाजिक सञ्जालको प्रयोग गरिने छ। | प्रविधि मैत्री शुसासन कार्यक्रम |
| वाल, अपाङ्ग तथा महिला मैत्री स्थानीय शासन कायम गर्न कार्यक्रमहरु सञ्चालन गरिने छ। | |
| नगरपालिकाका मुख्य मुख्य बजार क्षेत्रमा सिसि टि.भि. जडान गरी अपराध नियन्त्रण तथा शान्ति सुरक्षा कायम गर्न सहजिकरण गरीने छ। | |

**प्रतिफल ५.२ सग संबन्धित (संस्थागत संरचना तथा मानव संसाधन विकास )**

| कार्यनीति | मुख्य कार्यक्रम |
|---|---|
| नगरपालिकाको जनशक्ति व्यवस्थापनकालागि संगठन तथा व्यवस्थापन सर्वे गरी तदअनुरुप संस्थागत संरचना निर्माण गरिने छ | **संस्थागत संरचना तथा मानव संसाधन विकास** |
| दरबन्दी र आवश्यक्तानुसारको कर्मचारी व्यवस्थापनको लागी संघ तथा प्रदेशमा पहल गरिनेछ र क्षमता विकासको लागी तालिम प्राप्त जनशक्तिको व्यवस्था मिलाईने छ । | |
| नगरपालिका सबै वडा कार्यालयलाई भौतिक सुविधा सम्पन्न बनाईने छ । | |
| नगरपालिकाद्वारा तर्जुमा भएका ऐन, नियम, निर्देशिकामा भएको व्यवस्था अनुसारका कोषहरु स्थापना गरी आवश्यकता र आर्थिक श्रोतको आधारमा रकम जम्मा गर्ने व्यवस्था मिलाईने छ । | |
| नगरपालिकामा नगर प्रमुख मातहत रहने गरी विषय विज्ञताको समुह निर्माण गरिने छ । | |

**प्रतिफल ५.३ सँग संबन्धित (वित्तीयश्रोत परिचालन)**

| कार्यनीति | मुख्य कार्यक्रम |
|---|---|
| हाल विद्यमान कर, सेवा शुल्क तथा दस्तुरको दर घटाई दायरा बढाउने रणनीति लिईने छ । त्यसका लागि राजश्व सुधार कार्ययोजना तयार गरिने छ । | आन्तरिक राजश्व सुधार तथा अभिबृद्धि कार्यक्रम |
| सरकार, निजि क्षेत्र, सहकारी तथा समुदायको समान सहभागितामा पूजी निर्माण युक्त आयोजनाहरु निर्माण गरी कार्यान्वयन गरिने छ । | |
| नगरवासी क्रयशक्ति वढाउने तथा व्यवासायी र उद्योगी को उत्पादन वचत वढ्ने उपायहरुको नीतिगत व्यवस्था गरिने छ । | |
| नगरपालिका अर्न्तगताका वडाहरुको स्रोत नक्शा तयार | |

| | |
|---|---|
| गर्ने कार्य अगाडी बढाईने छ । | |
| नगरपालिकामा कार्यरत स्थानीय तह तर्फका स्थायी कर्मचारीहरुका लागि योगदानमा आधारित अवकाश कोषको व्यवस्था मिलाईने छ । | वित्तिय स्रोत परिचालन तथा पूजी निर्माण कार्यक्रम |
| नगरपालिका र वडा कार्यालयबाट संचालन हुने योजनाहरुको अनुगमन र निरीक्षण कार्यमा सम्बन्धीत वडाका निर्वाचित वडा सदस्यहरुलाई जिम्मेवार बनाउने विधि र प्रक्रियाको पहिचान गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइने छ । | |
| नगरपालिकाको समग्र विकासका लागि आवश्यक पर्ने जनशक्तिको पहिचान गरी दक्षता अभिबृद्धि गर्ने कार्यक्रम संचालन गरिने छ । | |
| वेरुजु न्यूनिकरणका लागि नीति तथा कार्यक्रम निर्माण गरिने छ । | |
| लगानी मैत्री वातावरण बनाउन आवश्यक नीतिगत व्यवस्था गरिने छ । | |

**प्रतिफल ५.४ सँग संबन्धित (योजना व्यवस्थापन)**

| कार्यनीति | मुख्य कार्यक्रम |
|---|---|
| नगरस्तरीय योजना वैंक निर्माण गरीने छ | योजना व्यवस्थापन तथा सुदृढीकरण कार्यक्रम |
| लाभलागत विश्लेषणका आधारमा योजनाको छनौट तथा कार्यान्वयन गरिने छ । | |
| संघीय ऐन तथा स्थानीय कार्यविधिअनुसार वार्षिक योजना तथा बजेट तर्जुमाको प्रकृया अवलम्बन गरिनेछ । | |
| स्थानीय वस्तुगत विवरण, तथ्यांक र आवश्यकताको आधारमा योजना तर्जुमा गरिनेछ । | |
| चौमासिक योजना कार्यान्वयन तथा प्रगतिको समिक्षा सम्बन्धी प्रकृया तयार गरी कार्यान्वयन गरिनेछ । | |
| विषय क्षेत्रगत  योजना तर्जुमा गरी लागू गरिनेछ । | |

| | |
|---|---|
| योजना व्यवस्थापनका लागी बनाइएका योजना संरक्षण गरी कार्यान्वयनमा ल्याइनेछ । | |

**अपेक्षित उपलब्धीहरु**

- जनचासोमा केन्द्रित जनमुखी सरकार महसुस हुने सेवा प्रणालीको विकास भएको हुनेछ ।
- लक्षित समुदायलाई व्यवसाय दर्तामा छुट तथा अनुदान दिइएको हुने तथा गाउँपालिकाको आय व्यय नियमित प्रकाशन गर्ने प्रणालीको विकास भएको हुनेछ ।

**पूर्वानुमान**

- उपरोक्त कार्यनीति कार्यान्वयन गर्न नगरपालिकाले संस्थागत विकास तथा सुशासन सम्वन्धी ऐन, नीति, मापदण्ड, कार्यविधि, तथा  निर्देशिकाहरु निर्माण गरीसकेको हुनुपर्ने छ ।
- संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि भएको हुनेछ ।
- स्थानीय सरोकारवालाको प्रतिवद्धता, सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ ।

| नतिजा स्तर | नतिजा | सुचक | इकाई | आधार वर्ष | लक्ष्य | | | | पुष्ट्याइँ को स्रोत | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७७/७८ | २०७९/८० | २०८०/८१ | २०८२/८३ | २०८३/८४ | | |
| **प्रभाव** | सार्वजनिक सेवालाई परदर्शी, विकास मैत्री, मितव्ययी तथा दीगो वनाउदै उपलब्ध मानव संसाधनको मनोवल उच्च भएको हुने | सेवा प्रबाहमा सेवा ग्राहीको सन्तुष्टिको स्तर | प्रतिशत | ६० | ८० | ८५ | ८७ | ९० | पार्श्व चित्र | नपा |
| | | वार्षिक योजनामा आर्थिक विकास तथा आयमुलक क्षेत्रमा लगानी | प्रतिशत | ४.३६ | ८ | ९ | १० | १२ | | |
| **असर १** | सार्वजनिक सेवालाई जवाफदेही र जनउत्तरदायी वनाइ विधिको शासन कायम भएको हुने छ | नगरपालिकाले स्वीकृत गरेका कानून तथा नीति | संख्या | | | | | | पार्श्व चित्र | नपा |
| | | ऐन | संख्या | ३ | ४ | ५ | ७ | ९ | | |
| | | नियम तथा विनियम | संख्या | ० | २ | ५ | ७ | ९ | | |
| | | निर्देशिका, कार्यविधि र मापदण्ड | संख्या | १३ | १५ | १८ | २० | २२ | | |
| | | नीति तथा मार्गदर्शन | संख्या | ३ | ४ | ५ | ६ | ७ | | |
| | | क्रियाशिल नीतिगत समिति तथा संयन्त्र ( | संख्या | ९ | | | | ९ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | विधायन, सुशासन, लेखा, राजस्व, योजना तथा बजेट तर्जुमा, अनुगमनआदि) | | | | | | | | |
| | | नागरिक वडापत्र | संख्या | १ | | | | २ | | |
| | | सार्वजनिक सुनुवाई | संख्या | २ | ४ | ६ | ८ | १० | | |
| | | सामाजिक परीक्षण | संख्या | २ | ३ | ४ | ५ | ६ | | |
| | | पालिका पेश भएका सरकार संचालन तथा सेवा प्रवाहसम्बन्धी गुनासो सुनुवाई | संख्या | २० | ३० | ३५ | ४५ | ५० | | |
| **प्रतिफल १** | नगरपालिकाको सेवा प्रवाह पारदर्शी तथा प्रभावकारी भएको हुने | नगरपालिकामा आवश्यक नीति तथा कानुन तर्जुमा | संख्या | ० | १ | २ | ३ | ४ | पार्श्व चित्र | नपा |
| | | विद्युतीय शासन पद्धतिको प्रभावकारी कार्यान्वयन | संख्या | ० | १ | २ | ३ | १ | | |
| | | कर्मचारीको मनोवल उच्च तथा सदाचारी वनाउन विशेष प्याकेजको नीतिगत व्यवस्था | संख्या | ० | १ | २ | ३ | ३ | | |
| **असर २** | प्रशासनिक | नगरपालिकामा कार्यरत | संख्या | १९ | २५ | २८ | ४० | ५० | पार्श्व | नपा |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सेवालाई तथा कर्मचारी संयन्त्रलाई उच्च मनोवल युक्त, प्रभावकारी तथा प्रविधिमैत्री भएको हुने | मानव संशाधन | | | | | | | चित्र | |
| | | नगरपलिकामा कार्यरत विषय विज्ञ कर्मचारी | संख्या | ० | २ | ४ | ७ | ७ | | |
| | | नगरपालिका तथा वडा कार्यालय भवन | संख्या | १० | १ | २ | ४ | ७ | | |
| | | सेवा सुचारु सेवा तथा श्रोत केन्द्र (स्वास्थ्य, कृषि, पशु सेवा, शिक्षा, सूचना) | संख्या | १८ | १९ | २० | २२ | २४ | | |
| | | नगरपालिकामा संचालित संघीय र प्रदेश आयोजना तथा कार्यक्रम एवं इकाई | संख्या | १ | २ | ४ | ५ | ६ | | |
| **प्रतिफल २** | संगठन विकास अध्ययनबाट नगर पालिकाको आवश्यकता बमोजिमको प्रशासनिक संरचना निर्माण गर्न सहयोग पुगेको हुने | संगठन सर्वेका आधारमा प्रभावकारी र वैज्ञानिक संरचना निर्माण गरिने छ। | संख्या | ० | १ | १ | २ | ३ | पार्श्व चित्र नपा | नपा |
| | जनप्रतिनिधि तथा | कार्यशर्तका आधारमा नगरपालिकाको | संख्या | १ | १ | | २ | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कर्मचारीको कार्यविभाजन तथा क्षमता अभिबृद्धिबाट कार्यपालिकाको कार्यपद्दतिमा गुणात्मक सुधार भएको हुने | जिम्मवारीलाई कार्यपालिका सदस्य बीच बाँडफाँड गरिने छ । | | | | | | | | |
| | नगरपालिकाको आर्थिक तथा सामाजिक क्षेत्रको विकासमा गुणात्मक प्रभाव परेको हुनेछ | नगरपालिका मुल भएका विभिन्न क्षेत्रका विज्ञको विज्ञता उपयोग गर्ने गरी विशेष व्यवस्था (आल्मुनाई) गरिने छ | संख्या | १ | ३ | ४ | ५ | | | |
| **प्रतिफल ३** | नगरपालिकाको आन्तरिक आयको सम्भाव्य स्रोतको लेखाजोखा हुने | नगर पालिकाको राजश्व सुधार सम्भाव्यता अध्ययन | संख्या | ० | १ | २ | ४ | | पार्श्व चित्र | |
| | नगरपालिकालाई सम्पन्न वनाउन नीति तथा सहकारी क्षेत्रको योगदान | नगरपालिकाको आर्थिक विकास र पुजीनिर्माणमा मा टेवा पुग्ने नाफामुलक क्षेत्रमा नीजि क्षेत्रसंग | दरवन्दी | ० | १ | २ | ४ | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुगेको हुने | सहकार्य | | | | | | | | |
| | नगरपालिकाको आर्थिक परिचालनमा टेवा पुगेको हुने | अनौपचारिक मौद्रिक गतिविधिलाई पालिकोका दायरा मा ल्याईने छ। | प्याकेज | निरन्तर | | | | | | |
| असर ४ | योजना तर्जुमा प्रकृयालाई चुस्त, मितव्ययी तथा प्रभावकारी वनाउनु | स्थानीय गौरवका आयोजनाहरुको सूची | संख्या | १५ | | | | | पार्श्व चित्र | नपा |
| | | तर्जुमा भएका विषयगत रणनैतिक योजना (विषय) | क्षेत्र | | | | | | | |
| | | बार्षिक योजनामा आर्थिक विकास तथा आयमूलक क्षेत्रमा लगानी अनुपात | प्रतिशत | ४.३६ | ८ | १६ | २४ | | | |
| | | कूल आयोजना मध्ये उपभोक्ता समितिबाट कार्यान्वयन भएका आयोजनाको अनुपात | प्रतिशत | ८० | ८५ | ८८ | ९० | | | |
| | | समयमा सम्पन्न आयोजना/कार्यक्रमको अनुपात | प्रतिशत | ६० | ७० | ७५ | ७८ | | | |
| | | आयोजना/कार्यक्रम अनुगमन प्रतिवेदन संख्या (पटके, मासिक, | पटक | ७ | ८ | ९ | १० | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चौमासिक, बार्षिक) | | | | | | | | |
| | | नगरपालिकाबाट प्रकाशित दस्तावेज र प्रतिवेदन | संख्या | ४३ | | | | | | |
| | | सहभागिता मुलक योजना तर्जुमा तथा अनुगमन प्रक्रियामा लक्षितवर्ग/समुदायको प्रतिनिधित्व (महिला, दलित, जनजाति र बालबालिका) | संख्या | NA | १८ | ३६ | ७२ | ९२ | | |
| **प्रतिफल ४** | उपभोक्ता समितिबाट कार्यान्वयन भएका आयोजना वढी प्रभावकारी भएका हुने | उपभोक्ता तथा परामर्शदायी संस्थाको परिचालनका लागि नीतिगत व्यवस्था गर्ने | संख्या | १ | | | | | पार्श्व चित्र | नपा |

# अध्याय नौं कार्ययोजना तथा श्रोत व्यवस्थापन

## ९.१ पृष्ठभूमि

समष्टिगत सोच, लक्ष्य र उद्देश्यको प्रभावकारीताको मापन त्रिवेणी नगरपालिकाले अवलम्बन गर्ने कार्ययोजनाले गर्छ । बिषयगत रुपमा नगरपालिकाले तोकेका परिमाणत्मक लक्ष्यहरुलाई एकातर्फ दीगो विकासका लक्ष्यसँग तादाम्यता कायम गर्दै पुरा गर्नु पर्ने हुन्छ भने अर्को तर्फ राष्ट्रिय तथा प्रादेशिक लक्ष्यसँग पनि समान्जस्यता कायम गर्नु पर्ने हुन्छ । विकासले समाजका भौतिक तथा अभौतिक तत्वहरुमा आएको सकारात्मक परिवर्तनलाई समेट्न सक्नु पर्छ । नगरपालिकाको सन्दर्भमा विद्यमान विषयगत क्षेत्र अन्तर्गतका उपक्षेत्रहरुको अवस्थामा आएको सन्तुलित तथा सकारात्मक परिवर्तनले मात्र नगरपालिकाको सर्वाङ्गिण विकासलाई दर्शाउन सक्छ । यही कुरालाई दृष्टिगत गर्दै त्रिवेणी नगरपालिकाको आवधिक विकास योजनातर्जुमा कार्यशाला गोष्ठिले नगरपालिकाको समृद्धि सपना साकार पार्न तय गरेको  कार्ययोजनालाई तल प्रस्तुत गरिएको छ ।

## ९.२ स्थानीयवासीको अपेक्षा

### ९.२.१ आर्थिक विकास

- कृषि भूमिको वर्गीकरण हुनुपर्ने,
- पकेट क्षेत्र निर्धारण गर्नु पर्ने,
- वजार व्यवस्थापन तथा सित भण्डार निर्माण गर्नुपर्ने,
- मेयर कृषि कार्यक्रमको प्रभावकारीता वढाउनु पर्ने,
- कुल खेतियोग्य जमिनको १६ प्रतिशतमा मात्र सतह सिंचाइ भएको
- आर्थिक रुपमा विपन्न परिवारका लागि विशेष कृषि प्याकेज,
- युवालाई पशुपालन तर्फ प्रोत्साहित गर्न विशेष कार्यक्रम लागु गर्नु पर्ने,
- कृषि पर्यटन, ताल तथा जलाशयको निर्माण, माछा पालन गर्नु पर्ने,
- कृषक, उद्योगी तथा व्यापारीलाई सहज रुपमा वित्तिय सेवा उपलब्ध हुनुपर्ने,
- कर प्रणाली चुस्त हुनु पर्ने,
- हाइटेक टनेल, आधुनिक कृषि औजार, जैविक मल, मलचिङ्ग तथा विउविजनको व्यवस्था हुनुपर्ने,
- कुलो, थोपा सिंचाई, डिप बोरिङ, वेताल वरडाँडा तथा खयरमाराखोलामा जलाशय निर्माण
- दुध डेरी, चिस्यान केन्द्रको निर्माण, कृषि संकलन केन्द्र, जडिबुटी प्रशोधन केन्द्र ( चिराइतो, दालचिनी, कोइरालो ) को स्थापना गर्ने,
- खाद्यान्न बालिको पकेट क्षेत्र हेरी आवश्यक विउ विजन तथा प्राङ्गारीक मल र किटनाशक औषधीको उचित व्यवस्थापन गरी दिनु पर्ने,

- वडा नं. ६ का जवालगाँउ, सिमाकृष्णनगर, बुढाटोल, नाईवाडा, फल्नेतोला, गडिगाँउ मौरी पालनको प्रवल संभावना भएकोले सो अनुसार कृषकलाई तालिम दिई मौरी पालनमा प्रोत्शाहन गर्ने,
- मौसमी बेमौसमी तरकारी खेतिको उचित तालिम दिइनु पर्ने र एक घर एक करेसा बारी बनाउन उत्प्रेरणा गर्ने,
- कृषि सहकारी संस्था स्थापना गरी कृषकलाई ऋण र अनुदान दिइनु पर्ने,
- वडा नं. १ मा लालिगुराँस, धगाँरु धेरै हुने हुँदा सो को प्रशोधन गरी जुस उत्पादन गरी यस वडा क्षेत्रका बासिन्दालाई आत्मनिर्भर बनाउने ,

### ९.२.२ सामाजिक विकास

- शिक्षा क्षेत्रमा पर्याप्त वजेट विनियोजन हुनुपर्ने
- समय सुहाउदो शिक्षाको व्यवस्था हुनुपर्ने
- सामुदायिक विद्यालयलाई आवासिय विद्यालयको रुपमा विकास गर्नुपर्ने
- सवै विद्यालयमा विज्ञान प्रयोगशालाको निर्माण हुनुपर्ने
- विद्यालय खाजा कार्यक्रम
- विद्यालय अनुपात बमोजिम शिक्षक दरवन्दीको व्यवस्था हुनुपर्ने
- सवै वडामा भौतिक पूर्वाधार, खानेपानी, विज्ञान प्रयोगशाला शैक्षिक सामग्रीको प्रवन्ध हुनुपर्ने
- सुचना प्रविधिमैत्री विद्यालयको स्थापना हुनुपर्ने
- शिकाइ केन्द्रका लागि आवश्यक भौतिक पूर्वाधारको अभाव
- सवै वडामा न्युनतम स्वास्थ्य उपकरण, भौतिक पूर्वाधार सहितको स्वास्थ्य चौकी तथा योग अभ्यासका लागि आवश्यक भौतिक पूर्वाधार र दक्ष जनशक्तिको व्यवस्था हुनु पर्ने
- प्रत्येक वडामा अत्याधुनिक सुविधा सम्पन्न वर्थिङ्ग सेन्टरको व्यवस्था हुनु पर्ने,
- शुद्ध खानेपानी व्यवस्थापनका लागि आवश्यक व्यवस्था गर्नुपर्ने
- ढलको उचित व्यवस्थापन हुनु पर्ने
- खुल्ला दिशा मुक्त क्षेत्रको प्रभावकारी कार्यान्वयन हुनुपर्ने
- मौरे स्थलमा शवदाहा गृहको निर्माण गरी उचित व्यवस्थापन गर्ने,
- लक्षित वर्ग तथा सामाजिक समावेशीकरणको प्रभावकारी कार्यान्वयनका लागि ठोस नीतिगत पहल हुनुपर्ने
- प्रत्येक वडामा न्यूनतम खेलकुद पूर्वाधार हुनुपर्ने ,

- युवाका लागि राष्ट्रिय, प्रदेश स्तरको खेलकुदमा तालिम गराई राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका खेलाडीहरु उत्पादन गर्ने,
- जातिय तथा भाषिक संग्राहलयको व्यवस्था हुनुपर्ने
- स्थानीय कला संस्कृति, भाषा, तथा साहित्य विकासका लागि वडा स्तरमा एक संयन्त्र गठन गरी ठोस योजना निर्माण गर्नु को साथै स्थानिय भाषामा पत्रपत्रिका प्रकाशित गरी संचालनमा ल्याउन उचित व्यवस्थापन गर्ने,
- बडिमालिका र नाटेश्वरी मन्दिर लाई विश्व सम्पदाको सुचीमा दर्ता गर्ने
- पञ्चेबाजाको संरक्षण र दमाहा, झ्येली, नरसिं, सिताई आदिको प्रवद्धन गर्न नगरपालिकाबाट उचित सहयोग र व्यवस्थापन गरिनु पर्ने,
- स्थानिय मागल, चाँचरी, झोडा, सगुन आदिलाई लिपिवद्ध गरी भाषा संस्कृति संग्रह पुस्तक प्रकाशन गर्ने,
- युवा रोजगार केन्द्रको स्थापना हुनुपर्ने,
- यस त्रिवेणी नगर क्षेत्र भित्र रहेका भाषा, संस्कृति, चाड पर्व, ऐतिहासिक महत्वका स्थानहरुको संरक्षण गर्ने कार्य गरी एउटा संग्राहलयको निर्माण गर्ने,
- सार्वजनिक विद्यालयमा अंग्रेजी र नेपाली दुवै भाषामा विद्यालय शिक्षा संचालन गर्न चाहने विद्यालयलाई प्रस्तावना माग गरी अनुदान दिने व्यवस्था गर्ने र निजी विद्यालयलाई विस्तारै विस्थापना गर्ने,
- प्रत्येक विद्यालयमा डिजिटल सिस्टमबाट अध्ययन अध्यापन व्यवस्थापन गर्न जनशक्तिलाई तालिमको व्यवस्थापन गरी विद्यालयहरुमा डिजिटल सिस्टमबाट अध्ययन अध्यापन संचालन गर्ने ,
- प्रत्येक विद्यालयका लेखा सम्बन्धी कार्य गर्ने व्यक्तिलाई शैक्षिक सुचना प्रणाली र लेखाप्रणाली सम्बन्धी तालिम संचालन गरी सफ्टवयरबाट लेखा प्रणाली व्यवस्थापन गर्ने,
- आमाबुवा र अभिभावक विहिन बालबालिकाको लागि एउटा माध्यामिक तहको विद्यालय संचालनमा ल्याउने र छात्रवृत्ति सहितको आवासिय सुविधा उपलब्ध गराउने,

### ९.२.३ पूर्वाधार विकास

- आवश्यक ठाउँहरुमा झोलुङ्गे पुल तथा पक्की पुल निर्माण गर्ने
- सडक पुर्वाधारलाई व्यवस्थित वनाउने
- वडा नं ९ को बडिमालिका भण्डार गृह देखि खिन्नै सत्य जोड्ने सडक निर्माण गर्नुको साथै वडा नं ९ को कुलीबाद देखि वडा नं ८ को बनघर हुँदै कैलासमाण्डौ डाँडा जोड्ने सडक निर्माणको कार्य गर्ने,

- एक्लेसल्ला देखी गहतेमाई विना हुँदै बडिमालिका पर्यटकीय सडक निर्माण गर्नुको साथै त्रिवेणी नगरपालिका केन्द्र बाट दोमिड दामवन हुँदै भेलकुट ठकेनी, ठोगदिना सम्मको सडक निर्माण,
- पन्धारा गाउँ सोत्ता बाट मष्टमााण्डौ हुदै ठुलागडा बडिमालिका सम्म सडक निर्माण गर्ने,
- प्रत्यक वडामा विश्राम स्थल र प्रतिक्षालय निर्माण गर्नुको साथै टुडेगडामा बसपार्क निर्माण गर्ने,
- विधुत तथा वैकल्पिक उर्जा बारे राष्ट्रिय लाईन प्रसारण गरि साना जलविधुतलाई एकिकरण गरि ठुलो सवस्टेसन निर्माण गरि त्रिवेणी नगरपालिका भित्रै सवस्टेसन बाट लाईन प्रसारण गर्ने ,
- उपयुत्त स्थान बाट वडिमालिका मन्दिर सम्म केबुलकार संचालन गर्ने,
- ओखली पडा माई भगवती मन्दिर देखि कोटबाडा बस्ति हुँदै मस्टामाण्डौ सम्मको पर्यटकिय पद मार्ग निमार्ण गर्ने सँग सँगै मौरे देखी तोलि हुँदै छतारा सम्म अर्को पदमार्ग पनि निर्माण गर्ने,
- स्थानियहरुको प्रत्यक्ष सहभागितामा किम्ती खोलामा हाईड्रोपावर निर्माण गरिने
- बम्का देखी त्रिवेणी नगरपालिकाको केन्द्र जोड्ने (बुढीगंगा नदी) पक्की पुल निर्माण गर्ने,

### ९.२.४ वन वातावरण तथा विपद् व्यवस्थापन

- माटो सुहाउदो बृक्षारोपण
- वन उपभोक्ता समितिलाई वन डिभिजन कार्यालयबाट अधिकार सुनिश्चित गर्नु पर्ने
- वन क्षेत्रमा हुने आग्लागीबाट वचाउन अग्नी रेखांकन कार्यको योजना वनाउनु पर्ने
- चरीचरण नियन्त्रणकालागि कान्जी हाउसको व्यवस्था गर्नु पर्ने
- जडीवुटी प्रशोधनको व्यवस्था हुनुपर्ने
- खोल्सा खोल्सीमा चेक ड्यामको व्यवस्था
- जोखिम न्यूनीकरण पूर्व योजना निर्माण
- गैरकाष्ठ वन पैदावरको व्यवस्था
- यस वडा नं.९मा रहेका सामुदायिक वन क्षेत्रमा पाइने टिमुर, अल्लो, भाँगो, सतुवा, कुरिल्लो, लगायतका अमूल्य जडिबुटिको संरक्षण गर्दै चोरी निकासी रोकथाम गर्नको लागि उथिच कार्यक्रमहरु ल्याउने,
- यस नगरक्षेत्रमा रहेका सामुदायिक वन क्षेत्र र राष्ट्रिय वन क्षेत्रमा पाइने वन्यजन्तु र पंक्षीको जातिगत प्रजातिको पहिचान गरी तिनीहरुको संख्यात्मक गणना गरी संरक्षणका लागि बन्यजन्तु चोरी शिकारी निकासी वन्द गर्न आवश्यक सुरक्षा व्यवस्था स्थानिय तथा राष्ट्रिय स्तरबाटै सुनिश्चित गर्ने,

- नाटेश्वरी सामुदायिक वन र पोखरी थापलडाडा सामुदायिक वनको महत्वपुर्ण क्षेत्रहरु लाई समेटेर रैथाने प्रजातिका जनावर र पशुपंक्षिलाई संरक्षण गर्ने गरी चिडिया खाना निर्माण गर्ने
- राता ढुङ्गा, कोसेडी फाँट, बलुबगर, कागेबगर, मलाना बुढीगंगा नदिको छेउ र बाँझो जमिनमा वृक्ष रोपण गर्ने
- त्रिवेणी नगरपालिका ६ का जोखिम वस्तीलाई सुरक्षित ठाउँमा स्थान्तरण गरी नयाँ वस्ती विकास निर्माण कार्य गर्ने,
- विरुवा उत्पानदका लागि नर्सरी स्थापना गर्ने
- सामुदायिक वन क्षेत्रमा घेरा वार लगाई वृक्षारोपन गर्ने
- सामुदायिक वनमा वन हेरालुको व्यवस्थापन हुनु पर्ने
- चाटा बगर मुहान देखि वडा नं ९ सम्म सबै परिवारमा एक घर एक धारा निर्माण र फोहर पानि तरकारी बारीमा व्यवस्थापन गर्ने
- फल्नेतोला दलित टोललाई ६ नं. वडा कार्यालय नजिक पर्ने जग्गामा वस्ती विकास गर्ने ,

## ९.३ रणनीति तथा मुख्य कार्यक्रम

प्रस्तुत तालिकामा आवधिक विकास योजनातर्जुमा गोष्ठीमा सहभागी विषयगत समितिले छलफल र बहसका आधारमा तयार पारेको प्रमुख कार्यक्रम तथा आयोजनाको खाका प्रस्तुत गरिएको छ। गोष्ठीमा विषयगत समितिहरुले त्रिवेणी नगरपालिकाले आगामी पाँच बर्षमा कार्यान्वयन गर्ने प्रमुख कार्यक्रम र त्यसको अनुमानित लागतका बारेमा छलफल भएको थियो जसको खाका तल प्रस्तुत गरिएको छ।

**तालिका २२ : त्रिवेणी न.पा दीर्घकालीन भूमि व्यवस्थापन योजना**

| क्षेत्र | वडा नं. |
|---|---|
| **क) कृषि पकेट** | |
| आलु | ५ र ७ |
| बेमौसमी खेती | ३, ४, ८ |
| माछापालन | ४, ८ |
| अदुवा र बेसार | ३, ४ |
| मौरी पालन | ६, ७ |
| मकै | १, २, ५, ६ |
| ओखर, कागती, सुन्तला | २,३,७,८ |
| **ख) पशुपालन** | |

| | |
|---|---|
| मौरी पालन | ३, ५, ६, ७ |
| बाख्रा पालन | २, ५, ६,७,९ |
| बगुंर पालन | ३ |
| कुखुरा फार्म | १, २, ७ |
| **ग) उद्योग क्षेत्र** | |
| मसला उद्योग | ३, ४ |
| लोक्ता अर्गेली खेती | ५,६, ७ |
| काष्ठ उद्योग | २, ५, ६, ७, ९ |
| **घ) पर्यटन क्षेत्र/ जलाशय क्षेत्र** | |
| **धर्मिक पर्यटन** | वडा नं.१ (नन्दादेवि छतारा) |
| | वडा नं. ९ (खिन्नै सत्यदेवि,बडिमालिका गुठी संचालन) |
| | वडा नं.७ (कैलाशमाण्डौ, नाटेश्वरी) |
| | वडा नं. ८ (मौरे क्षेत्र धाम मौरे) |
| | वडा नं. ४ (गाग्रा शिव मन्दिर) |
| **जलाशय क्षेत्र** | किम्नी झरना वडा नं. ५ |
| | धवलपुरी ताल वडा नं. ७ |
| **पार्क,बनस्पती तथा उद्यान क्षेत्र** | |
| | धामी गैरा वडा नं. ७ |
| | त्रित्रासैन तोली वडा नं. ४ |
| | हलेनी बिय वडा नं. ७ |
| **होम स्टे** | वडा नं. १,२,७,८,९ |
| **ङ) बसपार्क** | चाल्नेगडामा नगर स्तरीय बसपार्क बनाउने वडा नं. २ |

**राजश्व प्रक्षेपण**

तोकिएको समयसिमा भित्र समष्टिगत लक्ष्य, उद्देश्य र प्रतिफल प्राप्त गर्न त्रिवेणी नगरपालिकाले आफ्नो आन्तरिक राजस्व तथा आयकासाथै संघ र प्रदेशबाट प्राप्त हुने अनुदानमा भरपर्नुपर्ने हुन्छ । नगरपालिकाले आगामी पाँच वर्षमा प्रक्षेपित राजश्वका आधारमा आवधिक योजनामा उल्लिखित प्रतिफल हासिल गर्न बार्षिक योजना र त्यसको कार्यान्वयनमा ध्यान दिनु पर्ने हुन्छ । त्यसकालागि पालिकाले आन्तरिक श्रोतको खोजि र त्यसको परिचालन गर्नु पनि त्यतिकै आवश्यक हुन्छ ।

तालिकामा नगरपालिकाको चालु आवको लागि विनियोजित बजेट र त्यसैको आधारमा आगामी ५ बर्षकालागि प्रक्षेपित राजश्व परिचालनको अवस्थालाई प्रस्तुत गरिएको छ । आ व २०८२ /८३ सम्म नगरपालिकाले परिचालन गर्न सक्ने कुल पुजीगत खर्च २ अर्व ८० करोड ३५ लाख प्रक्षेपण गरिएको छ । उक्त प्रक्षेपण संघ, प्रदेश, आन्तरिक आम्दानी र अन्य निकायबाट नगरपालिकाले प्राप्त गर्ने राजश्व प्रतिवर्ष न्युनतम ७ प्रतिशतका दरले वढ्दै जाने अनुमानका साथ तयार पारिएको हो । ७ प्रतिशतको बृद्धि दर यस अघिका राजश्वको बृद्धिदरको प्रबृत्तिका आधारमा तयार पारिएको हो ।

| आय शिर्षक | आ.व.०७८।७९ | आ.व.०७९।८० | आ.व.०८०।८१ | आ.व.०८१।८२ | आ.व.०८२।८३ | कूल राजश्व परिचालन |
|---|---|---|---|---|---|---|
| **समानिकरण** | | | | | | **१,०५६,०९७,५३८.३८** |
| संघ | १४४,६६४,००० | १५४,७९०,४८० | १६५,६२५,८१४ | १७७,२१९,६२१ | १८९,६२४,९९४ | **९६७,१२४,९०८** |
| प्रदेश | १३,३०८,६६० | १४,२४०,२६६ | १५,२३७,०८५ | १६,३०३,६८१ | १७,४४४,९३८ | **८८,९७२,६३०** |
| **राजश्व वांडफांड** | ० | ० | ० | ० | ० | **८७५,९००,४२२** |
| संघ | ९६,८०८,४६४ | १०३,५८५,०५६ | ११०,८३६,०१० | ११८,५९४,५३१ | १२६,८९६,१४८ | **६४७,१९५,४१०** |
| पदेश | ३४,२१०,०४० | ३६,६०४,७४३ | ३९,१६७,०७५ | ४१,९०८,७७० | ४४,८४२,३८४ | **२२८,७०५,०१२** |
| शसर्त | ० | ० | ० | ० | ० | **२,४५५,३८१,३५३** |
| संघ | ३५१,२२९,६४० | ३७५,८१५,७१५ | ४०२,१२२,८१५ | ४३०,२७१,४१२ | ४६०,३९०,४११ | **२,३४८,०८१,९९२** |
| प्रदेश | १६,०५०,००० | १७,१७३,५०० | १८,३७५,६४५ | १९,६६१,९४० | २१,०३८,२७६ | **१०७,२९९,३६१** |
| समपुरक | ० | ० | ० | ० | ० | **१७८,८३२,२६९** |
| समपुरक संघ | २६,७५०,००० | २८,६२२,५०० | ३०,६२६,०७५ | ३२,७६९,९०० | ३५,०६३,७९३ | **१७८,८३२,२६९** |
| समपुरक प्रदेश | ९३१,९७० | ९९७,२०८ | १,०६७,०१२ | १,१४१,७०३ | १,२२१,६२३ | **६,२३०,५१६** |
| विशेष अनुदान संघ | १०,७००,००० | ११,४४९,००० | १२,२५०,४३० | १३,१०७,९६० | १४,०२५,५१७ | **७१,५३२,९०७** |
| आन्तरिक | ९८,४४०,००० | १०५,३३०,८०० | ११२,७०३,९५६ | १२०,५९३,२३३ | १२९,०३४,७५९ | **६५८,१०२,७४८** |
| | **७९३,०९२,७७४** | **८४८,६०९,२६८** | **९०८,०११,९१७** | **९७१,५७२,७५१** | **१,०३९,५८२,८४४** | **५,११७,०१४,९६९** |
| प्रशासनिक खर्च र सामाजिक सुरक्षा भ | ३०७,३१५,७७० | ३२८,८२७,८७४ | ३५१,८४५,८२५ | ३७६,४७५,०३३ | ४०२,८२८,२८५ | **२,०५४,५०३,७८७** |
| सशर्त अनुदानको ६० प्रतिसत | | | | | | **९८२,१५२,५४१** |
| कुल लगानी योग्य राजश्व प्रक्षेपण | | | | | | **२,०८०,३५८,६४१** |

## तालिका २३ : विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षिय अनुमान

| विषय क्षेत्र | आ व | वजेट अनुमान | | | | स्रोत | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल वजेट (लाख मा) | चालु (लाखमां) | पूँजीगत (लाखमा) | वित्तिय व्यवस्था | संघ | | | प्रदेश | | | आन्तरिक स्रोत | आन्तरिक ऋण | नीीज क्षेत्र |
| | | | | | | १ | २ | ३ | १ | २ | ३ | | | |
| आर्थिक विकास | २०७८/७९ | ८००० | १६०० | ६४०० | | ० | ० | २००० | ० | ० | २००० | २००० | ० | २००० |
| | २०८०/८१ | ४००० | ८०० | ३२०० | | ० | ० | ५०० | ० | ० | १५०० | १००० | ० | १००० |
| | २०८३/८४ | ४१५० | ८३० | ३३२० | | ० | ० | ५०० | १५०० | ० | ० | ५५० | ० | १५०० |
| **जम्मा** | | **१६१५०** | **३२३०** | **१२९२०** | | **०** | **०** | **३०००** | **१५००** | **०** | **३५००** | **३५५०** | **०** | **४५००** |
| सामाजिक विकास | २०७८/७९ | ८०७० | १६१४ | ६४५६ | | ० | ३००० | ० | ० | ३००० | ० | २०७० | ० | ० |
| | २०८०/८१ | ७६०० | १५२० | ६०८० | | ० | २००० | ५०० | ० | २५०० | ५०० | १६०० | ० | ५०० |
| | २०८३/८४ | ४००० | ८०० | ३२०० | | ० | ५०० | ० | ० | १००० | ५०० | २००० | ० | ० |
| **जम्मा** | | **१९६७०** | **३९३४** | **१५७३६** | | **०** | **५००** | **५००** | **०** | **६५००** | **१०००** | **५६७०** | **०** | **५००** |
| पुर्वाधार विकास | २०७८/७९ | १०००० | २००० | ८००० | | ६००० | ५०० | ० | २००० | ० | ० | १००० | ० | ५०० |
| | २०८०/८१ | ८०५० | १६१० | ६४४० | | ४००० | ५० | ५०० | २५०० | ० | ० | १००० | ० | ० |
| | २०८३/८४ | ८००० | १६०० | ६४०० | | ३००० | ० | ५०० | ० | २५०० | ० | १५०० | ० | ५०० |
| **जम्मा** | | **२६०५०** | **५२१०** | **२०८४०** | | **१३०००** | **५५०** | **१०००** | **४५००** | **२५००** | **०** | **३५००** | **०** | **१०००** |
| वन तथा विपद् | २०७८/७९ | ४००० | ८०० | ३२०० | | ० | ५०० | ५०० | ० | १००० | ५०० | ५०० | ० | १००० |
| | २०८० | २०० | ४० | १६० | | ० | ५० | ० | ० | ५० | ० | १०० | ० | ० |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| व्यवस् | /८१ | ० | ० | ० | | | ० | | | ० | | ० | | |
| थापन | २०८३/८४ | १९५० | ३९० | १५६० | | ० | ३०० | २०० | ० | ५०० | २०० | ५०० | ० | २५० |
| **जम्मा** | | **७९५०** | **१५९०** | **६३६०** | | **०** | **१३००** | **७००** | **०** | **२०००** | **७००** | **२०००** | **०** | **१२५०** |
| **संस्थागत विकास** | २०७८/७९ | ४०० | ८० | ३२० | | ० | ० | ० | ० | ० | ० | ४०० | ० | ० |
| | २०८०/८१ | २०० | ४० | १६० | | ० | ० | ० | ० | ० | ० | २०० | ० | ० |
| | २०८३/८४ | १०० | २० | ८० | | ० | ० | ० | ० | ० | ० | १०० | ० | ० |
| **जम्मा** | | **७००** | **१४०** | **५६०** | | **०** | **०** | **०** | **०** | **०** | **०** | **७००** | **०** | **०** |

## तालिका २४ : नगरका गौरवका आयोजना

| | सहकार्य | | | | | |
|---|---|---|---|---|---|---|
| **नगरका गौरवका आयोजना** | **नगरपालिका** | **अन्तरपालिका** | **संघ** | **प्रदेश** | **नीजि क्षेत्र** | **अनुमानित वजेट** |
| | | | | | | |
| वाम्का देखी त्रिवेणी न.पा को कार्यालय हुदै किम्नी जोडीने सडकको योजना | ✓ | | | ✓ | | ५ करोड |
| वडा नं. ५ किम्नीको कुखुरे सुपेकुना स्थानमा वस्ति विस्तार गरि नमुना वस्ति निर्माण कार्य गर्ने | | | ✓ | | | १५ करोड |
| वडीमालिका पर्यटकिय पदमार्ग निर्माण र होमस्टेको संचालन तथा केवलकार निर्माण वडा नं. २ | ✓ | | | ✓ | | २ अर्व |
| कांसेगाउ खोलमा रहेको ढाग्रा सैन विद्युत निर्माण गर्ने वडा नं. २ | ✓ | | | ✓ | | ३ करोड |
| चिडियाखाना स्थापना गर्ने | ✓ | | | ✓ | | ५ करोड |
| बाग्चंडी माण्डौ ताल संरक्षण गर्ने तथा गार्डन (बगैचा) निर्माण गर्ने वडा नं. ३ | ✓ | | | | | ५ करोड |
| सबै वडामा एकघर एक बालमैत्री धारा बनाइ नगर क्षेत्रमा खानेपानी पूर्ण रुपमा संचालन गर्ने | ✓ | | ✓ | ✓ | | १५ करोड |
| जिरोपोइन्ट देखी मौरे तोली, छतारा वडा नं.१ को कार्यलय सम्म सडक स्तरउन्नती गर्ने | ✓ | | | | | ४० करोड |
| मुल्य श्रृङखलामा आधारित कृषि पर्यटन विकास आयोजना | ✓ | | | | | ५० करोड |
| वेडुपानी देखी पैमा सडक स्तरोन्नती | ✓ | | | ✓ | | ५ करोड |
| जडीवुटी उत्पादन तथा प्रशोधन केन्द्र वडा नं. २ | | | ✓ | ✓ | | १० करोड |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| वडा स्तरिय मेलमिलाप केन्द्र स्थापना गरि वडामा हुने झगडा मेलेमलाप गराउन सामुदायिक केन्द्र स्थापना गरि भवन निर्माण गर्ने | | | ✓ | ✓ | | ३ करोड |
| बहुउद्देशिय प्रशासनिक भवन निर्माण | ✓ | | ✓ | ✓ | | २ करोड |
| स्मार्ट वडा कार्यक्रम (फन पार्क, व्यायामशाला, आर्युवेदिक उद्यान, साँस्कृतिक केन्द्र सहितको) | ✓ | | | | | ५० करोड |
| वन क्षेत्र संरक्षण कार्यक्रम (वृक्षारोपण, तटबन्ध निर्माण) | | | | | | १ अर्व |
| एक वडा एक औद्योगिक ग्राम कार्यक्रम | ✓ | | ✓ | ✓ | | १ अर्व |
| सौर्य उर्जा विकास कार्यक्रम | | | | ✓ | | ३० करोड |
| त्रिवेणी न.पाको कार्यलय देखि भाटेभिड दाम्मन देखि मेलकट्टी ढकेना हुँदै ढोग दिना सम्मको रिङ्गरोड निमार्ण । | | | | ✓ | | ४० करोड |
| महिला, बालबालिका, दलित, अपाङग लक्षित कार्यक्रम संचालनका लागि सिपमुलक कार्यक्रम संचालन गर्ने | ✓ | | | | | ३ करोड |
| बुढीगंगा देखी चलाडाँडा सम्म लिप्टिङ सिचाई निर्माण | | | | ✓ | | २ करोड |
| चाल्नेगडामा नगर स्तरीय बसपार्क बनाउन वडा नं. २ | | | | | | ३ करोड |
| अत्याधुनिक डम्पिङ साइटको स्थापना गर्ने वडा नं. ३ | ✓ | ✓ | | | | २ करोड |
| एक वडा एक आपतकालिन प्रतिकार्य संचालन केन्द्रको स्थापना | ✓ | | | ✓ | | ५ करोड |
| IT सुचना केन्द्रको स्थापना | ✓ | | | ✓ | | ४ करोड |
| **जम्मा** | | | | | | **६ अरब ९७ करोड** |

| | सहकार्य |
|---|---|

| नगरका मुख्य आयोजना | नगरपालिका | अन्तरपालिका | संघ | प्रदेश | नीजि क्षेत्र | अनुमानित वजेट |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| **वडा नं. १** | | | | | | |
| चलगडा देखी भुगातोला सम्मको सडक | ✓ | | | | | २ करोड |
| विशालबजार देखी चौधुण्डा सम्म, वहाडि नगर देखी बजेडि खोला सम्म, चाउराका झाड देखी कदेर सम्म, सिमसेल हुँदै नाउल ढुंगा सम्म ढल निकासा | | | ✓ | | | १ करोड |
| चिप्ले खोलामा र रेलिङ बाट सलेडि सम्म झोलुङ्गे पुल निर्माण | | | | ✓ | | १ करोड |
| प्रत्येक टोलमा बालमैत्री धारा सहितको खानेपानी निर्माण | ✓ | | | ✓ | | ७५ लाख |
| छतारा देवि मन्दिर देखी छड्छडे खोला सम्म, नयाँ वस्ती देखी गलेकोट सम्म ढल निकासा | | | ✓ | | | १ करोड |
| प्रत्येक टोलमा सार्वजनिक शौचालयको निर्माण | ✓ | | | | | ५० लाख |
| छतारी खोला देखि तोला सम्म पक्की कुलो<br>रिङदी सेन देखि छतारी खोला सम्म पक्की कुलो<br>ठुला खोला देखि सोद सेन सम्म पक्की कुलो<br>छतारी खोला देखि ओखर तोला सम्म पक्की कुलो निर्माण<br>सिम देखि छतारी खोला सम्म सिँचाई कुलो | ✓ | | | | | १ करोड |
| **वडा नं. २** | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| छतारा देवि मन्दिर देखी बडिमालिका सम्मको पर्यटकीय सडक निर्माण | | ✓ | | ✓ | | १ अर्ब |
| एक्लो सल्ला देखी बडिमालिका सम्म सडक निर्माण | ✓ | | | | | ५० लाख |
| सिम्ला देखी सिन्नेकोट हुँदै भुगातोला सम्म कृर्षि सडक निर्माण | ✓ | | | | | ३० लाख |
| त्रि.मा.वि हुँदै ठाकासैन जल विद्युत योजना सम्म कृषि सडक निर्माण | ✓ | | | | ✓ | ३० लाख |
| धौलपुरी मा.वि हुँदै ठाकासैन जल विद्युत योजना सम्म कृषि सडक निर्माण | | | | | ✓ | २० लाख |
| बुढीगंगा नदिमा मोटरवेल पक्की पुल निर्माण | | | ✓ | | | २ करोड |
| मलागढ नदिमा पक्की मोटररेवेल पुल निर्माण | | | ✓ | | | २ करोड |
| चाल्नेगडामा धर्मशाला निर्माण | ✓ | | ✓ | | | १ करोड |
| त्रि.मा.वि देखी जुम्ला पाटा सम्म ढल निकास योजना | | | ✓ | | | १ करोड |
| सेलीवाडा हुँदै छिटाने गडा सम्म ढल निकास योजना | | | ✓ | | | १ करोड |
| रक्त संचार केन्द्रको निमार्ण गर्ने । | ✓ | | | | | ३० लाख |
| सिम्ला, चौसाल र सिन्नेकोट टोलमा आधुनिक वस्ती विस्तार सहित आवास निर्माण | ✓ | | | ✓ | | १.५ करोड |
| छतारा भवन, स्वास्थ्य चौकि र सिम्ला शहरी स्वास्थ्य केन्द्रको सुविधा सम्पन्न पक्की भवन निर्माण | ✓ | | | | | ८० लाख |
| गेरुगडा, घाँसेगडा, दुल्लेकोटमा वृद्ध मिलन तथा विश्राम केन्द्र निर्माण | ✓ | | | | | २० लाख |
| घाँसेगडा र चल्नेगडामा पानी सहितको सुविधा सम्पन्न सार्वजनिक शौचालय निर्माण | ✓ | | | | | १५ लाख |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| भाडेलाया खा.पा , वासतोला खा.पा , गेल्गडा खा.पा , सिलेकोट खा.पा , चौसाला खा.पा योजना स्तर उन्नति र मर्मत योजना निमार्ण | ✓ | | | | | ३० लाख |
| जडिबुटी प्रशोधन केन्द्र निर्माण | | | | ✓ | | ९० लाख |
| घाँसेगडामा दुग्ध प्रशोधन केन्द्र भवन निर्माण | | | ✓ | | | १ करोड |
| घाँसेगडा र एक्लेगडामा यात्रु प्रतिक्षालय निर्माण | ✓ | | ✓ | | | १० लाख |
| बाम्का देखी चिप्लेखोला सडक खण्ड सौर्य उर्जाको व्यवस्था | | ✓ | | | | ३५ लाख |
| **वडा नं. ३** | | | | | | |
| वडा कार्यालय देखी सैमाण्डौ हुँदै बडिमालिका सम्म पर्यटन सडक | ✓ | | | | | ३५ लाख |
| कप्रिमा अछाम जोड्ने झोलुङ्गे पुल निर्माण | | | ✓ | | | ४० लाख |
| बुढिगंगा नगरपालिका बाह्रबिसे देखी ओखडे हुँदै भागेश्वरी सम्म सडक निर्माण | ✓ | | | | | ९० लाख |
| प्रतिक्षालय निर्माण र वृद्धा आश्रम भवन निर्माण | ✓ | | | | | १ करोड |
| कासाँगउको कोप्रमा लघु तथा साना जलविधुतको निमार्ण गर्ने | | | | ✓ | | १ करोड |
| जडिवुटि प्रशोधन केन्द्र र अल्लो प्रशोधन केन्द्र स्थापना गर्ने | | | | ✓ | | ९० लाख |
| पूर्भुता सडक खण्डको कालो पत्रे | ✓ | | | | | १ करोड |
| **वडा नं. ४** | | | | | | |
| ओखलीपडा माई भगवती मन्दिर देखी कोटबाडा बस्ति हुँदै मस्टामाण्डौ सम्मको रेलिङ, पर्यटकीय पद मार्ग निर्माण | | | ✓ | | | ३० लाख |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| किम्नी खोला मुहान बाट छेडेहाल्ने देउची मारे काहना हुँदै त्रि.न.पा ४ को तोली देवल डाँडा सम्मको वृहत सिचाई (कुलो ) नहर निर्माण | | | | ✓ | | २० लाख |
| त्रि.न.पा ४ को देवल डाँडा स्थानमा वृद्धा आश्रम भवन निर्माण | ✓ | | | | | ३० लाख |
| सिगौंडि देखी तोल्यान पधैंरी खोला सम्मको तटबन्धन निर्माण गर्ने | | | ✓ | | | ३५ लाख |
| मौरे तोली छतारा सडक खण्डको माला गाडा नदिमा पक्कि गाडि पुलको निर्माण गर्ने | | | ✓ | | | २ करोड |
| तोला देवल डाँडामा जिव पार्क सहित विश्राम स्थलको निर्माण गर्ने | ✓ | | | | | १५ लाख |
| मौरे देखी तोली हुँदै छतारा सम्मको रेलिङ सहितको पद मार्ग निर्माण गर्ने | ✓ | | | | | २० लाख |
| मौरे स्थलमा शवदाह गृहको व्यवस्थापन तथा निर्माण गर्ने | ✓ | | | | | ७ लाख |
| बुढिगंगा नदिबाट त्रिवेणी न.पा ४ को ढोगदिला सम्म लिफटिङ्ग सिचाईको व्यवस्थापन | ✓ | | | | | ७० लाख |
| मौरे शिव मन्दिर लाई पर्यटन क्षेत्र बनाउने | | | | ✓ | | ५० लाख |
| गाग्रा शिव मन्दिरलाई पर्यटन क्षेत्र बनाउने | | | | ✓ | | ५० लाख |
| किया पुत्री भवन बनाउने | ✓ | | | | | ४० लाख |
| **वडा नं. ५** | | | | | | |
| त्रि.न.पा ५ को किम्नीको बस्ती देखी सुपेकुना, रामढुंगा, खालपडा, निगालपानी, ददुरा हुँदै गैरापाटन, धरमधर गुफा कृषि सडक | ✓ | | | | | २० करोड |
| किम्नी देखी वडा न. २ को गरेगडा सम्म सडक निर्माण गर्ने | ✓ | | | | | १ करोड |
| किम्ती खोला रबागडा झोलुङ्गे पुल | | | ✓ | | | ७५ लाख |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| किम्ती खोला भितरवन झोलुङ्गे पुल | | | ✓ | | | ७५ लाख |
| दुध चिस्यान केन्द्र , अलैची खेती संचालन तथा बजार व्यवस्थापन गर्नु पर्ने | | | | ✓ | | ९० लाख |
| व्यवसायिक मौरी पालन तथा बजार व्यवस्थापन गर्नु पर्ने | ✓ | | | | | |
| किम्ती खोला देखी चौड खेत सम्म सिचाई कुलो | ✓ | | | | | १० लाख |
| भुवा खोला देखी मुल खेत र भुवा खोला देखि तलिखेत सम्म सिचाई कुलो | ✓ | | | | | ७० लाख |
| गहुँ, कोदो, भटमास र मकै प्रशोधनका लागि उद्योग | | | | | ✓ | १५ लाख |
| **वडा न ६** | | | | | | |
| डाँडाबाडा मष्टेश्वरी मा.वि हुँदै त्रिवेणी ५ जोड्ने सडक बाटो | ✓ | | | | | १ करोड |
| छिडिखोला, बुवाखोलामा पक्की पुल निर्माण माग | | | ✓ | | | १.५ करोड |
| सोता देखी पाङग्रे खोला सम्म ढल निकास गर्ने | | | ✓ | | | ४० लाख |
| बुढाटोल मष्टेश्वरी मा.वि रोड देखी छिडिखोला देखी बुवाखोला सम्म | ✓ | | | | | १ करोड |
| मैन पकाउने मुहान देखी दुर्गा भवानी टोलसम्म वृहत खानेपानी निर्माण गर्ने | ✓ | | | | | ४० लाख |
| त्रिवेणी खोला देखी वडा नं. ६ को सम्पूर्ण टोलहरुलाई वृहत खानेपानी निर्माण गरी १ घर १ धारा अवधारण पुरा गर्ने | ✓ | | | | | ५० लाख |
| चुनपडा देखि काफल खेत सम्म सिचाई कुलो, छिडीखोला देखि भराणकोर सम्म सिचाई कुलो,बास्कोटे देखि ढुलाखेत सम्म सिचाई कुलो र झाडाखर्क देखी गडिगाँउ सम्म सिचाई कुलो  निर्माण गर्ने | ✓ | | ✓ | | | १ करोड |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| प्रत्येक टोलमा बालमैत्री धारा निर्माण | ✓ | | | | | २० लाख |
| धुवलपुरा देवता मन्दिर निर्माण | ✓ | | | | | १० लाख |
| पन्धारा आमा समुहको कार्यालय भवन निर्माण कार्य गर्ने | ✓ | | | | | ८५ लाख |
| गाई गोठ गुफा टिका क्षेत्रलाई पर्यटकीय रुपमा विस्तार | | | | ✓ | | २० लाख |
| छिडीखोला देखी फल्नेतोला सम्म सडक विस्तार गर्ने | ✓ | | | | | ५० लाख |
| मालागाडा दोस्रो लघु जलविद्युत आयोजनाको नहर मर्मत तथा क्षमता वृद्धि गर्ने | ✓ | | | ✓ | | ९० लाख |
| | | | | | | |
| **वडा नं. ७** | | | | | | |
| वडा नं.७ मा स्थित थापारानलाई मनोरञ्जन पार्क निर्माण गने | | | | ✓ | | १० लाख |
| कैलाशमाण्डौ डाँडा मिलन चोक भूवाढुस्ना खिरपाटा सार्वजनिक शौचालय निर्माण | ✓ | | | | | १४ लाख |
| कैलाशमाण्डौ डाँडा र खिरपाटा भूवाढुस्नामा प्रतिक्षालय निर्माण गर्ने | ✓ | | | | | ८ लाख |
| बालमैत्री खानेपानी निर्माण गर्ने सम्पूर्ण वडामा | ✓ | | | | | ५० लाख |
| कैलाशमाण्डौ देखी चौतारा हुँदै हलेनी विह मालिमा सम्म रेलिङ बाटो निर्माण गर्ने | ✓ | | | | | १ करोड |
| दलित समुदायलाई सौर्य उर्जा जडान गर्ने | | | ✓ | | | ३० लाख |
| नटेश्वरी सामुदायिक वन र पोखरी थापलडाडा सामुदायिक वनको महत्वपूर्ण क्षेत्रहरुलाई समेटेर रैथाने प्रजातिका जनावर र पशुपंक्षिलाई | | | | ✓ | | ५० लाख |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| संरक्षण गर्ने गरी चिडियाखाना निर्माण गर्ने | | | | | | |
| धवलपुरी तालको संरक्षण गरी पर्यटकीय क्षेत्रका रुपमा डुङ्गा, र्‍याफ्टिङ जस्ता व्यवस्थापन गरी वृहत योजना माग गर्ने, | | | | ✓ | | १ करोड |
| खोला तथा नदिनालाले क्षेति गरेको र क्षेति पुर्‍याउन सक्ने संभावना रहेका क्षेत्र, ओखलढुङ्गा, टुडेसेरा, गरागीरि जस्ता क्षेत्रमा वृहत तटबन्धन योजना माग गर्ने, | | | ✓ | ✓ | | १ करोड |
| मौरे देखी कैलाशधाम हुँदे नाटेश्वरी सम्म र नाटेश्वरी देखी बडिमालिका सम्म केबलकारको योजना निर्माण गर्ने | | | ✓ | ✓ | | ५ करोड |
| होमस्टे का लागि पनेडी, ओखडे खोला चमेलीसैन, लामागडा | ✓ | | | | | २० लाख |
| कैलाशश्वरी मा.वि मा अत्याधुनि सेवा सुविधा सहितको रंगशाला निर्माण | | | | ✓ | | ५० लाख |
| मैरे क्षेत्र देखी नाष्टेश्वरी हुँदै धलपुरी दह सम्म पद मार्ग बाटो | | | | ✓ | | १२ लाख |
| त्रिवेणी न.पा वडा नं ७ र वडा नं ५मा रहेको मालागाड नदिमा पक्कि पुल निर्माण गर्ने | | | | | | ३ करोड |
| **वडा नं. ८** | | | | | | |
| वडा नं. ८ मा खेलमैदान, कर्भडहल, प्रशिक्षण, प्रर्वद्धन खेलकुद विकास निर्माण प्रयोगशाला | | | | ✓ | | १ करोड |
| शारिरिक व्यायम एवमं योग संग्राहलय निर्माण | | | | ✓ | | १ करोड |
| मौरे, सेरा वृहत तटबन्धन निर्माण | ✓ | | | | | २ करोड |
| यात्रु प्रतिक्षालय निर्माण | ✓ | | | | | १० लाख |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| वडा नं. ८ को वडा कार्यालय भवन निर्माण | ✓ | | | ✓ | | ६० लाख |
| कृषि उपज संग्राहलय भवन निर्माण | | | ✓ | | | १ करोड |
| सुविधा सम्पन्न शौचालयको निर्माण | ✓ | | | | | १० लाख |
| बाम्का नाटेश्वरी बडिमालिका केवलकार निर्माण | | | | ✓ | | २ करोड |
| बेड्पानी देखी पैमा सम्म पक्की सडक | | | | ✓ | | ६० लाख |
| मौरे बमबाडा, गिरी बाडा वडा कार्यालय सडक निर्माण | ✓ | | | | | १ करोड |
| पन्तली देखी सेरा मसानघाडी सम्म सडक निर्माण | ✓ | | | | | १ करोड |
| नाथबाडा भैरबथान देखी नेपाली टोल, सार्कीटोल हुँदै वडा कार्यालय सम्म सडक निर्माण | ✓ | | | | | १ करोड |
| कोसेडीमोड देखी करासैन हुँदै कुलीबाद सम्म सडक निर्माण | | | | ✓ | | १ करोड |
| पक्की तथा कच्ची सडकमा व्यवस्थित ढल निकास | | | ✓ | | | ५० लाख |
| मलागाड झालगाउँ लिफ्टिङ सिचाई आयोजना | | | | ✓ | | १ करोड |
| घट्टेखोला-माझझुली सिँचाई कुलो | ✓ | | | | | १० लाख |
| भुवा खोला देखी सेरा सम्म सिँचाई कुलो | ✓ | | | | | ४० लाख |
| झालगाँउ दलित टोल, ढडाली हुँदै सेरा आर्यघाट सम्म गोरेटो बाटो निर्माण | ✓ | | | | | २० लाख |
| वृद्धा विश्राम भवन निर्माण | ✓ | | | | | ९० लाख |
| वडाको केन्द्रमा पशु कृत्रिम गर्भाधान केन्द्र स्थापना | ✓ | | | | | २० लाख |
| क्रिया पुत्री भवन बनाउने | ✓ | | | | | ५० लाख |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **वडा नं. ९** | | | | | | |
| वनघर कुलीमुल सडक रत्न मा.वि घोडाक पाउने सडक | ✓ | | | | | ८० लाख |
| सेरा सटिके बगर मलाल गाउँ सडक निर्माण | ✓ | | | | | ७० लाख |
| वडा नं ९ को बलुबगड देखि पैमा भण्डार गृह हुँदै फूल चढाउना सम्मको सडक निर्माण । | ✓ | ✓ | | | | ७० लाख |
| वडा नं ९ को बडिमालिका भण्डार गृह देखि खिन्नै सत्य जोड्ने सडक निर्माण | ✓ | | | ✓ | | ९० लाख |
| बुढीगंगा नदिको मौरे स्थानमा पक्कि मोटरेबल पुल निर्माण । | | | ✓ | | | १ करोड |
| बलुबगडामा पक्की मोटरेबल पुल निर्माण | | | | | | १ करोड |
| मलाती देखी सारखोलामा बुढीगंगा तर्ने झोलुङ्गे पुल निर्माण | | | ✓ | | | १ करोड |
| वडा नं ९ को मलाल गाउँ, बाँगापाटा, पैमा र ताम्सु गाउँको बिचमा पर्ने गरि विश्राम स्थल निर्माण । | ✓ | | | | | २० लाख |
| राँजा मलालगाउँ सम्म रेलिङ बाटो र मलालगाउँ देखि रत्न करासैन नाटेश्री सम्म पैदल मार्ग निर्माण । | ✓ | | | | | १ करोड |
| त्रिवेणी न.पा को वडा नं ९ अन्तर्गत पर्ने बागडाँडा तथा खिन्नै सत्यदेवि मन्दिर नजिक रहेको पुराना पानि भन्ने स्थानमा मनोरञ्जन पार्क निर्माण | ✓ | | | | | २० लाख |
| कोसेडी कोट कागेबगर बलुवगर हुँदै मलाना पैमा सम्म पहिरो नियन्त्रण तटबन्धन निर्माण | ✓ | | | ✓ | | ७० लाख |
| श्री रत्न मा.वि सेलिफाल र श्री खिन्ने सत्य देवि आ.वि पैमा को खेलमैदान निर्माण । | ✓ | | | | | ७ लाख |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| त्रिवेणी न.पा वडा नं ९ को गोते गाउँ भन्ने स्थानमा रंगशाला निर्माण | | | | ✓ | | २५ लाख |
| बडिमालिका भगवति, चिउरेखोला मन्दिर, मलाल गाउँ भगवति मन्दिर, बागापाटा मस्टा देवता मन्दिर खिन्नै, बाँढपालो देवता मन्दिर, बेतालमाण्डौ मन्दिर निर्माण । | ✓ | ✓ | | | | ५० लाख |
| वडा स्तरमा ऐतिहासिक पुरातात्विक वस्तुहरुको संरक्षणका लागि संग्राहलय स्थापना गर्ने | | | ✓ | | | १५ लाख |
| वडा स्तरीय व्यवस्थित खेलमैदान र कवर्डहल निर्माण गर्ने | | | | ✓ | | २० लाख |
| ईभया ढुङगा खिनैमा भ्यु टावरको व्यवस्था गर्ने | | | | ✓ | | १ करोड |
| राँजा बाठापाटा हुँदै खिन्ने सम्म रेलिङ बाटो निर्माण | ✓ | | | | | ५० लाख |
| स्थानिय संस्कृति झल्काउने प्रकृतिको स्थानिय स्तरको होमस्टे स्थापना गर्ने | ✓ | | | | | |
| राँजा ताम्सु हुँदै पैमा गोठतोला भण्डार गृह रेलिङ बाटो । | ✓ | | | | | १० लाख |

# अध्याय दश अनुगमन तथा मूल्याङ्कन

स्थानीय तहको विकासको मेरुदण्डको रूपमा रहेका विकास नीति, योजना तथा कार्यक्रमहरूको सफल कार्यान्वयनका लागि अनुगमन तथा मूल्याङ्कनको महत्वपूर्ण भूमिका रहन्छ । स्थानीय तहले योजना तर्जुमा तथा कार्यान्वयनमा सशक्त स्वःअनुगमन तथा मूल्याङ्कन प्रणालीको स्थापना गरी आफूले निर्धारण गरेका लक्ष्य तथा उद्देश्य हासिल गर्ने दिशातर्फ योजनाको प्रगति उन्मुख भएको छ वा छैन भन्ने जानकारी प्राप्त गर्नुपर्ने हुन्छ । कार्यान्वयन चरणको समयमा नै आयोजनाहरूमा भएको लगानी तथा साधनको प्रवाह समुचित ढंगले भएको छ वा छैन, कार्यतालिका अनुसार क्रियाकलापहरू सुचारु भएका छन् वा छैनन साथै व्यवस्थापकीय कमजोरीहरू के के छन् भन्ने जानकारी प्राप्त गर्नुपर्ने हुन्छ । त्यसैले, नगरपालिकाले आवधिक योजनाको आधारमा वार्षिक विकास योजना तर्जुमा गर्नुपर्ने हुन्छ । वार्षिक योजना कार्यान्वयनका लागि कार्यान्वयन तालिका समेत तयार गर्नुपर्ने र सो कार्यान्वयन तालिकामा बजेट सहितका अनुगमनका कार्यहरूसमेत निर्दिष्ट गरी तदअनुसार अनुगमन गर्ने कार्यप्रणाली स्थापित गरिनु पर्दछ ।

## १०.१ योजना प्राथमिकिकरण तथा कार्यान्वयन

### विकास योजना प्राथमिकीकरण गर्दा अवलम्बन गर्नु पर्ने आधारहरू

नेपाल सरकार, राष्ट्रिय योजना आयोगले तोकेको ढाँचा बमोजिम कुनै पनि गाउँपालिका वा स्थानीय सरकारले विकासका कार्यक्रमहरू तय गर्दा विशेषत स्थानीय वस्तुगत अवस्थाको आधारमा स्थानीयबासीका आधारभूत आवश्यकताहरू जस्तै भौतिक पूर्वाधार, आर्थिक वृद्धि, सामाजिक विकास, वातावरणीय सन्तुलन तथा संस्थागत सेवा प्रवाहमा प्रत्यक्षरूपमा सहयोग पुऱ्याई समग्र विकासलाई सन्तुलित र नतिजामुखी ढङ्गले कार्यान्वयन गर्न प्रभावकारी सिद्ध हुनेगरी निम्नानुसार गर्नुपर्दछ ।

सामान्यतया कुनैपनि कार्यक्रमलाई प्राथमिकताको आधारमा चार तहमा राखेर मूल्याङ्कन गर्न सकिन्छ ।

- **“अति उत्तम”- ३ अंक**

“अति उत्तम” तह अन्तर्गत कार्यक्रमले तोकिएको लक्ष्य प्राप्त गर्न **प्रत्यक्ष र उल्लेखनीय** योगदान पुऱ्याउँछ । अर्थात् कुनैपनि स्थानमा आवागमनमा निकै कठिनता छ र सडकको स्तरोन्नति गर्ने कार्यक्रमले आवागमनलाई प्रत्यक्ष र उल्लेखनीय प्रभाव पार्दछ भने सो कार्यक्रम कार्यान्वयनका हिसाबले पहिलो प्राथमिकता तथा अति उत्तम वर्गमा पर्दछ । यस प्रकारका कार्यक्रममा सो शिर्षक अन्तर्गत विनियोजित बजेटको ५० प्रतिशत भन्दा बढी रकम पर्न आउँछ ।

- **“उत्तम”- २ अंक**

“उत्तम” तह अन्तर्गत तोकिएको कार्यक्रमले तोकिएको लक्ष्य प्राप्त गर्न **अप्रत्यक्ष तर उल्लेखनीय** योगदान पुऱ्याउँछ । अर्थात् कुनैपनि स्थानमा धार्मिक तथा अन्धविश्वासले सामाजिक कुरीति र जटिलता सिर्जना गरेको छ भने विद्यालय खोली शिक्षाको विकास गर्दा सामाजिक जटिलता न्यून गर्न अप्रत्यक्ष तथा उल्लेखनीय योगदान पुऱ्याउँछ । यस प्रकारको कार्यक्रम प्राथमिकताको हिसाबले दोस्रो

प्राथमिकतामा पर्दछ भने यसलाई उत्तम मानी २ अंक प्रदान गर्नुपर्दछ। यस प्रकारको कार्यक्रममा समेत सम्बन्धित शिर्षक मध्ये ५० प्रतिशत भन्दा बढी बजेट विनियोजन हुन्छ।

- **"सामान्य"- १ अंक**

"सामान्य" तह अन्तर्गत तोकिएको कार्यक्रमले तोकिएको लक्ष्य प्राप्त गर्न **सामान्य वा कम** मात्र योगदान दिन्छ भने सो कार्यक्रममा विनियोजित रकम मध्ये ५० प्रतिशत भन्दा कम रकम मात्र छुट्याइन्छ। यस प्रकारको कार्यक्रम प्राथमिकताको आधारमा तेस्रो तहमा पर्दछ भने त्यसलाई १ अंक दिनुपर्दछ।

- **"न्यून"- ० अंक**

"न्यून" तह अन्तर्गत तोकिएको कार्यक्रमले तोकिएको लक्ष्य प्राप्त गर्न **न्यून वा योगदान नै नपुऱ्याउने** हुन्छ। यस प्रकारको कार्यक्रम प्राथमिकतामा पर्दैन तसर्थ यसलाई शुन्य अंक प्रदान गरिन्छ।

यसरी कार्यक्रम प्राथमिकिकरण गर्दा विषय क्षेत्रगत विकास कार्यक्रम तथा उपक्षेत्रहरूका प्रत्येक कार्यक्रमहरूको मूल्याङ्कन गरी चार तहमा विभाजन गर्न सकिन्छ। अर्थात् उदाहरणको लागि भौतिक पूर्वाधार अन्तर्गत कुनै निश्चित स्थानदेखि अर्को स्थान जोड्न सडकको स्तरोन्नति गर्दा सो सडकले स्थानीयबासीको तत्कालीन वा दीर्घकालीन प्रमुख समस्या वा मागलाई कुन तहबाट सम्बोधन गर्न सक्छ भनी मुल्याङ्कन गर्नुपर्दछ। त्यसोगर्दा सो कार्यक्रम

अति उत्तम भए → पहिलो प्राथमिकता

उत्तम भए → दोस्रो प्राथमिकता

सामान्य भए → तेस्रो प्राथमिकता

न्यून भए → प्राथमिकतामा नपर्ने हुन्छ।

एवम रीतले प्रत्येक विषयगत क्षेत्र र सो क्षेत्र अन्तर्गतका उपक्षेत्रका सम्पूर्ण कार्यक्रमहरूलाई तोकिएको लक्ष्य हासिल गर्न कस्तो प्रकारको योगदान पुऱ्याउँछ भनी मूल्याङ्कन गर्दा माथि उल्लेखित तहहरूमा विभाजन गरेर प्राथमिकता निर्धारण गर्नुपर्दछ। यसकासाथै अन्य आधारमा :

(१) चालु वार्षिक योजनाको फराकिलो आधारको समावेशी आर्थिक उद्देश्य वृद्धिको लक्ष्य प्राप्तिमा कुन तहको योगदान पुऱ्याउँछ ?
(२) दिगो विकासका लक्ष्यहरू हासिल गर्न कुन तहको योगदान पुऱ्याउँछ ?
(३) जनसहभागिता सुनिश्चित गर्न कुन तहको योगदान पुऱ्याउँछ ?
(४) समावेशीकरणमा कुन तहको योगदान पुऱ्याउँछ ?
(५) यदि सञ्चालित आयोजनाहरू छन् भने पूर्व कार्य प्रगति, सम्पन्न हुन लाग्ने समय वा कार्यान्वयन तयारीको अवस्था हेरी कुन तहको योगदान पुऱ्याउँछ ?

यसरी यी प्रश्नहरूले गर्दा कस्तो उत्तर आउँछ सोको आधारमा कार्यक्रमलाई माथि उल्लेखित

"अति उत्तम"

"उत्तम"

"सामान्य" र

"न्यून" तहमा विभाजन गरी प्राथमिकता निर्धारण गर्न सकिन्छ साथै स्थानीय विकास गुरुयोजनाको मूल लक्ष्य स्थानीयबासीका आधारभूत आवश्यकता सम्बोधन गरी क्रमशः उच्च विकासतर्फ लम्कनु पर्ने भएकाले कार्यक्रम तय गर्दा वडास्तरमा निम्न बमोजिम गर्नुपर्दछ ।

## वडा तहका योजना छनौट तथा प्राथमिकीकरण

बस्ती तथा टोल स्तरमा कार्यक्रम बारे छलफल गर्दा दिगो विकास लक्ष्य प्राप्तगर्न मद्दत गर्ने कार्यक्रमबारे छलफल गर्नु पर्दछ । वडा तहअन्तर्गतका बस्ती र टोल स्तरको आयोजनाहरू छनौट गर्दा निम्नलिखित प्रक्रिया अवलम्बन गर्नुपर्ने हुन्छ ।

(क) वडा समितिले आफ्नो वडामा प्रतिनिधित्व गर्ने सदस्यहरूलाई विभिन्न बस्ती/टोलको योजना तर्जुमा गर्न सहजीकरण गर्नेगरी जिम्मेवारी प्रदान गर्नुपर्ने हुन्छ ।

(ख) प्रत्येक वडाले वडा भित्रका बस्ती र टोलहरूमा योजना तर्जुमाको लागि बैठक हुने दिन, मिति र समय कम्तिमा तीन दिन अगावै सार्वजनिक सूचनामार्फत् जानकारी गराउनु पर्नेछ ।

(ग) नगरपालिका अन्तर्गतका वडाअन्तर्गत रहेका बस्ती/टोलको भेलामार्फत् बस्ती/टोलस्तरका आयोजना तथा कार्यक्रम छनौट गर्ने बस्ती तथा टोलस्तरमा आयोजना छनौट गर्दा समुदायको आवश्यकता पहिचान गरी आयोजना/कार्यक्रम छनौट गर्नुपर्ने हुन्छ ।

(घ) बस्ती/टोल स्तरका योजना छनौट गर्दा सो बस्ती भित्रका सबै बर्ग र समुदाय, महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सिमान्तकृत, युवा, वालवालिका, जेष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, पिछडिएको वर्ग आदि लगायत सबै समुदायको अर्थपूर्ण सहभागिताको सुनिश्चित गर्नुपर्ने हुन्छ ।

(ङ) बस्ती/टोल भित्रका क्रियाशील सामुदायिक सस्थाहरू (टोल विकास सस्था, महिला/आमा समुह, वाल क्लव र सञ्जाल, युवा क्लव, स्थानीय गैर सरकारी संस्थाहरू, नागरिक सचेतना केन्द्र, विभिन्न सरकारी कार्यालयबाट गठन भएका समूहजस्ता समूहहरूलाई पनि सहभागी गराउनु पर्ने हुन्छ ।

माथि उल्लेख भए बमोजिमका सरोकारवालाहरूको अधिकाधिक सहभागिता हुने गरी वडा सदस्यको संयोजनमा निर्धारित समय, मिति र स्थानमा उपस्थित भै आयोजना छनौटको सम्बन्धमा अन्तरक्रिया, छलफल, विमर्श गरी आयोजनाहरूको छनौट गर्नुपर्नेछ। यसरी बस्तीस्तरमा छनौट भएका आयोजना/कार्यक्रमहरूको सूची संयोजकले लिखित रूपमा तयार गरि वडा समितिमा पेश गर्नुपर्ने हुन्छ।

वडा समितिहरूले टोल/बस्तीस्तरबाट प्राप्त आयोजना र कार्यक्रमहरूलाई विषयक्षेत्रअनुसार समूहकृत गरिन्छ। स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिवाट प्राप्त बजेट सीमा र मार्गदर्शनको आधारमा सम्बन्धित वडाहरूले बस्ती टोलबाट प्राप्त योजनाहरू मध्येबाट वडाको लागि प्राप्त बजेट सीमाको अधीनमा रही योजनाहरूको छनौट र प्राथमिकता निर्धारण समेत गरी अनुसूची ४ बमोजिमको ढाँचामा बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्नुपर्ने हुन्छ।

वस्ती टोलबाट योजना माग गर्दा वडास्तरका महत्वपूर्ण योजनाहरू छुट भएको अवस्थामा वडा समितिले त्यस्ता योजनाहरू वडा समितिको बजेट सीमा भित्र रही औचित्यको आधारमा समावेश गर्न सक्नेछ। वडाको बजेट सीमाभित्र कार्यान्वयन हुन नसक्ने गाउँस्तरीय महत्वपूर्ण आयोजनाहरू भएमा वडा समितिले गाउँपालिकामा छुट्टै सूची पठाउन सक्नेछ।

वडा समितिले आयोजनाहरूको प्राथमिकीकरण गर्दा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले तोकेको आधारहरू र दिगो विकास लक्ष्य प्राप्त गर्ने कार्यक्रमलाइ बिशेष ध्यान दिनुपर्ने हुन्छ। यसरी छनौट भएका योजनाहरूको प्राथमिकीकरणका साथ गाउँपालिकामा पठाउनुपर्ने हुन्छ।

## १०.१ अवसर र चुनौती

योजनाबद्ध विकासको प्रयासमा अनुगमनलाई योजना चक्रको अभिन्न हिस्सा र प्रगति सिंहावलोकन गर्ने प्रमुख आधार मान्ने गरिन्छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १४ ले उपप्रमुखको र वडाअध्यक्षको काम कर्तव्य र अधिकारमा योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सोको प्रतिवेदन बैठकमा पेस गर्नुपर्ने कानुनी व्यवस्था गरेको छ। त्यस्तै उपप्रमुखको अध्यक्षतामा अनुगमन समितिको समेत प्रबन्ध भएको देखिन्छ। जिल्ला समन्वय समितिले पनि अनुगमन र वार्षिक समीक्षा गर्नुपर्ने संस्थागत र कानूनी व्यवस्था भएको छ। त्यस्तै ऐनको दफा ८४ ले प्रमुख प्रशासकीय अधिकृतले प्रमुखको निर्देशनमा अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने कानूनी व्यवस्था गरेको छ। स्थानीय सरकार सञ्चालन ऐनले नगरपालिकालाई आफ्नो कार्यक्षेत्रभित्र पर्ने विकास योजनाको अनुगमनसम्बन्धी कानूनी संस्थागत तथा कार्यविधिगत जिम्मेवारी समेत किटानी व्यवस्था हुनुलाई प्रभावकारी अनुगमन प्रणाली स्थापना गर्ने अवसरको रूपमा लिनुपर्ने हुन्छ।

स्थानीय तहहरूको संस्थागत विकास भइनसकेको वर्तमान अवस्थामा उपरोक्त कानूनी व्यवस्थाको कार्यान्वयन गर्नु चुनौतीपूर्ण रहेको छ। योजना सम्बद्ध प्राविधिक जनशक्तिको अभावले नियमित अनुगमन प्रभावित भइरहेको अवस्था छ। अनुगमन सम्बन्धी संयन्त्रहरू क्रियाशील हुन सकिरहेका छैनन, अनुगमनका लागि भिन्दै बजेटको विनियोजन समेत हुन सकेको देखिदैन। यसैगरी स्थानीय सरकारका रूपमा विभिन्न विषयगत कार्य जिम्मेवारीहरू प्राप्त भए तापनि ती कार्य जिम्मेवारी अनुसारका अनुगमनका सूचकहरू निर्धारण हुन नसक्नु, तत्तत् विषयगत शाखाबाट आआफ्नो कार्यक्रम अनुसारका क्रियाकलापगत, परिमाणत्मक, नतिजागत, असर वा प्रतिफलगत तहसम्मका सूचकहरू प्राप्त गरी अनुगमन प्रणालीलाई सुव्यवस्थित गर्नु चुनौतीपूर्ण कार्यको रूपमा रहेको छ। प्रतिनिधिहरूलाई अनुगमनको महत्वबोध गराउन नसकिँदा अनुगमनले उचित प्राथमिकता प्राप्त गर्न सकेको देखिँदैन।

कार्यक्रम अनुसारका चरणगत अनुगमन गरी पूर्वनिर्धारित समय, गुणस्तर, लागतमा कार्य भए नभएको यकिन गर्न कार्यान्वय चरणदेखि नै प्रभावकारी अनुगमन प्रणाली स्थापित गरी नतिजामुखी अनुगमन प्रणालीको स्थापना हुन झनै जरुरी देखिन्छ ।

## १०.२ उद्देश्य / असर

आवधिक विकास योजना र यसबमोजिम तर्जुमा हुने वार्षिक योजनाहरूको नतिजामुखी अनुगमन तथा मूल्याङ्कन पद्धति स्थापित भई संस्थागत भएको हुनेछ ।

### रणनीति

- स्थानीय सरकार सञ्चालन ऐन बमोजिमको अनुगमन संयन्त्रलाई संस्थागत गरी क्रियाशील गराइनेछ ।
- आवधिक विकास गयोजनाले निर्दिष्ट गरेका लक्ष्य, उद्देश्य हासिल भए नभएको उपलब्धि र नतिजा सूचकहरूको विकास गरी मध्यावधि मूल्याङ्कन गरिनेछ ।
- आवधिक विकास योजनाका आधारमा वार्षिक योजना तर्जुमा गरी योजनाले निर्दिष्ट गरेका लक्ष्यहरू प्राप्त उन्मुख भए नभएको अनुगमन गरिनेछ ।
- विषयगत कार्यक्रमहरूको कार्यक्रमगत सूचकहरूको निर्माण गरी तदअनुसार अनुगमन गरिनेछ ।
- अनुगमनको कार्यतालिका बनाई अनुगमन गर्ने प्रणालीको विकास गरी, तदअनुसार क्षमता विकासका साथै बजेटको व्यवस्था गरिनेछ ।
- अनुगमन पश्चात अनुगमनकर्ताबाट लिखित रूपमा अनुगमन प्रतिवेदन लिने, यसलाई नियमित बैठकमा छलफल गरी देखिएका बाधा अड्चन फुकाइनेछ ।
- प्राप्त अनुगमन प्रतिवेदन अनुगमन समितिमा र चौमासिक र बार्षिक प्रतिवेदनको चौमासिक र बार्षिक समीक्षा नियमित रुपमा नगरपालिकामा सबै सरोकारवालाहरुको संलगनतामा गरिनेछ र तत्काल समस्याको समाधान गरी योजना समयमा नै सम्पन्न गर्न तदारुकता लिइनेछ ।
- चौमासिक समीक्षा तथा स्थानीय तहको समस्या समाधान समितिको बैठकमा अनुगमन समितिबाट समष्टिगत अनुगमन प्राप्त गरी छलफल गरी समस्याको समाधान गर्ने प्रणालीको स्थापना गरिनेछ ।
- योजनाको आर्थिक तथा भौतिक प्रगतिको प्रतिवेदन सम्बन्धित तह, निकायमा तोकिएको समयमा पठाइनेछ । यसका लागि संघ र प्रदेशसंग समन्वय गरी कम्प्युटरमा आधारित एकिकृत सूचना प्रणालीका फर्मेटहरु विकास गरी आबद्ध गरिनेछ ।
- आवधिक विकास योजनाको मध्यावधि मूल्याङ्कन तेश्रो वर्षमा र अन्तिम मूल्याङ्कन गुरुयोजनाको समाप्ति पछि गरिनेछ ।
- अनुगमन र मूल्याङ्कन प्रतिवेदन नगरपालिकाको वेबसाइटमा राखिनुका साथै सार्वजनिक समेत गरिनेछ ।

## १०.३ अनुगमन मुल्याङ्कन खाका

आवधिक विकास योजनाको प्रभाव, असर, प्रतिफलको नतिजा मापन तथा संचालित कार्यक्रमको प्रक्रिया अनुगमन गरिनेछ । प्रक्रिया अनुगमन तथा प्राप्त नतिजाको मापन गर्ने जिम्मेवारी नगर

कार्यपालिकाको हुनेछ भने यस कार्यमा सुपरीवेक्षण तथा अनुगमन समितिलाई परिचालन गरिनेछ । आवधिक विकास योजनाको अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी तथा विधि देहायअनुसार रहेका छन् :

- नगरकार्यपालिका तथा विषयगत समिति
- सुपरीवेक्षण तथा अनुगमन समिति
- जिल्ला समन्वय समिति
- विषयगत शाखा उपशाखा, परियोजना, संघ संस्था
- नागरिक समाज संस्था तथा तेश्रो पक्ष

आवधिक विकास योजनाको अनुगमन तथा मूल्याङ्कनका साधन तथा विधि देहायअनुसार रहनेछन ।

- स्थलगत अनुगमन ।
- कार्ययोजना (लक्ष्य) र प्रगति वीच तुलना ।
- नागरिक अनुगमन ।
- सहभागिता मूलक मध्यावधि समीक्षा ।
- सहभागितामूलक अन्तिम समीक्षा (तेश्रो पक्षबाट मूल्याङ्कन) ।

## १०.४ मध्यावधि मूल्याङ्कन

आवधिक योजना तर्जुमाको सिलसिलामा निर्धारण गरिएका सूचकहरूले निर्धारण गरेका उद्देश्य अनुरुपमा लक्ष्यहरू प्राप्त भए वा नभएकाबारे मध्यावधि मूल्यांङ्कन २०७१ सालमा गरिनेछ र सो अगावै सम्पन्न हुने योजनाहरूको मुल्याङ्कन योजना समाप्त भएपछि गरिनेछ । आवधिक योजनाको मध्यावधि मूल्याङ्कनका निमित्त स्थानीय विकास मन्त्रालय वा सहरी विकास तथा भवन निर्माण विभागका राजपत्रांकित द्वितीय तहको कर्मचारीको अध्यक्षतामा एक अनुगमन समन्वय समितिको सिफारिसमा गरिने छ । सो मध्यावधि मूल्याङ्कन समितिमा कम्तिमा एकजना प्राविधिक एवं योजनाविद् समावेश गराइनेछ । उक्त समितिले निम्न कुराहरूलाई ध्यान दिनुपर्ने छ :

क. आवधिक योजनाले निर्धारण गरेको लक्ष्य तथा उद्देश्य कुन हदसम्म प्राप्त भयो र निर्धारित उद्देश्य पूर्ति हुने अवस्था देखिन्छ देखिदैन ?

ख. निर्धारण गरिएका संख्यात्मक एवं गुणात्मक सूचक उपयुक्त छन्_ छैनन्_ ?

ग. आवधिक योजना कार्यान्वयनमा जनचासो जनसहभागिता र साझेदारीको अवस्था के कस्तो छ

घ. आवधिक योजनाले तय गरेका मुख्य मुख्य क्षेत्रहरूको प्रगति अवस्था कस्तो छ ?

ङ. सम्पन्न योजनाहरूको उपयोग र दीगोपना के कस्तो छ ?

च. सम्पन्न योजनाहरूको मर्मत सम्भार अवस्था के कस्तो छ ?

यी र यस्ता अन्य कुराहरूको मूल्याङ्कन एवं अध्ययन गरी बाँकी योजनाहरू र आगामी योजनाहरूमा समेत समय सापेक्ष गरिनुपर्ने सुधारहरूको लागि सिफारिस गर्नेछ ।

**आवधिक विकास योजनाको अनुमान तथा मूल्याङ्कन प्रक्रिया देहाय वमोजिम हुनेछ**

**तलिका २५: आवधिक विकास योजनाको अनुमगन तथा मूल्याङ्कन प्रक्रिया**

| के गर्ने ? | कसले गर्ने ? | कहिले गर्ने ? | कसरी गर्ने? |
|---|---|---|---|
| कार्यक्रम वा प्रक्रिया अनुगमन | सुपरिवेक्षण तथा अनुगमन समिति, वडा समिति, सरकारी र गैसस, परियोजना | पटके, मासिक, चौमासिक र बार्षिक | स्थलगत अनुगमन गर्ने,<br>चौमासिक कार्ययोजनाको लक्ष्य र प्रगति, विवरणको तुलना गर्ने, |
| प्रतिफल अनुगमन | नगरकार्यपालिका, सुपरिवेक्षण तथा अनुगमन समिति | चौमासिक, अर्धवार्षिक, बार्षिक र मध्यावधि | स्थलगत अनुगमन गर्ने,<br>बार्षिक कार्ययोजनाको लक्ष्य र प्रगति, विवरणको तुलना गर्ने, नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने, |
| असर तह अनुगमन | सुपरिवेक्षण तथा अनुगमन समिति र तेश्रो पक्ष | बार्षिक, मध्यावधि र अन्तिम बर्ष | सहभागितामूलक छलफल गर्ने,<br>नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने,<br>नमूना सर्वेक्षण गर्ने, |
| प्रभाव तह अनुगमन | सुपरिवेक्षण तथा अनुगमन समिति र तेश्रो पक्ष | मध्यावधि र अन्तिम बर्ष | नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने,<br>सहभागितामूलक छलफल गर्ने,<br>अध्ययन तथा सर्वेक्षण गर्ने, |

# सन्दर्भ सामाग्री


- जिल्ला विकास समितिको आवधिक विकास योजना (२०७२ बाजुरा )
- पन्ध्रौ पञ्च वर्षिय योजना
- त्रिवेणी नगर प्रोफाइल २०७५
- National Population and Housing Census 2011, Volume -02 (VDC/Municipality), NPC (2012), Kathmandu: Central Bureau of Statistics.
- Far Western Region Urban Development Project (Second Integrated Urban Development Plan-IUDP2): ADB/DUDBC,(2015)
- Planning Norms and Standard 2015, GON, Ministry of Urban Development, Department of Urban Development & Building Construction, Babarmahal, Kathmandu.
- त्रिवेणी नगरपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता योजना २०७७ (WASH)